
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

आठौं वार्षिक प्रतिवेदन, २०८३





राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

आठौं वार्षिक प्रतिवेदन, २०८३



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

२०८३

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं।

टेलिफोनः

९७७-१-४२००८७२, ४२००५९२

इमेलः

info@nnrfc.gov.np

वेबसाइटः


www.nnrfc.gov.np

मुद्रकः

मुद्रण विभाग, सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा २९४ को उपधारा (१)
बमोजिम सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

आठौं वार्षिक प्रतिवेदन, २०८३


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
N
कर्णाली प्रदेश
नगरपालिका: २५
गाउँपालिका: ५४
गण्डकी प्रदेश
महानगरपालिका: १
नगरपालिका: २६
गाउँपालिका: ५८
बागमती प्रदेश
महानगरपालिका: ३
उप-महानगरपालिका: १
नगरपालिका: ४१
गाउँपालिका: ७४
कोशी प्रदेश
महानगरपालिका: १
उप-महानगरपालिका: २
नगरपालिका: ४६
गाउँपालिका: ८८
सुदूरपश्चिम प्रदेश
उप-महानगरपालिका: १
नगरपालिका: ३३
गाउँपालिका: ५४
लुम्बिनी प्रदेश
उप-महानगरपालिका: ४
नगरपालिका: ३२
गाउँपालिका: ७३
मधेश प्रदेश
महानगरपालिका: १
उप-महानगरपालिका: ३
नगरपालिका: ७३
गाउँपालिका: ५९
संकेत
कोशी प्रदेश
मधेश प्रदेश
बागमती प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
कर्णाली प्रदेश
सुदूरपश्चिम प्रदेश
० ३५ ७० १४० २१० २८० कि.मी.

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

पत्र संख्या :
च. नं./Ref :

विषय: आठौं वार्षिक प्रतिवेदन, २०८३ पेस गरिएको।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपति भवन, महाराजगञ्ज, काठमाडौं।

यस आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम पेस गरेको छु।

भवदीय,

विपिन राज निरौला
कार्यवाहक अध्यक्ष

२०८३ भाद्र

मा. विपिन राज निरौला
कार्यवाहक अध्यक्ष

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं.+९७७-१-४२००५९२, फ्याक्स:+९७७-१-४२००५९३
Singha Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail : info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी



विपिन राज निरौला
कार्यवाहक अध्यक्ष

आयोगका सचिव



दिनेश कुमार घिमिरे

कार्यकारी साराङ्श

नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरी तीनै तहलाई संविधान तथा कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने अधिकार प्रदान गरेको छ। तीन तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने संवैधानिक व्यवस्था अनुरूप कार्यजिम्मेवारी तथा राजस्व अधिकारको बाँडफाँट गरिएको छ। यस व्यवस्थालाई वित्तीयरूपमा कार्यान्वयनयोग्य, सन्तुलित र न्यायोचित बनाउन संविधानको धारा २५० र २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गरी अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, आन्तरिक ऋण तथा प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विषयमा आयोगलाई संवैधानिक क्षेत्राधिकार प्रदान गरिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ ले आयोगको संवैधानिक जिम्मेवारीलाई थप स्पष्ट र कार्यान्वयनयोग्य बनाएका छन्।

संवैधानिक तथा कानूनी क्षेत्राधिकार अनुसार, आयोगले सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँटको आधार तथा ढाँचा, प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको परिमाण, सशर्त अनुदानका आधार, खर्च आवश्यकता र राजस्व क्षमताबीचको अन्तर सम्बोधन गर्न वित्तीय हस्तान्तरण प्रणालीलाई सुदृढ गर्ने तथा तीनै तहको आन्तरिक ऋणको सीमा निर्धारण गर्ने, तीन तहका सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरु सिफारिस गर्ने कार्य गर्दै आएको छ। साथै, राजस्व बाँडफाँटको आधारको पुनरावलोकन, प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त प्रतिफलको बाँडफाँट, तीन तहका सरकारको वित्तीय क्षमता अभिवृद्धि तथा प्राकृतिक स्रोत सम्बन्धी विवाद न्यूनीकरणका लागि अध्ययन, अनुसन्धान र सुझाव दिने कार्यसमेत आयोगबाट हुँदै आएको छ। यसरी आयोगको संवैधानिक क्षेत्राधिकार क्रमशः व्यवहारमा कार्यान्वयन हुँदै गए पनि अन्तर-सरकारी वित्तीय सम्बन्धलाई थप सन्तुलित, पूर्वानुमानयोग्य, पारदर्शी र उत्तरदायी बनाउन आयोगका सिफारिसको प्रभावकारी कार्यान्वयन, राजस्व तथा खर्च जिम्मेवारीबीचको समन्वय र तीनै तहको वित्तीय स्वायत्तता तथा क्षमता सुदृढीकरणमा निरन्तर सुधार आवश्यक देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट भए गरेका कार्यहरूको सार-सङ्क्षेप देहाय बमोजिम प्रस्तुत गरिएको छः

१. राजस्व बाँडफाँट

सङ्घीय विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको १५ प्रतिशत रकम प्रदेश सरकारबीच र १५ प्रतिशत रकम स्थानीय सरकारबीच आयोगले सिफारिस गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने व्यवस्था छ। जनसङ्ख्या तथा जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलन प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई आधार मानी आयोगले प्रत्येक पाँच वर्षमा वित्तीय बाँडफाँटको आधार र ढाँचा पुनरावलोकन गरी नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था छ। सोही अनुसार प्रथमपटक गरिएको सिफारिसको पाँचवर्षे अवधि पूरा भई आयोगले आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि पुनरावलोकन गरेको आधार र ढाँचा बमोजिम राजस्व बाँडफाँट हुँदै आएको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार, आर्थिक वर्ष २०८२/८३ को असार १५ गतेसम्म मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलित अन्तःशुल्क राजस्व रू. ४ खर्ब ७४ अर्ब १५ करोड १ लाख सङ्घीय विभाज्य कोषमा जम्मा भएकोमा ऐनको व्यवस्था बमोजिम १५ प्रतिशतले हुने रू. ७१ अर्ब १२ करोड २५ लाख प्रदेश विभाज्य कोषमा र सोही बराबरको रकम स्थानीय विभाज्य कोषमा जम्मा भई बाँडफाँट भएको देखियो।

२. सवारी साधन करको बाँडफाँट

प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा रहेको सवारी साधन कर परिचालनको अधिकारलाई व्यवस्थित गर्न अन्तर

सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको व्यवस्था गरे बमोजिम आयोगले स्थानीय विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण र सिफारिस गर्दै आएको छ। जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, पूर्वाधार विकासको अवस्था र वनले ढाकेको क्षेत्रफललाई आधार लिई आयोगबाट आर्थिक वर्ष २०८३/८४ का लागि सम्बन्धित प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सवारी साधन करको हिस्सा निर्धारण गरी सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेश सरकारले सवारी साधन कर बापत रू. ३ अर्ब ६ करोड ६६ लाख सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २ अर्ब ६६ करोड ६७ लाख (लक्ष्यको ८६.९६ प्रतिशत), मधेश प्रदेश सरकारले रू. ५ अर्ब सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ४ अर्ब १६ करोड ६७ लाख (लक्ष्यको ८३.३३ प्रतिशत), बागमती प्रदेश सरकारले रू. १३ अर्ब ७५ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. १३ अर्ब १६ करोड ६७ लाख (लक्ष्यको ९५.७६ प्रतिशत), गण्डकी प्रदेश सरकारले सवारी साधन कर बापत रू. २ अर्ब ३० करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २ अर्ब (लक्ष्यको ८६.९६ प्रतिशत), लुम्बिनी प्रदेश सरकारले रू. ४ अर्ब ८३ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ३ अर्ब ३६ करोड ६७ लाख (लक्ष्यको ६९.६६ प्रतिशत), कर्णाली प्रदेश सरकारले रू. २४ करोड ५९ लाख ९२ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २७ करोड ५० लाख (लक्ष्यको १११.८३ प्रतिशत)र सुदूरपश्चिम प्रदेश सरकारले रू. ९२ करोड ९४ लाख १६ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ७२ करोड ६३ लाख (लक्ष्यको ७८.१५ प्रतिशत) सङ्कलन गरेको देखिन्छ।

प्रदेश सरकारले सवारी साधन करबाट प्राप्त रकम सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारमा मासिकरूपमा बाँडफाँट गर्नुपर्नेमा आर्थिक वर्ष २०८२/८३ मा मधेश र कर्णाली प्रदेश सरकारबाट मासिकरूपमा बाँडफाँट भएको देखिएन। साथै, सबै प्रदेश सरकारले असार महिनाको अन्त्यतिर सङ्कलन भएको सवारी साधन कर सोही आर्थिक वर्षभित्र बाँडफाँट गरी हिसाब मिलान गरेको देखिएन।

३. अन्तर-सरकारी वित्तीय अनुदान

३.१ वित्तीय समानीकरण अनुदान

क. सङ्घबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ। उक्त सिफारिस गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम मानव विकास सूचकाङ्क, प्रदेश र स्थानीय तहको विकासको अवस्था, आर्थिक सामाजिक विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था, जनतालाई पुऱ्याउनुपर्ने सेवा, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई आधारको रूपमा लिइएको छ। प्रदेश सरकारका लागि रू. ६१ अर्ब ५० करोड ३२ लाख र स्थानीय सरकारका लागि रू. ९० अर्ब २० करोड ४६ लाख गरी कुल रू. १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख हस्तान्तरण गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सोही अनुसार बजेट विनियोजन गरेको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई रू. ६० अर्ब ६६ करोड र स्थानीय सरकारलाई रू. ८८ अर्ब ९६ करोड ८० लाख हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम बजेट विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१.४४ प्रतिशत र स्थानीय सरकारलाई विनियोजनको ९१.४९ प्रतिशत हस्तान्तरण भएको देखिन्छ। सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ।

ख. प्रदेशबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

प्रदेश सरकारले स्थानीय तहलाई खर्च आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने

कानूनी व्यवस्था अनुसार आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा तोकिएका आधार र सूचकका आधारमा आर्थिक वर्ष २०८३/८४ का लागि सबै प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ। कोशी प्रदेश सरकारलाई रू. १ अर्ब ५० करोड, मधेश प्रदेश सरकारलाई रू. १ अर्ब ११ करोड, बागमती प्रदेश सरकारलाई रू. १ अर्ब ४९ करोड ५५ लाख, गण्डकी प्रदेश सरकारलाई रू. १ अर्ब १६ करोड, लुम्बिनी प्रदेश सरकारलाई रू. ९६ करोड, कर्णाली प्रदेश सरकारलाई रू. १ अर्ब र सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ९१ करोड ८० लाख वित्तीय समानीकरण अनुदान सिफारिस गरेकोमा सोही बमोजिम सम्बन्धित प्रदेश सरकारबाट बजेट विनियोजन भएको देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारलाई प्रदेशभित्रका स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरणका लागि सिफारिस गरेकोमा सबै प्रदेश सरकारले सिफारिस बमोजिम नै बजेट विनियोजन गरेको देखिन्छ। मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश सरकारले क्रमशः विनियोजनको ८०.९७ प्रतिशत, ९९.११ प्रतिशत र ९१.८९ प्रतिशत हस्तान्तरण गरेको देखियो भने अन्य प्रदेश सरकारले सिफारिस र विनियोजन बमोजिम नै हस्तान्तरण गरेको देखिन्छ।

३.२ सशर्त अनुदान

राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने संवैधानिक जिम्मेवारी बमोजिम आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणको आधार तय गरी सिफारिस गरेको छ। अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन।

४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्राकृतिक स्रोतबाट सङ्कलित रोयल्टी सङ्घ, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय सरकारलाई क्रमशः ५०, २५ र २५ प्रतिशतका दरले बाँडफाँट हुने व्यवस्था रहेको छ। नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिकरूपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट गर्दै आएको छ। सोही अनुरूप प्राकृतिक स्रोतको भौगोलिक अवस्थिति, प्रभावित क्षेत्रफल, प्रभावित जनसङ्ख्या र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा सहभागिताका आधारमा आर्थिक वर्ष २०८३/८४ का लागि पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र रेडियो फ्रिक्वेन्सीबाट सङ्कलन हुने रोयल्टी रकम सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्न हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ।

पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी तीन तहका सरकारबीच बाँडफाँट हुँदै आएको छ भने आयोगले सिफारिस गरे तापनि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा भएको देखिएन।

आर्थिक वर्ष २०८१/८२ मा प्राकृतिक स्रोतबाट कुल रोयल्टी रू. ७ अर्ब ३३ करोड ३५ लाख ७९ हजार ८ सय ८६ सङ्कलन भएको देखिन्छ। जसमध्ये विद्युतबाट ५३.६९ प्रतिशत, वनबाट २२.३२ प्रतिशत (संरक्षित क्षेत्रबाट ९.१५ प्रतिशत र राष्ट्रिय वनबाट १३.१७ प्रतिशत), पर्वतारोहणबाट १३.६२ प्रतिशत र खानी तथा खनिजबाट १०.३७ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ। सङ्कलित रोयल्टी रकमबाट सबैभन्दा बढी बागमती प्रदेश सरकारले रू. ५७ करोड २६ लाख ५९ हजार र सबैभन्दा कम मधेश प्रदेश सरकारले रू. २ करोड ४९ लाख ९२ हजार प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारले प्राप्त गरेको कुल रोयल्टीमध्ये पर्वतारोहणतर्फ सबैभन्दा बढी कोशी प्रदेशले ८२.०२ प्रतिशत प्राप्त गरेको छ। विद्युततर्फ

सबैभन्दा बढी रोयल्टी बागमती प्रदेशले ४१.१६ प्रतिशत प्राप्त गरेको छ। वनतर्फ सबैभन्दा बढी कोशी प्रदेशले २५.६६ प्रतिशत र खानी तथा खनिजतर्फ सबैभन्दा बढी लुम्बिनी प्रदेशले ६३.९४ प्रतिशत रोयल्टी प्राप्त गरेको छ। मधेश प्रदेशले पर्वतारोहण, विद्युत र खानी तथा खनिजतर्फको रोयल्टी प्राप्त गरेको देखिदैन।

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय सरकारबीच बाँडफाँट भएको रोयल्टीको विश्लेषण गर्दा पर्वतारोहणबाट ११३ स्थानीय तह, विद्युतबाट १५३ स्थानीय तह, वनबाट ७४२ स्थानीय तह र खानी तथा खनिजबाट ५० स्थानीय तहले रोयल्टी प्राप्त गरेको देखिन्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको तीनै तहका सरकारबीच बाँडफाँट हुने अनुपात आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गरी नेपाल राजपत्रमा प्रकाशन गर्न सक्नेछ भन्ने प्रावधान अनुसार आयोगबाट मिति २०८१/११/०२ गते र मिति २०८३/०२/०६ गते नेपाल सरकारलाई सिफारिस गरिएकोमा सो बमोजिम पुनरावलोकन भई नेपाल राजपत्रमा प्रकाशन भएको छैन।

प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टी बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून यथाशीघ्र निर्माण गर्नुपर्ने देखिन्छ।

५. आन्तरिक ऋणको सीमा

नेपालको संविधानमा तीनै तहका सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था रहेको छ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गर्ने संवैधानिक जिम्मेवारी आयोगलाई रहेको छ।

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return-IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका साथै राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकताप्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरेको छ। सो आर्थिक वर्षका लागि नेपाल सरकारले रू. ४ खर्ब १० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिन्छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरण अनुसार, आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले रू. ३ खर्ब ६२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा रू. ३ खर्ब ५८ अर्ब ६६ करोड ६ लाख ९० हजार परिचालन गरेको देखिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) अनुमान रू. ६६ खर्ब ९ करोड ९० लाख रहेकोमा सोको अनुपातमा आन्तरिक ऋणको हिस्सा ५.४३ प्रतिशत हुन आउँछ। उक्त आन्तरिक ऋण आयोगबाट सिफारिस गरिएको सीमाभित्र रहेको देखिन्छ।


प्रदेश सरकार र स्थानीय सरकारले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८३/८४ मा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आ-आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी लागत लाभ विश्लेषणबाट अन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको


स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको छ।

आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले पेस गरेको वार्षिक बजेटमा मधेश प्रदेश सरकारले रू. १ अर्ब ५० करोड र गण्डकी प्रदेश सरकारले रू.१ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। मधेश प्रदेश सरकारले राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकम रू. २४ अर्ब ५ करोड ७५ लाख सङ्कलन गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य उल्लिखित राजस्वको ६.२४ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमाभित्र रहेको छ। गण्डकी प्रदेश सरकार र मधेश प्रदेश सरकारले आन्तरिक ऋण परिचालनको लागि राखेको लक्ष्य आयोगबाट भएको सिफारिसको सीमाभित्र रहेको छ। अन्य प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिएन। आर्थिक वर्ष २०८२/८३ मा १७ वटा स्थानीय सरकारले नगर विकास कोषबाट रू.३३ करोड ८७ लाख ८१ हजार ५ सय ४३ ऋण परिचालन गरेको देखिन्छ। आन्तरिक ऋण परिचालन गर्दा स्थानीय सरकारले वित्तीय अनुशासनलाई पालना गर्नुपर्ने हुन्छ।


समग्रमा, आयोगको सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दा अधिकाङ्श सिफारिसहरू कार्यान्वयन भएको देखिएको छ भने सुझावहरूको हकमा न्यून कार्यान्वयन भएको देखिएको छ। विगतदेखिको अन्तर-सरकारी वित्त हस्तान्तरणको विश्लेषणबाट आयोगका सिफारिस तथा सुझाव प्रभावकारीरूपमा कार्यान्वयन गर्न सङ्घीय इकाईहरूले थप प्रयास गर्न आवश्यक देखिएको छ, जसले नेपालको संविधानले परिकल्पना गरेको वित्तीय सङ्घीयताको सवलीकरणमा योगदान पुऱ्याउनेछ।

इन्फोग्राफिक्स






स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय




स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय




स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय

आ.व. २०८३/८४ मा प्रदेश सरकारमा बाडफाँट हुने अनुमानित राजस्व रकम (रु. लाखमा)




स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय

आ.व. २०८३/८४ मा प्रदेशभित्रका स्थानीय तहमा बाँडफाँट हुने अनुमानित राजस्व रकम (रू. लाखमा)




स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय

प्राकृतिक स्रोतको परिचालनबाट प्रदेशले प्राप्त गरेको रोयल्टी (आ.व.२०८१/८२)




स्रोतः महालेखा नियन्त्रकको कार्यालय


प्रदेशभित्रका स्थानीय तहको जम्मा रोयल्टी (आ.व.२०८१/८२)



स्रोतः महालेखा नियन्त्रकको कार्यालय



स्रोतः महालेखा नियन्त्रकको कार्यालय



स्रोतः महालेखा नियन्त्रकको कार्यालय

विषय सूची

परिच्छेद – एकः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग **१**

१.१ परिचय १

१.२ गठन १

१.३ काम, कर्तव्य र अधिकार १

१.४ सङ्गठन संरचना, दरबन्दी र पदाधिकारी तथा कर्मचारीहरूको विवरण ५

परिच्छेद - दुईः आयोगको वार्षिक बजेट तथा कार्यक्रम **६**

२.१ आयोगको वार्षिक बजेट ६

२.२ आयोगको वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलाप र प्रगति ६

२.३ आयोगका भौतिक स्रोत साधन र उपयोग ८

२.४ समन्वय तथा सहजीकरण ८

परिच्छेद - तीनः राजस्व बाँडफाँट **९**

३.१ राजस्व बाँडफाँट सिफारिस ९

३.२ राजस्व बाँडफाँट सिफारिस कार्यान्वयनको अवस्था ३३

३.३ राजस्व बाँडफाँट सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था ३४

३.४ राजस्व बाँडफाँट सम्बन्धी सुझाव ३५

परिच्छेद – चारः सवारी साधन करको बाँडफाँट **३६**

४.१ सवारी साधन करको बाँडफाँट सिफारिस ३६

४.२ सवारी साधन कर बाँडफाँट सिफारिसको कार्यान्वयन अवस्था ६०

४.३ सवारी साधन करको बाँडफाँट सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था ६२

४.४ सवारी साधन करको बाँडफाँट सम्बन्धी सुझाव ६३

परिच्छेद –पाँचः अन्तर–सरकारी वित्तीय अनुदान **६४**

५.१ वित्तीय समानीकरण अनुदान सिफारिस ६४

५.१.३ वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था १२७

५.१.४ वित्तीय समानीकरण अनुदान सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था १२८

५.१.५ वित्तीय समानीकरण अनुदान सम्बन्धी सुझाव १३०

५.२ सशर्त अनुदानको आधार सिफारिस १३२

५.२.३ सशर्त अनुदानको आधार सिफारिस कार्यान्वयनको अवस्था १३९

५.२.४ सशर्त अनुदान सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था १४१
५.२.५ सशर्त अनुदान सम्बन्धी सुझाव १४२
परिच्छेद – छः प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट १४४
६.१ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस १४४
६.२ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस कार्यान्वयनको अवस्था २५२
६.३ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था २५५
६.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सुझाव २५७
परिच्छेद – सातः आन्तरिक ऋणको सीमा २६०
७.१ आन्तरिक ऋणको सीमा सिफारिस २६०
७.२ आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयनको अवस्था २६७
७.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था २७१
७.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सुझाव २७२
परिच्छेद – आठः आयोगको भावी कार्यदिशा तथा निष्कर्ष २७३
८.१ भावी कार्यदिशा २७३
८.२ निष्कर्ष २७४
अनुसूचीहरू २७५
अनुसूची -१: सङ्गठन संरचना, दरबन्दी र पदाधिकारी तथा कर्मचारीहरूको विवरण २७५
अनुसूची -२: आयोगको कार्यक्षेत्र र भूमिकाको साराङ्श २७९
अनुसूची -३: आयोगबाट भएका अन्य कार्य २८०
अनुसूची -४: आयोगका केही गतिविधिहरू तस्विरमा २८१

तालिका सूची

तालिका २.१ आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेट र खर्चको विवरण..... ६

तालिका २.२ प्रमुख क्रियाकलाप र प्रगति ६

तालिका ३.१ प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच हुने राजस्व बाँडफाँटको हिस्सा..... १६

तालिका ३.२ स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारहरूबीच हुने राजस्व बाँडफाँटको हिस्सा..... १६

तालिका ३.३ बाँडफाँट हुने राजस्वको अनुमानित रकम तथा यथार्थ सङ्कलन र बाँडफाँटको विवरण ३४

तालिका ४.१ आर्थिक वर्ष २०८३/८४ को लागि कोशी प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ४०

तालिका ४.२ आर्थिक वर्ष २०८३/८४ को लागि मधेश प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ४४

तालिका ४.३ आर्थिक वर्ष २०८३/८४ को लागि बागमती प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ४७

तालिका ४.४ आर्थिक वर्ष २०८३/८४ को लागि गण्डकी प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ५०

तालिका ४.५ आर्थिक वर्ष २०८३/८४ को लागि लुम्बिनी प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ५३

तालिका ४.६ आर्थिक वर्ष २०८३/८४ को लागि कर्णाली प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ५६

तालिका ४.७ आर्थिक वर्ष २०८३/८४ को लागि सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण..... ५८

तालिका ५.१ प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण..... ६६

तालिका ५.२ स्थानीय सरकारले जनसङ्ख्याको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण.... ६७

तालिका ५.३ स्थानीय सरकारले क्षेत्रफलको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण..... ६८

तालिका ५.४ आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम..... ७४

तालिका ५.५ आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्र र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम..... ७४

तालिका ५.६ आर्थिक वर्ष २०८३/८४ मा कोशी प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण..... १०२

तालिका ५.७ आर्थिक वर्ष २०८३/८४ मा मधेश प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण १०७

तालिका ५.८ आर्थिक वर्ष २०८३/८४ मा बागमती प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण १११

तालिका ५.९ आर्थिक वर्ष २०८३/८४ मा गण्डकी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण ११५

तालिका ५.१० आर्थिक वर्ष २०८३/८४ मा लुम्बिनी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण ११८

तालिका ५.११ आर्थिक वर्ष २०८३/८४ मा कर्णाली प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण १२१

तालिका ५.१२ आर्थिक वर्ष २०८३/८४ मा सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण १२४

तालिका ५.१३ वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था..... १२७

तालिका ५.१४ प्रदेशगत वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था..... १२८

तालिका ५.१५ आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले प्रदेश सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण १४०

तालिका ५.१६ आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण..... १४०

तालिका ५.१७ आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण..... १४१

तालिका ६.१ सम्बन्धित प्रदेश सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा..... १५६

तालिका ६.२ सम्बन्धित स्थानीय सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा..... १६४

तालिका ६.३ सम्बन्धित प्रदेश सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा..... २०८

तालिका ६.४ सम्बन्धित स्थानीय सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा..... २११

तालिका ६.५ आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम र बाँडफाँटको विवरण २५२

तालिका ६.६ आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले प्राप्त गरेको रोयल्टीको विवरण..... २५३

तालिका ६.७ आर्थिक वर्ष २०८१/८२ मा स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण..... २५३

तालिका ६.८ आयोगले रोयल्टी बाँडफाँटको हिस्सा पुनरावलोकनको लागि नेपाल सरकारलाई गरेको सिफारिसको विवरण २५४

तालिका ७.१ नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण २६३
तालिका ७.२ आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति..... २६३
तालिका ७.३ कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था २६४
तालिका ७.४ कुल आन्तरिक ऋण तथा सिफारिस कार्यान्वयनको अवस्था २६४
तालिका ७.५ कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था..... २६५
तालिका ७.६ तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण २६५
तालिका ७.७ नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था २६६
तालिका ७.८ नेपाल सरकारको कुल ग्राहस्थ उत्पादन, राजस्व, सरकारी खर्च र ब्याज, कुल बचत, प्राथमिक बचतको अवस्था २६६
तालिका ७.९ आर्थिक वर्ष २०८२/८३ को आन्तरिक ऋण सम्बन्धी विवरण..... २७०

परिच्छेद - एक
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

१.१ परिचय

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना कायम गरेको छ। यी तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था रहेको छ। उपलब्ध प्राकृतिक तथा वित्तीय स्रोतको न्यायोचित, सन्तुलित र पारदर्शी वितरण तथा परिचालनमार्फत वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउन संविधानको धारा २५० र २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ। आयोगको कार्यसम्पादनलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, सोको नियमावली, २०७६ तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले थप व्यवस्थित गरेका छन्।

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार आयोगले सङ्घ, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलित अन्तःशुल्कको राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदानका आधार र तीनै तहले लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमा सिफारिस गर्दै आएको छ। साथै, प्रदेशभित्र सङ्कलित सवारी साधन कर प्रदेश र स्थानीय तहबीच बाँडफाँटका लागि स्थानीय तहको हिस्सा निर्धारण गरी सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने कार्यसमेत आयोगले गर्दै आएको छ।

१.२ गठन

नेपालको संविधानको धारा २५० को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन सम्बन्धी व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्यहरू रहने, राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगमा अध्यक्ष र सदस्यहरूको नियुक्ति हुने, आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ। यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन नसक्ने व्यवस्था भए पनि सदस्यलाई अध्यक्षको पदमा भने नियुक्ति गर्न सकिने छ। त्यसरी सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने प्रावधान रहेको छ।

नेपालको संविधानको धारा २५० को उपधारा (६) मा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुनका लागि योग्यताका रूपमा मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानून, व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैंतालीस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने व्यवस्था छ।

१.३ काम, कर्तव्य र अधिकार

नेपालको संविधानले आयोगलाई मूलतः सङ्घ, प्रदेश र स्थानीय सरकारबीच हुने प्राकृतिक तथा वित्तीय स्रोतको बाँडफाँटको विषयमा सिफारिस गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। आयोगको काम, कर्तव्य तथा अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधानको धारा २५१ मा उल्लेख गरिएको छ। त्यसैगरी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा समेत आयोगको काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा थप व्यवस्था गरिएका छन्। आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था देहाय अनुसार रहेका छन्:

१.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था छ। त्यस्तै, नेपालको संविधानको धारा २५१ को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी तोकिएको छः

(क) संविधान र कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मकरूपमा काम गर्न सुझाव दिने।

नेपालको संविधानको धारा २९४ को उपधारा (१) मा संवैधानिक निकायले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेस गर्ने र उपधारा (२) मा वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १९ को उपदफा (१) मा आयोगले आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने र उपदफा (२) मा आयोगको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयवस्तुहरू उल्लेख गरिएको छ।

उल्लिखित संवैधानिक र कानूनी व्यवस्था अनुरूप यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयन सम्बन्धी विवरण र आर्थिक वर्ष २०८३/८४ का लागि आयोगबाट वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँट, आन्तरिक ऋणको सीमा निर्धारण र सवारी साधन कर बाँडफाँटका सम्बन्धमा तहगत सरकारलाई गरिएको सिफारिस र सुझावहरू, विगतमा गरिएका सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था लगायतका विषयवस्तु समावेश गरिएको प्रस्तुत आठौं वार्षिक प्रतिवेदन, २०८३ सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ।

१.३.२ कानूनी व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने,

(ज) आयोगले संविधान र यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिने।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था छः

(क) दफा ६ को उपदफा (४): मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्नका लागि प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको राजस्व रकम संविधान र यस ऐनको अधीनमा रही प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्न आधार र ढाँचा निर्धारण गर्ने,

(ख) दफा ६क. को उपदफा (४): सवारी साधन करको बाँडफाँटका लागि स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्न आधार र ढाँचा निर्धारण गर्ने,

(ग) दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ को द्रष्टव्य-१: प्राकृतिक स्रोतबाट प्राप्त भई सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिकरूपमा बाँडफाँट तथा वितरण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ को द्रष्टव्य-२: नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको प्रतिशत प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) दफा ८ को उपदफा (१): प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) दफा ८ को उपदफा (२): प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश

कानून बमोजिम स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(छ) दफा ९ को उपदफा (१) र (३): प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्नका लागि प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्न आधार निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गर्ने र प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम सशर्त अनुदान प्रदान गर्न आधार निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ज) दफा १४ को उपदफा (१): नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(झ) दफा १८ को उपदफा (२) र (३): आगामी आर्थिक वर्षमा प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारले उपलब्ध गराउने अनुमानित स्रोतको विवरणका सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने र प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरणका सम्बन्धमा प्रदेश सरकारलाई परामर्श दिने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा आयोगले संविधान, ऐन तथा प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहाय बमोजिमका कार्य गर्ने गरी व्यवस्था गरिएको छः

(क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(ख) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(ग) प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(घ) संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तय गर्ने विधि स्वीकृत गर्ने,

(ङ) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवम् विवरण नियमितरूपमा प्राप्त गर्ने,

(च) राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व असुली, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको परिचालन, बाँडफाँट, संरक्षण एवम् उपयोग र प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(छ) प्रचलित कानून बमोजिम प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार सम्बन्धी विधि तय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट एवम् परिचालनका सम्बन्धमा उठ्न सक्ने विवाद समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,

(झ) कार्यसम्पादनको सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने।

१.४ सङ्गठन संरचना, दरबन्दी र पदाधिकारी तथा कर्मचारीहरूको विवरण

नेपालको संविधानको धारा २५० को उपधारा (१) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्यहरू रहने व्यवस्था गरेको छ। सम्माननीय राष्ट्रपतिबाट मिति २०७५ साल चैत्र ७ मा आयोगको अध्यक्ष, मिति २०७७ साल माघ २१ मा दुईजना सदस्य र मिति २०७८ साल असार १० मा एकजना सदस्य नियुक्त भएकोमा अध्यक्षको मिति २०८१ चैत्र ६ गते पदावधि समाप्त भएकाले कार्यबाहक अध्यक्षबाट आयोगको कार्य सम्पादन हुँदै आएको छ।

आयोगमा तीनओटा महाशाखा र १२ वटा शाखा रहेका छन्। विशिष्ट प्रकृतिको कार्यक्षेत्र भएकाले आयोगको कार्यालयमा प्रशासन, इन्जिनियरिङ्ग, वन, न्याय, आर्थिक योजना तथा तथ्याङ्क र विविध सेवाका कर्मचारी रहने व्यवस्था छ। नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा विभिन्न सेवा समूहका ४९ जना निजामती कर्मचारी रहने गरी आयोगको सङ्गठन संरचना स्वीकृत भएको छ। साथै, कार्यालय सहयोगी र सवारी चालकका लागि २४ जना सेवा करारमा लिनसक्ने गरी दरबन्दी स्वीकृत भएको छ। आयोगको सङ्गठन संरचना, दरबन्दी र पदाधिकारी तथा कर्मचारीहरूको विवरण अनुसूची १ मा रहेको छ।

परिच्छेद - दुई

आयोगको वार्षिक बजेट तथा कार्यक्रम

२.१ आयोगको वार्षिक बजेट

आर्थिक वर्ष २०८२/८३ मा आयोगको वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि चालु खर्चतर्फ रू. ९ करोड ८२ लाख २९ हजार ४ सय ४८ बजेट विनियोजन भएकोमा रू. ६ करोड ९८ लाख ८२ हजार १ सय ९५ खर्च भएको र पूँजीगततर्फ रू. ८७ लाख ५० हजार बजेट विनियोजन भएकोमा रू. ८० लाख ८९ ४ सय ९१ हजार खर्च भएको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ ७१.१४ प्रतिशत र पूँजीगततर्फ ९२.४५ प्रतिशत गरी समग्रमा ७७.९० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। यस सम्बन्धी विस्तृत विवरण तालिका २.१ मा उल्लेख गरिएको छ।

तालिका २.१

आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेट र खर्चको विवरण

क्र.सं.	ब.उ.शी.नं.	वार्षिक बजेट (रू)	खर्च (रू.)	प्रगति प्रतिशत
चालु खर्च				
१	२२०००००१३ (रा.प्रा.स्रो. तथा वि.आ.)	१,१०,९३,२७१	५९,६४,६०६.६९	५३.७६७
२	२२०००००११३ (रा.प्रा.स्रो. तथा वि.आ.)	८,७१,३६,१७७	६,९२,८५,७३४.६०	७९.५१५
	चालु खर्च जम्मा	**९,८२,२९,४४८**	**६,९८,८२,१९५.२९**	**७१.१४१**
पूँजीगत खर्च				
१	२२०००००११४ (रा.प्रा.स्रो. तथा वि.आ.)			
	पूँजीगत खर्च जम्मा	८७,५०,०००	**८०,८९,४९१**	**९२.४५१**
	कुल जम्मा	**१०,६९,७९,४४८**	**८,३३,३९,८३२.२९**	**७७.९०**

आर्थिक वर्ष २०८२/८३ मा आयोगले अन्य प्रशासनिक शुल्कअन्तर्गत रू. ९ हजार ५ सय १० राजस्व सङ्कलन गरेको छ। विभिन्न फर्म तथा कम्पनीहरूको नाममा रू. ४ लाख ७ हजार २ सय ३७ रूपैयाँ र पैसा ४८ धरौटी मौज्दात रहेको छ। आयोगमा लगती बेरूजु शून्य रहेको छ।

२.२ आयोगको वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलाप र प्रगति

आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट सम्पादन गरिएका क्रियाकलापको प्रगति विवरण तालिका २.२ मा उल्लेख गरिएको छ।

तालिका २.२

प्रमुख क्रियाकलाप र प्रगति

क्र.सं.	कार्यक्रम/क्रियाकलापहरू	कार्यक्रमको प्रगति
१	आयोगका कर्मचारीको क्षमता विकास तालिम तथा गोष्ठी	• कार्यस्थलमा हुने लैङ्गिक हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।
२	Data Analysis, ICT तथा Software Management सम्बन्धी तालिम	• आयोगमा कार्यरत कर्मचारीहरूलाई STATA, GIOMS, AI सम्बन्धी तालिम प्रदान गरिएको।
३	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय सङ्घीयता सम्बन्धमा प्रवर्धनात्मक कार्यक्रम	• नेपाल टेलिभिजनबाट वित्तीय सङ्घीयता सम्बन्धी तीनवटा कार्यक्रम प्रसारण गरिएको।

क्र.सं.	कार्यक्रम/क्रियाकलापहरू	कार्यक्रमको प्रगति
४	विभिन्न सरोकारवाला व्यक्ति/निकायसँग आयोगको भूमिका तथा काम कारवाही सम्बन्धमा वृहत अन्तरक्रिया कार्यक्रम	• रौतहट जिल्लाको कटहरिया नगरपालिका र गुजरा नगरपालिका, भोजपुर जिल्लाको षडानन्द नगरपालिका र पौवादुङमा गाँउपालिका, नवलपरासी जिल्ला (वर्दाघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिका र सुस्ता गाँउपालिकामा गरी छवटा कार्यक्रम सञ्चालन भएको।
५	आयोगको कार्यसञ्चालन निर्देशिका/कार्यविधि तर्जुमा, जानकारी पुस्तिका प्रकाशन एवम् छपाई	• वित्तीय सङ्घीयता दर्पण-२०८२ छपाई तथा प्रकाशन गरिएको।
६	आयोगबाट सञ्चालित वित्तीय हस्तान्तरण, रोयल्टी बाँडफाँट तथा कार्यसम्पादन सूचक सम्बन्धी सफ्टवेर, पोर्टल र वेभसाइटको AMC	• सम्पन्न गरिएको।
७	सम्माननीय राष्ट्रपति समक्ष आयोगको वार्षिक प्रतिवेदन बुझाउने	• आयोगको सातौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष र प्रदेशगत सातौं वार्षिक प्रतिवेदन सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश भएको।
८	सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको आधार र ढाँचा सम्बन्धमा केन्द्रीयस्तरमा छलफल/अन्तरक्रिया गर्ने	• वित्तीय समानीकरण अनुदानको आधार र ढाँचा सम्बन्धमा छलफल/अन्तरक्रिया सम्पन्न भएको।
९	प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण सम्बन्धी अन्तरक्रिया	• अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
१०	आयोगको सिफारिस तयारी सम्बन्धी कार्यक्रम	• प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट, वित्तीय समानीकरण अनुदान, आन्तरिक ऋण, सशर्त अनुदान र सवारी साधन कर सम्बन्धी सिफारिस गरिएको।
११	Digital Inventory of Natural Resources प्रणालीको नियमित वार्षिक अद्यावधिक र मर्मत	• Digital Inventory of Natural Resources प्रणालीको नियमित वार्षिक अद्यावधिक र मर्मत सम्पन्न गरिएको।
१२	विद्युत तथा जलस्रोतको परिचालन, उपयोग, संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल, अन्तरक्रिया कार्यक्रम	• ताप्लेजुङको मिक्वाखोला गाउँपालिका, तामाकोशी जलविद्युत आयोजना, भोटेकोशी जलविद्युत आयोजना, मध्य भोटेकोशी जलविद्युत आयोजना र नेपाल म्याग्नेसाइट खानी क्षेत्रमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
१३	प्राकृतिक स्रोतको परिचालन तथा रोयल्टी बाँडफाँट सम्बन्धमा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया	• खानी तथा खनिज पदार्थको रोयल्टी बाँडफाँट, प्रभाव लगायतका विषयमा धादिङको बेनिघाट रोराङ गाउँपालिका र पाल्पाको निस्दी गाउँपालिकामा गरी दुईवटा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
१४	खानी तथा खनिज पदार्थको परिचालन, उपयोग, संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल/अन्तरक्रिया कार्यक्रम	• दाङको बंगलाचुली गाउँपालिकामा छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
१५	प्राकृतिक स्रोतको परिचालनमा देखिएको तथा आईपर्ने सम्भावित विवादको स्थलगत अध्ययन तथा अनुगमन र अन्तरक्रिया	• विद्युततर्फको रोयल्टी बाँडफाँट, प्रभाव, विवाद लगायतका विषयमा मकवानपुरको कुलेखानी जलविद्युत आयोजना, सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका र रसुवाको आमाछोदिङ्मो गाउँपालिकामा गरी तीनवटा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
१६	कार्यसम्पादन सूचकको विवरण अनलाइन पोर्टलमा प्रविष्ट गर्ने सम्बन्धी प्रदेश र स्थानीय तहका कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम	• कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहका साथै सुदुरपश्चिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना प्रविधि अधिकृतहरूलाई सहभागी गराई अभिमुखीकरण प्रदान गरिएको।
१७	शोध अनुसन्धान सहयोग कार्यक्रम (विद्यावारिधि तह)	• त्रि.वि. वन विज्ञान अध्ययन संस्थानसँग Community Based Forest Restrotation and its Outcomes: An Emprical Study from Central Nepal विषयक शोध अध्ययनका लागि सहकार्य गरेको। •त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकसँग Water Accounting Based Water Cooperation Framework Development For Shared Watersheds in Nepal विषयक शोध अध्ययनका लागि सहकार्य गरेको।

क्र.सं.	कार्यक्रम/क्रियाकलापहरू	कार्यक्रमको प्रगति
१८	कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन सम्बन्धी कार्यक्रम	• प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८३ जारी गरिएको।
१९	आयोगबाट हुने सिफारिस र प्रतिवेदनमा प्रयोग गरिने तथ्याङ्कहरूको प्रमाणीकरण	• आयोगले प्रयोग गर्ने तथ्याङ्क सम्बन्धमा कैलालीको चुरे गाँउपालिका र कञ्चनपुरको कृष्णपुर नगरपालिकामा कार्यक्रम सम्पन्न भएको।
२०	सवारी साधन कर बाँडफाँट सम्बन्धी प्रदेश र स्थानीय स्तरमा छलफल र अन्तर्क्रिया	• आयोगमा, कोशी प्रदेशको विराटनगरमा र मधेश प्रदेशको जनकपुरमा छलफल/अन्तरक्रिया भएको ।
२१	वित्तीय समानीकरण अनुदान सिफारिसका आधार र ढाँचा सम्बन्धमा प्रदेश/स्थानीय तहमा छलफल/अन्तर्क्रिया गर्ने	• बाँसगढी नगरपालिका, बर्दियामा अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न भएको।

२.३ आयोगका भौतिक स्रोत साधन र उपयोग

आयोगका काम कारबाहीलाई व्यवस्थित एवम् प्रभावकारी तुल्याउन आवश्यक भौतिक एवम् वित्तीय स्रोत साधन र जनशक्ति नेपाल सरकारले उपलब्ध गराउँदै आएको छ। उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/०२ मा अस्थायी प्रकृतिका सचिवालय, आयोग, समितिहरूका लागि पनि सिंहदरबार परिसर आसपासको क्षेत्रमा भवनको व्यवस्था गर्ने निर्णय भए बमोजिम आयोगलाई एउटा अलग्गै परिसर सहितको स्थायी भवन उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गरिएकोमा हालसम्म सो बमोजिम हुन नसकेकोले आयोगको कार्यसम्पादन छुट्टाछुट्टै भवनबाट हुँदै आएको छ।

२.४ समन्वय तथा सहजीकरण

आयोगले कार्यसम्पादनका सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवालासँग देहाय बमोजिम समन्वय तथा सहजीकरण गरेको छः

(क) आर्थिक वर्ष २०८२/८३ मा आयोगको कार्यसम्पादनका लागि आवश्यक पर्ने तथ्याङ्क तीनै तहका सरकारका सम्बन्धित निकायसँग समन्वय गरी सङ्कलन गरिएको,

(ख) आर्थिक वर्ष २०८२/८३ मा सिफारिस गर्नुपूर्व नेपाल सरकारका मन्त्रालय, आयोग, विभाग, सचिवालय, समिति, प्रतिष्ठान, प्राधिकरण र कार्यालयहरू, प्रदेश सरकार अन्तर्गतका निकायहरू, स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ तथा अन्य सङ्घ संस्था, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिएको,

(ग) सङ्घीय संसदका समितिहरू, राष्ट्रिय विकास समस्या समाधान समिति, अन्तर-सरकारी वित्त परिषद्, सङ्घीय सरकारका मन्त्रालय तथा निकाय, प्रदेश समन्वय परिषद्, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ लगायतले आयोजना गरेका कार्यक्रममा आयोगका तर्फबाट सहभागिता जनाई धारणा प्रस्तुत गरिएको।

परिच्छेद - तीन

राजस्व बाँडफाँट

३.१ राजस्व बाँडफाँट सिफारिस

३.१.१ प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँट

आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटका सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस।

सिफारिस मितिः २०८१/१२/११

क. पृष्ठभूमि

नेपालको संविधान बमोजिम नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनामा रूपान्तरित भएको छ। नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्नुका साथै धारा ५७ ले तीनवटै तहका सरकारबीच राज्यशक्तिको समेत बाँडफाँट गरेको छ। सो बाँडफाँटमा राजस्वको अधिकारहरूको समेत व्यवस्था गरिएको छ। राजस्वको दायरा र क्षेत्राधिकारमा रहेको असन्तुलनलाई सम्बोधन गर्न धारा ६० ले नेपाल सरकारले सङ्कलन गरेको राजस्व तीनवटै तहका सरकारबीच बाँडफाँट गर्ने व्यवस्था समेत गरेको छ। राजस्व बाँडफाँट र समग्र वित्तीय सङ्घीयताको कार्यान्वयन गर्न धारा २५० ले संवैधानिक निकायका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरी धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ। जसअनुसार, सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने काम, कर्तव्य र अधिकार यस आयोगलाई छ।

उल्लिखित पृष्ठभूमि एवम् नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेका प्रावधान तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (२) बमोजिम राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचाको पुनरावलोकन सम्बन्धी आयोगको मिति २०८१/१२/०३ को निर्णय समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजश्व बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने भएको छ।

ख. संवैधानिक एवम् कानूनी आधार

प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण तथा सोको हिस्सा सिफारिस गर्दा नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रावधानहरूलाई मुख्य आधारको रूपमा लिएको छः

क) नेपालको संविधानको धारा ४, धारा ५६ को उपधारा (१)र (२), धारा ५७, धारा ५९ को उपधारा (१), धारा ६० को उपधारा (१), (२) र (७), धारा ११६, धारा २०४, धारा २२९, धारा २५० र धारा २५१ को उपधारा (१) को खण्ड (क),

ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) र (२),

ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (१), दफा ६, दफा २१ को उपदफा (४) र दफा ३६।

ग. राजस्व बाँडफाँटको आधार र ढाँचा

क) प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि प्रयोग गरिएको आधार (सूचक/उपसूचक) र ढाँचा (भार) समावेश गरिएको छ।

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
१	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण १.१ कुल जनसङ्ख्या १.२ आश्रित जनसङ्ख्या (१५ वर्षभन्दा कम र ६४ वर्षभन्दा बढी) १.३ अपाङ्गता भएको जनसङ्ख्या	 ६० ३० १०	५५
२	क्षेत्रफल		१८
३	मानव विकास सूचकाङ्क		१०
४	खर्चको आवश्यकता ४.१ प्रदेश सभा सदस्य सङ्ख्या	 १००	२
५	राजस्व सङ्कलनमा गरेको प्रयास ५.१ राजस्वको बार्षिक बृद्धिदर	 १००	३
६	पूर्वाधार विकासको अवस्था ६.१ सडकको घनत्व (सडकमा पहुँच), ६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच), ६.३ सरसफाई (शौचालयको उपलब्धता) ६.४ सहरीकरणको अवस्था ६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच), ६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),	 ३५ १५ १५ १५ १० १०	१०
७	विशेष अवस्था ७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल ७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल	 ७० ३०	२
जम्मा			**१०० **

ख) स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि प्रयोग गरिएको आधार (सूचक/उपसूचक) र ढाँचा (भार) समावेश गरिएको छ।

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
१	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण १.१ कुल जनसङ्ख्या १.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी) १.३ अपाङ्गता भएको जनसङ्ख्या	 ६० ३० १०	५५
२	क्षेत्रफल		१८
३	मानव विकास सूचकाङ्क		१०

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
४	खर्चको आवश्यकता ४.१ सम्बन्धित स्थानीय तहको वडा सङ्ख्या	 १००	२
५	राजस्व सङ्कलनमा गरेको प्रयास		३
६	पूर्वाधार विकासको अवस्था ६.१ सडकको घनत्व (सडकमा पहुँच) ६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ६.३ सरसफाई (शौचालयको उपलब्धता) ६.४ सहरीकरणको अवस्था ६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ३५ १५ १५ १५ १० १०	१०
७	विशेष अवस्था ७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल ७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल	 ७० ३०	२
जम्मा			**१०० **

घ. राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको व्याख्या तथा विश्लेषण

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) ले नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच तथा प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्दा लिनुपर्ने ७ वटा आधारहरूको व्यवस्था गरेको छ। तिनै आधारहरूलाई प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच राजस्व बाँडफाँटका मुख्य सूचकको रूपमा लिइएको छ भने ती सूचक अन्तर्गत केही उपसूचक कायम गरिएको छ। सम्बन्धित सूचक र उपसूचकबीचको एकीकृत भार गणना विधि र प्रक्रिया, आयोगले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मका लागि राजस्व बाँडफाँट सिफारिस गर्दा अवलम्बन गरिएको विधि र प्रक्रिया तथा आयोगबाट विभिन्न मितिमा हालसम्म गरिएका वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग भएको विधि र प्रक्रिया अनुसार सम्बन्धित सूचक र उपसूचकबीचको एकीकृत भार गणना विधिलाई नै अवलम्बन गरिएको छ। यस सिफारिसमा प्रयोग गरिएका आधार (सूचक र उपसूचक) तथा ढाँचा (भार प्रतिशत) को व्याख्या निम्नानुसार छः

जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

नेपालको संविधानका अनुसूचीहरूमा व्यवस्था गरिएको प्रदेश तथा स्थानीय सरकारको कार्यजिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो भूगोलभित्रको जनसङ्ख्यालाई विभिन्न सेवा प्रदान गर्नुपर्ने हुन्छ। सम्बन्धित प्रदेश र स्थानीय तहको जनसङ्ख्याले प्रदेश तथा स्थानीय सरकारको सेवा प्रवाहको आकार र लागत निर्धारण गर्दछ। जति बढी जनसङ्ख्या भयो त्यतिनै बढी सेवा प्रवाह सम्बन्धी कार्यमा खर्च गर्नुपर्ने हुँदा यसले प्रदेश तथा स्थानीय सरकारको खर्चको आकार समेत बढाउँछ। तसर्थ, राजस्व बाँडफाँट गर्दा लिइएका आधारहरू मध्ये प्रमुख आधारको रूपमा रहेको जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणलाई ५५ प्रतिशत भार दिइएको छ।

७८	५०९०५	कपिलवस्तु	कृष्णनगर नगरपालिका	०.०११०६७१९
७९	५०९०६	कपिलवस्तु	महाराजगन्ज नगरपालिका	०.००८९१४९३
८०	५०९०७	कपिलवस्तु	कपिलबस्तु नगरपालिका	०.०११९९०१०
८१	५०९०८	कपिलवस्तु	यसोधरा गाउँपालिका	०.००८५०४६७
८२	५०९०९	कपिलवस्तु	मायादेवी गाउँपालिका	०.००९३४५९७
८३	५०९१०	कपिलवस्तु	शुद्धोधन गाउँपालिका	०.०११०८७७६
८४	५१००१	दाङ	बंगलाचुली गाउँपालिका	०.००८१०१२१
८५	५१००२	दाङ	घोराही उपमहानगरपालिका	०.०१९९५२२०
८६	५१००३	दाङ	तुल्सीपुर उपमहानगरपालिका	०.०१६६७९९३
८७	५१००४	दाङ	शान्तिनगर गाउँपालिका	०.००६३५३४५
८८	५१००५	दाङ	बबई गाउँपालिका	०.००८०९०५५
८९	५१००६	दाङ	दंगीशरण गाउँपालिका	०.००६०१३९५
९०	५१००७	दाङ	लमही नगरपालिका	०.०१३५७८४१
९१	५१००८	दाङ	राप्ती गाउँपालिका	०.००८७७१३४
९२	५१००९	दाङ	गढवा गाउँपालिका	०.०११००८९३
९३	५१०१०	दाङ	राजपुर गाउँपालिका	०.०१२१८७४५
९४	५११०१	बाँके	राप्ती सोनारी गाउँपालिका	०.०२०२४२४८
९५	५११०२	बाँके	कोहलपुर नगरपालिका	०.०१२७३०७१
९६	५११०३	बाँके	बैजनाथ गाउँपालिका	०.००९७४००३
९७	५११०४	बाँके	खजुरा गाउँपालिका	०.००९१४५६९
९८	५११०५	बाँके	जानकी गाउँपालिका	०.००७९८३३६
९९	५११०६	बाँके	नेपालगञ्ज उपमहानगरपालिका	०.०१४८८१०७
१००	५११०७	बाँके	डुडुवा गाउँपालिका	०.००७७१६८१
१०१	५११०८	बाँके	नरैनापुर गाउँपालिका	०.००८३५८६०
१०२	५१२०१	बर्दिया	बाँसगढी नगरपालिका	०.०१३३८३९५
१०३	५१२०२	बर्दिया	बारबर्दिया नगरपालिका	०.०१०७१०७८
१०४	५१२०३	बर्दिया	ठाकुरबाबा नगरपालिका	०.०१०४६६६८
१०५	५१२०४	बर्दिया	गेरूवा गाउँपालिका	०.००७३१९०७
१०६	५१२०५	बर्दिया	राजापुर नगरपालिका	०.०१२५३१०१
१०७	५१२०६	बर्दिया	मधुवन नगरपालिका	०.००८२८२५२
१०८	५१२०७	बर्दिया	गुलरीया नगरपालिका	०.०११३१९७१

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
१०९	५१२०८	बर्दिया	बढैयाताल गाउँपालिका	०.००८८३०४२
जम्मा				१.००००००००

तालिका ४.६

आर्थिक वर्ष २०८३/८४ को लागि कर्णाली प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
१	६०१०१	डोल्पा	डोल्पो बुद्ध गाउँपालिका	०.००४२१९०१
२	६०१०२	डोल्पा	शे फोक्सुण्डो गाउँपालिका	०.००५३४०२८
३	६०१०३	डोल्पा	जगदुल्ला गाउँपालिका	०.००४५२१६९
४	६०१०४	डोल्पा	मुड्केचुला गाउँपालिका	०.००७१२७३६
५	६०१०५	डोल्पा	त्रिपुरासुन्दरी नगरपालिका	०.०१०१७७८९
६	६०१०६	डोल्पा	ठुलीभेरी नगरपालिका	०.००९३०८०६
७	६०१०७	डोल्पा	काइके गाउँपालिका	०.००६४४४१७
८	६०१०८	डोल्पा	छार्का ताङसोङ गाउँपालिका	०.००४५९४९१
९	६०२०१	मुगु	मुगुमकार्मारोग गाउँपालिका	०.००९११०१८
१०	६०२०२	मुगु	छायाँनाथ रारा नगरपालिका	०.०१७७४३१५
११	६०२०३	मुगु	सोरू गाउँपालिका	०.०१०३८०९९
१२	६०२०४	मुगु	खत्याड गाउँपालिका	०.०१२३३४७४
१३	६०३०१	हुम्ला	चंखेली गाउँपालिका	०.००८१७५२३
१४	६०३०२	हुम्ला	खार्पुनाथ गाउँपालिका	०.००८५०२०६
१५	६०३०३	हुम्ला	सिमकोट गाउँपालिका	०.००९०६९६३
१६	६०३०४	हुम्ला	नाम्खा गाउँपालिका	०.००९३७०६३
१७	६०३०५	हुम्ला	सर्केगाड गाउँपालिका	०.०११२१४९४
१८	६०३०६	हुम्ला	अदानचुली गाउँपालिका	०.००७८९४४२
१९	६०३०७	हुम्ला	ताँजाकोट गाउँपालिका	०.००६६२०४९
२०	६०४०१	जुम्ला	पातारासी गाउँपालिका	०.०११८०३८५
२१	६०४०२	जुम्ला	कनका सुन्दरी गाउँपालिका	०.०१११३८७२
२२	६०४०३	जुम्ला	सिंजा गाउँपालिका	०.००८५२०६१
२३	६०४०४	जुम्ला	चन्दननाथ नगरपालिका	०.०१४४४५९१
२४	६०४०५	जुम्ला	गुठिचौर गाउँपालिका	०.००९८९३८०
२५	६०४०६	जुम्ला	तातोपानी गाउँपालिका	०.०१०९१०४८
२६	६०४०७	जुम्ला	तिला गाउँपालिका	०.००८९९३०६
२७	६०४०८	जुम्ला	हिमा गाउँपालिका	०.००९०७६८४
२८	६०५०१	कालिकोट	पलाता गाउँपालिका	०.०१०७८६३७
२९	६०५०२	कालिकोट	पचाल झरना गाउँपालिका	०.००९२९६७४
३०	६०५०३	कालिकोट	रास्कोट नगरपालिका	०.००८५७८४१
३१	६०५०४	कालिकोट	सान्नी त्रिवेणी गाउँपालिका	०.००८८७१०५

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
३२	६०५०५	कालिकोट	नरहरिनाथ गाउँपालिका	०.०१०२८२८७
३३	६०५०६	कालिकोट	खाँडाचक्र नगरपालिका	०.०१६७२४९०
३४	६०५०७	कालिकोट	तिलागुफा नगरपालिका	०.०१०३९५८१
३५	६०५०८	कालिकोट	महावै गाउँपालिका	०.००८५६०७३
३६	६०५०९	कालिकोट	शुभ कालीका गाउँपालिका	०.००७४००२६
३७	६०६०१	दैलेख	नौमुले गाउँपालिका	०.०११८३३०७
३८	६०६०२	दैलेख	महाबु गाउँपालिका	०.०११४७०५२
३९	६०६०३	दैलेख	भैरवी गाउँपालिका	०.०१२४५६६९
४०	६०६०४	दैलेख	ठाँटीकाँध गाउँपालिका	०.०१११८६६१
४१	६०६०५	दैलेख	आठबीस नगरपालिका	०.०१६२०६३०
४२	६०६०६	दैलेख	चामुण्डा बिन्द्रासैनी नगरपालिका	०.०२००५५९६
४३	६०६०७	दैलेख	दुल्लु नगरपालिका	०.०२४०४२११
४४	६०६०८	दैलेख	नारायण नगरपालिका	०.०२३६६०५०
४५	६०६०९	दैलेख	भगवतीमाई गाउँपालिका	०.०१२०१४५०
४६	६०६१०	दैलेख	डुङ्गेश्वर गाउँपालिका	०.०१०४१५१८
४७	६०६११	दैलेख	गुराँस गाउँपालिका	०.०१४४२९७९
४८	६०७०१	जाजरकोट	बारेकोट गाउँपालिका	०.०१२९०१७६
४९	६०७०२	जाजरकोट	कुसे गाउँपालिका	०.०१२३७३१७
५०	६०७०३	जाजरकोट	जुनीचाँदे गाउँपालिका	०.०१२७२११५
५१	६०७०४	जाजरकोट	छेडागाड नगरपालिका	०.०१६२१७००
५२	६०७०५	जाजरकोट	शिवालय गाउँपालिका	०.००९३१५३४
५३	६०७०६	जाजरकोट	भेरीमालिका नगरपालिका	०.०१६८५५७७
५४	६०७०७	जाजरकोट	नलगाड नगरपालिका	०.०१४८७४८४
५५	६०८०१	रूकुमपश्चिम) भाग(	आठबिसकोट नगरपालिका	०.०२११८५११
५६	६०८०२	रूकुमपश्चिम) भाग(	सानीभेरी गाउँपालिका	०.०११००५९७
५७	६०८०३	रूकुमपश्चिम) भाग(	बाँफिकोट गाउँपालिका	०.०११६१०४०
५८	६०८०४	रूकुमपश्चिम) भाग(	मुसिकोट नगरपालिका	०.०१६९१३२०
५९	६०८०५	रूकुमपश्चिम) भाग(	त्रिवेणी गाउँपालिका	०.०११५०६८३
६०	६०८०६	रूकुमपश्चिम) भाग(	चौरजहारी नगरपालिका	०.०१३०१०७२
६१	६०९०१	सल्यान	दार्मा गाउँपालिका	०.०१३८५२८०
६२	६०९०२	सल्यान	कुमाख गाउँपालिका	०.०१२९६९३२
६३	६०९०३	सल्यान	बनगाड कुपिण्डे नगरपालिका	०.०२२९२२४८
६४	६०९०४	सल्यान	सिद्धकुमाख गाउँपालिका	०.०१०५६९७६
६५	६०९०५	सल्यान	बागचौर नगरपालिका	०.०१५६८८०७
६६	६०९०६	सल्यान	छत्रेश्वरी गाउँपालिका	०.०१३००७३१
६७	६०९०७	सल्यान	शारदा नगरपालिका	०.०२४०३२२४
६८	६०९०८	सल्यान	कालिमाटी गाउँपालिका	०.०१५०७९९५
६९	६०९०९	सल्यान	त्रिवेणी गाउँपालिका	०.०१०३३३०४
७०	६०९१०	सल्यान	कपुरकोट गाउँपालिका	०.०१२५२२४३
७१	६१००१	सुर्खेत	सिम्ता गाउँपालिका	०.०१४८४८१८

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
७२	६१००२	सुर्खेत	चिङ्गाड गाउँपालिका	०.०१०२६०९२
७३	६१००३	सुर्खेत	लेकबेशी नगरपालिका	०.०१८९२२१५
७४	६१००४	सुर्खेत	गुर्भाकोट नगरपालिका	०.०२२४८६९४
७५	६१००५	सुर्खेत	भेरीगंगा नगरपालिका	०.०१७०२९३९
७६	६१००६	सुर्खेत	बीरेन्द्रनगर नगरपालिका	०.०३१५११६०
७७	६१००७	सुर्खेत	बराहताल गाउँपालिका	०.०१७०३५०३
७८	६१००८	सुर्खेत	पञ्चपुरी नगरपालिका	०.०१५९९४९८
७९	६१००९	सुर्खेत	चौकुने गाउँपालिका	०.०१४८४०६८
जम्मा				१.००००००००

तालिका ४.७

आर्थिक वर्ष २०८३/८४ को लागि सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँट हिस्साको विवरण

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
१	७०१०१	बाजुरा	हिमाली गाउँपालिका	०.०१००८२९८
२	७०१०२	बाजुरा	गौमुल गाउँपालिका	०.००७३८८३२
३	७०१०३	बाजुरा	बुढीनन्दा नगरपालिका	०.०१४५२८४५
४	७०१०४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	०.००५८८९७३
५	७०१०५	वाजुरा	जगन्नाथ गाउँपालिका	०.००७१६२३१
६	७०१०६	बाजुरा	बडिमालिका नगरपालिका	०.००९५१४५०
७	७०१०७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	०.००८००६३४
८	७०१०८	बाजुरा	बुढीगंगा नगरपालिका	०.०२१९५६३३
९	७०१०९	बाजुरा	त्रिवेणी नगरपालिका	०.०१४१६३३३
१०	७०२०१	बझाङ	साइपाल गाउँपालिका	०.००७५८८६२
११	७०२०२	बझाङ	बुंगल नगरपालिका	०.०१६२६३७९
१२	७०२०३	बझाङ	सूर्मा गाउँपालिका	०.००७१९७१८
१३	७०२०४	बझाङ	तालकोट गाउँपालिका	०.००९३६४४७
१४	७०२०५	बझाङ	मष्टा गाउँपालिका	०.००६०४४७६
१५	७०२०६	बझाङ	जयपृथ्वी नगरपालिका	०.००९४०००४
१६	७०२०७	बझाङ	छबिस पाथिभरा गाउँपालिका	०.००६८४७४७
१७	७०२०८	बझाङ	दुर्गाथली गाउँपालिका	०.००५८१९५२
१८	७०२०९	बझाङ	केदारस्युँ गाउँपालिका	०.००८२१८६२
१९	७०२१०	बझाङ	बित्थडचिर गाउँपालिका	०.००८११६६८
२०	७०२११	बझाङ	थलारा गाउँपालिका	०.००७८८२१६
२१	७०२१२	बझाङ	खप्तडछान्ना गाउँपालिका	०.००७०१२४३
२२	७०३०१	दार्चुला	ब्याँस गाउँपालिका	०.००८५१२९०
२३	७०३०२	दार्चुला	दुहुँ गाउँपालिका	०.००८३२७४७
२४	७०३०३	दार्चुला	महाकाली नगरपालिका	०.००८६४९७०

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
२५	७०३०४	दार्चुला	नौगाड गाउँपालिका	०.००७६५३१६
२६	७०३०५	दार्चुला	अपिहिमाल गाउँपालिका	०.००७५४४७१
२७	७०३०६	दार्चुला	मार्मा गाउँपालिका	०.००७३६४१७
२८	७०३०७	दार्चुला	शैल्यशिखर नगरपालिका	०.०१३६२२७६
२९	७०३०८	दार्चुला	मालिकार्जुन गाउँपालिका	०.००७०७५५७
३०	७०३०९	दार्चुला	लेकम गाउँपालिका	०.००५३८३४०
३१	७०४०१	बैतडी	डीलासैनी गाउँपालिका	०.००७७२८६९
३२	७०४०२	बैतडी	दोगडाकेदार गाउँपालिका	०.००९०५२२०
३३	७०४०३	बैतडी	पुचौंडी नगरपालिका	०.०१०७५९३५
३४	७०४०४	बैतडी	सुर्नया गाउँपालिका	०.००७५४०१६
३५	७०४०५	बैतडी	दशरथचन्द नगरपालिका	०.०१०४०९८३
३६	७०४०६	बैतडी	पन्चेश्वर गाउँपालिका	०.००७१४७८८
३७	७०४०७	बैतडी	शिवनाथ गाउँपालिका	०.००६५२८०५
३८	७०४०८	बैतडी	मेलौली नगरपालिका	०.०१३७६८७६
३९	७०४०९	बैतडी	पाटन नगरपालिका	०.०१०९६०११
४०	७०४१०	बैतडी	सिगास गाउँपालिका	०.००९३२९९९
४१	७०५०१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	०.००७६९३३२
४२	७०५०२	डँडेलधुरा	अमरगढी नगरपालिका	०.०११०९३३५
४३	७०५०३	डँडेलधुरा	अजयमेरू गाउँपालिका	०.००७८११७४
४४	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	०.००८४१७५०
४५	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	०.०१४१३५४०
४६	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	०.०१०१२१५०
४७	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	०.००८१९५८९
४८	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	०.००९८९२४८
४९	७०६०२	डोटी	सायल गाउँपालिका	०.००८७६०९९
५०	७०६०३	डोटी	आदर्श गाउँपालिका	०.००९१९४०८
५१	७०६०४	डोटी	शिखर नगरपालिका	०.०१५२८०७७
५२	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	०.०१२६८८४४
५३	७०६०६	डोटी	के.सिं.आई. गाउँपालिका	०.००९७००९२
५४	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	०.०१०६८८९७
५५	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	०.०१०६६२७९
५६	७०६०९	डोटी	जोरायल गाउँपालिका	०.०१२१८०९१
५७	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	०.०१५१५००२
५८	७०७०२	अछाम	रामारोशन गाउँपालिका	०.००९५९४२२
५९	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	०.००९३२०००
६०	७०७०४	अछाम	साँफेबगर नगरपालिका	०.०१०६१६४६
६१	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	०.०१०८३२००
६२	७०७०६	अछाम	मंगलसेन नगरपालिका	०.०१७००६०२
६३	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	०.००८४५१९३
६४	७०७०८	अछाम	कमलबजार नगरपालिका	०.०१०२११३१
६५	७०७०९	अछाम	ढकारी गाउँपालिका	०.००९८६६२८

क्र.सं .	स्थानीय तहको सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन कर बाँडफाँटको हिस्सा
६६	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	०.०१०४०३२८
६७	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	०.०१४००४२२
६८	७०८०२	कैलाली	चुरे गाउँपालिका	०.०१३०९७५४
६९	७०८०३	कैलाली	गोदावरी नगरपालिका	०.०१७८४३६२
७०	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	०.०१९४२६८३
७१	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	०.०१७७०८४५
७२	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	०.०११०२२६९
७३	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	०.०२५३९३८९
७४	७०८०८	कैलाली	जानकी गाउँपालिका	०.०११४१९७५
७५	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	०.०११३५४२३
७६	७०८१०	कैलाली	टिकापुर नगरपालिका	०.०२३५१३६३
७७	७०८११	कैलाली	भजनी नगरपालिका	०.०१२९७०२९
७८	७०८१२	कैलाली	कैलारी गाउँपालिका	०.०१३३२७११
७९	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	०.०२७२१२८२
८०	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	०.०१४३३३४९
८१	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	०.०१५९४०००
८२	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	०.०१८८५५९८
८३	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	०.०१९५८१०२
८४	७०९०५	कञ्चनपुर	चाँदनीदोधारा- नगरपालिका	०.०१०६२९३२
८५	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	०.००९२५२०४
८६	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	०.०२६१८६२३
८७	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	०.०१४६८७१७
८८	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	०.००८४६२२२
जम्मा				१.००००००००

४.२ सवारी साधन कर बाँडफाँट सिफारिसको कार्यान्वयन अवस्था

नेपालको संविधान बमोजिम प्रदेश र स्थानीय सरकार दुवैको अधिकार सूचीमा रहेको सवारी साधन कर अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा एकल कर प्रशासनको अवधारणा अनुरूप करको दर लगाउने र उठाउने अधिकार प्रदेशलाई प्रदान गरेको छ। सोही ऐनको दफा ६क. ले सो कर वापत उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने, यसरी जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था गरेको छ। स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम आयोगले सिफारिस गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारबाट सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई मासिक रूपमा बाँडफाँट हुँदै आएको छ। प्रदेशले सो करवापत सङ्कलन गरेको राजस्व र सोको बाँडफाँट सम्बन्धी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक तथ्याङ्कको विस्तृत विवरण देहाय बमोजिम रहेको छः

कोशी प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेश सरकारले सवारी साधन कर बापत रू. ३ अर्ब ६ करोड ६६ लाख सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २ अर्ब ६६ करोड ६७ लाख (लक्ष्यको ८६.९६ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। २०८३ असार

१५ सम्म सङ्कलन गरेको सवारी साधन करको ४० प्रतिशतले हुने रू. १ अर्ब १ करोड ८ लाख बाँडफाँट गरेको देखिन्छ भने असार १६ देखि असार मसान्तसम्म सङ्कलन गरेको सवारी साधन करको बाँडफाँट हुन बाँकी रहेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (५) मा भएको व्यवस्था अनुसार सवारी साधन कर मासिक रूपमा बाँडफाँट गरेको देखियो। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. ३ अर्ब १५ करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

मधेश प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले सवारी साधन कर बापत रू. ५ अर्ब सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ४ अर्ब १६ करोड ६७ लाख (लक्ष्यको ८३.३३ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। २०८३ असार १५ सम्म सङ्कलन गरेको सवारी साधन करको ४० प्रतिशतले हुने रू. ७६ करोड ७५ लाख ३२ हजार बाँडफाँट गरेको देखिन्छ भने असार १६ देखि असार मसान्तसम्म सङ्कलन गरेको सवारी साधन करको बाँडफाँट हुन बाँकी रहेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (५) मा भएको व्यवस्था अनुसार सवारी साधन कर मासिक रूपमा बाँडफाँट गरेको देखिएन। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. ५ अर्ब ८३ करोड ३३ लाख सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

बागमती प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सवारी साधन कर बापत रू. १३ अर्ब ७५ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. १३ अर्ब १६ करोड ६७ लाख (लक्ष्यको ९५.७६ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को असार १५ गतेसम्म सङ्कलित रकम मध्ये ४० प्रतिशत रकम आयोगले २०८२/८३ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरेअनुसार प्रदेशभित्रका स्थानीय सरकारलाई रू ४ अर्ब १९ करोड १५ लाख ९१ हजार बाँडफाँट गरेको देखिन्छ भने २०८२ असार १६ गतेदेखि असार मसान्तसम्म सङ्कलित रकम बाँडफाँट गर्न बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. १३ अर्ब ७५ करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

गण्डकी प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सवारी साधन कर बापत रू. २ अर्ब ३० करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २ अर्ब (लक्ष्यको ८६.९६ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को असार २० गतेसम्म सङ्कलित रकम मध्ये ४० प्रतिशत रकम आयोगले २०८२/८३ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस अनुसार प्रदेश भित्रका स्थानीय सरकारलाई रू. ७७ करोड ४५ लाख ३४ हजार बाँडफाँट गरेको देखिन्छ भने २०८३ असार २१ गते देखि असार मसान्तसम्म सङ्कलित रकम बाँडफाँट गर्न बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. २ अर्ब ३० करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

लुम्बिनी प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सवारी साधन कर बापत रू. ४ अर्ब ८३ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ३ अर्ब ३६ करोड ६७ लाख (लक्ष्यको ६९.६६ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को असार १५ गतेसम्म सङ्कलित सवारी साधन करमध्ये ४० प्रतिशत रकम आयोगले आर्थिक वर्ष २०८२/८३ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरे अनुसार प्रदेशभित्रका स्थानीय सरकारलाई रू. १ अर्ब २८ करोड ६४ लाख ७८ हजार बाँडफाँट गरेको देखिन्छ भने २०८३ असार १६ गते देखि असार मसान्तसम्म सङ्कलित रकम रू. १० करोड ९० लाख ८६ हजार बाँडफाँट गर्न बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. ३ अर्ब ७६ करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

कर्णाली प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सवारी साधन कर बापत रू. २४ करोड ५९ लाख ९२ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. २७ करोड ५० लाख (लक्ष्यको १११.८३ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। सवारी साधन कर बापत सङ्कलित रकममध्ये ४० प्रतिशत रकम आयोगले आर्थिक वर्ष २०८२/८३ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरेअनुसार प्रदेशभित्रका स्थानीय सरकारलाई रू. ११ करोड १५ लाख ७६ हजार बाँडफाँट गरेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (५) मा भएको व्यवस्था अनुसार सवारी साधन कर मासिकरूपमा बाँडफाँट गरेको देखिएन। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. २८ करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

सुदूरपश्चिम प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सवारी साधन कर बापत रू. ९२ करोड ९४ लाख १६ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ७२ करोड ६३ लाख (लक्ष्यको ७८.१५ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को असार २३ गतेसम्म सङ्कलित रकम मध्ये ४० प्रतिशत रकम आयोगले २०८२/८३ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरे अनुसार प्रदेशभित्रका स्थानीय सरकारलाई रू. ३२ करोड ८१ लाख ७६ हजार बाँडफाँट गरेको देखिन्छ भने २०८३ असार २४ गते देखि असार मसान्तसम्म सङ्कलित रकम बाँडफाँट गर्न बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ मा सवारी साधन कर वापत रू. ८० करोड सङ्कलन गर्ने लक्ष्य रहेको देखिन्छ।

४.३ सवारी साधन करको बाँडफाँट सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था

सवारी साधन कर सम्बन्धमा आयोगबाट दिइएका सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१	विभिन्न शीर्षकमा सवारी साधन करवापत सङ्कलन भएको कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा कतिपय प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा सङ्कलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट भएको नपाइएकोले सवारी साधन करको रूपमा सङ्कलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम बाँडफाँट गर्नुपर्ने।	प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
२	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम सवारी साधन करको बाँडफाँट मासिकरूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम मासिक रूपमा बाँडफाँट गरी सम्बन्धित आर्थिक वर्षभित्रै हिसाब मिलान गर्नुपर्ने।	प्रदेश सरकार	पूर्ण कार्यान्वयन भएको नदेखिएको (सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार मधेश प्रदेशमा साउनदेखि चैतसम्मको र कर्णाली प्रदेशमा साउनदेखि जेठसम्मको मासिकरूपमा बाँडफाँट गरेको नदेखिएको

४.४ सवारी साधन करको बाँडफाँट सम्बन्धी सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
१	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम सवारी साधन करको बाँडफाँट मासिकरूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम मासिक रूपमा बाँडफाँट गरी सम्बन्धित आर्थिक वर्षभित्रै हिसाब मिलान गर्नुपर्ने।	प्रदेश सरकार
२	प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन कर यथार्थ समयमा आधारित (Real Time Based) हुने गरी कानून बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा हुने, प्रदेश सरकारले प्राप्त गर्ने ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा भई सो कोषको रकम स्थानीय सञ्चित कोषमा स्वचालितरूपमा मासिक जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने।	नेपाल सरकार, प्रदेश सरकार
३	सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्दा लिइएका आधार र ढाँचाको व्याख्या एवम् विश्लेषण खण्डमा सूचक तथा उपसूचकलाई आधारको रूपमा लिनुपर्नाको कारण र भार निर्धारणको व्याख्या विश्लेषण गरे बमोजिम प्रदेश र स्थानीय सरकारले सवारी साधन कर बाँडफाँटबाट प्राप्त भएको रकम सोही बमोजिमको उद्देश्य हासिल हुने गरी विनियोजन एवम् खर्चमा प्राथमिकता दिनुपर्ने।	प्रदेश सरकार, स्थानीय सरकार

परिच्छेद -पाँच

अन्तर-सरकारी वित्तीय अनुदान

आयोगले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण, प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार र प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्दै आएको छ।

५.१ वित्तीय समानीकरण अनुदान सिफारिस

५.१.१ आर्थिक वर्ष २०८३/८४ का लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८२/११/२९

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। अन्तर-सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको महत्वपूर्ण माध्यमको रूपमा वित्तीय समानीकरण अनुदान रहेको छ ।

नेपालको संविधानको अनुसूचीमा उल्लिखित तहगत सरकारको अधिकारको विश्लेषण गर्दा प्रदेश तथा स्थानीय सरकारहरूमा खर्च जिम्मेवारीको अनुपातमा राजस्व परिचालन गर्ने अधिकार न्यून रहेको छ भने नेपाल सरकारमा राजस्व परिचालनको अधिकार अधिक रहेको देखिन्छ। समान तहका सरकारहरूबीच भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले गर्दा उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताबीचमा असमानता रहेको छ। यस्तो परिस्थितिमा प्रदेश तथा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई अनुदान दिनुपर्ने संवैधानिक एवम् कानूनी प्रबन्ध रहेको छ।

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने र त्यस्तो अनुदान वितरणका लागि सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानूनमा समेत गरिएको छ।

ख. सिफारिसका आधारहरू

१. संवैधानिक एवम् कानूनी प्रबन्ध

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्दा आयोगले नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रबन्धहरूलाई मुख्य आधारको रूपमा लिएको छ।

- नेपालको संविधानको धारा ६० को उपधारा (३), (४) र (६) तथा धारा २५१ को उपधारा (१) को देहाय खण्ड (घ),
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) एवम् दफा १६ को उपदफा (१) र (२),
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (१), दफा १८ को उपदफा (२) र दफा २८।

२. अन्य आधार

राष्ट्रिय सभा, सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९

- नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकार र प्रदेशबाट स्थानीय सरकारको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अङ्श बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
- वित्तीय समानीकरण अनुदान वितरणमा प्रयोग गरिएका तथ्याङ्कीय विवरण र बाँडफाँटलाई पारदर्शी र विश्वासयोग्य बनाउने।

नेपाल सरकारको सङ्घीयता कार्यान्वयन सम्बन्धी कार्ययोजना, २०७९

- प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गर्ने/गराउने।

राष्ट्रिय समन्वय परिषद्को निर्णय, २०८० आषाढ

- कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने।
- तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादाम्यता कायम गर्ने।
- तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने।

ग. तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा आयोगबाट प्रयोगमा ल्याइएका तथ्याङ्क र तीनको स्रोत उल्लेख गरिएको छ।

वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग गरिएको तथ्याङ्कसम्बन्धी विवरण

क्र.सं.	सूचक	तथ्याङ्कको स्रोत
१.	जनसङ्ख्या	• राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
२.	क्षेत्रफल (भूगोल)	• नेपाल राजपत्र
३.	मानव विकास सूचकाङ्क	• नेपाल मानव विकास प्रतिवेदन, २०२०, राष्ट्रिय योजना आयोग
४.	प्रदेश तथा स्थानीय सरकारहरूमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क	• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६)

क्र.सं.	सूचक	तथ्याङ्कको स्रोत
५.	पूर्वाधार विकास ५.१ सडकको घनत्व (सडकमा पहुँच) ५.२ विद्युतको सुविधा (विद्युतमा पहुँच) ५.३ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) ५.४ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ५.५ सरसफाई (शौचालयको उपलब्धता) ५.६ सहरीकरणको अवस्था	५.१ सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८) ५.२ राष्ट्रिय जनगणना, २०७८ ५.३ राष्ट्रिय जनगणना, २०७८ ५.४ राष्ट्रिय जनगणना, २०७८ ५.५ राष्ट्रिय जनगणना, २०७८ ५.६ राष्ट्रिय जनगणना, २०७८
७.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता	• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५)
८.	कार्यसम्पादन मूल्याङ्कन सूचक	• महालेखा परीक्षकको कार्यालय • अर्थ मन्त्रालय • भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय • कषि, वन तथा पर्यावरण मन्त्रालय • शिक्षा तथा खेलकुद मन्त्रालय • स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय • महालेखा नियन्त्रक कार्यालय • राष्ट्रिय परीक्षा बोर्ड • प्रदेश तथा स्थानीय सरकारहरू

घ. अनुदान सिफारिस गर्न लिइएका आधार (सूचक) र ढाँचाः

आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको निर्धारण गर्दा न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानका रूपमा बर्गीकरण गरी देहायका सूचक, भार र तथ्याङ्क प्रयोग गरिएको छ।

१. न्यूनतम अनुदान

१.१. प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम अनुदान

प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान रू. १५ अर्ब ३७ करोड ५८ लाख निर्धारण गरिएको छ जुन प्रदेश सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हुन आउँछ। जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ। प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण तालिका नं. ५.१ मा समावेश गरिएको छ।

तालिका ५.१

प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

प्रदेश	न्यूनतम अनुदान (रू. लाखमा)
कोशी प्रदेश	२८२६४
मधेश प्रदेश	१९०६०
बागमती प्रदेश	२७५४२
गण्डकी प्रदेश	१८२२७
लुम्बिनी प्रदेश	२४६५७

प्रदेश	न्यूनतम अनुदान (रू. लाखमा)
कर्णाली प्रदेश	१७८७४
सुदूरपश्चिम प्रदेश	१८१३४
जम्मा	१५३७५८

१.२. स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम अनुदान

आर्थिक वर्ष २०८३/८४ मा स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदान रकम रू. ३० अर्ब ८३ करोड निर्धारण गरिएको छ, जुन स्थानीय सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको ३४.१८ प्रतिशत हुन आउँछ। स्थानीय सरकारले जनसङ्ख्याको आधारमा पाउने न्यूनतम समानीकरण अनुदानको परिमाण बमोजिम र भूगोलको आधारमा प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदानको परिमाण बमोजिम तालिका नं. ५.२ र ५.३ मा निर्धारण गरिएको छ।

तालिका ५.२

स्थानीय सरकारले जनसङ्ख्याको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	जनसङ्ख्या	अनुदान रकम (रू.लाखमा)
१	१०,००० भन्दा कम	१७५
२	१०,००० देखि २०,००० भन्दा कम	२००
३	२०,००० देखि ३०,००० भन्दा कम	२२५
४	३०,००० देखि ४०,००० भन्दा कम	२५०
५	४०,००० देखि ५०,००० भन्दा कम	२७५
६	५०,००० देखि ६०,००० भन्दा कम	३००
७	६०,००० देखि ७०,००० भन्दा कम	३२५
८	७०,००० देखि ८०,००० भन्दा कम	३५०
९	८०,००० देखि ९०,००० भन्दा कम	३७५
१०	९०,००० देखि १,००,००० भन्दा कम	४००
११	१,००,००० देखि १,१०,००० भन्दा कम	४२५
१२	१,१०,००० देखि १,२०,००० भन्दा कम	४५०
१३	१,२०,००० देखि १,३०,००० भन्दा कम	४७५
१४	१,३०,००० देखि १,४०,००० भन्दा कम	५००
१५	१,४०,००० देखि १,५०,००० भन्दा कम	५२५
१६	१,५०,००० देखि १,६०,००० भन्दा कम	५५०
१७	१,६०,००० देखि १,७०,००० भन्दा कम	५७५
१८	१,७०,००० देखि १,८०,००० भन्दा कम	६००
१९	१,८०,००० देखि १,९०,००० भन्दा कम	६२५
२०	१,९०,००० देखि २,००,००० भन्दा कम	६५०
२१	२,००,००० वा सो भन्दा बढी	६७५

तालिका ५.३

स्थानीय सरकारले क्षेत्रफलको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	क्षेत्रफल	अनुदान रकम (रू.लाखमा)
१	१०० वर्ग कि.मि. सम्म	१००
२	१०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म	१५०
३	२०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म	२००
४	३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म	२५०
५	४०० वर्ग कि.मि. भन्दा बढी	३००

२. सूत्रमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय सरकारमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय सरकारको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय सरकारले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय सरकारको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ भने दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय सरकारको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

उल्लिखित कानूनी प्रावधानहरूमा आधारित भई बमोजिमको विस्तृत आधार र ढाँचालाई अवलम्बन गरी आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान रकम निर्धारण गरिएको छ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको गणनामा लिइएको आधार/सूचक र भार

क्र.सं.	**सूचक/उपसूचक**	**उपसूचकको भार**	**सूचकको भार**
१.	मानव विकास सूचकाङ्क		१० %
२.	आर्थिक सामाजिक असमानता		५ %
३.	पूर्वाधार विकासको अवस्था		१५ %

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार	सूचकको भार
	३.१ सडकको घनत्व (सडकमा पहुँच),	३५ %	
	३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),	१५ %	
	३.३ सरसफाई (शौचालयको उपलब्धता)	१५ %	
	३.४ सहरीकरणको अवस्था	१५ %	
	३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच),	१० %	
	३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),	१० %	
४.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता		७० %
जम्मा			१०० %

२.१. आधार तथा ढाँचाको विश्लेषणः

अ. मानव विकास सूचकाङ्क

सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगतरूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगतरूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय सरकारहरूको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। कुल भारमध्ये मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

आ. आर्थिक सामाजिक असमानता

आर्थिक-सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा प्रदेश र स्थानीय तहमा रहेको आर्थिक-सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आयोगले गरेको अध्ययन बमोजिम आर्थिक-सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक-सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

इ. पूर्वाधार विकास

प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय तहको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय तहका सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत बृद्धि गराउँदछ। आयोगले प्रदेश तथा स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाईको पहुँच तथा उपलब्धता एवम् सहरीकरणको अवस्थालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ। पूर्वाधार विकासको अवस्थाका लागि १५ प्रतिशत भार प्रदान गरिएको छ।

- **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले प्रदेश वा स्थानीय तहको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहजढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिइएको भारलाई शतप्रतिशत मानी सोको ३५ प्रतिशत भार प्रदेश तथा स्थानीय सरकारको सडक घनत्वलाई दिइएको छ।

- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच)**: संविधानले परिकल्पना गरेअनुसारको लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहहरूमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकासलाई दिइएको भारलाई शतप्रतिशत मानी सोको १५ प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।

- **सरसफाई (शौचालयको उपलब्धता)**: नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाईको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय तहका सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाई सूचक मानी पूर्वाधार विकासलाई दिइएको भारलाई शतप्रतिशत मानी सोको १५ प्रतिशत भार सरसफाई (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

- **सहरीकरणको अवस्था**: प्रदेश तथा स्थानीय तहमा सहरीकरणको अवस्थाले सम्बन्धित प्रदेश तथा स्थानीय तहको विकासको अवस्थालाई प्रतिविम्बित गर्दछ। ग्रामीण तथा सहरोन्मुख क्षेत्रमा पुर्वाधार विकासको आवश्यकता बढी हुन्छ भने सहरी क्षेत्रमा समेत थप पुर्वाधार विकास तथा मर्मत संभारको लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहको ग्रामीण, सहरोन्मुख एवम् सहरी क्षेत्रका जनसङ्ख्यालाई सहरीकरणको अवस्थालाई सूचक कायम गरी पूर्वाधार विकासलाई दिइएको भारलाई शतप्रतिशत मानी सोको १५ प्रतिशत भार सहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ। यसमा राष्ट्रिय जनगणना, २०७८ मा आधारित भई राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण नामक प्रतिवेदनलाई आधारको रूपमा लिइएको छ।

- **विद्युतको सुविधा (विद्युतमा पहुँच)**: विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय तहहरूको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिइएको भारलाई शतप्रतिशत मानी सोको १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।

- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)**: जुन प्रदेश तथा स्थानीय सरकारको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय सरकारहरूले सूचना प्रविधिको पहुँचको स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले प्रदेश तथा स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शतप्रतिशत मानी सोको १० प्रतिशत भार सूचना प्रविधिमा पहुँचलाई दिइएको छ।

ई. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक प्रदेश तथा प्रत्येक स्थानीय सरकारको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पहिचान गर्नुपर्ने हुन्छ। यसका लागि संविधानको अनुसूचीमा उल्लिखित सङ्घीय, प्रदेश र स्थानीय सरकारका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुका साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मापदण्ड र सङ्घीय, प्रादेशिक र स्थानीय लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मापदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाई लागत पहिचान गरी सोका आधारमा कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ।

हाल प्रदेश तथा स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मापदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आँकलन गर्ने कार्य सहज देखिदैन। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक प्रदेश र प्रत्येक स्थानीय सरकारको राजस्व अधिकार, राजस्वको दायरा, सम्भाव्यता र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भइरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययन गरी अध्ययनको नतिजालाई आधारको रूपमा लिएको छ। प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरको सूचकाङ्कलाई ७० प्रतिशत भार दिइएको छ।

३. कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/८४ मा सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादनस्तरलाई पनि आधार लिइएको छ। आयोगको मिति २०७८/०२/१३ को बैठकबाट प्रदेश सरकारको कार्यसम्पादन मापनको लागि ११ वटा र स्थानीय सरकारहरूको कार्यसम्पादन मापनको लागि १७ वटा सूचक तय गरी अङ्कभार समेत निर्धारण गरिएको थियो। आयोगले तर्जुमा गरेको प्रदेश तथा स्थानीय सरकारहरूको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम प्रदेश तथा स्थानीय सरकारहरूको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरिएको छ। यसै मूल्याङ्कनबाट कायम भएको अङ्कको आधारमा प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने रकम प्रदेशतर्फ रू. २ अर्ब ४६ करोड २ लाख र स्थानीय सरकारतर्फ रू. ३ अर्ब ६० करोड ६९ लाख गरी जम्मा रू. ६ अर्ब ६ करोड ७१ लाख कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। प्रदेश सरकारको हकमा लागुहुने सूचकहरू र भारलाई र स्थानीय सरकारको हकमा लागुहुने सूचकहरू र भारलाई उल्लेख गरिएको छ।

प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

क्र.सं.	सूचक	अंकभार
१.	गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरूजुको अवस्था।	१५
२.	प्रदेशले स्थानीय सरकारहरूलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको।	१०
३.	सवारी साधन कर बापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिकरूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५
४.	प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था। (क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः (ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः	१५
५.	प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था। (क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्थाः (ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः	२०
६.	प्रदेश सरकारले स्थानीय सरकारहरूलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय सरकारहरूलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको।	५

क्र.सं.	सूचक	अंकभार
७.	प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५
८.	प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५
९.	प्रदेश तहको वायु गुणस्तर सुचकाङ्क (Air Quality Index)।	५
१०.	प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत।	५
११.	आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।	१०
	जम्मा	**१००**

स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

क्र.सं.	सूचक	अङ्कभार
१.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरे/नगरेको।	५
२.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको।	५
३.	स्थानीय सरकारहरूले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५
४.	स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५
५.	स्थानीय सरकारहरूले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५
६.	स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था। अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः	१३
७.	स्थानीय सरकारहरूको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था। कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः	१५
८.	गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरूजुको अवस्था।	१५
९.	महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय सरकारहरूले पूर्णरूपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको।	५
१०.	स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको।	३
११.	कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर।	३
१२.	कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर।	३

क्र.सं.	सूचक	अङ्कभार
१३.	सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थीसङ्ख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सोभन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत	३
१४.	चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात।	३
१५.	कुल गर्भवती महिलाकोसङ्ख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात।	३
१६.	पूर्ण खोप (बिसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रूवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात।	३
१७.	आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।	६
	जम्मा	**१००**

ङ. वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

नेपाल सरकारबाट आर्थिक वर्ष २०८३/८४ मा प्रत्येक प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्था बमोजिम प्रत्येक प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम अनुदान, सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सूत्रमा आधारित अनुदान र सोही ऐनको दफा ३ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्राप्त गर्ने अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। यसरी प्राप्त हुने अनुदान रकम गणना गर्दा ४० वटा स्थानीय सरकारले न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदानबाट रू. ७ करोडभन्दा कम रकम पाउने देखिएको हुँदा त्यस्तो रकमले स्थानीय सरकारहरूको संविधानप्रदत्त कार्यजिम्मेवारी न्यूनतमरूपमा पूरा गर्न पर्याप्त नहुने ठहर गरी प्रत्येक स्थानीय सरकारहरूलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रू. ७ करोड प्राप्त हुने गरी स्थानीय सरकारहरूको आन्तरिक राजस्वको अवस्था समेतको आधारमा महानगरपालिकाहरूको सूत्र वापतको रकममा करिब १०.८० प्रतिशतले कट्टा गरी उक्त रकम त्यस्ता ४० वटा स्थानीय सरकारको अनुदानमा थप गरी वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारको हकमा जम्मा रू. ६१५०३२ लाख र स्थानीय सरकारको हकमा जम्मा रू. ९०२०४६ लाख सहित कुल जम्मा रू. १५१७०७८ लाख रहेको छ।

आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान रकमको विवरण तालिका नं. ५.४ मा र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान रकमको विवरण तालिका नं. ५.५ मा समावेश गरिएको छ।

तालिका ५.४

आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

(रू.लाखमा)

क्र.सं.	प्रदेशको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादनमा आधारित	जम्मा
१	कोशी प्रदेश	२८२६४	५८८०४	४११८	९११८६
२	मधेश प्रदेश	१९०६०	५६८८९	२५३६	७८४८५
३	बागमती प्रदेश	२७५४२	५२८०८	३९४७	८४२९७
४	गण्डकी प्रदेश	१८२२७	५६७३०	३५२५	७८४८२
५	लुम्बिनी प्रदेश	२४६५७	५७७४२	३२२७	८५६२६
६	कर्णाली प्रदेश	१७८७४	८५४४९	३०००	१०६३२३
७	सुदुरपश्चिम प्रदेश	१८१३४	६८२५०	४२४९	९०६३३
जम्मा		**१५३७५८**	**४३६६७२**	**२४६०२**	**६१५०३२**

तालिका ५.५

आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्र र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

(रू.लाखमा)

क्र. सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादनमा आधारित	जम्मा
१	ताप्लेजुङ	१०१०१	फक्ताङ्लुङ्ग गाउँपालिका	५००	५८६	४७	११३३
२	ताप्लेजुङ	१०१०२	मिक्वाखोला गाउँपालिका	४७५	४८४	४८	१००७
३	ताप्लेजुङ	१०१०३	मेरिङ्गदेन गाउँपालिका	४००	६३४	५०	१०८४
४	ताप्लेजुङ	१०१०४	मैवाखोला गाउँपालिका	३५०	५५०	५३	९५३
५	ताप्लेजुङ	१०१०५	आठराई त्रिवेणी गाउँपालिका	३००	६६५	४१	१००६
६	ताप्लेजुङ	१०१०६	फुङलिङ्ग नगरपालिका	३७५	१०६९	४२	१४८६
७	ताप्लेजुङ	१०१०७	पाथिभरा याङ्वराक गाउँपालिका	३००	६६५	५४	१०१९
८	ताप्लेजुङ	१०१०८	सिरीजङ्गा गाउंपालिका	५००	७४६	५६	१३०२
९	ताप्लेजुङ	१०१०९	सिदिङ्गवा गाउँपालिका	४००	६०३	४८	१०५१
१०	संखुवासभा	१०२०१	भोटखोला गाउँपालिका	४७५	३४९	३९	८६३
११	संखुवासभा	१०२०२	मकालु गाउँपालिका	५००	६०६	४४	११५०
१२	संखुवासभा	१०२०३	सिलीचोङ गाउँपालिका	४००	५८०	४६	१०२६
१३	संखुवासभा	१०२०४	चिचिला गाउँपालिका	२७५	४२५	३८	७३८
१४	संखुवासभा	१०२०५	सभापोखरी गाउँपालिका	३७५	५३०	४६	९५१
१५	संखुवासभा	१०२०६	खाँदबारी नगरपालिका	४००	११८७	४४	१६३१
१६	संखुवासभा	१०२०७	पाँचखपन नगरपालिका	३५०	७४४	४५	११३९
१७	संखुवासभा	१०२०८	चैनपुर नगरपालिका	४२५	१०३६	४१	१५०२
१८	संखुवासभा	१०२०९	मादी नगरपालिका	३५०	६६६	४५	१०६१
१९	संखुवासभा	१०२१०	धर्मदेवी नगरपालिका	३५०	७७९	४३	११७२
२०	सोलुखुम्बु	१०३०१	खुम्बु पासाङल्हामु गाउँपालिका	४७५	५११	५२	१०३८
२१	सोलुखुम्बु	१०३०२	माहाकुलुङ गाउँपालिका	५००	५६१	४८	११०९
२२	सोलुखुम्बु	१०३०३	सोताङ गाउँपालिका	३२५	४९२	४२	८५९
२३	सोलुखुम्बु	१०३०४	माप्य दुधकोशी गाउँपालिका	३५०	६३७	५२	१०३९

क्र. सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादनमा आधारित	जम्मा
२४	सोलुखुम्बु	१०३०५	थुलुङ दुधकोशी गाउँपालिका	३५०	८४८	५३	१२५१
२५	सोलुखुम्बु	१०३०६	नेचासल्यान गाउँपालिका	३००	७६४	४९	१११३
२६	सोलुखुम्बु	१०३०७	सोलुदुधकुण्ड नगरपालिका	५२५	८६५	६५	१४५५
२७	सोलुखुम्बु	१०३०८	लिखु पिके गाउँपालिका	३२५	३७५	४५	७४५
२८	ओखलढुङ्गा	१०४०१	चिशंखुगढी गाउँपालिका	३५०	४१८	४६	८१४
२९	ओखलढुङ्गा	१०४०२	सिद्धिचरण नगरपालिका	३७५	६४५	५५	१०७५
३०	ओखलढुङ्गा	१०४०३	मोलुङ्ग गाउँपालिका	३५०	४३७	५०	८३७
३१	ओखलढुङ्गा	१०४०४	खिजीदेम्बा गाउँपालिका	३५०	४१०	५०	८१०
३२	ओखलढुङ्गा	१०४०५	लिखु गाउँपालिका	३००	४००	५०	७५०
३३	ओखलढुङ्गा	१०४०६	चम्पादेवी गाउँपालिका	३५०	४५०	३९	८३९
३४	ओखलढुङ्गा	१०४०७	सुनकोशी गाउँपालिका	३५०	४६१	५३	८६४
३५	ओखलढुङ्गा	१०४०८	मानेभन्ज्याङ्ग गाउँपालिका	३५०	५१४	३९	९०३
३६	खोटाङ	१०५०१	केपिलासगढी गाउँपालिका	३५०	४२०	४९	८१९
३७	खोटाङ	१०५०२	ऐसेलुखर्क गाउँपालिका	३५०	४३८	४५	८३३
३८	खोटाङ	१०५०३	रावा बेसी गाउँपालिका	३००	४००	४४	७४४
३९	खोटाङ	१०५०४	हलेसी तुवाचुङ नगरपालिका	४२५	६४७	६०	११३२
४०	खोटाङ	१०५०५	दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका	४७५	९५०	५९	१४८४
४१	खोटाङ	१०५०६	साकेला गाउँपालिका	२७५	४२५	४७	७४७
४२	खोटाङ	१०५०७	दिप्रुङ चुइचुम्मा गाउँपालिका	३५०	५३१	५२	९३३
४३	खोटाङ	१०५०८	खोटेहाङ गाउँपालिका	३५०	५६१	५५	९६६
४४	खोटाङ	१०५०९	जन्तेढुङ्गा गाउँपालिका	३५०	४२५	५४	८२९
४५	खोटाङ	१०५१०	बराहपोखरी गाउँपालिका	३५०	४०६	५४	८१०
४६	भोजपुर	१०६०१	षडानन्द नगरपालिका	४२५	६८१	५१	११५७
४७	भोजपुर	१०६०२	साल्पासिलिछो गाउँपालिका	३५०	३७५	३५	७६०
४८	भोजपुर	१०६०३	टेम्केमैयुङ गाउँपालिका	३५०	४८६	५१	८८७
४९	भोजपुर	१०६०४	भोजपुर नगरपालिका	३७५	६४८	६०	१०८३
५०	भोजपुर	१०६०५	अरूण गाउँपालिका	३५०	४७३	४१	८६४
५१	भोजपुर	१०६०६	पौवा दुङ्मा गाउँपालिका	३५०	४२४	५९	८३३
५२	भोजपुर	१०६०७	रामप्रसाद राई गाउँपालिका	३५०	४८३	६३	८९६
५३	भोजपुर	१०६०८	हतुवागढी गाउँपालिका	३५०	५०८	६१	९१९
५४	भोजपुर	१०६०९	आमचोक गाउँपालिका	३५०	४७९	५५	८८४
५५	धनकुटा	१०७०१	महालक्ष्मी नगरपालिका	३७५	५७१	५२	९९८
५६	धनकुटा	१०७०२	पाख्रिबास नगरपालिका	३५०	५३८	३६	९२४
५७	धनकुटा	१०७०३	छथर जोरपाटी गाउँपालिका	३५०	४९३	३३	८७६
५८	धनकुटा	१०७०४	धनकुटा नगरपालिका	४००	८४६	५३	१२९९
५९	धनकुटा	१०७०५	सहिदभुमी गाउँपालिका	३००	४८८	५२	८४०
६०	धनकुटा	१०७०६	साँगुरीगढी गाउँपालिका	३५०	५३६	५५	९४१
६१	धनकुटा	१०७०७	चौविसे गाउँपालिका	३५०	५१०	५३	९१३
६२	तेह्रथुम	१०८०१	आठराई गाउँपालिका	३५०	५७४	३९	९६३
६३	तेह्रथुम	१०८०२	फेदाप गाउँपालिका	३५०	४९४	५१	८९५

क्र. सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादनमा आधारित	जम्मा
६४	तेह्रथुम	१०८०३	मेन्छयायेम गाउँपालिका	२७५	४२५	४९	७४९
६५	तेह्रथुम	१०८०४	म्याङ्गलुङ्ग नगरपालिका	३५०	५४२	३६	९२८
६६	तेह्रथुम	१०८०५	लालीगुराँस नगरपालिका	३००	४६२	५६	८१८
६७	तेह्रथुम	१०८०६	छथर गाउँपालिका	३५०	४७०	४२	८६२
६८	पाँचथर	१०९०१	याङवरक गाउँपालिका	४००	५००	५५	९५५
६९	पाँचथर	१०९०२	हिलिहाङ्ग गाउँपालिका	३५०	५७९	६२	९९१
७०	पाँचथर	१०९०३	फालेलुङ्ग गाउँपालिका	४२५	५५३	५८	१०३६
७१	पाँचथर	१०९०४	फिदिम नगरपालिका	४२५	९७८	६३	१४६६
७२	पाँचथर	१०९०५	फाल्गुनन्द गाउँपालिका	३७५	५९८	५५	१०२८
७३	पाँचथर	१०९०६	कुम्मायक गाउँपालिका	३५०	४४४	४०	८३४
७४	पाँचथर	१०९०७	तुम्बेवा गाउँपालिका	३५०	३९२	४९	७९१
७५	पाँचथर	१०९०८	मिक्लाजुङ गाउँपालिका	३७५	६०८	४१	१०२४
७६	इलाम	११००१	माई जोगमाई गाउँपालिका	३५०	५४९	४३	९४२
७७	इलाम	११००२	सन्दकपुर गाउँपालिका	३५०	४५०	५८	८५८
७८	इलाम	११००३	ईलाम नगरपालिका	४५०	९९५	६०	१५०५
७९	इलाम	११००४	देउमाई नगरपालिका	४००	७३८	५४	११९२
८०	इलाम	११००५	फाकफोकथुम गाउँपालिका	३५०	५६९	४०	९५९
८१	इलाम	११००६	माङसेबुङ गाउापालिका	३५०	५०५	३८	८९३
८२	इलाम	११००७	चुलाचुली गाउँपालिका	३७५	५५९	४६	९८०
८३	इलाम	११००८	माई नगरपालिका	४५०	७२१	४६	१२१७
८४	इलाम	११००९	सूर्योदय नगरपालिका	५००	१०८९	६०	१६४९
८५	इलाम	११०१०	रोङ गाउँपालिका	३५०	५१७	४६	९१३
८६	झापा	१११०१	मेचीनगर नगरपालिका	६५०	१७८६	३८	२४७४
८७	झापा	१११०२	बुद्धशान्ति गाउँपालिका	४००	९१४	४०	१३५४
८८	झापा	१११०३	अर्जुनधारा नगरपालिका	५२५	११४६	५४	१७२५
८९	झापा	१११०४	कन्काई नगरपालिका	४००	८६५	४५	१३१०
९०	झापा	१११०५	शिवसताक्षी नगरपालिका	५००	१११०	५४	१७४४
९१	झापा	१११०६	कमल गाउँपालिका	४५०	९५९	५५	१४६४
९२	झापा	१११०७	दमक नगरपालिका	५२५	१३४६	५३	१९२४
९३	झापा	१११०८	गौरादह नगरपालिका	४७५	१०४२	४७	१५६४
९४	झापा	१११०९	गौरिगञ्ज गाउँपालिका	४००	७३८	४७	११८५
९५	झापा	१११११०	झापा गाउँपालिका	३५०	७५४	५०	११५४
९६	झापा	१११११	बाह्रदशी गाउँपालिका	३५०	७५६	५४	११६०
९७	झापा	१११११२	बिर्तामोड नगरपालिका	५५०	१४६८	४४	२०६२
९८	झापा	१११११३	हल्दीबारी गाउँपालिका	४००	६९४	४०	११३४
९९	झापा	१११११४	भद्रमपुर नगरपालिका	४५०	१२३८	४७	१७३५
१००	झापा	१११११५	कचनकवल गाउँपालिका	४२५	८३०	४२	१२९७
१०१	मोरङ	११२०१	मिक्लाजुङ्ग गाउँपालिका	४००	६९९	४६	११४५
१०२	मोरङ	११२०२	लेटाङ नगरपालिका	४५०	७३७	५४	१२४१
१०३	मोरङ	११२०३	केराबारी गाउँपालिका	४५०	७१७	५०	१२१७

क्र. सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादनमा आधारित	जम्मा
१०४	मोरङ	११२०४	सुन्दरहरैंचा नगरपालिका	६२५	१४०३	५२	२०८०
१०५	मोरङ	११२०५	बेलबारी नगरपालिका	५२५	११९७	५२	१७७४
१०६	मोरङ	११२०६	कानेपोखरी गाउँपालिका	३७५	८४२	३६	१२५३
१०७	मोरङ	११२०७	पथरी शनिश्चरे नगरपालिका	४५०	११५५	६२	१६६७
१०८	मोरङ	११२०८	उर्लाबारी नगरपालिका	४५०	१०८२	६१	१५९३
१०९	मोरङ	११२०९	रतुवामाई नगरपालिका	४७५	१०४४	४३	१५६२
११०	मोरङ	११२१०	सुनवर्षी नगरपालिका	४५०	९५२	३८	१४४०
१११	मोरङ	११२११	रंगेली नगरपालिका	४५०	९८६	४४	१४८०
११२	मोरङ	११२१२	ग्रामथान गाउँपालिका	३५०	७४८	४०	११३८
११३	मोरङ	११२१३	बुढीगंगा गाउँपालिका	४००	९०२	५७	१३५९
११४	मोरङ	११२१४	बिराटनगर महानगरपालिका	७७५	२५०३	६५	३३४३
११५	मोरङ	११२१५	कटहरी गाउँपालिका	३७५	८३२	४२	१२४९
११६	मोरङ	११२१६	धनपालथान गाउँपालिका	३७५	८१०	४०	१२२५
११७	मोरङ	११२१७	जहदा गाउँपालिका	३७५	८२६	५४	१२५५
११८	सुनसरी	११३०१	धरान उपमहानगरपालिका	७२५	२११३	४१	२८७९
११९	सुनसरी	११३०२	बराहक्षेत्र नगरपालिका	६००	१३०५	५०	१९५५
१२०	सुनसरी	११३०३	कोशी गाउँपालिका	३७५	८५८	३९	१२७२
१२१	सुनसरी	११३०४	भोक्राहा नरसिंह गाउँपालिका	३७५	७७६	४०	११९१
१२२	सुनसरी	११३०५	रामधुनी नगरपालिका	४२५	९९३	३५	१४५३
१२३	सुनसरी	११३०६	ईटहरी उपमहानगरपालिका	७५०	२०९१	३२	२८७३
१२४	सुनसरी	११३०७	दुहबी नगरपालिका	४२५	१०६१	४०	१५२६
१२५	सुनसरी	११३०८	गढी गाउँपालिका	३५०	७४७	४४	११४१
१२६	सुनसरी	११३०९	इनरूवा नगरपालिका	४५०	११७३	५२	१६७५
१२७	सुनसरी	११३१०	हरिनगर गाउँपालिका	३७५	८१७	५२	१२४४
१२८	सुनसरी	११३११	देवानगन्ज गाउँपालिका	३५०	७४४	३७	११३१
१२९	सुनसरी	११३१२	बर्जु गाउँपालिका	३५०	६८०	३८	१०६८
१३०	उदयपुर	११४०१	बेलका नगरपालिका	५५०	८२२	४४	१४१६
१३१	उदयपुर	११४०२	चौदण्डीगढी नगरपालिका	५००	९२६	५१	१४७७
१३२	उदयपुर	११४०३	त्रियुगा नगरपालिका	७२५	१४५१	४२	२२१८
१३३	उदयपुर	११४०४	रौतामाई गाउँपालिका	४२५	५५८	५३	१०३६
१३४	उदयपुर	११४०५	लिम्चुङ्बुङ गाउँपालिका	३२५	३७५	४३	७४३
१३५	उदयपुर	११४०६	ताप्ली गाउँपालिका	३५०	३९५	५२	७९७
१३६	उदयपुर	११४०७	कटारी नगरपालिका	६००	६२६	५६	१२८२
१३७	उदयपुर	११४०८	उदयपुरगढी गाउँपालिका	४२५	१०४५	५९	१५२९
४३	७०५०३	डँडेलधुरा	अजयमेरू गाउँपालिका	१५५५	५४३८	४९२	७४८५
४४	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	१७८०	४८३५	४७५	७०९०
४५	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	२३९०	८६५१	४१६	११४५७
४६	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	१७८०	५७२१	५३०	८०३१
४७	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	१५५५	४८६८	४५३	६८७६
४८	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	१६३५	६०६८	३३९	८०४२
४९	७०६०२	डोटी	सायल गाउँपालिका	१६३५	५३६५	३४५	७३४५
५०	७०६०३	डोटी	आदर्श गाउँपालिका	१६३५	६३३२	२९४	८२६१
५१	७०६०४	डोटी	शिखर नगरपालिका	१९४०	७८३५	२९५	१००७०
५२	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	१७१५	९२०९	४५९	११३८३
५३	७०६०६	डोटी	के.आई.सिं. गाउँपालिका	१६३५	५७४८	५१५	७८९८
५४	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	२००५	५३२४	४६७	७७९६
५५	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	२००५	५२४५	४०९	७६५९
५६	७०६०९	डोटी	जोरायल गाउँपालिका	२२३०	६४४८	५४७	९२२५

क्र. सं.	सङ्केत नं.	जिल्ला	स्थानीय तहको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादन मूल्याङ्कनमा आधारित	जम्मा
५७	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	१६३५	६५५९	५०५	८६९९
५८	७०७०२	अछाम	रामारोशन गाउँपालिका	१६३५	६५०९	४३७	८५८१
५९	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	१८६०	६३८१	३४०	८५८१
६०	७०७०४	अछाम	साँफेबगर नगरपालिका	१६३५	८२७९	३२४	१०२३८
६१	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	१६३५	६२२०	४८९	८३४४
६२	७०७०६	अछाम	मंगलसेन नगरपालिका	१६३५	७९४६	५०१	१००८२
६३	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	१३३०	५१६७	३७८	६८७५
६४	७०७०८	अछाम	कमलबजार नगरपालिका	१६३५	६०६७	३०३	८००५
६५	७०७०९	अछाम	ढकारी गाउँपालिका	१८६०	५५७९	४८२	७९२१
६६	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	१८६०	६४५९	३१४	८६३३
६७	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	२३१०	६२९४	३९७	९००१
६८	७०८०२	कैलाली	चुरे गाउँपालिका	२३१०	५९५१	४१४	८६७५
६९	७०८०३	कैलाली	गोदावरी नगरपालिका	२६४५	१६०१८	४५९	१९१२२
७०	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	२१८०	१२८६१	४०९	१५४५०
७१	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	२५६५	१५३४४	४३४	१८३४३
७२	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	१४९०	८४०७	३८३	१०२८०
७३	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	२४२०	१५२६२	४१३	१८०९५
७४	७०८०८	कैलाली	जानकी गाउँपालिका	१७९५	११३४७	४५१	१३५९३
७५	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	१४९०	९१३४	३६०	१०९८४
७६	७०८१०	कैलाली	टिकापुर नगरपालिका	२११५	१५७९०	३७६	१८२८१
७७	७०८११	कैलाली	भजनी नगरपालिका	१८७५	११५२७	३६५	१३७६७
७८	७०८१२	कैलाली	कैलारी गाउँपालिका	२०२०	११२२६	३२१	१३५६७
७९	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	३२२०	२३३४०	४४७	२७००७
८०	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	२२६०	१२५८५	३१०	१५१५५
८१	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	१८७५	११२४४	४५२	१३५७१
८२	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	१८७५	११७८३	४७७	१४१३५
८३	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	२४३५	२१३४१	४८३	२४२५९
८४	७०९०५	कञ्चनपुर	दोधारा चाँदनी नगरपालिका	१५७०	९९५८	४०५	११९३३
८५	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	१६३५	६५५६	३७८	८५६९
८६	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	१९५५	१२१८३	३८१	१४५१९
८७	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	१८७५	१२३६८	३९६	१४६३९
८८	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	१४१०	६५९८	३४७	८३५५
जम्मा				१५८१६५	७२३११५	३६७२०	९१८०००

५.१.३ वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को लागि आयोगबाट भएको सिफारिस कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ।

५.१.३.१ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान

वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ का लागि आयोगले गरेकाे सिफारिस कार्यान्वयनको अवस्था तालिका ५.१३ मा प्रस्तुत गरिएको छ।

तालिका ५.१३
वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था

(रू. लाखमा)

आर्थिक वर्ष	तह	आयोगबाट नेपाल सरकारलाई गरिएको सिफारिस	नेपाल सरकारबाट गरिएको बजेट विनियोजन	नेपाल सरकारबाट भएको हस्तान्तरण
२०८२/८३	प्रदेश	६०६६००	६०६६००	५५४७३५(९१.४४%)
	स्थानीय	८८९६८०	८८९६८०	८१४०२८(९१.४९%)
२०८३/८४	प्रदेश	६१५०३२	६१५०३२	-
	स्थानीय	९०२०४६	९०२०४६	-

स्रोतः आयोगको सिफारिस, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकारलाई कुल रू. ६० अर्ब ६६ करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम वित्तीय हस्तान्तरणका लागि बजेट विनियोजन गरेको तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रू. ५५ अर्ब ४७ करोड ३५ लाख (९१.४४ प्रतिशत) हस्तान्तरण भएको देखिन्छ।

स्थानीय सरकारका लागि रू. ८८ अर्ब ९६ करोड ८० लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रू. ८१ अर्ब ४० करोड २८ लाख (९१.४९ प्रतिशत) हस्तान्तरण भएको देखिन्छ।

आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकारलाई कुल रू. ६१ अर्ब ५० करोड ३२ लाख र स्थानीय सरकारलाई रू. ९० अर्ब २० करोड ४६ लाख वित्तीय समानीकरण अनुदान गरी जम्मा रू. १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख हस्तान्तरण गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको देखिन्छ।

५.१.३.२ प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान

नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेशभित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम प्रदेशले वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक एवम् कानूनी व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयनको अवस्थाको प्रदेशगत विवरण तालिका ५.१४ मा प्रस्तुत गरिएको छ।

तालिका ५.१४

प्रदेशगत वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था

(रू. लाखमा)

क्र. सं.	प्रदेश	आर्थिक वर्ष	आयोगबाट प्रदेश सरकारलाई गरिएका सिफारिस	प्रदेश सरकारबाट गरिएको बजेट विनियोजन	प्रदेश सरकारबाट भएको हस्तान्तरण	हस्तान्तरण प्रतिशतमा
१	कोशी प्रदेश	२०८२/८३	१५०००	१५०००	१५०००	१००
		२०८३/८४	१५०००	१५०००	-	-
२	मधेश प्रदेश	२०८२/८३	११०००	११०००	८९०७	८०.९७
		२०८३/८४	१११००	१११००	-	-
३	बागमती प्रदेश	२०८२/८३	१६६२५	१६६२५	१६६२५	१००
		२०८३/८४	१४९५५	१४९५५	-	-
४	गण्डकी प्रदेश	२०८२/८३	११६००	११६००	११६००	१००
		२०८३/८४	११६००	११६००	-	-
५	लुम्बिनी प्रदेश	२०८२/८३	९५००	९५००	९५००	१००
		२०८३/८४	९६००	९६००	-	-
६	कर्णाली प्रदेश	२०८२/८३	९५००	९५००	९४१५	९९.११
		२०८३/८४	१००००	१००००	-	-
७	सुदूरपश्चिम प्रदेश	२०८२/८३	९०००	९०००	८२७०.७१	९१.८९
		२०८३/८४	९१८०	९२१२.१९	-	-

स्रोतः आयोगको सिफारिस, प्रदेश सरकारका आर्थिक मामिला सम्बन्धी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८२/८३ मा सबै प्रदेश सरकारले आयोगको सिफारिस बमोजिम वित्तीय समानीकरण अनुदानको रकम हस्तान्तरणको लागि विनियोजन गरेको देखियो। सो आर्थिक वर्षमा मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश सरकारले क्रमशः विनियोजनको ८०.९७ प्रतिशत, ९९.११ प्रतिशत र ९१.८९ प्रतिशत हस्तान्तरण गरेको देखियो भने अन्य प्रदेश सरकारले सिफारिस र विनियोजन बमोजिम नै हस्तान्तरण गरेको देखियो।

आर्थिक वर्ष २०८३/८४ का लागि आयोगले सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ९१ करोड ८० लाख सिफारिस गरेकोमा रू. ९२ करोड १२ लाख १९ हजार (सिफारिसको १००.३५ प्रतिशत) विनियोजन गरेको देखियो। सो आर्थिक वर्षका लागि आयोगले अमरगढी नगरपालिका र भागेश्वर गाउँपालिकाको लागि सुदूरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानका लागि क्रमशः रू. ८९ लाख ७२ हजार र रू. ७० लाख ९० हजार सिफारिस गरेकोमा क्रमशः रू. १ करोड १४ लाख ५७ हजार (सिफारिसको १२७.६९ प्रतिशत) र रू. ७८ लाख २४ हजार (सिफारिसको ११०.३५ प्रतिशत) विनियोजन गरेको देखियो। अन्य प्रदेश सरकारले सिफारिस गरे बमोजिम नै विनियोजन गरेको देखियो।

५.१.४ वित्तीय समानीकरण अनुदान सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था

वित्तीय समानीकरण अनुदानको सम्बन्धमा आयोगबाट दिइएका सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१	नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ। सो संवैधानिक प्रावधान कार्यान्वयन हुने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन गर्नुपर्ने।	नेपाल सरकार	कार्यान्वयन भएको नदेखिएको।

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
२	सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा पार्ने प्रभावको विश्लेषण पश्चात् वित्तीय समानीकरण अनुदान निर्धारण र सिफारिस गर्ने प्रयोजनार्थ क्र.सं. १ बमोजिमको सुझाव कार्यान्वयन नभएसम्मका लागि प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानको सङ्घीय इकाईगत र क्षेत्रगत परिमाणको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको।
३	नेपालको संविधान बमोजिम प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण आयोगको सिफारिस बमोजिम हस्तान्तरण हुनुपर्नेमा नेपाल सरकारले विनियोजन ऐनमा राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ भन्ने व्यवस्थामार्फत समानीकरण अनुदान कटौती गरेको देखिएकाले आयोगको सिफारिस बमोजिम नै हस्तान्तरण हुनुपर्ने।	नेपाल सरकार	प्रदेशतर्फ ८.५१ प्रतिशत र स्थानीय तहतर्फ ८.५६ प्रतिशत कटौती भएकोले आयोगको सिफारिस कार्यान्वयन भएको नदेखिएको।
४	आयोगबाट वित्तीय समानीकरण अनुदानअन्तर्गत सूत्रमा आधारित अनुदानको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्दा प्रयोग गरिएका विभिन्न सूचक र उपसूचकलाई विश्लेषण गरिएकाले प्रदेश सरकार र स्थानीय सरकारले ती सूचक तथा उपसूचकलाई समेत प्राथमिकता दिई आफ्ना वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नुपर्ने।	प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भए नभएको स्पष्ट नभएको।
५	सङ्घीय बजेटको कम्तीमा ३० प्रतिशत हिस्सा प्रदेश र स्थानीय सरकारलाई वित्तीय हस्तान्तरण गर्ने गरी आयोगबाट नेपाल सरकारलाई सुझाव दिइएकोमा पछिल्ला आर्थिक वर्षहरूमा त्यस्तो हिस्सा निरन्तर घटिरहेको (आर्थिक वर्ष २०८२/८३ को सङ्घीय बजेटको २१.२७ प्रतिशत) देखिएकोले आयोगको सुझाव बमोजिम वित्तीय हस्तान्तरणको अङ्श वृद्धि गर्नुपर्ने।	नेपाल सरकार	आर्थिक वर्ष २०८३/८४ को सङ्घीय बजेटको १९.९७ प्रतिशत विनियोजन भएको देखिएकोले आयोगको सुझाव कार्यान्वयन भएको नदेखिएको।
६	नेपालको संविधानको धारा ६० को उपधारा (४) मा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिस बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ। खर्चको आवश्यकता निर्धारणका लागि आवश्यक पर्ने तहगत सरकारको कार्य जिम्मेवारीहरूका विषय अन्तर्गतका सबै सेवा तथा पूर्वाधारको न्यूनतम मानक, मानदण्ड, लक्ष्य र प्रतिइकाई लागत लगायतका विषयहरू नेपाल सरकारबाट निर्धारण हुनु पर्ने व्यहोरा यस अघिका प्रतिवेदनहरूमा सुझाव दिइएकोमा हालसम्म कार्यान्वयन भएको नदेखिएकाले यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने।	नेपाल सरकार	कार्यान्वयन भएको नदेखिएको।

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
७	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था बमोजिम प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम विनियोजन नगर्ने।	स्थानीय सरकार	केही स्थानीय सरकारबाट सुझाव कार्यान्वयन भएतापनि अधिकाङ्श स्थानीय सरकारबाट कार्यान्वयन भएको नदेखिएको।
८	प्रदेश तथा स्थानीय सरकारले वित्तीय समानीकरण अनुदानको प्राप्ति र प्रयोग कुन कार्यक्रम/योजनामा, कुन खर्च शीर्षकमा गर्ने भनी बजेट (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो भएको नदेखिएकाले सोबमोजिम हुनेगरी प्रणाली विकास गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको।

५.१.५ वित्तीय समानीकरण अनुदान सम्बन्धी सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
१	नेपालको संविधानको धारा ६० को उपधारा (४) मा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। खर्चको आवश्यकता निर्धारणका लागि संविधान बमोजिम तहगत सरकारको कार्यजिम्मेवारीको अतिरिक्त तत् सम्बन्धी न्यूनतम मानदण्ड र आवधिक लक्ष्य तथा प्रतिइकाई लागतका आधारमा क्षेत्रगत कूल लागत निर्धारण गर्न आवश्यक पर्दछ। कतिपय कार्य जिम्मेवारीहरूको न्यूनतम मानदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकता आँकलन गर्न सकिएको छैन। अतः तहगत सरकारको कार्यजिम्मेवारीहरू थप स्पष्ट पार्नुका साथै ती विषय क्षेत्रका सेवा तथा कार्यको न्यूनतम मानदण्ड, लक्ष्य र लागत लगायतका विषयहरू मूलतः सङ्घीय सरकारका विषयगत मन्त्रालयहरूबाट निर्धारण गर्नुपर्ने। यस सम्बन्धी सुझाव आयोगले विगत वर्षहरूमा समेत दिँदै आएकोमा हालसम्म कार्यान्वयन नभएकोले यथाशीघ्र कार्यान्वयन हुनुपर्ने।	नेपाल सरकार
२	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने अधिकार यस आयोगलाई रहेको छ। सोही कानूनी व्यवस्था बमोजिम आयोगले हरेक वर्ष सबै प्रदेश सरकारलाई सो सम्बन्धी सिफारिस गर्दै आएको छ। आर्थिक वर्ष २०८३/८४ को लागि सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ९१ करोड ८० लाख हस्तान्तरण गर्न सिफारिस गरेकोमा रू. ९२ करोड १२ लाख १९ हजार हस्तान्तरण गर्ने गरी बजेट विनियोजन गरेको देखिन्छ। यसरी बढी विनियोजन भएको रकम डँडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका र भागेश्वर गाउँपालिकामा आयोगको सिफारिस परिमाणभन्दा बढी हुने गरी विनियोजन गरेको देखिन्छ। बजेट विनियोजन गर्दा आयोगले गरेको सिफारिस बमोजिमको परिमाणमा फरक नपर्ने गरी गर्नुपर्ने।	सुदूरपश्चिम प्रदेश सरकार
३	नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेकोले संविधान बमोजिम हुने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन गर्नुपर्ने। यस सम्बन्धी सुझाव आयोगले विगत वर्षहरूमा समेत दिँदै आएकोमा हालसम्म कार्यान्वयन नभएकोले यथाशीघ्र कार्यान्वयन हुनुपर्ने।	नेपाल सरकार
४	यसै सुझाव खण्डको क्र.स.३ मा उल्लेख भए बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन नभएसम्म प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानको सङ्घीय इकाईगत र क्षेत्रगत परिमाणको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने। यस सम्बन्धी सुझाव आयोगले विगत वर्षहरूमा समेत दिँदै आएकोमा हालसम्म कार्यान्वयन नभएकोले यथाशीघ्र कार्यान्वयन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
५	नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाको अधिनमा रही आयोगले हरेक वर्ष प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्दै आएको छ। नेपाल सरकारले सालवसाली विनियोजन ऐनमा रहेको वित्तीय समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरू अनुमान बमोजिम, तेस्रो किस्ता पुष मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा र चौथो किस्ता चैत मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ भन्ने प्रावधानको आधारमा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण आयोगको सिफारिसको परिमाणभन्दा हेरफेर गर्ने गरेको देखिन्छ। उक्त संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस बमोजिम नै वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुनुपर्ने।	नेपाल सरकार
६	आयोगले सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्दा विभिन्न सूचक र उपसूचकको व्याख्या विश्लेषण गरी प्रयोग गरिएकाले प्रदेश सरकार र स्थानीय सरकारले ती सूचक तथा उपसूचकलाई समेत प्राथमिकता दिई आफ्ना वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नुपर्ने।	प्रदेश सरकार, स्थानीय सरकार
७	सङ्घीय बजेटको कम्तीमा ३० प्रतिशत हिस्सा प्रदेश र स्थानीय सरकारलाई वित्तीय हस्तान्तरण गर्ने गरी हरेक वर्ष आयोगले नेपाल सरकारलाई त्रिवर्षिय वित्तीय हस्तान्तरणको प्रक्षेपण गरी पठाउदै आएको छ। पछिल्ला आर्थिक वर्षहरूमा वित्तीय हस्तान्तरणको हिस्सा निरन्तर घटिरहेको (आर्थिक वर्ष २०८१/८२ मा २१.९७ प्रतिशत, आर्थिक वर्ष २०८२/८३ मा २१.२७ प्रतिशत र आर्थिक वर्ष २०८३/८४ मा १९.९७ प्रतिशत) देखिएकोले आयोगको सुझाव बमोजिम वित्तीय हस्तान्तरणको लागि गरिने विनियोजनको अङ्श बृद्धि गर्नुपर्ने।	नेपाल सरकार
८	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था रहेको छ। कतिपय स्थानीय सरकारले आर्थिक बर्षको अन्त्यमा खर्च नभई बचत हुन आएको समानीकरण अनुदानको रकमलाई पछिल्लो आर्थिक बर्षमा आम्दानीको रूपमा गणना गरी प्रशासनिक खर्चमा समेत विनियोजन गर्ने गरेको पाइएको हुँदा आय अनुमान गरिएको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नु पर्ने। यस सम्बन्धी सुझाव आयोगले विगत वर्षहरूमा समेत दिँदै आएकोमा हालसम्म कार्यान्वयन नभएकोले यथाशीघ्र कार्यान्वयन हुनुपर्ने।	स्थानीय सरकार

५.२ सशर्त अनुदानको आधार सिफारिस

५.२.१ आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरिएका सिफारिस

सिफारिस मितिः २०८२/११/२७

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। अन्तर-सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको एउटा माध्यमको रूपमा सशर्त अनुदान समेत रहेको छ।

अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारहरू बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ। नेपालको सन्दर्भमा पनि सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानूनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ प्रदेश तथा स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ।

ख. सिफारिसका आधारहरू

१. संवैधानिक एवम् कानूनी प्रबन्ध

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई सशर्त अनुदान उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्दा आयोगले नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रबन्धहरूलाई मुख्य आधारको रूपमा लिएको छ।

- नेपालको संविधानको धारा ६० को उपधारा (३) र उपधारा (६) तथा धारा २५१ को उपधारा (१) को देहाय खण्ड (ग),
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय (घ) र दफा १६ को उपदफा (२),
- अन्त ब र-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) र उपदफा (२),
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३।

२. अन्य आधार

- **नेपाल सरकार, अर्थ मन्त्रालय, आ.व. २०८२/८३ को बजेट बक्तव्यको बुँदा नं ३१**: सशर्त, समपूरक र विशेष अनुदान कार्यसम्पादनमा आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको।
- **नेपाल सरकार, अर्थ मन्त्रालय, आ.व. २०८२/८३ को बजेट बक्तव्यको बुँदा नं ३४४**: नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिने उल्लेख भएको।

ग. आर्थिक वर्ष २०८३/८४ का लागि सशर्त अनुदानका आधारहरूः

नेपालको संविधान, प्रचलित कानूनमा तोकिएका आधार र नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू समेतलाई दृष्टिगत गर्दै राष्ट्रिय नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र प्रदेश तथा स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएका अध्ययन अनुसन्धान, अन्तरक्रियाहरूबाट प्राप्त सुझाव समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम आर्थिक वर्ष २०८३/८४ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहाय बमोजिमका आधारहरू सिफारिस गरिएको छ।

आधार नं. १: नेपाल सरकारको अधिकारको सूचीभित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपालको संविधानको अनुसूची-५ बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्दा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दिगो हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. २: राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः

सङ्घीय सरकारको कार्यक्षेत्रभित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै नीति, आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. ३: प्रदेश तथा स्थानीय सरकारमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय सरकारमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्था विश्लेषणबाट देखिन आएमा त्यस्ता राष्ट्रिय मानकको कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

आधार नं. ४: अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा लगानी वा खर्च गर्न सरकार र अन्तर्राष्ट्रिय विकास साझेदार/दातृ निकाय वा मुलुकसँग भएको सम्झौता बमोजिम प्राप्त हुने वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी, मितव्ययी र दिगो हुने देखिएमा तथा प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको अवस्थामा त्यस्तो आयोजना वा कार्यक्रमका लागि उपलब्ध वित्तीय स्रोत सशर्त अनुदानको रूपमा प्रदेश वा स्थानीय सरकारलाई उपलब्ध गराउन सक्ने।

आधार नं. ५: सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः

अध्ययन, अनुसन्धान र विश्लेषणबाट कुनै प्रदेश वा स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औसतस्तरभन्दा सारभूतरूपमा पछाडि रहेको पाइएमा त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम त्यस्तो तहबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. ६: नेपालको संविधानको अनुसूचीमा भएका एकल र साझा अधिकारको विषय कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- नेपालको संविधानको अनुसूची-६ (प्रदेशको अधिकारको सूची) र अनुसूची-८ (स्थानीय सरकारको अधिकारको सूची) का विषयहरू राष्ट्रिय नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीन रूपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्न सकिने।
- नेपालको संविधानको अनुसूची ७ (सङ्घ र प्रदेशको साझा अधिकार) र अनुसूची ९ (सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार) को कार्यान्वयन प्रदेश तथा स्थानीय तहबाट गर्दा बढी प्रभावकारी हुने देखिएका बिषय क्षेत्रहरूमा सशर्त अनुदान उपलब्ध गराउने।

आधार नं. ७: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- गरीबी घटाउने, खाद्यान्न उत्पादन बढाउने, कुपोषण घटाउने, मातृ तथा बाल मृत्युदर घटाउने, माध्यमिक तहमा विद्यार्थी भर्नादर बढाउने, लैङ्गिक असमता घटाउने, खानेपानीको पहुँच बढाउने, नवीकरणीय ऊर्जाको खपत बढाउने, सडक घनत्व बढाउने, बेरोजगारी दर घटाउने र सुरक्षित आवासमा बस्ने नागरिकको सङ्ख्या बढाउने जस्ता प्रतिबद्धताहरू पूरा गर्न आवश्यक आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि त्यस्ता क्षेत्रगत लक्ष्यमा राष्ट्रिय औसतभन्दा कमजोर रहेका प्रदेश तथा स्थानीय तहलाई प्राथमिकता दिई सशर्त अनुदान उपलब्ध गराउने।
- अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति भएपछि नेपालको निजीक्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन तुलनात्मक लाभ भएका बस्तुहरूको उत्पादन गर्न उत्पादित बस्तुको बजारीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारका लागि प्रदेश तहमा आवश्यक पूर्वाधार निर्माण गर्न सशर्त अनुदान उपलब्ध गराउने।

आधार नं. ८: विशेष जिम्मेवारी कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- आर्थिक दायित्व सिर्जना भएको बहुवर्षीय ठेक्का सम्झौता भएका, निर्माण सम्पन्न नहुँदै हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।
- २०८२ साल भाद्र महिनाको २३ र २४ गतेको आन्दोलनमा क्षति भएको भौतिक संरचनाको पुनर्निर्माण सम्बन्धी आयोजना कार्यान्वयनको लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने ।
- नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने सार्वजनिक सेवा तथा पूर्वाधार आयोजनाले सम्बन्धित प्रदेश तथा स्थानीय तहको सीमाभन्दा बाहिर समेत लाभ सिर्जना गर्ने अन्तर-क्षेत्रीय प्रभाव (Interjurisdictional spill over) तथा बाह्य प्रभाव (Externalities) उत्पन्न हुने हुँदा लाभ लिने क्षेत्र र भार भारबहन गर्ने क्षेत्रबीचको असन्तुलनलाई सम्बोधन गर्न सशर्त अनुदान प्रदान गर्न सक्ने।
- नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा नवप्रवर्तन (Innovation) लाई प्रोत्साहन गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति अभ्यासलाई प्रदेश र स्थानीय तहमा अनुकूलन (Local Adaptation) गर्न, अनुकरणीय अभ्यास (Best Practices) लाई प्रतिस्पर्धात्मक बनाउन सशर्त अनुदान उपलब्ध गराउन सक्ने ।

५.२.२ आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा प्रदेश सरकारलाई गरिएका सिफारिस

मिति:२०८२/१२/२४

क. पृष्ठभूमि

तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्थाको सुनिश्चितता गर्दै नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको रहने व्यवस्था गरेको छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरणलाई तीन तहबीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा स्वीकार गरिएको छ। सङ्घीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय सङ्घीयतासे गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारहरू बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ। यसका साथै स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवम् प्रादेशिक नीति तथा कार्यक्रम र मानकको स्थानीय सरकारमार्फत कार्यान्वयन गराउने उद्देश्यका साथ प्रदेश तहका सरकारबाट स्थानीय तहका सरकारलाई सशर्त अनुदान उपलब्ध गराइन्छ।

सङ्घीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरू समेत अन्तर-सरकारी वित्त हस्तान्तरणका माध्यमबाट तहगत सरकारको वित्तीय न्यूनता पूर्ति गर्ने र आफ्ना घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गराउने गरेको पाइन्छ। सोही बमोजिम नेपालको सन्दर्भमा समेत प्रदेश सरकारले आफ्ना घोषित नीति तथा कार्यक्रम कार्यान्वयन र निर्धारित लक्ष्य हासिल गर्न प्रदेशभित्रका स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नेपालको वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानूनहरूमा सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छ।

ख. कानूनी तथा नीतिगत व्यवस्था

प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्।

- **नेपालको संविधानको** धारा ६० को उपधारा (३) र धारा २५१ को उपधारा (१) को देहाय खण्ड (ग)।
- **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४** को दफा ३ को उपदफा (१) को देहाय (ख) र दफा १६ को उपदफा (२)।
- **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा ९ को उपदफा (३)।
- **सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को** दफा १३।
- **कोशी प्रदेशको प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **मधेश प्रदेशको प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **बागमती प्रदेशको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **गण्डकी प्रदेशको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।

- **लुम्बिनी प्रदेशको प्रदेश नं. ५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५** को दफा ५।
- **सुदुरपश्चिम प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९** ले वित्तीय सङ्घीयताका सम्बन्धमा नेपाल सरकार र सरोकारवाला निकायलाई देहायका सिफारिसहरू गरेको देखिन्छ।
  - प्रदेशबाट स्थानीय तहलाई गरिने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अङ्श बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
  - प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान पठाउँदा क्रियाकलापगतरूपमा नपठाई विषयगतरूपमा क्षेत्रगत शर्त, लक्ष्य र अपेक्षित उपलब्धी तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने।
- **नेपाल सरकारको सङ्घीयता कार्यान्वयन सम्बन्धी कार्ययोजना, २०७९** मा सशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रम बाँडफाँट गर्ने प्रवृत्ति अन्त्य गराउने भनी उल्लेख गरिएको देखिन्छ।
- **वि.सं. २०८० असारमा बसेको राष्ट्रिय समन्वय परिषद्को** बैठकले कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने तथा तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने भनी निर्णय गरेको छ।

ग. आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरिएका आधारहरू

नेपालको संविधान तथा प्रचलित कानूनमा भएका व्यवस्था र तोकिएका आधारहरूलाई दृष्टिगत गर्दै मुख्यतया प्रादेशिकरूपमा राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय तथा प्रादेशिक मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएको अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) तथा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८३/८४ का लागि सम्बन्धित प्रदेश कानून बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा देहायका आधारहरू निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छः

आधार नं. १: प्रदेश सरकारको अधिकारको सूचीभित्रका कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दिगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. २: प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपाल सरकार र प्रदेश सरकारले जारी गरेका सम्बन्धित सरकारको कार्यक्षेत्रभित्रका राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः प्रदेश सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रम स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दिगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि

सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. ३: स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधा र प्रदेश सरकारको कार्यक्षेत्रको सम्बन्धमा प्रदेश सरकारबाट तय भएका न्यूनतम प्रादेशिक मानकलाई स्थानीय सरकारको उपलब्ध वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अध्ययन विश्लेषणबाट देखिन आएमा त्यस्ता प्रादेशिक मानकको सम्बन्धित तहमा कार्यान्वयन/स्थापित गराउन प्रदेश सरकारले सम्बन्धित स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. ४: सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः

कुनै स्थानीय तह आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय र प्रादेशिक औसतस्तरभन्दा सारभूतरूपमा पछाडि रहेको तर अन्य वित्तीय स्रोत र कार्यक्रमबाट सोको सम्बोधन हुन नसक्ने अवस्था रहेको र त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम स्थानीय सरकारबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

आधार नं. ५: नेपालको संविधानको अनुसूचीमा भएका एकल र साझा अधिकारको विषय कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- नेपालको संविधानको अनुसूची - ८ (स्थानीय सरकारको अधिकारको सूची) का विषयहरू प्रादेशिक नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीनरूपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्न सकिने।
- नेपालको संविधानको अनुसूची ९ (सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार) को कार्यान्वयन स्थानीय तहबाट गर्दा बढी प्रभावकारी हुने देखिएका बिषय क्षेत्रहरूमा सशर्त अनुदान उपलब्ध गराउने।

आधार नं. ६: प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- गरीबी घटाउने, खाद्यान्न उत्पादन बढाउने, कुपोषण घटाउने, मातृ तथा बाल मृत्युदर घटाउने, माध्यमिक तहमा विद्यार्थी भर्नादर बढाउने, लैंगिक असमता घटाउने, खानेपानीको पहुँच बढाउने, ऊर्जाको खपत बढाउने, सडक घनत्व बढाउने, बेरोजगारी दर घटाउने र सुरक्षित आवासमा बस्ने नागरीकको सङ्ख्या बढाउने जस्ता प्रतिवद्धताहरू पूरा गर्न आवश्यक आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि त्यस्ता क्षेत्रगत लक्ष्यमा राष्ट्रिय औसतभन्दा कमजोर रहेका स्थानीय तहलाई प्राथमिकता दिई सशर्त अनुदान उपलब्ध गराउने।
- अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति भएपछि नेपालको निजीक्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन तुलनात्मक लाभ भएका बस्तुहरूको उत्पादन गर्न, उत्पादित बस्तुको बजारीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारका लागि स्थानीय/प्रदेश तहमा आवश्यक पूर्वाधार निर्माण गर्न सशर्त अनुदान उपलब्ध गराउने।

आधार नं. ७: विशेष जिम्मेवारी कार्यान्वयन गर्नु पर्ने अवस्थाः

- स्थानीय सरकारहरूको क्षेत्रभित्र गम्भीर किसिमका भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी जस्ता प्राकृतिक विपद आइपरेको, सुख्खा क्षेत्र अधिक भएको, राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रभित्र परेको, लामो समयदेखि फोहोरमैला वा प्रदूषण वा उच्च जोखिमबाट गुज्रिरहेको तथा दुर्गम एवम् पिछडिएको क्षेत्रको अवस्था विश्लेषण गरी जोखिम न्यूनीकरण, जीवनयापन सहजीकरण तथा पूर्वाधारको पुनःनिर्माण वा विकासका कार्यमा खर्च गर्ने गरी प्रदेश सरकारले माग र आवश्यकताका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्न सक्नेछ।

- प्रदेश सरकारमा आर्थिक दायित्व सिर्जना भएका बहुवर्षीय ठेक्का सम्झौता भएका, निर्माण सम्पन्न नहुँदै हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।
- २०८२ साल भाद्र महिनाको २३ र २४ गतेको आन्दोलनमा क्षति भएका स्थानीय सरकारका भौतिक संरचनाको पूनःनिर्माण सम्बन्धी आयोजना कार्यान्वयनको लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।
- स्थानीय सरकारबाट कार्यान्वयन हुने सार्वजनिक सेवा तथा पुर्वाधार आयोजनाले सम्बन्धित स्थानीय तहको सीमा भन्दा बाहिर समेत लाभ सिर्जना गर्ने अन्तर-क्षेत्रीय प्रभाव (Interjurisdictional spill over) तथा बाह्य प्रभाव (Externalities) उत्पन्न हुने हुँदा लाभ लिने क्षेत्र र भार वहनगर्ने क्षेत्रबीचको असन्तुलनलाई सम्बोधन गर्न सशर्त अनुदान प्रदान गर्न सक्ने।
- नवप्रवर्तन (Innovation) लाई प्रोत्साहन गर्ने, राष्ट्रिय तथा नेपाल सरकारले अवलम्बन गरेको अन्तराष्ट्रिय नीति अभ्यासलाई स्थानीय तहमा अनुकुलन (Local Adaptation) गर्न, अनुकरणीय अभ्यास (Best Practices) लाई प्रतिष्पर्धात्मक बनाउन सशर्त अनुदान उपलब्ध गराउन सक्ने ।

आधार नं. ८: आर्थिक, सामाजिक एवम् पूर्वाधार विकासका सूचक विश्लेष्णको नतिजा बमोजिमको जिम्मेवारी कार्यान्वयन गर्नु पर्ने अवस्था:

- **मानव विकास सूचकाङ्कको अवस्था:** मानव विकास सूचकाङ्क कमजोर रहेका स्थानीय सरकारहरूले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ।
- **आर्थिक सामाजिक असमानताको अवस्था:** आर्थिक-सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय तहका सरकारहरूले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। स्थानीय तहहरूमा रहेको आर्थिक-सामाजिक असमानता मापन गर्नका लागि आर्थिक-सामाजिक असमानता सूचकाङ्क, जस्तै लैङ्गिक असमानता, बहुआयामिक गरिबी लगायतको अध्ययन र विश्लेषण गर्नुपर्दछ।
- **पूर्वाधार विकासको अवस्था:** पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय तहका सरकारहरूले जनतालाई संविधानले मार्गदर्शन गरेअनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। साथै, भौगोलिक अवस्थिति र विकासको अवस्था समेतका आधारमा पूर्वाधार विकासको लागतमा समेत विविधता रहन्छ।
- **सडकको घनत्व (सडकमा पहुँच):** कमजोर सडक पहुँच भएका स्थानीय तहका सरकारलाई न्यूनतम सडकको पहुँच, सडकको गुणस्तर र घनत्व समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।
- **विद्युतको सुविधा (विद्युतमा पहुँच):** कमजोर विद्युत सुविधाको पहुँच भएका स्थानीय तहका सरकारका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। विद्युतमा पहुँच, प्रतिव्यक्ति विद्युत खपत, स्वच्छ र नवीकरणीय ऊर्जा खपतमा गरेको प्रयास समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।
- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच):** सूचना प्रविधिको पहुँचको अवस्था कमजोर भएका स्थानीय तहका सरकारले सूचना प्रविधिको पहुँचस्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय सरकारहरूको आर्थिक व्ययभार बढाउने गर्दछ। स्थानीय सरकारमा उपलब्ध आमसञ्चार, डिजिटल सञ्चार, इन्टरनेट सुविधा लगायतका सूचकहरूको अध्ययन विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।
    - **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** स्थानीय तहहरूमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। सम्बन्धित तहमा न्यूनतम तथा सुरक्षित खानेपानी उपलब्धताको अवस्था, विगतमा गरिएको लगानी र उपलब्धी, खानेपानी पूर्वाधार लागतमा रहेको

फरकपना र सोको दिगो व्यवस्थापन एवम् संरक्षणमा सम्बन्धित तहको सरकार तथा नागरिकको जिम्मेवारी समेतलाई विश्लेषण गरी सुरक्षित रूपमा खानेपानीको पूर्वाधार विकास र सेवाप्रवाह सुनिश्चित हुनेगरी सर्शत अनुदान प्रदान गर्नुपर्दछ।

- **सरसफाईको अवस्थाः** सरसफाईको अवस्था कमजोर रहेका स्थानीय तहहरूले सो सुविधा बृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहहरूमा हाल रहेका शौचालयहरूको उपलब्धता, ढल निकासा, फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र, धुँवा धुलो निवारणमा गरेको प्रयास र प्रदूषणको अवस्था समेतको अध्ययन विश्लेषण गरी सरसफाई प्रवर्द्धनमा सकारात्मक भूमिका खेलेका तर स्रोत अभाव रहेका स्थानीय सरकारहरूलाई सर्शत अनुदान प्रदान गर्न सकिन्छ।

५.२.३ सशर्त अनुदानको आधार सिफारिस कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट भएको सशर्त अनुदानको आधार सिफारिसको कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ।

५.२.३.१ आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गरिएको सशर्त अनुदानका आधार कार्यान्वयनको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (२) मा नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने सशर्त अनुदानको सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिमका विषयलाई आधार लिई गर्नुपर्ने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) मा आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने कानूनी व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने व्यवस्था गरिएको छ।

आयोगबाट आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा १२ वटा आधारहरू निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको थियो। नेपाल सरकारले प्रदेश सरकार र स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण क्रमशः तालिका ५.१५ र ५.१६ मा समावेश गरिएको छ।

तालिका ५.१५

आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले प्रदेश सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण

(रू. लाखमा)

सि.नं.	प्रदेश	विनियोजित सशर्त अनुदान	हस्तान्तरण भएको सशर्त अनुदान	हस्तान्तरण प्रतिशत
१	कोशी प्रदेश	४७१९३	२८७८१	६०.९९
२	मधेश प्रदेश	४३१६०	३७३५८	८६.५६
३	बागमती प्रदेश	५०९०४	३०८४८	६०.६०
४	गण्डकी प्रदेश	३३८६७	१७५००	५१.६७
५	लुम्बिनी प्रदेश	४६५९९	२८६९९	६१.५९
६	कर्णाली प्रदेश	४६३१६	२३२१६	५०.१३
७	सुदूरपश्चिम प्रदेश	४१५६०	१९६९०	४७.३८
	जम्मा	**३०९६००**	**१८६०९३**	**६०.११**

सशर्त अनुदान वापत विनियोजित रकममध्ये सबैभन्दा बढी मधेश प्रदेशमा ८६.५६ प्रतिशत, सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ४७.३८ प्रतिशत र औसत ६०.११ प्रतिशत मात्र हस्तान्तरण भएको देखिन्छ। विनियोजनको ६०.११ प्रतिशत मात्र हस्तान्तरण हुनुले विनियोजन कुशलता र प्रशोचन क्षमता कमजोर भएको देखिन्छ।

तालिका ५.१६

आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण

(रू. लाखमा)

सि.नं.	विवरण	विनियोजित सशर्त अनुदान	हस्तान्तरण भएको सशर्त अनुदान	हस्तान्तरण प्रतिशत
१	कोशी प्रदेशभित्रका स्थानीय सरकार	३९८५००	३९२१४२	९८.४०
२	मधेश प्रदेशभित्रका स्थानीय सरकार	३२६८३७	३२३३६९	९८.९४
३	बागमती प्रदेशभित्रका स्थानीय सरकार	३७२३३५	३६६४६५	९८.४२
४	गण्डकी प्रदेशभित्रका स्थानीय सरकार	२६८००९	२६१८०९	९७.६९
५	लुम्बिनी प्रदेशभित्रका स्थानीय सरकार	३६७७८३	३४८४७८	९४.७५
६	कर्णाली प्रदेशभित्रका स्थानीय सरकार	२०२३५४	१९२५४१	९५.१५
७	सुदूरपश्चिम प्रदेशभित्रका स्थानीय सरकार	२२८३७८	२२१५८८	९७.०३
	जम्मा	**२१६४१९९**	**२१०६३९७**	**९७.३३**

स्रोतः महालेखा नियन्त्रक कार्यालय(SuTRA)

नेपाल सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गरेको सशर्त अनुदान विनियोजनको तुलनामा औसत ९७.३३ प्रतिशत रहेको देखिन्छ भने सबै प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिएको सशर्त अनुदान राष्ट्रिय औसतको हाराहारीमा रहेको देखिन्छ। अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशभित्रका स्थानीय सरकारका लागि विनियोजित रकम न्यून देखिन्छ। विनियोजनसँग हस्तान्तरणको तुलना गर्दा मधेश प्रदेशमा रहेका स्थानीय सरकारको लागि सबैभन्दा बढी ९८.९४ प्रतिशत र लुम्बिनी प्रदेशमा रहेका स्थानीय सरकारको लागि सबैभन्दा कम ९४.७५ प्रतिशत हस्तान्तरण भएको देखिन्छ।

५.२.३.२ आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिएको सशर्त अनुदानका आधार कार्यान्वयनको अवस्था

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानून

बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था रहेको छ। नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि आयोगले प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदान प्रदेश सरकारको अधिकार सूची भित्रको कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था लगायतका २१ वटा आधारहरू निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको थियो।

प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण तालिका ५.१७ मा समावेश गरिएको छ।

तालिका ५.१७

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय सरकारको लागि विनियोजन र हस्तान्तरण गरेको सशर्त अनुदान सम्बन्धी विवरण

(रू. लाखमा)

सि.नं.	प्रदेश	विनियोजित सशर्त अनुदान	हस्तान्तरण भएको सशर्त अनुदान	हस्तान्तरण प्रतिशत
१	कोशी प्रदेश	२०८७४	२०७७१	९९.५१
२	मधेश प्रदेश	१०६५६	५१९२	४८.७३
३	बागमती प्रदेश	३४४६३	३४६०५	१००.४१
४	गण्डकी प्रदेश	४८५	४१५	८५.५२
५	लुम्बिनी प्रदेश	१३४४७	११६०६	८६.३१
६	कर्णाली प्रदेश	२५१७२	२३४४३	९३.१३
७	सुदूरपश्चिम प्रदेश	१२२९५	१०७८८	८७.७४

विनियोजनसँग हस्तान्तरणको तुलना गर्दा बागमती प्रदेश सरकारले रू. ३ अर्ब ४४ करोड ६३ लाख विनियोजन गरेकोमा सबैभन्दा बढी रू. ३ अर्ब ४६ करोड ५ लाख (१००.४१ प्रतिशत) हस्तान्तरण गरेको र मधेश प्रदेश सरकारले सबैभन्दा कम (४८.७३ प्रतिशत) हस्तान्तरण गरेको देखिन्छ। विनियोजनतर्फ हेर्दा गण्डकी प्रदेश सरकारले सबैभन्दा कम रू. ४ करोड ८५ लाख र सबैभन्दा बढी बागमती प्रदेश सरकारले रू. ३ अर्ब ४४ करोड ६३ लाख गरेको देखिन्छ।

५.२.४ सशर्त अनुदान सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था

सशर्त अनुदानको सम्बन्धमा आयोगबाट दिइएका सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१	नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदानतर्फ बजेट विनियोजन गर्दा आयोगले सिफारिस गरेको सशर्त अनुदान हस्तान्तरणको आधारको समेत सङ्केतीकरण गरी बजेट विनियोजन र सशर्त अनुदानको आधारगत लेखाङ्कन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
२	सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धी जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Block) रूपमा उपलब्ध गराई प्रदेश तथा स्थानीय सरकारलाई विनियोजन स्वायत्तता प्रदान गर्न आयोगले सिफारिस गरेकोमा सिफारिस विपरित स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गर्ने क्रम नरोकिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरणको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
३	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा बजेट तर्जुमा गर्दा समावेश नगरिएका सशर्त अनुदानतर्फका कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न आर्थिक वर्षको बीचमा सङ्घ र प्रदेश सरकारले थप सशर्त अनुदान हस्तान्तरण गरेको देखिएकाले बजेटमा समावेश गरेरमात्र सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	बागमती प्रदेश सकारले विनियोजनको तुलनामा १००.४१ प्रतिशत हस्तान्तरण गरेको देखिएको।
४	नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त/समपूरक/विशेष अनुदान फिर्ता गर्नुपर्नेमा सो नगरेको भनी समानीकरण अनुदानबाट रकम कट्टा गरेको देखिएकाले फिर्ता गर्नुपर्ने अनुदानबाट नै कट्टा गरी हस्तान्तरण गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको

५.२.५ सशर्त अनुदान सम्बन्धी सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
१	नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदानतर्फ बजेट विनियोजन गर्दा आयोगले सिफारिस गरेको सशर्त अनुदान हस्तान्तरणको आधारको समेत सङ्केतीकरण गरी बजेट विनियोजन र सशर्त अनुदानको आधारगत लेखाङ्कन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
२	नेपाल सरकारको स्रोतबाट व्यहोर्ने गरी सशर्त अनुदानको रकम विनियोजन गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धी जस्ता विषयहरू उल्लेख गरी प्रदेश तथा स्थानीय सरकारको विनियोजन स्वायत्ततालाई समेत मध्यनजर गर्दै एकमुष्ट (Block) रूपमा गर्न भनी आयोगले सिफारिस गरेकोमा स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गर्ने क्रम नरोकिएकोले एकमुष्ट (Block) सशर्त अनुदान विनियोजन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
३	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। बागमती प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्न भनी विनियोजन गरिएको बजेटभन्दा बढी रकम हस्तान्तरण गरेको देखिएकोले वित्तीय अनुशासन कायम हुने गरी विनियोजित बजेटको सीमाभित्र रहेर सर्शत अनुदान हस्तान्तरण गर्नुपर्ने।	बागमती प्रदेश सरकार
४	नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त/समपूरक/विशेष अनुदान फिर्ता गर्नुपर्नेमा सो नगरेको भनी समानीकरण अनुदानबाट रकम कट्टा गरेको देखिएकाले फिर्ता गर्नुपर्ने अनुदानबाट नै कट्टा गरी हस्तान्तरण गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
५	नेपाल सरकार र प्रदेश सरकारले प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगबाट सिफारिस गरिएका आधार कार्यान्वयनको लागि सम्बन्धित सरकारको मन्त्रिपरिषद्बाट स्वीकृत गराई सबै मन्त्रालय एवम् सरोकारवाला निकायलाई सञ्चार गरिनु पर्ने।	नेपाल सरकार, प्रदेश सरकार

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
६	प्रदेश तथा स्थानीय सरकारको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजान कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै र वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउँदै लैजानु पर्ने।	नेपाल सरकार, प्रदेश सरकार
७	सशर्त अनुदान हस्तान्तरणमार्फत कार्यान्वयन हुने वैदेशिक सहायताबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरू बैदेशिक सहायता सम्झौता एवम् आयोजना तर्जुमा (Project Design) गर्दा कै वखत कार्यान्वयनमा संलग्न हुने सरकारको सहभागिता सुनिश्चित गर्ने।	नेपाल सरकार, प्रदेश सरकार
८	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा भएको आयोजना बर्गीकरण र आयोजना बैंक सम्बन्धी व्यवस्था र नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत आयोजना बर्गीकरणका आधार तथा मापदण्ड, २०८० पालना गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
९	नेपालको संविधान धारा २५१ को उपधारा (१) को खण्ड (ग) ले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आधार तयार गर्ने जिम्मेवारी यस आयोगलाई प्रदान गरेको छ। उक्त जिम्मेवारी अनुसार आयोगले प्रत्येक वर्ष नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणको आधार सिफारिस गर्दै आएको छ। आगामी आर्थिक वर्षको लागि आधार तयार गर्न अध्ययन अनुसन्धान एवम् सिफारिस गरिएका आधारको प्रभावकारिता विश्लेषण गर्ने प्रयोजनको लागि आयोगले प्रत्येक वर्ष सशर्त अनुदान सम्बन्धी विवरण माग गर्दै आएकोमा विवरण प्राप्त नभएको अवस्था छ। तसर्थ, दुबै तहका सरकारले सम्बन्धित सभामा आफ्नो वार्षिक बजेट पेश गरेपश्चात् सिफारिस गरिएका आधार समेत खुल्ने गरी सशर्त अनुदानको विवरण आयोगलाई उपलब्ध गराउनु पर्ने।	नेपाल सरकार, प्रदेश सरकार

परिच्छेद - छ

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट

६.१ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस

६.१.१ आर्थिक वर्ष २०८३/८४ का लागि सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय सरकारबीच प्राकृतिक स्रोत (पर्वतारोहण र विद्युत) को परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएका सिफारिस

सिफारिस मिति: २०८३/०२/२९

क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको सङ्घ, प्रदेश र स्थानीय सरकारबीचमा समन्यायिकढङ्गले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अङ्श रोयल्टी, सेवा वा वस्तुको रूपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था समेत छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मकरूपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरू मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकाङ्श मुलुकहरूमा प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरूले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसङ्ख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारका बीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोतमाथि राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, प्राकृतिक स्रोत उपलब्ध भएको स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोतमाथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोतमाथिको सार्वभौम अधिकार मुलुकभरीको हुने र सोही मान्यताका आधारमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको हिस्सा मुलुकभर बाँडफाँट र वितरण गर्नु पर्दछ भन्ने आम धारणा रहेको पाइन्छ। सोही अनुसार प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरूप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा (२) मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५

प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ।

उल्लिखित व्यवस्था भएकोमा आयोगको मिति २०८३।०२।२५ गतेको बैठक सङ्ख्या: ११७/०८२/०८३ निर्णय नं: १४७ ले आर्थिक वर्ष २०८३/०८४ का लागि प्राकृतिक स्रोत अन्तर्गत पर्वतारोहणबाट प्राप्त रोयल्टी (८,००० मिटरभन्दा अग्ला हिमालका लागि) र विद्युत्बाट प्राप्त रोयल्टी (५० मेगावाटभन्दा ठूला आयोजनाका लागि) को हिस्सा बाँडफाँटका लागि नयाँ आधार र ढाँचाको प्रयोग गर्ने निर्णय भएको छ। साथै, पर्वतारोहण (८,००० मिटर सम्म उचाई भएका हिमालको लागि) र विद्युतबाट प्राप्त रोयल्टी (५० मेगावाट सम्मका आयोजनाका लागि) गतवर्षमा अवलम्बन गरिएका आधार र ढाँचालाई नै निरन्तरता दिने निर्णय गरेको हुँदा सो बमोजिम पर्वतारोहण र विद्युतबाट प्राप्त भएको रोयल्टी सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ।

ख. संवैधानिक तथा कानूनी व्यवस्था

१. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताको लागि निम्न बमोजिम व्यवस्था गरेको छ:

अ. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जसअनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तर-पुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ।

जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभरूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति समेत राज्यले अवलम्बन गरेको छ।

जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्ने समेत उल्लेख छ।

आ. प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ मा सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने र त्यस्तो लाभको निश्चित अङ्श रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अङ्श लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था समेत रहेको छ।

इ. प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जसअनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

ई. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

२. कानूनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छ:

अ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

आ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ:

(१) **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

(२) **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

(३) **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४:

प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

क्र.सं.	रोयल्टी शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरू देहाय बमोजिम रहेका छन्:

क) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्वन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिकरूपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रूपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्या (Affected Population) लाई प्रमुख आधार मानी सोअनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।

ख) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरूका पदाधिकारी एवम् प्रतिनिधिका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय सरकारहरूसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तरक्रिया मार्फत राय सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।

ग) परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

प्राकृतिक स्रोत (पर्वतारोहण र विद्युत)को परिचालनबाट प्राप्त भएको रोयल्टीको हिस्सा सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गरी नेपाल सरकारलाई सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

क्र.सं.	सूचक/तथ्याङ्क	स्रोत	प्रयोग
१.	भौगोलिक अवस्थिति	नापी विभाग र सम्बन्धित विभागहरू।	सम्बन्धित प्रदेश तथा स्थानीय सरकार।
२.	क्षेत्रफल	• नेपाल राजपत्र • नापी विभाग र सम्बन्धित विभागहरू • गाँउपालिका नगरपालिका तथा विषेश संरक्षित क्षेत्रको सङ्ख्या तथा सीमा निर्धारण आयोगको प्रतिवेदन • Website: https://www.sthaniya.gov.np/gis	
३.	जनसङ्ख्या	राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय	
४.	हिमालचुली र सोको आधार शिविर रहेको स्थान	पर्यटन विभाग।	
५.	विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र	विद्युत विकास विभाग।	
६.	पर्वतारोहणको अनुमानित रोयल्टी	पर्यटन विभाग।	
७.	विद्युतको अनुमानित रोयल्टी	विद्युत विकास विभाग।	

ङ. प्राकृतिक स्रोत (पर्वतारोहण र विद्युत्) को रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी

प्रभावित भएको अनुपातमा समन्यायिकरूपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने व्यवस्था छ। रोयल्टी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विश्लेषण यस प्रकार छः

१. पर्वतोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४६२ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा हिमालचुलीबाट आरोहण गरेवापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण सङ्घबाट सङ्कलन भएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिकरूपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

अ. ८,००० मिटरसम्म उचाई भएका हिमालका लागि:

८,००० मिटरसम्म उचाई भएका हिमालको पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
क.	भौगोलिक अवस्थिति		४०%
	१. हिमालचुली रहेको स्थानीय तह	६०%	
	२. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	४०%	
ख.	आधार शिविर रहेको स्थानीय तह		१० %
ग.	प्रभावित क्षेत्रको क्षेत्रफल		२५ %
	१. हिमालचुली रहेको स्थानीय तह	६०%	
	२. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	४०%	
घ.	प्रभावित क्षेत्रको जनङ्सख्या		२५%
	१. हिमालचुली रहेको स्थानीय तह	६०%	
	२. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	४०%	
		जम्मा	१००%

क. भौगोलिक अवस्थिति

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रूपमा भौगोलिक अवस्थितिलाई लिइएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रूपमा ४० प्रतिशत भार दिई सो भारलाई शतप्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। भौगोलिक अवस्थितिलाई विशेष महत्त्व दिई हिमालचुली

रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।

ख. आधार शिविर रहेको स्थानीय तह

पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधी आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधिविना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सोभन्दा बढी स्थानीय तहहरूमा फैलिने भए तापनि पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने र सोबाट उक्त तहमा वातावरणीय, मानवीय, सामाजिक लगायतका असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एक सूचकको रूपमा लिइएको छ। र, पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिइएको छ।

ग. प्रभावित क्षेत्रको क्षेत्रफल

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलका लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रूपमा लिई बढी भार दिइएको छ। त्यस्तै, हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिइएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

घ. प्रभावित क्षेत्रको जनसङ्ख्या

हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसङ्ख्या प्रत्यक्षरूपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा कायम गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसङ्ख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिइएको छ। उक्त भारलाई शतप्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसङ्ख्याको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

आ. ८,००० मिटरभन्दा अग्ला हिमालका लागि:

८,००० मिटरभन्दा अग्ला हिमालको आरोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
क.	भौगोलिक अवस्थिति १. हिमालचुली रहेको स्थानीय तह (पहिलो घेरा) २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह (दोस्रो घेरा) ३. दोस्रो घेरासँग जोडिएका तह (तेस्रो घेरा)	 ४५% ३२% २३%	२७%
ख.	आधार शिविर रहेको स्थानीय तह		१०%
ग.	प्रभावित क्षेत्रको क्षेत्रफल १. हिमालचुली रहेको स्थानीय तह (पहिलो घेरा) २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह (दोस्रो घेरा) ३. दोस्रो घेरासँग जोडिएका तह (तेस्रो घेरा)	 ४५% ३२% २३%	२८%
घ.	प्रभावित क्षेत्रको जनसङ्ख्या १. हिमालचुली रहेको स्थानीय तह (पहिलो घेरा) २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह (दोस्रो घेरा) ३. दोस्रो घेरासँग जोडिएका तह (तेस्रो घेरा)	 ४५% ३२% २३%	३५%
		जम्मा	१००%

क. भौगोलिक अवस्थिती

८,००० मिटरभन्दा अग्ला हिमालको आरोहणको क्रममा हुने पर्यटकीय गतिविधि, सामान ढुवानी र वातावरणीय प्रभावको दायरालाई दृष्टिगत गरी भौगोलिक अवस्थितिलाई २७ प्रतिशत भार दिई सो भारलाई सतप्रतिशत मानी तीनवटा घेरा (पहिलो, दोस्रो र तेस्रो) मा वर्गीकरण गरिएको छ। यस अन्तर्गत हिमालचुली रहेको स्थानीय तह (पहिलो घेरा) लाई ४५ प्रतिशत भार, सो तहसँग सीमा जोडिएका स्थानीय तह (दोस्रो घेरा) लाई ३२ प्रतिशत भार र दोस्रो घेराका तहसँग सीमा जोडिएका स्थानीय तह (तेस्रो घेरा) लाई २३ प्रतिशत भार दिई मापन गरिएको छ। यसबाट तेस्रो घेरामा रहेका पालिकाहरूको समेत प्रतिनिधित्व सुनिश्चित भई रोयल्टी वितरण न्यायोचित रूपमा फराकिलो हुने अपेक्षा गरिएको छ। यस सूचकको कार्यान्वयनमा देहायका दुई अवस्थालाई विशेष जोड दिइएको छः

- **प्रदेश सीमा नियम (Province Boundary Rule):** रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा सम्बन्धित हिमालचुली जुन प्रदेशमा अवस्थित छ, सोही प्रदेशभित्रका स्थानीय तहहरूलाई मात्र तेस्रो घेराको रूपमा गणना गरिएको छ। भौगोलिक रूपमा जोडिएको भएतापनि अर्को प्रदेशमा पर्ने तेस्रो घेराको स्थानीय तहलाई सो हिमालको रोयल्टी बाँडफाँटमा समावेश गरिएको छैन।
- **स्वतन्त्र हिमाल परीक्षण (Independent Peak Test):** यदि कुनै स्थानीय तहमा ८००० मिटर भन्दा अग्ला कुनै हिमाल अवस्थित छ भने त्यस्तो तहले अर्को ८००० मिटर भन्दा अग्ला हिमालको रोयल्टी बाँडफाँटमा 'जोडिएको तह' को रूपमा हिस्सा प्राप्त गर्ने छैन। यसो गर्दा 'Double Dipping' को समस्या समाधान गरी रोयल्टीलाई आफ्नै हिमाल नभएका तर भार खेपिरहेका अन्य स्थानीय तहहरूमा न्यायोचित वितरण हुने विश्वास गरिएको छ ।

ख. आधार शिविर रहेको स्थानीय तह

पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधी आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। ८,००० मिटरका हिमाल आरोहणका क्रममा आधार शिविरमा लामो समय गतिविधि हुने र फोहोर व्यवस्थापनको मुख्य बोझ पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई १० प्रतिशत भार दिई छुट्टै सूचकको रूपमा लिइएको छ।

ग. प्रभावित क्षेत्रको क्षेत्रफल र जनसङ्ख्या

८,००० मिटरभन्दा अग्ला हिमालको आरोहणको क्रममा पर्यटक, भरिया, गाइड र सहायक कर्मचारीको ठूलोसङ्ख्यामा हुने आवागमनबाट स्थानीय बस्ती, खानेपानीका स्रोत, चरन क्षेत्र र वन क्षेत्रमा पर्ने वातावरणीय तथा सामाजिक चापको प्रत्यक्ष असर स्थानीय जनसङ्ख्याले नै वहन गर्नुपर्ने हुन्छ। तसर्थ फोहोरमैला व्यवस्थापन, पूर्वाधार दबाब र जीविकोपार्जनमा पर्ने असर समेतलाई दृष्टिगत गर्दा पर्वतारोहणबाट सबैभन्दा बढी प्रभाव जनसङ्ख्यामा नै पर्ने भएकाले जनसङ्ख्यालाई ३५ प्रतिशतको अधिकतम भार दिइएको छ भने क्षेत्रफललाई २८ प्रतिशत भार प्रदान गरिएको छ। यी दुवै सूचकलाई शतप्रतिशत मानी पहिलो घेरालाई ४५ प्रतिशत, दोस्रो घेरालाई ३२ प्रतिशत र तेस्रो घेराका स्थानीय तहलाई २३ प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ।

पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलका लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रूपमा लिई बढी भार दिइएको छ। त्यस्तै, हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तह दोस्रो तथा तेस्रो घेरालाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। त्यस्तै प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको स्थानीय तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तह दोस्रो र तेस्रो घेरालाई कम प्रभावित क्षेत्रको रूपमा लिइएको छ।

२. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तीनै तहको साझा अधिकार सूचीका साथै सङ्घ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरू गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेको छ भने विद्युत विकास विभागबाट उक्त रोयल्टी सङ्कलन हुँदै आइरहेको छ।

अ. ५० मेगावाट सम्मका आयोजनाका लागि:

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रूपमा लिइएको छ। ५० मेगावाटसम्मका आयोजनाका लागि विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय बमोजिम रहेको छ:

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
१.	भौगोलिक अवस्थिति क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेका क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	५०%
२.	प्रभावित क्षेत्रको क्षेत्रफल क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिका क्षेत्र (आयोजनास्थल वरपरका उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	२५%
३.	प्रभावित क्षेत्रको जनसङ्ख्या क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	२५%
जम्मा			१००%

नोट: माथि उल्लेखित क्षेत्र कायम गर्दा सम्बन्धित स्थानीय तहको वडाहरूको आधारमा गरिएको छ।

क. भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरू विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने बाँध तथा इन्टेकदेखि टेलरेससम्मको क्षेत्रमा जनताले युगौदेखि प्रयोग गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, बालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट, माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरू निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाइन्छ। तसर्थ, विद्युत आयोजनाबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्त्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शतप्रतिशत मानी त्यसको उपसूचकको रूपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ। भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरूको व्याख्या देहाय बमोजिम रहेको छः

(क) **मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छः

(अ) **जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, इन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरूङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिइएको छ।

(आ) **रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन,

नहर, पाइप वा सुरूङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिइएको छ।

(ख) **प्रभावित क्षेत्रः** प्रभावित क्षेत्रभित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक बहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तर-वेसीन (एक खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(अ) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा गणना गरिएको छ।

(आ) अन्तर-वेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सोभन्दा ठूलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा लिइएको छ।

(ग) **वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र):** वरिपरिको क्षेत्रभित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएका उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिइएको छ।

(अ) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसँग जोडिने नदी किनारका वारीपारीका वडाहरूलाई लिइएको छ।

(आ) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेसभन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिइएको छ।

ख. प्रभावित क्षेत्रको क्षेत्रफल

विद्युत आयोजनाको निर्माण तथा संचालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेका बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिंदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ट हुने अपेक्षा गरिएको छ। यस सूचकको लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शतप्रतिशत मानी त्यसको उपसूचकको रूपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

ग. प्रभावित क्षेत्रको जनसङ्ख्या

जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्धित स्थानीय तहका जनताहरू प्रभावित भएका हुन्छन्। सोबाट कति जनसङ्ख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्रभावित तहको वडाको जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शतप्रतिशत मानी त्यसको उपसूचकको रूपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

आ. ५० मेगावाटभन्दा ठूला आयोजनाका लागि:

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रूपमा लिइएको छ। ५० मेगावाटभन्दा ठूला आयोजनाका लागि विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय बमोजिम रहेको छ:

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
१.	भौगोलिक अवस्थिति क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेका क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरका उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	३०%
२.	प्रभावित क्षेत्रको क्षेत्रफल क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिका क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	३०%
३.	प्रभावित क्षेत्रको जनसङ्ख्या क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिका क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	४०%
जम्मा			**१००%**

नोट: माथि **उल्लेखित क्षेत्र कायम गर्दा सम्बन्धित स्थानीय तहका वडाहरूको आधारमा गरिएको छ ।**

क. भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिभित्र आयोजनाका सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। ५० मेगावाटभन्दा ठूला आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण डुवान र विस्थापन हुने, बाँधदेखि टेलरेससम्मको क्षेत्रमा पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि हुने र पर्यावरणमा नकारात्मक प्रभाव पर्ने अवस्थालाई ध्यान दिई भौगोलिक अवस्थितिलाई ३० प्रतिशत भार दिई मुख्य क्षेत्र (५०%), प्रभावित क्षेत्र (३०%) / वरिपरिको क्षेत्र (२०%) मा विभाजन गरिएको छ।

(क) **मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम कायम गरिएको छः

- **जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (PRoR) आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाइप वा सुरूङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिइएको छ।
- **रन अफ द रिभर (RoR) आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक,, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरूङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिइएको छ।

मुख्य क्षेत्रको हिस्सा प्राप्त गर्न सम्बन्धित पालिका **(स्थानीय तह) मा जलविद्युत आयोजनाका कम्तिमा दुईवटा भौतिक संरचना रहेको** हुनुपर्नेछ।

(ख) **प्रभावित क्षेत्र (सुख्खा क्षेत्र):** आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक बहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीय तहका सम्बन्धित वडाहरू प्रभावित क्षेत्रअन्तर्गत पर्दछन्। यसका लागि बेसिन प्रकृतिका आधारमा देहाय बमोजिम हुने गरी मापन गरिएको छः

- **एकै वेसिन प्रकृतिका आयोजनाः** बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरूलाई सुख्खा क्षेत्रको रूपमा गणना गरिएको छ।

- **अन्तरवेसीन प्रकृतिका आयोजनाः** बाँधदेखि तल सोभन्दा ठूलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरूलाई प्रभावित क्षेत्रको रूपमा लिइएको छ।

(ग) **वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र):** यस अन्तर्गत मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिइएको छः

- **उपल्लो तटीय क्षेत्रः** जलाशययुक्त तथा PRoR आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसँग जोडिने नदी किनारका वारी र पारीका वडाहरूलाई लिइएको छ ।

- **तल्लो तटीय क्षेत्रः** आयोजनाको टेलरेसभन्दा पारिपट्टिको वडा र सो वडासँग जोडिएका तलका थप दुईवटा वडाका साथै टेलरेसले छोएकोभन्दा तल्लो वडा र सो वडासँग जोडिएका तलका थप दुई वडाहरूलाई प्रभावित क्षेत्रमा समावेश गरिएको छ। जलशाययुक्त आयोजनाको हकमा माथि उल्लिखित प्रभावित क्षेत्रभन्दा नदी/खोलाका वारी र पारी रहेका तलका थप दुई-दुई वडाहरू समावेश गरिएको छ।

ख. प्रभावित क्षेत्रको क्षेत्रफल

विद्युत आयोजनाको निर्माण तथा संचालनले स्थानीय भूगोल, बस्ती र कृषिजन्य भूमिमा पार्ने प्रभावलाई दृष्टिगत गरी क्षेत्रफलको भारलाई ३० प्रतिशत कायम गरिएको छ। यस सूचकका लागि मुख्य क्षेत्रलाई ५०%, प्रभावित क्षेत्रलाई ३० %–र वरिपरिको क्षेत्रलाई २०% भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

ग. प्रभावित क्षेत्रको जनसङ्ख्या

जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनको क्रममा डुवान र विस्थापनबाट घरबार गुम्ने, सुख्खा क्षेत्र सिर्जना हुँदा कृषि, माछापालन र पानी घट्टजस्ता परम्परागत जीविकोपार्जनमा असर पुग्ने र वातावरणीय प्रभावबाट स्वास्थ्य तथा दैनिक जीवनमा असर पर्ने भार अन्ततः स्थानीय जनसङ्ख्याले नै बहन गर्नुपर्ने हुन्छ। भौतिक पूर्वाधार र भूगोलले प्रभाव क्षेत्र निर्धारण गर्दछ तर त्यस प्रभावको वास्तविक बोझ जनसङ्ख्यामा नै पर्ने भएकाले जनसङ्ख्यालाई ४० प्रतिशतको सर्वोच्च भार दिइएको छ। यसलाई शतप्रतिशत मानी मुख्य क्षेत्रलाई ५०%, प्रभावित क्षेत्रलाई ३०% र वरिपरिको क्षेत्रफललाई २०% भार दिई जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

च. प्राकृतिक स्रोत (पर्वतारोहण र विद्युत) को परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट तथा वितरण

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सङ्घीय विभाज्य कोषमा प्राकृतिक स्रोत परिचालन गर्ने निकायहरूबाट सङ्कलन भई दाखिला हुने रोयल्टी रकमबाट आयोगले गरेको हिस्सा निर्धारण सिफारिस बमोजिम महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

रोयल्टी वितरण गर्ने समयमा सम्बन्धित प्राकृतिक स्रोतबाट सङ्कलन हुने रोयल्टीलाई गणना **(२५% × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी)** गरी हुन आउने रकम आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा नेपाल सरकारले सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारहरूलाई बाँडफाँट तथा वितरण गर्नुपर्नेछ।

तालिका ६.१

सम्बन्धित प्रदेश सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा

१. पर्वतारोहण

अ. पर्वतारोहण प्रदेश (८००० मिटरसम्मका हिमालका लागि)

हिमचुलीको क्र.सं.	हिमचुलीको नाम	प्रदेश	रोयल्टीको हिस्सा
१	Aichyn (६०५५m)	कर्णाली प्रदेश	०.७६६८१
१	Aichyn (६०५५m)	सूदुरपश्चिम प्रदेश	०.२३३१९
२	Ama Dablam (६८१४ m.)	कोशी प्रदेश	०.८८७१८
२	Ama Dablam (६८१४ m.)	बागमती प्रदेश	०.११२८२
३	Anidesh Chuli (White Wave) (६८०८m)	कोशी प्रदेश	१.००००
४	Annapurna IV (७५२५m)	गण्डकी प्रदेश	१.००००
५	Api (७१३२m)	सूदुरपश्चिम प्रदेश	१.००००
६	Ardang (६०३४m)	कर्णाली प्रदेश	०.७६६८१
६	Ardang (६०३४m)	सूदुरपश्चिम प्रदेश	०.२३३१९
७	Asajya Tuppa (६२६५m)	कर्णाली प्रदेश	१.००००
८	Barun Tse (७१२९m.)	कोशी प्रदेश	१.००००
९	Bedding Go (६१२५m.)	कोशी प्रदेश	०.०८५६६
९	Bedding Go (६१२५m.)	बागमती प्रदेश	०.९१४३४
१०	Bhrikuti (६४७६ m.)	गण्डकी प्रदेश	०.९४६०२
१०	Bhrikuti (६४७६ m.)	कर्णाली प्रदेश	०.०५३९८
११	Bijora Hiun chuli (६१११m.)	कर्णाली प्रदेश	१.००००
१२	Changla Khang West (६२३३m)	कर्णाली प्रदेश	१.००००
१३	Chhuama IV (६१७९m)	गण्डकी प्रदेश	१.००००
१४	Chhuama Peak I (६३६६m)	गण्डकी प्रदेश	१.००००
१५	Chhuama Peak II (६३२५m)	गण्डकी प्रदेश	१.००००
१६	Chhuama Peak III (६२६८m)	गण्डकी प्रदेश	१.००००
१७	Chukyima Go (६२५८m)	कोशी प्रदेश	०.१६०९९
१७	Chukyima Go (६२५८m)	बागमती प्रदेश	०.८३९०१
१८	Chulu East (६५८४m.)	गण्डकी प्रदेश	१.००००
१९	Chulu Far East (६०३८m)	गण्डकी प्रदेश	१.००००
२०	Chulu West (६४१९m.)	गण्डकी प्रदेश	१.००००
२१	Chungen Changma (६२२९m)	गण्डकी प्रदेश	१.००००
२२	Dogari Himal (६५३६m)	लुम्बिनी प्रदेश	०.५२९२०
२२	Dogari Himal (६५३६m)	कर्णाली प्रदेश	०.४७०८०
२३	Dolma Khang (६३३२m)	कोशी प्रदेश	०.०८५६६
२३	Dolma Khang (६३३२m)	बागमती प्रदेश	०.९१४३४
२४	Drohmo (६८८१m)	कोशी प्रदेश	१.००००
२५	Ganchenpo (६३७८m)	बागमती प्रदेश	१.००००
२६	Gandharva Chuli (६२४८m)	गण्डकी प्रदेश	१.००००
२७	Ghanja La Chuli (५८६३m.)	बागमती प्रदेश	१.००००
२८	Ghyun Himal I (६०९९m)	गण्डकी प्रदेश	१.००००
२९	Ghyun Himal II (६०२९m)	गण्डकी प्रदेश	१.००००
३०	Ghyun Himal III (६०२७m)	गण्डकी प्रदेश	१.००००

हिमचुलीको क्र.सं.	हिमचुलीको नाम	प्रदेश	रोयल्टीको हिस्सा
३१	Gyaji Khang (७०७४m)	गण्डकी प्रदेश	१.०००००
३२	Gyalzen Peak (६१५१m)	बागमती प्रदेश	१.०००००
३३	Himlung Himal (७१२६m)	गण्डकी प्रदेश	१.०००००
३४	Hiun Chuli (६४३४m.)	गण्डकी प्रदेश	१.०००००
३५	Island Peak (Imja Tse) (६१६५m)	कोशी प्रदेश	०.८८७१८
३५	Island Peak (Imja Tse) (६१६५m)	बागमती प्रदेश	०.११२८२
३६	Jugal २ (६५१८m)	बागमती प्रदेश	१.०००००
३७	Jugal ३ (६१८४m)	बागमती प्रदेश	१.०००००
३८	Jugal ४ (५९३६m)	बागमती प्रदेश	१.०००००
३९	Jugal ५ (५९२२m)	बागमती प्रदेश	१.०००००
४०	Jyanglatunpu Peak (६०६२m)	गण्डकी प्रदेश	०.९१७४३
४०	Jyanglatunpu Peak (६०६२m)	कर्णाली प्रदेश	०.०८२५७
४१	Kanti Central (६२७५m)	कर्णाली प्रदेश	१.०००००
४२	Kekyap Ri I (६१८७m)	गण्डकी प्रदेश	०.९१७४३
४२	Kekyap Ri I (६१८७m)	कर्णाली प्रदेश	०.०८२५७
४३	Khangri Shar (६८११m)	कोशी प्रदेश	०.८८७१८
४३	Khangri Shar (६८११m)	बागमती प्रदेश	०.११२८२
४४	Khatang (६७९०m)	कोशी प्रदेश	०.८५८४२
४४	Khatang (६७९०m)	बागमती प्रदेश	०.१४१५८
४५	Khayang (६१८६m.)	गण्डकी प्रदेश	१.०००००
४६	Khongma Tse (Mehra Peak) (५८४९m)	कोशी प्रदेश	०.८८७१८
४६	Khongma Tse (Mehra Peak) (५८४९m)	बागमती प्रदेश	०.११२८२
४७	Kogi Khang (६०९५m)	कर्णाली प्रदेश	१.०००००
४८	Kumbhakarna (Jannu) (७७१०m)	कोशी प्रदेश	१.०००००
४९	Kusum Kanguru (६३३०m)	कोशी प्रदेश	०.८८७१८
४९	Kusum Kanguru (६३३०m)	बागमती प्रदेश	०.११२८२
५०	Kwangde (६०८६m)	कोशी प्रदेश	०.८८७१८
५०	Kwangde (६०८६m)	बागमती प्रदेश	०.११२८२
५१	Lamjung Himal (६९८३ m.)	गण्डकी प्रदेश	१.०००००
५२	Langdak (६२२०m)	कोशी प्रदेश	०.८८७१८
५२	Langdak (६२२०m)	बागमती प्रदेश	०.११२८२
५३	Langdung (६३२६m)	कोशी प्रदेश	०.०८५६६
५३	Langdung (६३२६m)	बागमती प्रदेश	०.९१४३४
५४	Langtang Lirung (७२३४m)	बागमती प्रदेश	१.०००००
५५	Lhayul Peak (६३९७m.)	सूदुरपश्चिम प्रदेश	१.०००००
५६	Lobuje	कोशी प्रदेश	०.८८७१८
५६	Lobuje	बागमती प्रदेश	०.११२८२
५७	Malanphulan (६५७३m)	कोशी प्रदेश	०.८८७१८
५७	Malanphulan (६५७३m)	बागमती प्रदेश	०.११२८२
५८	Mera Peak (६४७०m.)	कोशी प्रदेश	१.०००००
५९	Mt. Tengkoma (६२१५m.)	कोशी प्रदेश	१.०००००
६०	Mt.ABI (६०४३m.)	कोशी प्रदेश	०.८८७१८
६०	Mt.ABI (६०४३m.)	बागमती प्रदेश	०.११२८२
६१	Mt.Bokta (६११४m.)	कोशी प्रदेश	१.०००००

हिमचुलीको क्र.सं.	हिमचुलीको नाम	प्रदेश	रोयल्टीको हिस्सा
६२	Mt.Chekigo	कोशी प्रदेश	०.०८५६६
६२	Mt.Chekigo	बागमती प्रदेश	०.९१४३४
६३	Mt.Cholatse (६४४०m.)	कोशी प्रदेश	०.८८७१८
६३	Mt.Cholatse (६४४०m.)	बागमती प्रदेश	०.११२८२
६४	Mt.Kyazo Ri (६१८६m.)	कोशी प्रदेश	०.८८७१८
६४	Mt.Kyazo Ri (६१८६m.)	बागमती प्रदेश	०.११२८२
६५	Mt.Langsisa Ri (६४१२m.)	बागमती प्रदेश	१.०००००
६६	Mt.Larkya Peak (६४१६m.)	गण्डकी प्रदेश	१.०००००
६७	Mt.Lobuje West (६१३५m.)	कोशी प्रदेश	०.८८७१८
६७	Mt.Lobuje West (६१३५m.)	बागमती प्रदेश	०.११२८२
६८	Mt.Nirekha (६१५९m.)	कोशी प्रदेश	०.८८७१८
६८	Mt.Nirekha (६१५९m.)	बागमती प्रदेश	०.११२८२
६९	Mt.Phari Lapcha (६०१७m.)	कोशी प्रदेश	०.८८७१८
६९	Mt.Phari Lapcha (६०१७m.)	बागमती प्रदेश	०.११२८२
७०	Mukot Himal (६०८७ m.)	गण्डकी प्रदेश	०.६४२४०
७०	Mukot Himal (६०८७ m.)	कर्णाली प्रदेश	०.३५७६०
७१	Norbu Kang (६००५m)	कर्णाली प्रदेश	१.०००००
७२	Numbur (६९५८m)	कोशी प्रदेश	०.६८८२०
७२	Numbur (६९५८m)	बागमती प्रदेश	०.३११८०
७३	Numri (६६३५m)	कोशी प्रदेश	०.९२५७३
७३	Numri (६६३५m)	बागमती प्रदेश	०.०७४२७
७४	Nuptse (७८५५m)	कोशी प्रदेश	०.८८७१८
७४	Nuptse (७८५५m)	बागमती प्रदेश	०.११२८२
७५	Ombigaichen (६३४०m.)	कोशी प्रदेश	०.८८२१०
७५	Ombigaichen (६३४०m.)	बागमती प्रदेश	०.११७९०
७६	Paldor Peak (५९०३m.)	बागमती प्रदेश	०.८६५३७
७६	Paldor Peak (५९०३m.)	गण्डकी प्रदेश	०.१३४६३
७७	Panbari (६८८७ m.)	गण्डकी प्रदेश	१.०००००
७८	Pathibhara South East (६८६८m)	कोशी प्रदेश	१.०००००
७९	Peri Himal (६२९६m)	गण्डकी प्रदेश	१.०००००
८०	Pharchamo (६२७९m.)	कोशी प्रदेश	०.५०८६०
८०	Pharchamo (६२७९m.)	बागमती प्रदेश	०.४९१४०
८१	Pisang Peak (६०९१m.)	गण्डकी प्रदेश	१.०००००
८२	Pumori (७१६१m)	कोशी प्रदेश	०.८८७१८
८२	Pumori (७१६१m)	बागमती प्रदेश	०.११२८२
८३	Putha Hiunchuli (७२४६ m.)	गण्डकी प्रदेश	०.४०३७५
८३	Putha Hiunchuli (७२४६ m.)	लुम्बिनी प्रदेश	०.२७४०३
८३	Putha Hiunchuli (७२४६ m.)	कर्णाली प्रदेश	०.३२२२२
८४	Ramdong Go (५९००m.)	कोशी प्रदेश	०.१६०९९
८४	Ramdong Go (५९००m.)	बागमती प्रदेश	०.८३९०१
८५	Ratna Chuli (७१२८m)	गण्डकी प्रदेश	१.०००००
८६	Saribung (६३४६m.)	गण्डकी प्रदेश	०.९४६०२
८६	Saribung (६३४६m.)	कर्णाली प्रदेश	०.०५३९८
८७	Singu Chuli(fluted peak) (६५०१m.)	गण्डकी प्रदेश	१.०००००

हिमचुलीको क्र.सं.	हिमचुलीको नाम	प्रदेश	रोयल्टीको हिस्सा
८८	Tengkangpoche (६४८२m)	कोशी प्रदेश	०.८८७१८
८८	Tengkangpoche (६४८२m)	बाग्मती प्रदेश	०.११२८२
८९	Thapa Peak (Dhampus) (६०१२m)	गण्डकी प्रदेश	१.०००००
९०	Thorong Peak (६१४४ m.)	गण्डकी प्रदेश	०.९७८२८
९०	Thorong Peak (६१४४ m.)	कर्णाली प्रदेश	०.०२१७२
९१	Yubra Himal (६०४८m.)	बाग्मती प्रदेश	१.०००००

आ. पर्वतारोहण प्रदेश (८००० मिटरभन्दा अग्ला हिमालका लागि)

हिमचुलीको क्र.सं.	हिमचुलीको नाम	प्रदेश	रोयल्टीको हिस्सा
१	Cho-Oyu (८१८८m)	कोशी प्रदेश	०.८९२६४
१	Cho-Oyu (८१८८m)	बाग्मती प्रदेश	०.१०७३६
२	Dhaulagiri I (८१६७m)	गण्डकी प्रदेश	०.९७२६०
२	Dhaulagiri I (८१६७m)	कर्णाली प्रदेश	०.०२७४०
३	Lhotse (८५१६m)	कोशी प्रदेश	०.८९२६४
३	Lhotse (८५१६m)	बाग्मती प्रदेश	०.१०७३६
४	Makalu 1 (८४६३m.)	कोशी प्रदेश	१.०००००
५	Manaslu (८१६३ m.)	गण्डकी प्रदेश	१.०००००
६	Sagarmatha (८८४८.८६m)	कोशी प्रदेश	०.८९२६४
६	Sagarmatha (८८४८.८६m)	बाग्मती प्रदेश	०.१०७३६

२. विद्युत

अ. प्रदेश विद्युत (५० मेघावाट सम्मका आयोजना)

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१	Aandikhola HP	९.४	गण्डकी प्रदेश	०.९३७१७
१	Aandikhola HP	९.४	लुम्बिनी प्रदेश	०.०६२८३
२	Ankhukhola Small HP	८.४	बाग्मती प्रदेश	१.०००००
३	Bagmati Nadi	२२	बाग्मती प्रदेश	१.०००००
४	Baramchi Khola HPP	४.२	बाग्मती प्रदेश	१.०००००
५	Bhairab kund khola small HP	३	बाग्मती प्रदेश	१.०००००
६	Bhim Khola small	४.९६	गण्डकी प्रदेश	१.०००००
७	Bijayapur-1 Small HP	४.५	गण्डकी प्रदेश	१.०००००
८	Bijaypur Khola-2 HPP	४.५	गण्डकी प्रदेश	१.०००००
९	Chake Khola SHPP	२.८३	बाग्मती प्रदेश	१.०००००
१०	Chaku Khola Small HP	३.२	बाग्मती प्रदेश	१.०००००
११	Chameliya Khola	३०	सूदुरपश्चिम प्रदेश	१.०००००
१२	Charnawati Khola HP	३.५२	बाग्मती प्रदेश	१.०००००
१३	Chatara HP	३.२	कोशी प्रदेश	१.०००००
१४	Chepe A HEP	७	गण्डकी प्रदेश	१.०००००
१५	Chepe Khola	८.६३	गण्डकी प्रदेश	१.०००००
१६	Chhandi Khola	२	गण्डकी प्रदेश	१.०००००
१७	Chilime Plant	२२.१	बाग्मती प्रदेश	१.०००००
१८	Daram Khola-A	२.५	गण्डकी प्रदेश	१.०००००

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१९	Daraundi A	६	गण्डकी प्रदेश	१.०००००
२०	Devighat HP	१४.१	बागमती प्रदेश	१.०००००
२१	Dordi Khola	२७	गण्डकी प्रदेश	१.०००००
२२	Dordi-1	१२	गण्डकी प्रदेश	१.०००००
२३	Down Piluwa	१०.३	कोशी प्रदेश	१.०००००
२४	Dudhkunda Khola HEP	१२	कोशी प्रदेश	१.०००००
२५	Dwari Khola SHP	३.७५	कर्णाली प्रदेश	१.०००००
२६	Fewa (Pokhara) HP	१.०८८	गण्डकी प्रदेश	१.०००००
२७	Gaddi Gad	१.५	सूदुरपश्चिम प्रदेश	१.०००००
२८	Gandak HP	१५	गण्डकी प्रदेश	०.१८९५१
२८	Gandak HP	१५	लुम्बिनी प्रदेश	०.८१०४९
२९	Gelun Khola	३.२	बागमती प्रदेश	१.०००००
३०	Ghalemdi Khola	५	गण्डकी प्रदेश	१.०००००
३१	Ghar Khola	१४	गण्डकी प्रदेश	१.०००००
३२	Ghatte Khola	५	बागमती प्रदेश	१.०००००
३३	Hewa Khola A	१४.९	कोशी प्रदेश	१.०००००
३४	Hewa khola HP	४.५	कोशी प्रदेश	१.०००००
३५	Ilam Puwa Khola HP	६.२	कोशी प्रदेश	१.०००००
३६	Indrawati -3	७.५	बागमती प्रदेश	१.०००००
३७	Iwa Khola	९.९	कोशी प्रदेश	१.०००००
३८	Jhimruk	१२	लुम्बिनी प्रदेश	१.०००००
३९	Jiri Khola SHP	२.४	बागमती प्रदेश	१.०००००
४०	Jogmai Cascade HPP	५.२	कोशी प्रदेश	१.०००००
४१	Jogmai Khola	७.६	कोशी प्रदेश	१.०००००
४२	Kabeli 3 Cascade HEP	२१.९३	कोशी प्रदेश	१.०००००
४३	Kabeli B-1	२५	कोशी प्रदेश	१.०००००
४४	Kabeli B1 Cascade HPP	९.९४	कोशी प्रदेश	१.०००००
४५	Kalanga	१५.३३	सूदुरपश्चिम प्रदेश	१.०००००
४६	Kapadigad HPP	३.३३	सूदुरपश्चिम प्रदेश	१.०००००
४७	Karuwa Seti HPP	३२	गण्डकी प्रदेश	१.०००००
४८	Khani Khola	२	बागमती प्रदेश	१.०००००
४९	Khudi HP	४	गण्डकी प्रदेश	१.०००००
५०	Kulekhani-II HP	३२	बागमती प्रदेश	१.०००००
५१	Kulekhani-III HP	१४	बागमती प्रदेश	१.०००००
५२	Lankhuwa Khola	५	कोशी प्रदेश	१.०००००
५३	Lower Chaku HP	१.८	बागमती प्रदेश	१.०००००
५४	Lower Hewa	२२.१	कोशी प्रदेश	१.०००००
५५	Lower Jogmai Khola HPP	६.२	कोशी प्रदेश	१.०००००
५६	Lower Khare	११	बागमती प्रदेश	१.०००००
५७	Lower Likhu	२८.१	कोशी प्रदेश	०.३१६९६
५७	Lower Likhu	२८.१	बागमती प्रदेश	०.६८३०४
५८	Lower Modi -1 HP	१०	गण्डकी प्रदेश	१.०००००
५९	Lower Modi Khola	२०	गण्डकी प्रदेश	१.०००००
६०	Lower Tadi Khola	४.९९३	बागमती प्रदेश	१.०००००
६१	Madkyu Khola	१३	गण्डकी प्रदेश	१.०००००

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
६२	Mai Beni HPP	९.५१	कोशी प्रदेश	१.०००००
६३	Mai Cascade	७	कोशी प्रदेश	१.०००००
६४	Mai Khola Small HP	४.५	कोशी प्रदेश	१.०००००
६५	Mai Sana Cascade HPP	८	कोशी प्रदेश	१.०००००
६६	Mailung Khola	५	बागमती प्रदेश	१.०००००
६७	Makarigad	१०	सूदुरपश्चिम प्रदेश	१.०००००
६८	Mardi Khola	४.८	गण्डकी प्रदेश	१.०००००
६९	Maya Khola	१४.९	कोशी प्रदेश	१.०००००
७०	Mid Solu Khola	९.५	कोशी प्रदेश	१.०००००
७१	Middle Chaku HP	१.८	बागमती प्रदेश	१.०००००
७२	Middle Modi	१८	गण्डकी प्रदेश	१.०००००
७३	Midim Khola (karapu) HPP	३	गण्डकी प्रदेश	१.०००००
७४	Mistry Khola	४२	गण्डकी प्रदेश	१.०००००
७५	Modi HP	१४.८	गण्डकी प्रदेश	१.०००००
७६	Molun Khola SHP	७	कोशी प्रदेश	१.०००००
७७	Namarjun Madi	१२	गण्डकी प्रदेश	१.०००००
७८	Nau Gad Khola	८.५	सूदुरपश्चिम प्रदेश	१.०००००
७९	Nilgiri Khola	३८	गण्डकी प्रदेश	१.०००००
८०	Nyadi	३०	गण्डकी प्रदेश	१.०००००
८१	Padam Khola SHP	४.८	कर्णाली प्रदेश	१.०००००
८२	Panauti HP	२.४	बागमती प्रदेश	१.०००००
८३	Phawa Khola	५	कोशी प्रदेश	१.०००००
८४	Pikhuwa Khola	५	कोशी प्रदेश	१.०००००
८५	Piluwa Khola	३.२	कोशी प्रदेश	१.०००००
८६	Puwa Khola-1	४	कोशी प्रदेश	१.०००००
८७	Puwa-2	४.९६	कोशी प्रदेश	१.०००००
८८	Radhi Small	४.४	गण्डकी प्रदेश	१.०००००
८९	Rahughat Mangale	३७	गण्डकी प्रदेश	१.०००००
९०	Rawa Khola	३	कोशी प्रदेश	१.०००००
९१	Rele Khola HPP	६	गण्डकी प्रदेश	१.०००००
९२	Richet Khola SHP	५	गण्डकी प्रदेश	१.०००००
९३	Ridi Khola HP	२.४	लुम्बिनी प्रदेश	१.०००००
९४	Rudi A	८.८	गण्डकी प्रदेश	१.०००००
९५	Rudi Khola-B	६.६	गण्डकी प्रदेश	१.०००००
९६	Rukum Gad	५	लुम्बिनी प्रदेश	१.०००००
९७	Sabha Khola HPP	४	कोशी प्रदेश	१.०००००
९८	Sagu Khola	२०	बागमती प्रदेश	१.०००००
९९	Sagu Khola 1 HPP	५.५	बागमती प्रदेश	१.०००००
१००	Sanima Mai	२२	कोशी प्रदेश	१.०००००
१०१	Sanjen	४२.५	बागमती प्रदेश	१.०००००
१०२	Sapsup Khola Small HP	७.१५१	कोशी प्रदेश	१.०००००
१०३	Sardi Khola	४	गण्डकी प्रदेश	१.०००००
१०४	Seti HP	१.५	गण्डकी प्रदेश	१.०००००
१०५	Seti Khola HPP	३.५	गण्डकी प्रदेश	१.०००००
१०६	Seti Nadi	२५	गण्डकी प्रदेश	१.०००००

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१०७	Singati	२५	बागमती प्रदेश	१.०००००
१०८	Sipring Khola	१०	बागमती प्रदेश	१.०००००
१०९	Siuri Khola	५	गण्डकी प्रदेश	१.०००००
११०	Solu	२३.५	कोशी प्रदेश	१.०००००
१११	Sunkoshi HP	१०.०५	बागमती प्रदेश	१.०००००
११२	Sunkoshi Small HP	२.६	बागमती प्रदेश	१.०००००
११३	Super Chepe	९.०५	गण्डकी प्रदेश	१.०००००
११४	Super Hewa HPP	६	कोशी प्रदेश	१.०००००
११५	Super Kabeli Khola A HEP	१३.५	कोशी प्रदेश	१.०००००
११६	Super Kabeli Khola HPP	१२	कोशी प्रदेश	१.०००००
११७	Super Madi	४४	गण्डकी प्रदेश	१.०००००
११८	Super Mai HPP	७.८	कोशी प्रदेश	१.०००००
११९	Super Mai Khola Cascade HPP	३	कोशी प्रदेश	१.०००००
१२०	Super Mai-A	९.६	कोशी प्रदेश	१.०००००
१२१	Suri Khola	७	बागमती प्रदेश	१.०००००
१२२	Tadikhola	५	बागमती प्रदेश	१.०००००
१२३	Taksar Pikhuwa	८	कोशी प्रदेश	१.०००००
१२४	Tatopani HP	२	गण्डकी प्रदेश	१.०००००
१२५	Thapa Khola HPP	११.२	गण्डकी प्रदेश	१.०००००
१२६	Theule Khola HPP	१.५	गण्डकी प्रदेश	१.०००००
१२७	Tinau Khola HPP	१.०२४	लुम्बिनी प्रदेश	१.०००००
१२८	Trishuli HP	२४	बागमती प्रदेश	१.०००००
१२९	Tungun - Thosne Khola	४.३६	बागमती प्रदेश	१.०००००
१३०	Uppallo Khimti	१२	बागमती प्रदेश	१.०००००
१३१	Upper Balephi A	३६	बागमती प्रदेश	१.०००००
१३२	Upper Bhotekoshi	४५	बागमती प्रदेश	१.०००००
१३३	Upper Chaku A	२२.२	बागमती प्रदेश	१.०००००
१३४	Upper Chameliya	४०	सूदुरपश्चिम प्रदेश	१.०००००
१३५	Upper Chhandi Khola Small	४	गण्डकी प्रदेश	१.०००००
१३६	Upper Chirkhuwa Khola	४.७	कोशी प्रदेश	१.०००००
१३७	Upper Dordi A	२५	गण्डकी प्रदेश	१.०००००
१३८	Upper Hewa	८.५	कोशी प्रदेश	१.०००००
१३९	Upper Hugdi	५	गण्डकी प्रदेश	०.०९२२९
१३९	Upper Hugdi	५	लुम्बिनी प्रदेश	०.९०७७१
१४०	Upper Ingwa Khola	९.७	कोशी प्रदेश	१.०००००
१४१	Upper Kalangad	३८.४६	सूदुरपश्चिम प्रदेश	१.०००००
१४२	Upper Khimti II	७	बागमती प्रदेश	१.०००००
१४३	Upper Khorunga HPP	७.५	कोशी प्रदेश	१.०००००
१४४	Upper Lohore SHP	४	कर्णाली प्रदेश	१.०००००
१४५	Upper Machha Khola Small	४.५५	गण्डकी प्रदेश	१.०००००
१४६	Upper Madi	२५	गण्डकी प्रदेश	१.०००००
१४७	Upper Mai	१२	कोशी प्रदेश	१.०००००
१४८	Upper Mai -C	६.१	कोशी प्रदेश	१.०००००
१४९	Upper Mailun Khola	१४.३	बागमती प्रदेश	१.०००००
१५०	Upper Mardi	७	गण्डकी प्रदेश	१.०००००

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१५१	Upper Marsyangdi A	५०	गण्डकी प्रदेश	१.०००००
१५२	Upper Midim Khola SHP	७.५	गण्डकी प्रदेश	१.०००००
१५३	Upper Naugad Gad	८	सूदुरपश्चिम प्रदेश	१.०००००
१५४	Upper Phawa HPP	५.८	कोशी प्रदेश	१.०००००
१५५	Upper Piluwa 3 HPP	४.९५	कोशी प्रदेश	१.०००००
१५६	Upper Piluwa Khola 2	४.७२	कोशी प्रदेश	१.०००००
१५७	Upper Puwa-1	३	कोशी प्रदेश	१.०००००
१५८	Upper Richet Khola SHP	२	गण्डकी प्रदेश	१.०००००
१५९	Upper Sanigad	१०.७	सूदुरपश्चिम प्रदेश	१.०००००
१६०	Upper Sanjen	१४.८	बागमती प्रदेश	१.०००००
१६१	Upper Solu Khola	१९.८	कोशी प्रदेश	१.०००००
१६२	Upper Suri	७	बागमती प्रदेश	१.०००००
१६३	Upper Syange Khola Small	२.४	गण्डकी प्रदेश	१.०००००
१६४	Upper Tadi	११	बागमती प्रदेश	१.०००००
१६५	Yambaling Khola	७.२७१	बागमती प्रदेश	१.०००००

आ. प्रदेश विद्युत (५० मेघावाट भन्दा ठूला आयोजना)

आयोजनाको सि.न.	आयोजनाको नाम	क्षमता (मेघावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१	Kaligandaki 'A' HP	१४४	गण्डकी प्रदेश	०.५९२८५
१	Kaligandaki 'A' HP	१४४	लुम्बिनी प्रदेश	०.४०७१५
२	Khimti -I HP	६०	बागमती प्रदेश	१.०००००
३	Kulekhani-I HP	६०	बागमती प्रदेश	१.०००००
४	Likhu -1	७७	कोशी प्रदेश	०.१४७६४
४	Likhu -1	७७	बागमती प्रदेश	०.८५२३६
५	Likhu -2	५५	कोशी प्रदेश	०.४४१२२
५	Likhu -2	५५	बागमती प्रदेश	०.५५८७८
६	Likhu Khola 'A'	५१	कोशी प्रदेश	०.५९८०८
६	Likhu Khola 'A'	५१	बागमती प्रदेश	०.४०१९२
७	Likhu-4	५२.४	कोशी प्रदेश	०.५७९८६
७	Likhu-4	५२.४	बागमती प्रदेश	०.४२०१४
८	Madhya Bhotekoshi	१०२	बागमती प्रदेश	१.०००००
९	Marsyangdi HP	६९	बागमती प्रदेश	०.१२५४५
९	Marsyangdi HP	६९	गण्डकी प्रदेश	०.८७४५५
१०	Middle M. HP	७०.२	गण्डकी प्रदेश	१.०००००
११	Middle Tamor	७३	कोशी प्रदेश	१.०००००
१२	Nilgiri Khola-II cascade Project	७१	गण्डकी प्रदेश	१.०००००
१३	Rasuwagadhi HPP	१११	बागमती प्रदेश	१.०००००
१४	Sanjen Khola HPP	७८	बागमती प्रदेश	१.०००००
१५	Solu Khola (DudhKoshi)	८६	कोशी प्रदेश	१.०००००
१६	Super Dordi Kha	५४	गण्डकी प्रदेश	१.०००००
१७	Upper Tamakoshi HPP	४५६	बागमती प्रदेश	१.०००००
१८	Upper Trishuli 3A	६०	बागमती प्रदेश	१.०००००

तालिका ६.२

सम्बन्धित स्थानीय सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा

१. पर्वतारोहण

अ. पर्वतारोहण स्थानीय तह (८००० मिटरसम्मका हिमालका लागि)

हिमचुली को क्र.सं.	हिमचुलीको नाम	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
१	Aichyn (६०५५m)	हुम्ला	सिमकोट गाउँपालिका	६०३०३	०.१२६८१
१	Aichyn (६०५५m)	हुम्ला	नाम्खा गाउँपालिका	६०३०४	०.६४०००
१	Aichyn (६०५५m)	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.१२१७१
१	Aichyn (६०५५m)	बझाङ	साइपाल गाउँपालिका	७०२०१	०.१११४८
२	Ama Dablam (६८१४ m.)	संखुवासभा	मकालु गाउँपालिका	१०२०२	०.०५२१८
२	Ama Dablam (६८१४ m.)	सोलुखुम्बु	खुम्बु पासाङल्हामु गाउँपालिका	१०३०१	०.६४०००
ङ.	वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता	१०%
जम्मा		**१००%**

क. वनको अवस्थितिः

वनको अवस्थितिले कुनै स्थानीय तहमा वन क्षेत्र रहेको वा नरहेको स्थितिलाई जनाउँदछ। वनको भौगोलिक अवस्थितिबाट वन वरिपरि रहेका कृषि वाली घरपालुवा जनावर तथा स्थानीयवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने हुँदा वनको अवस्थितिलाई एउटा महत्त्वपूर्ण आधारको रूपमा लिई कुल भारको २० प्रतिशत भार दिई रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ।

ख. वनको क्षेत्रफलः

स्थानीय तहमा रहेको वनको संरक्षण, व्यवस्थापन र वातावरणीय एवम् पारिस्थितिक प्रणालीलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुँदा स्थानीय तहले पाउने रोयल्टीको हिस्सा निर्धारण गर्दा वनको क्षेत्रफललाई प्रमुख आधार मानी ४० प्रतिशत भार दिइएको छ।

ग. स्थानीय तहको जनसङ्ख्याः

वनको व्यवस्थापन, संरक्षण तथा उपयोगमा स्थानीयवासीहरूको महत्वपूर्ण योगदान हुने र वनको स्रोत परिचालनबाट सम्बन्धित तथा वरपरका स्थानका जनतालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पर्ने हुँदा रोयल्टी बाँडफाँटको सिफारिस गर्दा सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई अर्को आधारको रूपमा लिई यसलाई २० प्रतिशत भार दिइएको छ।

घ. वनमा आश्रित जनसङ्ख्याः

वन ऐन, २०७६ को दफा २६ बमोजिम डिभिजन वन कार्यालयले गरिवीको रेखामुनी रहेका जनताको गरीबी न्यूनीकरणका लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम संचालन गरी जीविकोपार्जन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रूपमा राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउने व्यवस्था रहेको छ। उक्त समूहहरूले डिभिजन वन कार्यालयहरूमा दर्ता भई स्वीकृत कार्ययोजना बमोजिम वनको संरक्षण, व्यवस्थापन र आय आर्जनका कार्यक्रमहरू कवुलियती वनमा संचालन गर्दै आएका छन्। कवुलियती वन कार्यक्रमबाट हैसियत बिग्रेको वनको सुधार, गरिवीको रेखामुनीका समुदायको आर्थिक र सामाजिक अवस्थामा समेत सुधार ल्याउने हुँदा वनमा आश्रित जनसङ्ख्यालाई सूचकको रूपमा लिइ कुल भारको १० प्रतिशत भार प्रदान गरिएको छ।

ङ. वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिताः

वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्बन्धित स्थानीय तहले पुर्‍याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सूचकलाई १० प्रतिशत भार दिइएको छ। यस सूचक सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायबाट प्राप्त नभएको हुँदा सबै स्थानीय तह तथा प्रदेशलाई समान अङ्क प्रदान गरिएको छ ।

२. संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण प्रवर्द्धन गर्नका लागि संरक्षित क्षेत्रअन्तर्गत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्रहरू र मध्यवर्ती क्षेत्र (Buffer Zone) स्थापना भएका छन्।

हाल नेपालमा जम्मा २१ वटा संरक्षित क्षेत्रहरू रहेका छन्, जसमध्ये १३ वटा राष्ट्रिय निकुञ्ज, एकवटा वन्यजन्तु आरक्ष, एकवटा शिकार आरक्ष र ६ वटा संरक्षण क्षेत्रहरू रहेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षअन्तर्गत १४ वटा मध्यवर्ती क्षेत्र तोकिएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापनमा सम्वद्ध समुदायको प्रत्यक्ष संलग्नतामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष व्यवस्थापन गरिएको छ। यसबाट निकुञ्ज तथा वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरूको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनमा सहयोग पुगेको छ।

नेपालमा उल्लिखित संरक्षित क्षेत्रहरू मध्ये संनियमित प्राकृतिक आरक्ष हालसम्म स्थापना भएको छैन। तर विशेषगरी पर्यापर्यटन र जडिबुटी सङ्कलन लगायतका विभिन्न क्रियाकलापबाट रोयल्टी सङ्कलन हुने गरेको छ। संविधान बमोजिम उल्लेखित संरक्षित क्षेत्रहरू सङ्घको अधिकार क्षेत्रभित्र पर्ने र संरक्षित क्षेत्रहरू कुनै पनि स्थानीय तहहरूको क्षेत्रभित्र नपरी स्थानीय तहको सीमाबाट अलग संरक्षित क्षेत्रको रूपमा रहेको हुनाले यी संरक्षित क्षेत्रहरूबाट सङ्कलित रोयल्टी बाँडफाँट गर्दा मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरूको हकमा मध्यवर्ती क्षेत्रको क्षेत्रफल र जनसङ्ख्यालाई आधार लिनुका अतिरिक्त मध्यवर्ती क्षेत्र घोषणा नभएको ढोरपाटन शिकार आरक्षको हकमा आरक्षलाई छुने वरिपरिका स्थानीय तहका वडाहरू र संरक्षण क्षेत्रहरू (अपिनप्पा, कृष्णसार, मनास्लु, अन्नपूर्ण, कन्चनजङ्घा, गौरीशंकर) भित्र पर्ने स्थानीय तहका वडाहरूलाई आधार मानी रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ। संरक्षित क्षेत्रको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छ:-

क्र.सं.	आधार (सूचक)	ढाँचा (प्रतिशतमा)
क	स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थिति	१०%
ख	मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा पर्ने स्थानीय तहको क्षेत्रफल	४०%
ग	मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा रहेको स्थानीय तहको जनसङ्ख्या	३५%
घ	मध्यवर्ती क्षेत्र/संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता	१५%
जम्मा		**१००%**

क. स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थितिः

संरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहको भूमिका उक्त क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनमा महत्त्वपूर्ण रहेको हुन्छ। तसर्थ, उक्त क्षेत्रहरूबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा सम्वन्धित क्षेत्रभित्र रहेका मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रले समेटेका स्थानीय तहका वडाहरूलाई ती क्षेत्रहरूको अवस्थितिको रूपमा लिई कुल भारको १० प्रतिशत भार दिइएको छ।

ख. स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको क्षेत्रफलः

संरक्षित क्षेत्रहरूको मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूको क्षेत्रफलमा उक्त क्षेत्रहरूबाट पर्ने प्रभावलाई महत्त्वपूर्ण सूचकको रूपमा लिईएको छ। संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रहरूले समेटेको स्थानीय तहहरूको वडाहरूको क्षेत्रफललाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

ग. स्थानीय तहमा मध्यवर्ती क्षेत्रको जनसंख्याः

संरक्षित क्षेत्रहरूको मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूमा बसोबासगर्ने वासिन्दाहरूले उक्त क्षेत्रको

संरक्षण तथा व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। साथै उनीहरूले उक्त क्षेत्रबाट पर्न सक्ने नकारात्मक प्रभाव समेत व्यहोर्नु पर्ने हुन्छ। यस्तो नकारात्मक प्रभावको न्यूनीकरणका लागि संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रको वडाहरूमा बसोबास गर्ने जनसङ्ख्यालाई एक महत्त्वपूर्ण आधारको रूपमा लिई ३५ प्रतिशत भार प्रदान गरिएको छ।

घ. संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता:

संरक्षित क्षेत्रहरूको मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन एवम् प्राकृतिक वातावरण र जैविक विविधता समेतको संरक्षण र दिगो व्यवस्थापनमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्वन्धित स्थानीय तहले पुर्‍याउने योगदानलाई अर्को एक आधारको रूपमा लिइएको छ। वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्वन्धित स्थानीय तहले पुर्‍याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सूचकलाई १५ प्रतिशत भार दिइएको छ। यस सूचक गणनाको लागि सम्बन्धित निकायबाट तथ्याङ्क प्राप्त नभएको हुँदा सबै स्थानीय तहलाई समान अङ्कभार दिइएको छ ।

३. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनिज पदार्थ ऐन, २०४२ मा जमीनको सतह वा भू-गर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक समिश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी, नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुबैस्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिकरूपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भएबमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरू तयार गरिएको छ। ती सूचकहरूलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छ:

क्र.स	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
क.	भौगोलिक अवस्थिति १. खानी उत्खनन् क्षेत्र रहेका स्थानीय तह (Quarry Area) २. खानी उत्खननका लागि अनुमति दिइएका खनिज क्षेत्र (Lease Area)	 ६०% ४०%	५०%
ख.	प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area)		३०%

क्र.स	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा)	ढाँचा (जम्मा भार प्रतिशतमा)
ग.	प्रभावित क्षेत्रको जनसङ्ख्या (Affected Population)		२०%
जम्मा			**१००%**

क. भौगोलिक अवस्थिति

खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रूपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याइएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र (Lease Area) र सोभित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक अवस्थितिलाई दिइएको ५० प्रतिशत भारलाई शतप्रतिशत मानी सोमध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी, उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह वञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर, उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

ख. प्रभावित क्षेत्रको क्षेत्रफल

खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको क्षेत्रको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रूपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्रभित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ, खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।

ग. प्रभावित जनसङ्ख्या

खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई एउटा सूचकको रूपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसङ्ख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसङ्ख्याको अनुपातलाई आधार लिइएको छ। यस प्रयोजनका लागि कूल भारमध्येमा प्रभावित जनसङ्ख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

४. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा पाँच प्रकारका रोयल्टी शीर्षक उल्लेख भएकोमा क्रमसङ्ख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोत रहेको छ। आयोगबाट यसअन्तर्गत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी शीर्षकबाट सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका सूचक र भार तथा सोको व्याख्या तथा विश्लेषण निम्नानुसार छ:

क्र.सं.	सूचक	भार प्रतिशत
१.	प्रदेश तथा स्थानीय तहको क्षेत्रफल	३०%
२.	प्रदेश तथा स्थानीय तहमा रहेको BTS-Tower को सङ्ख्या	३०%
३.	प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या	२५%
४.	प्रदेश तथा स्थानीय तहमा रहेका मोबाइल प्रयोग गर्ने परिवारको सङ्ख्या	१५%
जम्मा		**१००%**

क. प्रदेश तथा स्थानीय तहको क्षेत्रफल

दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी बाँडफाँटका लागि प्रदेश तथा स्थानीय तहको भूगोललाई महत्त्वपूर्ण सूचकका रूपमा लिई ३० प्रतिशत भार दिइएको छ। देशका सबै प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीको प्रभाव पर्ने भएको हुँदा सबै प्रदेश तथा स्थानीय तहको क्षेत्रफलको आधारमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सबै स्थानीय तहलाई बाँडफाँट (संरक्षित क्षेत्रको भूगोल समावेश नगरी) गरिएको छ।

ख. प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower **को सङ्ख्या**

दूरसञ्चार सेवा प्रवाहका लागि आवश्यकसङ्ख्यामा BTS-Tower स्थापना गर्दा टावर, ब्याट्री लगायतका सामग्री भण्डारण गर्नुपर्ने हुँदा धेरै जमीन प्रयोग हुने र BTS-Tower को क्षेत्र वरपर चटयाङ्ग पर्दा क्षतिको असर बढी हुने सम्भावना हुँदा प्रत्येक प्रदेश र स्थानीय तहमा रहेका BTS-Tower को सङ्ख्यालाई दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्ने महत्त्वपूर्ण सूचकको रूपमा लिई ३० प्रतिशत भार दिइएको छ। यस सूचकको गणना गर्दा संरक्षित क्षेत्रभित्र रहेका BTS-Tower को सङ्ख्यालाई समावेश गरिएको छैन।

ग. प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या

नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्यजिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई सेवा प्रवाह गर्नुपर्ने हुन्छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्यामा दूरसञ्चार सेवाको प्रयोगबाट सकारात्मक र नकारात्मक असर/प्रभाव समेत पर्ने गरेको हुन्छ। साथै, दूरसञ्चार उपकरणको प्रयोगबाट सिर्जना हुने विद्युतीय फोहोर व्यवस्थापनको असर समेत जनसङ्ख्यामा पर्ने हुँदा रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा जनसङ्ख्यालाई २५ प्रतिशत भार दिइएको छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०७८ बाट लिइएको छ भने जनसङ्ख्याको विवरण लिँदा संस्थागत जनसङ्ख्या गणना गरिएको छैन।

घ. प्रदेश तथा स्थानीय तहमा रहेका मोबाइल प्रयोग गर्ने परिवारको सङ्ख्या

दूरसञ्चार सेवा प्राप्तिका लागि मोबाइल लगायतका विद्युतीय सामग्री प्रयोगबाट परिवारका सदस्यमा आर्थिक सामाजिकरूपमा सकारात्मक प्रभाव परे पनि ध्वनी प्रदूषण, रेडियसन प्रभाव जस्ता केही नकारात्मक प्रभाव समेत पर्ने हुँदा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको लागि प्रत्येक प्रदेश तथा स्थानीय तहमा मोबाइल प्रयोग गर्ने परिवारलाई सूचकको रूपमा लिई १५ प्रतिशत भार दिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार मोबाईल प्रयोगकर्ता परिवारको सङ्ख्या ९३.२ प्रतिशत रहेको छ।

स्थानीय तहअनुसार मोबाइल प्रयोगकर्ता परिवारको सङ्ख्या १२६ देखि २ लाख ३८ हजार ९ सय ६६ देखिन्छ भने यस्तो परिवार ५८ देखि ९८ प्रतिशतसम्म रहेको छ । स्थानीय तहमा रहेको जनसङ्ख्याको वितरण अनुसार नै मोबाइल प्रयोगकर्ताको परिवार सङ्ख्या देखिएकोले रोयल्टी बाँडफाँट समन्यायिक बनाउन मोबाइल प्रयोगकर्ता परिवार सङ्ख्यालाई समेत सूचकको रूपमा लिई गणना गरिएको छ ।

च. प्राकृतिक स्रोत (वन, खानी तथा खनिज र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी) को परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट तथा वितरण

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सङ्घीय विभाज्य कोषमा प्राकृतिक स्रोत परिचालन गर्ने निकायहरूबाट सङ्कलन भई दाखिला हुने रोयल्टी रकमबाट आयोगले गरेको हिस्सा निर्धारण सिफारिस बमोजिम महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

रोयल्टी वितरण गर्ने समयमा सम्बन्धित प्राकृतिक स्रोतबाट आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन हुने रोयल्टीलाई गणना **(२५% × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी)** गरी हुन आउने रकम आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा नेपाल सरकारले सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारहरूलाई बाँडफाँट तथा वितरण गर्नुपर्नेछ।

तालिका ६.३

सम्बन्धित प्रदेश सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा

१. वन

अ) राष्ट्रिय वन

आर्थिक वर्ष २०८३/०८४ मा राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा प्रदेशमा बाँडफाँट गर्दा सम्बन्धित प्रदेश अन्तर्गतका जिल्लाबाट प्राप्त रोयल्टीको २५ प्रतिशत हिस्सा सोही प्रदेशले प्राप्त गर्ने।

आ) संरक्षित क्षेत्र

संरक्षित क्षेत्रको क्र.सं.	संरक्षित क्षेत्रको नाम	प्रदेश	रोयल्टीको हिस्सा
१	API NAMPA CA	सूदुरपश्चिम प्रदेश	१.००००००
२	Annapurna Conservation Area (ACA)	गण्डकी प्रदेश	१.००००००
३	BANKE NP	लुम्बिनी प्रदेश	०.७९८८२४
३	BANKE NP	कर्णाली प्रदेश	०.२०११७६
४	BARDIA NP	लुम्बिनी प्रदेश	०.७६११८५
४	BARDIA NP	कर्णाली प्रदेश	०.२३८८१५
५	CHHAYANATH NP	कर्णाली प्रदेश	१.००००००
६	CHITWAN NP	मधेश प्रदेश	०.०७८६२०
६	CHITWAN NP	बागमती प्रदेश	०.५७४१०६
६	CHITWAN NP	गण्डकी प्रदेश	०.२९५६०१
६	CHITWAN NP	लुम्बिनी प्रदेश	०.०५१६७३
७	DHORPATAN HR	गण्डकी प्रदेश	०.४१८४७४
७	DHORPATAN HR	लुम्बिनी प्रदेश	०.३६९१७४
७	DHORPATAN HR	कर्णाली प्रदेश	०.२१२३५२
८	Gaurishankar Conservation Area (GCA)	बागमती प्रदेश	१.००००००
९	KANCHENJUNGA CA	कोशी प्रदेश	१.००००००
१०	KHAPTAD NP	सूदुरपश्चिम प्रदेश	१.००००००
११	KOSHI TAPPU WR	कोशी प्रदेश	०.५५९६४९
११	KOSHI TAPPU WR	मधेश प्रदेश	०.४४०३५१
१२	KRISHNASAAR CA	लुम्बिनी प्रदेश	१.००००००
१३	LANGTANG NP	बागमती प्रदेश	१.००००००

संरक्षित क्षेत्रको क्र.सं.	संरक्षित क्षेत्रको नाम	प्रदेश	रोयल्टीको हिस्सा
१४	MAKALU BARUN NP	कोशी प्रदेश	१.००००००
१५	Manaslu Conservation Area	गण्डकी प्रदेश	१.००००००
१६	PARSA NP	मधेश प्रदेश	०.४४९४६२
१६	PARSA NP	बागमती प्रदेश	०.५५०५३८
१७	RARA NP	कर्णाली प्रदेश	१.००००००
१८	SAGARMATHA NP	कोशी प्रदेश	१.००००००
१९	SHEYPHOKSUNO NP	कर्णाली प्रदेश	१.००००००
२०	SHIVAPURI NAGARJUN NP	बागमती प्रदेश	१.००००००
२१	SHUKLAPHANTA NP	सूदुरपश्चिम प्रदेश	१.००००००

२. खानी तथा खनिज

खानी क्र.सं.	उत्खनन अनुमतिपत्र	कम्पनी/व्यक्ति	खनिज पदार्थ	प्रदेश	रोयल्टीको हिस्सा
१	४/०७६/७७	पाल्पा कोल प्रा.लि	पत्थर कोइला	लुम्बिनी प्रदेश	१.०००००
२	७२/०७२/७३	शुभम खनिज उद्योग प्रा.लि.	पत्थर कोइला	लुम्बिनी प्रदेश	१.०००००
३	५२/०७७/७८	ए.एन. माइनिंग प्रा.लि	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
४	०७/०७३/७४	अल्फा कन्सट्रक्सन एण्ड डेभलपर्स प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
५	१२५/०७४/७५	वि.एस.सिमेन्ट ई. प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
६	३९/०५५/५६	भूगर्भ सिमेन्ट उद्योग प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
७	७२/०६७/६८	विश्व कर्मा माइन्स एण्ड मिनरल्स प्रा.लि	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
८	१२७/०७८/७९	सि.जि सिमेन्ट ई. पाल्पा प्रा.लि	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
९	३०/०६८/६९	कसमस सिमेन्ट ई. प्रा.लि.	चुनढुङ्गा	कोशी प्रदेश	१.०००००
१०	८२/०६३/६४	डोलोमाइट चुनढुङ्गा उद्योग प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
११	१३४/०७६/७७	गुराँस सिमेन्ट प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
१२	१७४/०६५/६६	गुराँस सिमेन्ट प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
१३	४२/०७४/७५	होङ्गशी शिवम सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
१४	९७/०७७/७८	हुवाजिन नारायणी सिमेन्ट प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
१५	११९/०६४/६५	कंचन क्वेरिज प्रा.,लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
१६	२३/०७१/७२	लक्ष्मी माईनिङ्ग प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
१७	३२/०७७/७८	मनकामना माइन्स एण्ड मिनरल्स प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
१८	२२१/३९७/४५/४६	मारूती सिमेन्टस लि.	चुनढुङ्गा	कोशी प्रदेश	०.१६३४२९
१८	२२१/३९७/४५/४६	मारूती सिमेन्टस लि.	चुनढुङ्गा	बागमती प्रदेश	०.८३६५७१
१९	५२/०७५/७६	मेगा माइन्स एण्ड मिनरल्स प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
२०	३३/०७२/७३	नेपाल शालिमार सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
२१	०६/०७३/७४	पाल्पा सिमेन्ट ई. प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
२२	४९/०७३/७४	आर.पि माइनिंग प्रा.लि	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
२३	३०/०७५/७६	रिद्धिसिद्धि सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
२४	७५/०७६/७७	रिद्धिसिद्धि सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
२५	९१/०८१/८२	रिद्धिसिद्धि सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
२६	६१/०६६/६७	रोल्पा सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	कर्णाली प्रदेश	०.१८३२५४
२६	६१/०६६/६७	रोल्पा सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	०.८१६७४६
२७	११६/०७५/७६	सम्राट सिमेण्ट उद्योग	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
२८	४/०७३/७४	सर्वोत्तम सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००

खानी क्र.सं.	उत्खनन अनुमतिपत्र	कम्पनी/व्यक्ति	खनिज पदार्थ	प्रदेश	रोयल्टीको हिस्सा
२९	११/०६९/७०	सर्वोत्तम सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३०	१८/०७६/७७	सर्वोत्तम सिमेन्ट प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३१	१३५/०७४/७५	सत्यसाई कोल उद्योग	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३२	३८/०५५/५६	सौर्य सिमेन्टस लि.	चुनढुङ्गा	कोशी प्रदेश	१.०००००
३३	४७/०६३/६४	शिवम सिमेन्टस लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
३४	७८/०६४/६५	शिवम सिमेन्टस लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
३५	४०/०७५/७६	शुभश्री अग्नि सिमेन्ट उद्योग प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३६	१८०/०६५/६६	सिद्धार्थ मिनरल्स प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३७	२१३/०७१/७२	सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३८	८०/०६६/६७	सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि.	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
३९	४/०८०/८१	सुपरसन् इनोभेसन प्रा.लि	चुनढुङ्गा	लुम्बिनी प्रदेश	१.०००००
४०	८८/०७८/७९	त्रिशक्ति होल्डिन्ग्स प्रा.लि	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
४१	२६/०६९/७०	उदयपुर मिनरल टेक प्रा.लि.	चुनढुङ्गा	कोशी प्रदेश	१.०००००
४२	०९/०६६/६७	यूनाइटेड सिमेन्टस प्रा.लि.	चुनढुङ्गा	बागमती प्रदेश	१.०००००
४३	१५५/०७१/७२	डि.एस.ई प्रा.लि.	क्वारजाइट	बागमती प्रदेश	१.०००००
४४	९०/०७४/७५	धर्म बहादुर श्रेष्ठ	क्वारजाइट	बागमती प्रदेश	१.०००००
४५	११/०८१/८२	गण्डक स्टोन प्रा.लि	क्वारजाइट	गण्डकी प्रदेश	१.०००००
४६	५५/०७४/७५	धौलागिरी एस टि एम ढुङ्गा उद्योग एण्ड इन्भेष्टमेन्ट प्रा.लि.	क्वारजाइट	गण्डकी प्रदेश	१.०००००
४७	४७/०७६/७७	गौरीशंकर खनिज उद्योग प्रा.लि	खरी	बागमती प्रदेश	१.०००००
४८	५९/०७४/७५	जियोमिनरल रिजर्भ प्रा.लि.	खरी	सुदुरपश्चिम प्रदेश	१.०००००
४९	१५५/०७८/७९	सांग्रिला मिनरल्स प्रा.लि	खरी	सुदुरपश्चिम प्रदेश	१.०००००
५०	७७/०७१/७२	टेन माईक्रोन (नेपाल) प्रा.लि	खरी	बागमती प्रदेश	१.०००००

३. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी

क्र. सं.	प्रदेश	रोयल्टीको हिस्सा
१	कोशी प्रदेश	०.१७०७००
२	मधेश प्रदेश	०.१४३००१
३	बागमती प्रदेश	०.१९५८९०
४	गण्डकी प्रदेश	०.१३३६२८
५	लुम्बिनी प्रदेश	०.१५३९५१
६	कर्णाली प्रदेश	०.०९६३२१
७	सूदुरपश्चिम प्रदेश	०.१०६५०९

तालिका ६.४

सम्बन्धित स्थानीय सरकारलाई आर्थिक वर्ष २०८३/८४ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा

१. वन

अ) राष्ट्रिय वन

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१	१०१०१	फक्ताङ्लुङ्ग गाउँपालिका	ताप्लेजुङ	०.१४१३१६
२	१०१०२	मिक्वाखोला गाउँपालिका	ताप्लेजुङ	०.११४३१२
३	१०१०३	मेरिङ्गदेन गाउँपालिका	ताप्लेजुङ	०.१०७८७१
४	१०१०४	मैवाखोला गाउँपालिका	ताप्लेजुङ	०.१०१२४७
५	१०१०५	आठराई त्रिवेणी गाउँपालिका	ताप्लेजुङ	०.०९७९१२
६	१०१०६	फुङलिङ्ग नगरपालिका	ताप्लेजुङ	०.१११५००
७	१०१०७	पाथिभरा याङ्वराक गाउँपालिका	ताप्लेजुङ	०.०९७६७७
८	१०१०८	सिरीजङ्गा गाउंपालिका	ताप्लेजुङ	०.१२०६०३
९	१०१०९	सिदिङ्गवा गाउँपालिका	ताप्लेजुङ	०.१०७५६२
१०	१०२०१	भोटखोला गाउँपालिका	संखुवासभा	०.११०९८८
११	१०२०२	मकालु गाउँपालिका	संखुवासभा	०.१२८०६९
१२	१०२०३	सिलीचोङ गाउँपालिका	संखुवासभा	०.१०९०१९
१३	१०२०४	चिचिला गाउँपालिका	संखुवासभा	०.०८५८२३
१४	१०२०५	सभापोखरी गाउँपालिका	संखुवासभा	०.०९४७३६
१५	१०२०६	खाँदबारी नगरपालिका	संखुवासभा	०.०९८६३६
१६	१०२०७	पाँचखपन नगरपालिका	संखुवासभा	०.०९२३५९
१७	१०२०८	चैनपुर नगरपालिका	संखुवासभा	०.०९९८९०
१८	१०२०९	मादी नगरपालिका	संखुवासभा	०.०८९०७२
१९	१०२१०	धर्मदेवी नगरपालिका	संखुवासभा	०.०९१४०८
२०	१०३०१	खुम्बु पासाङल्हामु गाउँपालिका	सोलुखुम्बु	०.१२६५१६
२१	१०३०२	माहाकुलुङ गाउँपालिका	सोलुखुम्बु	०.१३५६९३
२२	१०३०३	सोताङ गाउँपालिका	सोलुखुम्बु	०.१०५७२५
२३	१०३०४	माप्य दुधकोशी गाउँपालिका	सोलुखुम्बु	०.१०७७३२
२४	१०३०५	थुलुङ दुधकोशी गाउँपालिका	सोलुखुम्बु	०.१५९४५६
२५	१०३०६	नेचासल्यान गाउँपालिका	सोलुखुम्बु	०.१०३३४६
२६	१०३०७	सोलुदुधकुण्ड नगरपालिका	सोलुखुम्बु	०.१५५५४८
२७	१०३०८	लिखु पिके गाउँपालिका	सोलुखुम्बु	०.१०५९८४
२८	१०४०१	चिशंखुगढी गाउँपालिका	ओखलढुङ्गा	०.११०७१५
२९	१०४०२	सिद्धिचरण नगरपालिका	ओखलढुङ्गा	०.१२८८७६
३०	१०४०३	मोलुङ्ग गाउँपालिका	ओखलढुङ्गा	०.१२४३२५
३१	१०४०४	खिजीदेम्बा गाउँपालिका	ओखलढुङ्गा	०.१३३१२१
३२	१०४०५	लिखु गाउँपालिका	ओखलढुङ्गा	०.११६२५७
३३	१०४०६	चम्पादेवी गाउँपालिका	ओखलढुङ्गा	०.१२४१४७
३४	१०४०७	सुनकोशी गाउँपालिका	ओखलढुङ्गा	०.१३७४६६
३५	१०४०८	मानेभन्ज्याङ्ग गाउँपालिका	ओखलढुङ्गा	०.१२५०९३
३६	१०५०१	केपिलासगढी गाउँपालिका	खोटाङ	०.१०१९१२
३७	१०५०२	ऐसेलुखर्क गाउँपालिका	खोटाङ	०.०९०९३६
३८	१०५०३	रावा बेसी गाउँपालिका	खोटाङ	०.०८८४२०
३९	१०५०४	हलेसी तुवाचुङ नगरपालिका	खोटाङ	०.१२५४२२

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
४०	१०५०५	दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका	खोटाङ	०.११९७६८
४१	१०५०६	साकेला गाउँपालिका	खोटाङ	०.०८७२६५
४२	१०५०७	दिप्रुङ चुइचुम्मा गाउँपालिका	खोटाङ	०.०९७२९९
४३	१०५०८	खोटेहाङ गाउँपालिका	खोटाङ	०.१००१२५
४४	१०५०९	जन्तेढुङ्गा गाउँपालिका	खोटाङ	०.०९४१८९
४५	१०५१०	बराहपोखरी गाउँपालिका	खोटाङ	०.०९४६६४
४६	१०६०१	षडानन्द नगरपालिका	भोजपुर	०.१२१२८५
४७	१०६०२	साल्पासिलिछो गाउँपालिका	भोजपुर	०.११४५४२
४८	१०६०३	टेम्केमैयुङ गाउँपालिका	भोजपुर	०.१०७४३५
४९	१०६०४	भोजपुर नगरपालिका	भोजपुर	०.११२१५७
५०	१०६०५	अरूण गाउँपालिका	भोजपुर	०.१०९३५४
५१	१०६०६	पौवा दुङ्मा गाउँपालिका	भोजपुर	०.१०८११४
५२	१०६०७	रामप्रसाद राई गाउँपालिका	भोजपुर	०.१०५६८२
५३	१०६०८	हतुवागढी गाउँपालिका	भोजपुर	०.१०९१४५
५४	१०६०९	आमचोक गाउँपालिका	भोजपुर	०.११२२८६
५५	१०७०१	महालक्ष्मी नगरपालिका	धनकुटा	०.१४३७०८
५६	१०७०२	पाख्रिबास नगरपालिका	धनकुटा	०.१४४४९७
५७	१०७०३	छथर जोरपाटी गाउँपालिका	धनकुटा	०.१३३७८२
५८	१०७०४	धनकुटा नगरपालिका	धनकुटा	०.१४५०५६
५९	१०७०५	सहिदभुमी गाउँपालिका	धनकुटा	०.१२८९२६
६०	१०७०६	साँगुरीगढी गाउँपालिका	धनकुटा	०.१५३४७२
६१	१०७०७	चौविसे गाउँपालिका	धनकुटा	०.१५०५५९
६२	१०८०१	आठराई गाउँपालिका	तेह्रथुम	०.१८३५०८
६३	१०८०२	फेदाप गाउँपालिका	तेह्रथुम	०.१६८५४६
६४	१०८०३	मेन्छयायेम गाउँपालिका	तेह्रथुम	०.१४४७७०
६५	१०८०४	म्याङ्लुङ्ग नगरपालिका	तेह्रथुम	०.१६५९९९
६६	१०८०५	लालीगुराँस नगरपालिका	तेह्रथुम	०.१५७७०३
६७	१०८०६	छथर गाउँपालिका	तेह्रथुम	०.१७९४७४
६८	१०९०१	याङवरक गाउँपालिका	पाँचथर	०.१३३९८१
६९	१०९०२	हिलिहाङ्ग गाउँपालिका	पाँचथर	०.११४५३९
७०	१०९०३	फालेलुङ्ग गाउँपालिका	पाँचथर	०.१३६१०१
७१	१०९०४	फिदिम नगरपालिका	पाँचथर	०.१४११६१
७२	१०९०५	फाल्गुनन्द गाउँपालिका	पाँचथर	०.११३०३१
७३	१०९०६	कुम्मायक गाउँपालिका	पाँचथर	०.११४९२९
७४	१०९०७	तुम्बेवा गाउँपालिका	पाँचथर	०.१०६८५६
७५	१०९०८	मिक्लाजुङ गाउँपालिका	पाँचथर	०.१३९४०२
७६	११००१	माई जोगमाई गाउँपालिका	इलाम	०.०९५६१७
७७	११००२	सन्दकपुर गाउँपालिका	इलाम	०.०९८९४९
७८	११००३	ईलाम नगरपालिका	इलाम	०.१०४१७६
७९	११००४	देउमाई नगरपालिका	इलाम	०.०९९६१७
८०	११००५	फाकफोकथुम गाउँपालिका	इलाम	०.०९०७१६
८१	११००६	माङसेबुङ गाउापालिका	इलाम	०.०९८६०९
८२	११००७	चुलाचुली गाउँपालिका	इलाम	०.०९३०२०
८३	११००८	माई नगरपालिका	इलाम	०.१११३६०
८४	११००९	सूर्योदय नगरपालिका	इलाम	०.१११२९०

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
८५	११०१०	रोङ गाउँपालिका	इलाम	०.०९६६४६
८६	१११०१	मेचीनगर नगरपालिका	झापा	०.०८०८८९
८७	१११०२	बुद्धशान्ति गाउँपालिका	झापा	०.०७५८१८
८८	१११०३	अर्जुनधारा नगरपालिका	झापा	०.०७७४४१
८९	१११०४	कन्काई नगरपालिका	झापा	०.०७३६४१
९०	१११०५	शिवसताक्षी नगरपालिका	झापा	०.०७८३५८
९१	१११०६	कमल गाउँपालिका	झापा	०.०६८५८३
९२	१११०७	दमक नगरपालिका	झापा	०.०६८३७४
९३	१११०८	गौरादह नगरपालिका	झापा	०.०६२७६१
९४	१११०९	गौरिगञ्ज गाउँपालिका	झापा	०.००३९४८
९५	१११११०	झापा गाउँपालिका	झापा	०.०६१४२७
९६	१११११	बाह्रदशी गाउँपालिका	झापा	०.०६१३६२
९७	१११११२	बिर्तामोड नगरपालिका	झापा	०.०६५७५५
९८	१११११३	हल्दीबारी गाउँपालिका	झापा	०.०९१६६२
९९	१११११४	भद्रमपुर नगरपालिका	झापा	०.०६५३८७
१००	१११११५	कचनकवल गाउँपालिका	झापा	०.०६४५९४
१०१	११२०१	मिक्लाजुङ्ग गाउँपालिका	मोरङ	०.०९९३०९
१०२	११२०२	लेटाङ नगरपालिका	मोरङ	०.११६७२९
१०३	११२०३	केराबारी गाउँपालिका	मोरङ	०.११७५७०
१०४	११२०४	सुन्दरहरैंचा नगरपालिका	मोरङ	०.०८४२५०
१०५	११२०५	बेलबारी नगरपालिका	मोरङ	०.०८६६०१
१०६	११२०६	कानेपोखरी गाउँपालिका	मोरङ	०.०७८४१९
१०७	११२०७	पथरी शनिश्चरे नगरपालिका	मोरङ	०.०७७०००
१०८	११२०८	उर्लाबारी नगरपालिका	मोरङ	०.०७५७९३
१०९	११२०९	रतुवामाई नगरपालिका	मोरङ	०.०७४७२७
११०	११२१०	सुनवर्षी नगरपालिका	मोरङ	०.०७४३८१
१११	११२११	रंगेली नगरपालिका	मोरङ	०.००५५०१
११२	११२१२	ग्रामथान गाउँपालिका	मोरङ	०.००४२०५
११३	११२१३	बुढीगंगा गाउँपालिका	मोरङ	०.००५१३८
११४	११२१४	बिराटनगर महानगरपालिका	मोरङ	०.०१६७६०
११५	११२१५	कटहरी गाउँपालिका	मोरङ	०.००४९५८
११६	११२१६	धनपालथान गाउँपालिका	मोरङ	०.०७३७५४
११७	११२१७	जहदा गाउँपालिका	मोरङ	०.००४९०५
११८	११३०१	धरान उपमहानगरपालिका	सुनसरी	०.२५७४६५
११९	११३०२	बराहक्षेत्र नगरपालिका	सुनसरी	०.१७९४५३
१२०	११३०३	कोशी गाउँपालिका	सुनसरी	०.११५३०३
१२१	११३०४	भोक्राहा नरसिंह गाउँपालिका	सुनसरी	०.११५७५६
१२२	११३०५	रामधुनी नगरपालिका	सुनसरी	०.१२६८६५
१२३	११३०६	ईटहरी उपमहानगरपालिका	सुनसरी	०.१४४००९
१२४	११३०७	दुहबी नगरपालिका	सुनसरी	०.०११९३६
१२५	११३०८	गढी गाउँपालिका	सुनसरी	०.००८८१२
१२६	११३०९	इनरूवा नगरपालिका	सुनसरी	०.०१२९४६
१२७	११३१०	हरिनगर गाउँपालिका	सुनसरी	०.०१००८१
१२८	११३११	देवानगन्ज गाउँपालिका	सुनसरी	०.००८८४६
१२९	११३१२	बर्जु गाउँपालिका	सुनसरी	०.००८५२८

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१३०	११४०१	बेलका नगरपालिका	उदयपुर	०.१२६५२०
१३१	११४०२	चौदण्डीगढी नगरपालिका	उदयपुर	०.१२५३७५
१३२	११४०३	त्रियुगा नगरपालिका	उदयपुर	०.१६५२१७
१३३	११४०४	रौतामाई गाउँपालिका	उदयपुर	०.११३०९३
१३४	११४०५	लिम्चुङ्बुङ गाउँपालिका	उदयपुर	०.१०२५८१
१३५	११४०६	ताप्ली गाउँपालिका	उदयपुर	०.१०४९४८
१३६	११४०७	कटारी नगरपालिका	उदयपुर	०.१३९९४५
१३७	११४०८	उदयपुरगढी गाउँपालिका	उदयपुर	०.१२२३२१
१३८	२०१०१	सप्तकोशी नगरपालिका	सप्तरी	०.११६८५६
१३९	२०१०२	कन्चनरूप नगरपालिका	सप्तरी	०.१२१७३१
१४०	२०१०३	अग्मीसयर कृष्ण सवरन गाउँपालिका	सप्तरी	०.१३७६८८
१४१	२०१०४	रूपनी गाउँपालिका	सप्तरी	०.१०२५१५
१४२	२०१०५	शम्भुनाथ नगरपालिका	सप्तरी	०.१३११८९
१४३	२०१०६	खडक नगरपालिका	सप्तरी	०.११७३२४
१४४	२०१०७	सुरूङ्गा नगरपालिका	सप्तरी	०.१०६४९७
१४५	२०१०८	बलान बिहुल गाउँपालिका	सप्तरी	०.००५३२१
१४६	२०१०९	बोदेबरसाईन नगरपालिका	सप्तरी	०.००८०९६
१४७	२०११०	डाक्नेश्वरी नगरपालिका	सप्तरी	०.००८३०९
१४८	२०१११	राजगढ गाउँपालिका	सप्तरी	०.००६४२३
१४९	२०११२	विष्णुपुर गाउँपालिका	सप्तरी	०.००५८३६
१५०	२०११३	राजविराज नगरपालिका	सप्तरी	०.०१११५६
१५१	२०११४	महादेवा गाउँपालिका	सप्तरी	०.००६१५८
१५२	२०११५	तिरहुत गाउँपालिका	सप्तरी	०.०९३२८५
१५३	२०११६	हनुमाननगर कङ्कालिनी नगरपालिका	सप्तरी	०.००८९३३
१५४	२०११७	तिलाठी कोईलाडी गाउँपालिका	सप्तरी	०.००६५७१
१५५	२०११८	छिन्नमस्ता गाउँपालिका	सप्तरी	०.००६११२
१५६	२०२०१	लहान नगरपालिका	सिरहा	०.११२९९०
१५७	२०२०२	धनगढीमाई नगरपालिका	सिरहा	०.१२४५९३
१५८	२०२०३	गोलबजार नगरपालिका	सिरहा	०.०९७३३५
१५९	२०२०४	मिर्चैया नगरपालिका	सिरहा	०.०९५२२१
१६०	२०२०५	कर्जन्हा नगरपालिका	सिरहा	०.०९१९४३
१६१	२०२०६	कल्याणपुर नगरपालिका	सिरहा	०.०७६६८४
१६२	२०२०७	नरहा गाउँपालिका	सिरहा	०.००४१५१
१६३	२०२०८	विष्णुपुर गाउँपालिका	सिरहा	०.००४१५३
१६४	२०२०९	अर्नमा गाउँपालिका	सिरहा	०.०७३६१९
१६५	२०२१०	सुखीपुर नगरपालिका	सिरहा	०.०७४९६८
१६६	२०२११	लक्ष्मीपुर पतारी गाउँपालिका	सिराहा	०.०७३९०४
१६७	२०२१२	सखुवानान्कारकट्टी गाउँपालिका	सिरहा	०.००३९७३
१६८	२०२१३	भगवानपुर गाउँपालिका	सिरहा	०.००४२०९
१६९	२०२१४	नवराजपुर गाउँपालिका	सिरहा	०.००३९७
१७०	२०२१५	बरियारपट्टी गाउँपालिका	सिरहा	०.०७३७९६
१७१	२०२१६	औरही गाउँपालिका	सिरहा	०.००४४९८
१७२	२०२१७	सिराहा नगरपालिका	सिरहा	०.०७९९९३
१७३	२०३०१	गणेशमान चारनाथ नगरपालिका	धनुषा	०.२४२८७२
१७४	२०३०२	धनुषाधाम नगरपालिका	धनुषा	०.१३२३८६

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१७५	२०३०३	मिथिला नगरपालिका	धनुषा	०.१९९६१८
१७६	२०३०४	बटेश्वर गाउँपालिका	धनुषा	०.१०५२९९
१७७	२०३०५	क्षिरेश्वरनाथ नगरपालिका	धनुषा	०.००८६८२
१७८	२०३०६	लक्ष्मीनिया गाउँपालिका	धनुषा	०.००६४६३
१७९	२०३०७	मिथिला बिहारी नगरपालिका	धनुषा	०.००७२०२
१८०	२०३०८	हंसपुर नगरपालिका	धनुषा	०.००७९७४
१८१	२०३०९	सबैला नगरपालिका	धनुषा	०.११०००८
१८२	२०३१०	शहीदनगर नगरपालिका	धनुषा	०.००८९९९
१८३	२०३११	कमला नगरपालिका	धनुषा	०.१०८०९०
१८४	२०३१२	जनक नन्दिनी गाउँपालिका	धनुषा	०.००५९१६
१८५	२०३१३	बिदेह नगरपालिका	धनुषा	०.००७१३६
१८६	२०३१४	औरही गाउँपालिका	धनुषा	०.००५५५८
१८७	२०३१५	जनकपुरधाम उपमहानगरपालिका	धनुषा	०.०२५२६९
१८८	२०३१६	धनौजी गाउँपालिका	धनुषा	०.००५३१४
१८९	२०३१७	नगराइन नगरपालिका	धनुषा	०.००७१७५
१९०	२०३१८	मुखियापट्टी मुसहरमिया गाउँपालिका	धनुषा	०.००६०३९
१९१	२०४०१	बर्दिबास नगरपालिका	महोत्तरी	०.३९९६३३
१९२	२०४०२	गौशाला नगरपालिका	महोत्तरी	०.२११००९
१९३	२०४०३	सोनमा गाउँपालिका	महोत्तरी	०.०१३४८१
१९४	२०४०४	औरही नगरपालिका	महोत्तरी	०.०१२३२३
१९५	२०४०५	भँगाहा नगरपालिका	महोत्तरी	०.०८७३९३
१९६	२०४०६	लोहरपट्टी नगरपालिका	महोत्तरी	०.०१४०२५
१९७	२०४०७	बलवा नगरपालिका	महोत्तरी	०.१५७६५७
१९८	२०४०८	राम गोपालपुर नगरपालिका	महोत्तरी	०.०१२०८८
१९९	२०४०९	साम्सी गाउँपालिका	महोत्तरी	०.०१२५७०
२००	२०४१०	मनरा शिसवा नगरपालिका	महोत्तरी	०.०१५३२४
२०१	२०४११	एकडारा गाउँपालिका	महोत्तरी	०.०१११९१
२०२	२०४१२	महोत्तरी गाउँपालिका	महोत्तरी	०.०१०५९२
२०३	२०४१३	पिपरा गाउँपालिका	महोत्तरी	०.०१२९६५
२०४	२०४१४	मटिहानी नगरपालिका	महोत्तरी	०.०१२०७५
२०५	२०४१५	जलेश्वर नगरपालिका	महोत्तरी	०.०१७६७४
२०६	२०५०१	लालबन्दी नगरपालिका	सर्लाही	०.२३५१४३
२०७	२०५०२	हरिवन नगरपालिका	सर्लाही	०.११५७९५
२०८	२०५०३	बागमती नगरपालिका	सर्लाही	०.१०७०८१
२०९	२०५०४	बरहथवा नगरपालिका	सर्लाही	०.१०१७९०
२१०	२०५०५	हरिपुर नगरपालिका	सर्लाही	०.११०२३३
२११	२०५०६	ईश्वरपुर नगरपालिका	सर्लाही	०.१५३८९१
२१२	२०५०७	हरिपुर्वा नगरपालिका	सर्लाही	०.००६३६४
२१३	२०५०८	पर्सा गाउँपालिका	सर्लाही	०.००४८१०
२१४	२०५०९	ब्रह्मपुरी गाउँपालिका	सर्लाही	०.००५५८९
२१५	२०५१०	चन्द्रनगर गाउँपालिका	सर्लाही	०.००६१७३
२१६	२०५११	कविलासी नगरपालिका	सर्लाही	०.००६९४४
२१७	२०५१२	चक्रघट्टा गाउँपालिका	सर्लाही	०.००५३९५
२१८	२०५१३	बसबरिया गाउँपालिका	सर्लाही	०.००५०१०
२१९	२०५१४	धनकौल गाउँपालिका	सर्लाही	०.००५२२९

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
२२०	२०५१५	रामनगर गाउँपालिका	सर्लाही	०.००५५८७
२२१	२०५१६	बलरा नगरपालिका	सर्लाही	०.०९८३२३
२२२	२०५१७	गोडैटा नगरपालिका	सर्लाही	०.००८००८
२२३	२०५१८	विष्णु गाउँपालिका	सर्लाही	०.००५२९२
२२४	२०५१९	कौडेना गाउँपालिका	सर्लाही	०.००५३०६
२२५	२०५२०	मलंगवा नगरपालिका	सर्लाही	०.००८०३७
२२६	२०६०१	चन्द्रपुर नगरपालिका	रौतहट	०.२१५६९०
२२७	२०६०२	गुजरा नगरपालिका	रौतहट	०.१५९३४६
२२८	२०६०३	फतुवा बिजयपुर नगरपालिका	रौतहट	०.१०६०७०
२२९	२०६०४	कटहरिया नगरपालिका	रौतहट	०.००८०११
२३०	२०६०५	बृन्दावन नगरपालिका	रौतहट	०.१२७५४५
२३१	२०६०६	गढीमाई नगरपालिका	रौतहट	०.००८३९९
२३२	२०६०७	माधव नारायण नगरपालिका	रौतहट	०.००७४३४
२३३	२०६०८	गरूडा नगरपालिका	रौतहट	०.१०५०१८
२३४	२०६०९	देवाही गोनाही नगरपालिका	रौतहट	०.१०२४३६
२३५	२०६१०	मौलापुर नगरपालिका	रौतहट	०.१०१६७६
२३६	२०६११	बौधीमाई नगरपालिका	रौतहट	०.००७२५१
२३७	२०६१२	परोहा नगरपालिका	रौतहट	०.००७९९७
२३८	२०६१३	राजपुर नगरपालिका	रौतहट	०.००८९७९
२३९	२०६१४	यमुनामाई गाउँपालिका	रौतहट	०.००५९७३
२४०	२०६१५	दुर्गा भगवती गाउँपालिका	रौतहट	०.००५३२४
२४१	२०६१६	राजदेवी नगरपालिका	रौतहट	०.००६८२१
२४२	२०६१७	गौर नगरपालिका	रौतहट	०.००७३१२
२४३	२०६१८	ईशनाथ नगरपालिका	रौतहट	०.००८७१८
२४४	२०७०१	निजगढ नगरपालिका	बारा	०.३०६२०९
२४५	२०७०२	कोल्हवी नगरपालिका	बारा	०.२१८४४८
२४६	२०७०३	जीतपुर सिमरा उपमहानगरपालिका	बारा	०.३०२६८५
२४७	२०७०४	परवानीपुर गाउँपालिका	बारा	०.००९८०९
२४८	२०७०५	प्रसौनी गाउँपालिका	बारा	०.००९९४४
२४९	२०७०६	विश्रामपुर गाउँपालिका	बारा	०.००९८३८
२५०	२०७०७	फेटा गाउँपालिका	बारा	०.०१०५४६
२५१	२०७०८	कलैया उपमहानगरपालिका	बारा	०.०३२३३७
२५२	२०७०९	करैयामाई गाउँपालिका	बारा	०.०१०७०२
२५३	२०७१०	बारागढी गाउँपालिका	बारा	०.०१०७८१
२५४	२०७११	आदर्श कोटवाल गाउँपालिका	बारा	०.०१११४६
२५५	२०७१२	सिम्रौनगढ नगरपालिका	बारा	०.०१५८९८
२५६	२०७१३	पचरौता नगरपालिका	बारा	०.०१२९९७
२५७	२०७१४	महागढीमाई नगरपालिका	बारा	०.०१६८१७
२५८	२०७१५	देवताल गाउँपालिका	बारा	०.००९९३३
२५९	२०७१६	सुवर्ण गाउँपालिका	बारा	०.०११९१
२६०	२०८०१	ठोरी गाउँपालिका	पर्सा	०.१७५०८४
२६१	२०८०२	जिराभवानी गाउँपालिका	पर्सा	०.११८१४६
२६२	२०८०३	जगरनाथपुर गाउँपालिका	पर्सा	०.००८१७६
२६३	२०८०४	पटेर्वा सुगौली गाउँपालिका	पर्सा	०.१२४२७५
२६४	२०८०५	सखुवा प्रसौनी गाउँपालिका	पर्सा	०.१२१५८७

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
२६५	२०८०६	पर्सागढी नगरपालिका	पर्सा	०.१४८५५५
२६६	२०८०७	बिरगन्ज महानगरपालिका	पर्सा	०.१५५२२४
२६७	२०८०८	बहुदरमाई नगरपालिका	पर्सा	०.१०५०८६
२६८	२०८०९	पोखरिया नगरपालिका	पर्सा	०.००८९११
२६९	२०८१०	कालिकामाई गाउँपालिका	पर्सा	०.००६८३५
२७०	२०८११	धोबीनी गाउँपालिका	पर्सा	०.००६७०७
२७१	२०८१२	छिपहरमाई गाउँपालिका	पर्सा	०.००७६५४
२७२	२०८१३	पकाहा मैनपुर गाउँपालिका	पर्सा	०.००६७०४
२७३	२०८१४	बिन्दबासिनी गाउँपालिका	पर्सा	०.००७०५६
२७४	३०१०१	गौरिशंकर गाउँपालिका	दोलखा	०.१३९७७४
२७५	३०१०२	बिगु गाउँपालिका	दोलखा	०.१३१८९७
२७६	३०१०३	कालिन्चोक गाउँपालिका	दोलखा	०.१०२२१६
२७७	३०१०४	बैतेस्वर गाउँपालिका	दोलखा	०.०९४८२०
२७८	३०१०५	जिरी नगरपालिका	दोलखा	०.११३८२९
२७९	३०१०६	तामाकोशी गाउँपालिका	दोलखा	०.१०१५६५
२८०	३०१०७	मेलुङ्ग गाउँपालिका	दोलखा	०.०९४१५४
२८१	३०१०८	शैलुङ गाउँपालिका	दोलखा	०.१०५०१९
२८२	३०१०९	भिमेश्वर नगरपालिका	दोलखा	०.११६७२६
२८३	३०२०१	भोटेकोशी गाउँपालिका	सिन्धुपाल्चोक	०.०८७१०३
२८४	३०२०२	जुगल गाउँपालिका	सिन्धुपाल्चोक	०.०९९८६०
२८५	३०२०३	पाँचपोखरी थाङपाल गाउँपालिका	सिन्धुपाल्चोक	०.०९७८४१
२८६	३०२०४	हेलम्बु गाउँपालिका	सिन्धुपाल्चोक	०.०८६३१८
२८७	३०२०५	मेलम्ची नगरपालिका	सिन्धुपाल्चोक	०.०८३९४६
२८८	३०२०६	ईन्द्रावती गाउँपालिका	सिन्धुपाल्चोक	०.०७९४४७
२८९	३०२०७	चौतारा साँगाचोकगढी नगरपालिका	सिन्धुपाल्चोक	०.०९०५३३
२९०	३०२०८	बलेफी गाउँपालिका	सिन्धुपाल्चोक	०.०७२०७५
२९१	३०२०९	बाह्रबिसे नगरपालिका	सिन्धुपाल्चोक	०.०८०९३७
२९२	३०२१०	त्रिपुरासुन्दरी गाउँपालिका	सिन्धुपाल्चोक	०.०७४५२७
२९३	३०२११	लिसंखु पाखर गाउँपालिका	सिन्धुपाल्चोक	०.०७४४१९
२९४	३०२१२	सुनकोशी गाउँपालिका	सिन्धुपाल्चोक	०.०७२९९४
२९५	३०३०१	गोसाईकुण्ड गाउँपालिका	रसुवा	०.२५६६५४
२९६	३०३०२	आमाछोदिङमो गाउँपालिका	रसुवा	०.२००७०७
२९७	३०३०३	उत्तरगया गाउँपालिका	रसुवा	०.१८९५१५
२९८	३०३०४	कालिका गाउँपालिका	रसुवा	०.१६४२९०
२९९	३०३०५	नौकुण्ड गाउँपालिका	रसुवा	०.१८८८३४
३००	३०४०१	रूबी भ्याली गाउँपालिका	धादिङ	०.०९३५९१
३०१	३०४०२	खनियाबास गाउँपालिका	धादिङ	०.०७४०८१
३०२	३०४०३	गंङ्गा जमुना गाउँपालिका	धादिङ	०.०७३९१५
३०३	३०४०४	त्रिपुरासुन्दरी गाउँपालिका	धादिङ	०.०६९९३५
३०४	३०४०५	नेत्रावती डबजोङ गाउँपालिका	धादिङ	०.०६९१३३
३०५	३०४०६	नीलकण्ठ नगरपालिका	धादिङ	०.०८७९६७
३०६	३०४०७	ज्वालामुखी गाउँपालिका	धादिङ	०.०७१४५१
३०७	३०४०८	सिद्धलेक गाउँपालिका	धादिङ	०.०७१४७६
३०८	३०४०९	बेनीघाट रोराङ्ग गाउँपालिका	धादिङ	०.०९११५६
३०९	३०४१०	गजुरी गाउँपालिका	धादिङ	०.०७७४०६

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
३१०	३०४११	गल्छी गाउँपालिका	धादिङ	०.०७३२६८
३११	३०४१२	थाक्रे गाउँपालिका	धादिङ	०.०७२८५०
३१२	३०४१३	धुनीबेंशी नगरपालिका	धादिङ	०.०७३७७१
३१३	३०५०१	दुप्चेश्वर गाउँपालिका	नुवाकोट	०.०९३८०४
३१४	३०५०२	तादी गाउँपालिका	नुवाकोट	०.०७८४०४
३१५	३०५०३	सुर्यगढी गाउँपालिका	नुवाकोट	०.०७४९४५
३१६	३०५०४	बिदुर नगरपालिका	नुवाकोट	०.०९६३६८
३१७	३०५०५	किस्पाङ्ग गाउँपालिका	नुवाकोट	०.०८३४८८
३१८	३०५०६	म्यगङ गाउँपालिका	नुवाकोट	०.०८७९४१
३१९	३०५०७	तारकेश्वर गाउँपालिका	नुवाकोट	०.०७८९५६
३२०	३०५०८	बेलकोटगढी नगरपालिका	नुवाकोट	०.०८७१३९
३२१	३०५०९	लिखु गाउँपालिका	नुवाकोट	०.०७६३८८
३२२	३०५१०	पन्चकन्या गाउँपालिका	नुवाकोट	०.०७५२५८
३२३	३०५११	शिवपुरी गाउँपालिका	नुवाकोट	०.०८४९९९
३२४	३०५१२	ककनी गाउँपालिका	नुवाकोट	०.०८२३१०
३२५	३०६०१	शंङ्खरापुर नगरपालिका	काठमाडौं	०.०९५९०२
३२६	३०६०२	कागेश्वरी मनहरा नगरपालिका	काठमाडौं	०.०८०७१८
३२७	३०६०३	गोकर्णेश्वर नगरपालिका	काठमाडौं	०.१११५९३
३२८	३०६०४	बुढानिलकण्ठ नगरपालिका	काठमाडौं	०.०९११२७
३२९	३०६०५	टोखा नगरपालिका	काठमाडौं	०.०७९९४०
३३०	३०६०६	तारकेश्वर नगरपालिका	काठमाडौं	०.०८५८३६
३३१	३०६०७	नागार्जुन नगरपालिका	काठमाडौं	०.०८७८२३
३३२	३०६०८	काठमाण्डौ महानगरपालिका	काठमाडौं	०.१०२८८५
३३३	३०६०९	किर्तिपुर नगरपालिका	काठमाडौं	०.०७६३६९
३३४	३०६१०	चन्द्रागिरी नगरपालिका	काठमाडौं	०.०९४३११
३३५	३०६११	दक्षिणकाली नगरपालिका	काठमाडौं	०.०९३४९६
३३६	३०७०१	चाँगुनारायण नगरपालिका	भक्तपुर	०.३०६७३८
३३७	३०७०२	भक्तपुर नगरपालिका	भक्तपुर	०.१७४८१५
३३८	३०७०३	मध्यपुर थिमी नगरपालिका	भक्तपुर	०.१८९६५३
३३९	३०७०४	सूर्यविनायक नगरपालिका	भक्तपुर	०.३२८७९४
३४०	३०८०१	महालक्ष्मी नगरपालिका	ललितपुर	०.१४४७६६
३४१	३०८०२	ललितपुर महानगरपालिका	ललितपुर	०.१७१६३४
३४२	३०८०३	गोदावरी नगरपालिका	ललितपुर	०.१७९३१७
३४३	३०८०४	कोन्ज्योसोम गाउँपालिका	ललितपुर	०.१४२२२४
३४४	३०८०५	महाङ्काल गाउँपालिका	ललितपुर	०.१७५११२
३४५	३०८०६	बागमती गाउँपालिका	ललितपुर	०.१८६९४७
३४६	३०९०१	चौरीदेउराली गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०६८१२५
३४७	३०९०२	भुम्लु गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०७०१८४
३४८	३०९०३	मण्डन देउपुर नगरपालिका	काभ्रेपलाञ्चोक	०.०७०५७३
३४९	३०९०४	बनेपा नगरपालिका	काभ्रेपलाञ्चोक	०.०७८२३८
३५०	३०९०५	धुलिखेल नगरपालिका	काभ्रेपलाञ्चोक	०.०७०६२६
३५१	३०९०६	पाँचखाल नगरपालिका	काभ्रेपलाञ्चोक	०.०७४९३२
३५२	३०९०७	तेमाल गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०६७८९६
३५३	३०९०८	नमोबुद्ध नगरपालिका	काभ्रेपलाञ्चोक	०.०७३८७६
३५४	३०९०९	पनौती नगरपालिका	काभ्रेपलाञ्चोक	०.०८४६२८

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
३५५	३०९१०	बेथानचोक गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०७६२१६
३५६	३०९११	रोशी गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०८२९६०
३५७	३०९१२	महाभारत गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०९२०८४
३५८	३०९१३	खानीखोला गाउँपालिका	काभ्रेपलाञ्चोक	०.०८९६६२
३५९	३१००१	उमाकुण्ड गाउँपालिका	रामेछाप	०.१४९१३७
३६०	३१००२	गोकुलगङ्गा गाउँपालिका	रामेछाप	०.१३२२६६
३६१	३१००३	लिखु तामाकोसी गाउँपालिका	रामेछाप	०.११४९५७
३६२	३१००४	रामेछाप नगरपालिका	रामेछाप	०.१३१०६६
३६३	३१००५	मन्थली नगरपालिका	रामेछाप	०.१३२१८०
३६४	३१००६	खाँडादेवी गाउँपालिका	रामेछाप	०.११३३०५
३६५	३१००७	दोरम्बा गाउँपालिका	रामेछाप	०.१२१०००
३६६	३१००८	सुनापती गाउँपालिका	रामेछाप	०.१०६०८९
३६७	३११०१	दुधौली नगरपालिका	सिन्धुली	०.१२४३४६
३६८	३११०२	फिक्कल गाउँपालिका	सिन्धुली	०.०९९२९८
३६९	३११०३	तीनपाटन गाउँपालिका	सिन्धुली	०.११६३४९
३७०	३११०४	गोलन्जोर गाउँपालिका	सिन्धुली	०.१०१९५४
३७१	३११०५	कमलामाई नगरपालिका	सिन्धुली	०.१३१५१०
३७२	३११०६	सुनकोशी गाउँपालिका	सिन्धुली	०.१०६२८३
३७३	३११०७	ध्याङलेख गाउँपालिका	सिन्धुली	०.१०२९५१
३७४	३११०८	मरिण गाउँपालिका	सिन्धुली	०.१०७०१५
३७५	३११०९	हरिहरपुरगढी गाउँपालिका	सिन्धुली	०.११०२९४
३७६	३१२०१	ईन्द्रसरोवर गाउँपालिका	मकवानपुर	०.०८४७३६
३७७	३१२०२	थाहा नगरपालिका	मकवानपुर	०.०९४९५०
३७८	३१२०३	कैलाश गाउँपालिका	मकवानपुर	०.०९८६७७
३७९	३१२०४	राक्सिराङ्ग गाउँपालिका	मकवानपुर	०.११४६५४
३८०	३१२०५	मनहरी गाउँपालिका	मकवानपुर	०.०९५९८६
३८१	३१२०६	हेटौडा उपमहानगरपालिका	मकवानपुर	०.११७३१९
३८२	३१२०७	भिमफेदी गाउँपालिका	मकवानपुर	०.०९७४४९
३८३	३१२०८	मकवानपुरगढी गाउँपालिका	मकवानपुर	०.०८६८००
३८४	३१२०९	बकैया गाउँपालिका	मकवानपुर	०.१०८८३५
३८५	३१२१०	बागमती गाउँपालिका	मकवानपुर	०.१००५९४
३८६	३१३०१	रापी नगरपालिका	चितवन	०.१४२८७७
३८७	३१३०२	कालिका नगरपालिका	चितवन	०.१५०५७१
३८८	३१३०३	इच्छाकामना गाउँपालिका	चितवन	०.१५५६६५
३८९	३१३०४	भरतपुर महानगरपालिका	चितवन	०.१९१६०४
३९०	३१३०५	रत्ननगर नगरपालिका	चितवन	०.११०७५८
३९१	३१३०६	खैरहनी नगरपालिका	चितवन	०.१११३८०
३९२	३१३०७	माडी नगरपालिका	चितवन	०.१३७१४५
३९३	४०१०१	चुमनुब्री गाउँपालिका	गोरखा	०.११०२०१
३९४	४०१०२	अजिरकोट गाउँपालिका	गोरखा	०.०८५६१४
३९५	४०१०३	बारपाक सुलिकोट गाउँपालिका	गोरखा	०.०८७७६१
३९६	४०१०४	धार्चे गाउँपालिका	गोरखा	०.१०८८९१
३९७	४०१०५	आरूघाट गाउँपालिका	गोरखा	०.०८४५५३
३९८	४०१०६	भिमसेनथापा गाउँपालिका	गोरखा	०.०८०८८७
३९९	४०१०७	सिरानचोक गाउँपालिका	गोरखा	०.०८०२८०

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
४००	४०१०८	पालुङ्गटार नगरपालिका	गोरखा	०.०८८६२४
४०१	४०१०९	गोरखा नगरपालिका	गोरखा	०.०८९२८७
४०२	४०११०	शहीद लखन गाउँपालिका	गोरखा	०.०९१५५२
४०३	४०१११	गण्डकी गाउँपालिका	गोरखा	०.०९२३५०
४०४	४०२०१	नार्पा भूमि गाउँपालिका	मनाङ	०.१८९०६२
४०५	४०२०२	मनाङ डिस्याङ गाउँपालिका	मनाङ	०.२४३८३३
४०६	४०२०३	चामे गाउँपालिका	मनाङ	०.२०४९३३
४०७	४०२०४	नासों गाउँपालिका	मनाङ	०.३६२१७२
४०८	४०३०१	लो घेकर दामोदरकुण्ड गाउँपालिका	मुस्ताङ	०.१८७४०४
४०९	४०३०२	घरपझोङ गाउँपालिका	मुस्ताङ	०.२१५९९४
४१०	४०३०३	वारागुङ मुक्तिक्षेत्र गाउँपालिका	मुस्ताङ	०.१७४९९१
४११	४०३०४	लोमन्थाङ गाउँपालिका	मुस्ताङ	०.१६२७२७
४१२	४०३०५	थासाङ गाउँपालिका	मुस्ताङ	०.२५८८८४
४१३	४०४०१	अन्नपूर्ण गाउँपालिका	म्याग्दी	०.१७४७०४
४१४	४०४०२	रघुगंगा गाउँपालिका	म्याग्दी	०.१६४५६७
४१५	४०४०३	धवलागिरी गाउँपालिका	म्याग्दी	०.१८८९६१
४१६	४०४०४	मालिका गाउँपालिका	म्याग्दी	०.१४३८३४
४१७	४०४०५	मंगला गाउँपालिका	म्याग्दी	०.१३२८५१
४१८	४०४०६	बेनी नगरपालिका	म्याग्दी	०.१९५०८३
४१९	४०५०१	मादी गाउँपालिका	कास्की	०.२०७७०४
४२०	४०५०२	माछापुच्छ्रे गाउँपालिका	कास्की	०.१९०३४०
४२१	४०५०३	अन्नपूर्ण गाउँपालिका	कास्की	०.१७५७०७
४२२	४०५०४	पोखरा महानगरपालिका	कास्की	०.२८०२५०
४२३	४०५०५	रूपा गाउँपालिका	कास्की	०.१४५९९९
४२४	४०६०१	दोर्दी गाउँपालिका	लमजुङ	०.१४४३३८
४२५	४०६०२	मस्र्याङ्दी गाउँपालिका	लमजुङ	०.१७०३५४
४२६	४०६०३	क्व्होलासोथार गाउँपालिका	लमजुङ	०.११६२१९
४२७	४०६०४	मध्यनेपाल नगरपालिका	लमजुङ	०.११६७०७
४२८	४०६०५	बेंसीशहर नगरापालिका	लमजुङ	०.१२४८२६
४२९	४०६०६	सुन्दरबजार नगरपालिका	लमजुङ	०.१०७८९१
४३०	४०६०७	राईनास नगरपालिका	लमजुङ	०.१०६२७१
४३१	४०६०८	दुधपोखरी गाउँपालिका	लमजुङ	०.११३३९४
४३२	४०७०१	भानु नगरपालिका	तनहुँ	०.१०१२५४
४३३	४०७०२	ब्यास नगरपालिका	तनहुँ	०.११९२९७
४३४	४०७०३	म्याग्दे गाउँपालिका	तनहुँ	०.०९३१११
४३५	४०७०४	शुक्लागण्डकी नगरपालिका	तनहुँ	०.१०३८७४
४३६	४०७०५	भिमाद नगरपालिका	तनहुँ	०.०९३५२७
४३७	४०७०६	घिरिङ्ग गाउँपालिका	तनहुँ	०.०८९३०६
४३८	४०७०७	ऋषिङ्ग गाउँपालिका	तनहुँ	०.१०८९१८
४३९	४०७०८	देवघाट गाउँपालिका	तनहुँ	०.१०२५७८
४४०	४०७०९	बन्दिपुर गाउँपालिका	तनहुँ	०.०९००९१
४४१	४०७१०	आँबुखैरेनी गाउँपालिका	तनहुँ	०.०९८०४४
४४२	४०८०१	गैडाकोट नगरपालिका	नवलपरासी (ब.सु.पू.)	०.१३१५५१
४४३	४०८०२	बुलिङ्गटार गाउँपालिका	नवलपरासी (ब.सु.पू.)	०.११७६९६
४४४	४०८०३	बौदीकाली गाउँपालिका	नवलपरासी (ब.सु.पू.)	०.१०९७८३

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
४४५	४०८०४	हुप्सेकोट गाउँपालिका	नवलपरासी (ब.सु.पू.)	०.१३२३०२
४४६	४०८०५	देवचुली नगरपालिका	नवलपरासी (ब.सु.पू.)	०.११५२३०
४४७	४०८०६	कावासोती नगरपालिका	नवलपरासी (ब.सु.पू.)	०.११४१५८
४४८	४०८०७	मध्यबिन्दु नगरपालिका	नवलपरासी (ब.सु.पू.)	०.१३८१९४
४४९	४०८०८	बिनयी त्रिवेणी गाउँपालिका	नवलपरासी (ब.सु.पू.)	०.१४१०८६
४५०	४०९०१	पुतलीबजार नगरपालिका	स्याङजा	०.१०४२९१
४५१	४०९०२	फेदीखोला गाउँपालिका	स्याङजा	०.०८१४९३
४५२	४०९०३	आँधिखोला गाउँपालिका	स्याङजा	०.०८३२२४
४५३	४०९०४	अर्जुनचौपारी गाउँपालिका	स्याङजा	०.०७९५९१
४५४	४०९०५	भीरकोट नगरपालिका	स्याङजा	०.०८४०७१
४५५	४०९०६	बिरूवा गाउँपालिका	स्याङजा	०.०९३५९३
४५६	४०९०७	हरिनास गाउँपालिका	स्याङजा	०.११०५१४
४५७	४०९०८	चापाकोट नगरपालिका	स्याङजा	०.०८८४७१
४५८	४०९०९	वालिङ्ग नगरपालिका	स्याङजा	०.०९६६८५
४५९	४०९१०	गल्याङ नगरपालिका	स्याङजा	०.०९२७१६
४६०	४०९११	कालीगण्डकी गाउँपालिका	स्याङजा	०.०८५३५१
४६१	४१००१	मोदी गाउँपालिका	पर्वत	०.२२०८५८
४६२	४१००२	जलजला गाउँपालिका	पर्वत	०.१४१५५७
४६३	४१००३	कुश्मा नगरपालिका	पर्वत	०.१५१४९४
४६४	४१००४	फलेबास नगरपालिका	पर्वत	०.१३९७३३
४६५	४१००५	महाशिला गाउँपालिका	पर्वत	०.११६५८२
४६६	४१००६	विहादी गाउँपालिका	पर्वत	०.११४५५३
४६७	४१००७	पैयुं गाउँपालिका	पर्वत	०.११५२२३
४६८	४११०१	बागलुङ नगरपालिका	बागलुङ	०.१३२४८०
४६९	४११०२	काठेखोला गाउँपालिका	बागलुङ	०.०८६७५४
४७०	४११०३	ताराखोला गाउँपालिका	बागलुङ	०.०९५२३७
४७१	४११०४	तमानखोला गाउँपालिका	बागलुङ	०.०९७९८०
४७२	४११०५	ढोरपाटन नगरपालिका	बागलुङ	०.१०६७८४
४७३	४११०६	निसीखोला गाउँपालिका	बागलुङ	०.१०१७३५
४७४	४११०७	बडिगाड गाउँपालिका	बागलुङ	०.१००६५२
४७५	४११०८	गलकोट नगरपालिका	बागलुङ	०.१०६११४
४७६	४११०९	बरेङ गाउँपालिका	बागलुङ	०.०८४४००
४७७	४१११०	जैमिनी नगरपालिका	बागलुङ	०.०८७८६४
४७८	५०१०१	पुथा उत्तरगंगा गाउँपालिका	रूकुम(पूर्वी भाग)	०.३५३९३९
४७९	५०१०२	सिस्ने गाउँपालिका	रूकुम(पूर्वी भाग)	०.३३१३६८
४८०	५०१०३	भूमे गाउँपालिका	रूकुम(पूर्वी भाग)	०.३१४६९३
४८१	५०२०१	सुनछहरी गाउँपालिका	रोल्पा	०.१००९७०
४८२	५०२०२	थबाङ गाउँपालिका	रोल्पा	०.०९४४५६
४८३	५०२०३	परिवर्तन गाउँपालिका	रोल्पा	०.१००६१०
४८४	५०२०४	गगादेव गाउँपालिका	रोल्पा	०.०९३१३४
४८५	५०२०५	माडी गाउँपालिका	रोल्पा	०.०९३४२१
४८६	५०२०६	त्रिवेणी गाउँपालिका	रोल्पा	०.१०७६२२
४८७	५०२०७	रोल्पा नगरपालिका	रोल्पा	०.११५५७५
४८८	५०२०८	रून्टीगढी गाउँपालिका	रोल्पा	०.१०१९२५
४८९	५०२०९	सुनिल स्मृति गाउँपालिका	रोल्पा	०.०९९५७२

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
४९०	५०२१०	लुङ्ग्री गाउँपालिका	रोल्पा	०.०९२७१५
४९१	५०३०१	गौमुखी गाउँपालिका	प्यूठान	०.१११५९८
४९२	५०३०२	नौबहिनी गाउँपालिका	प्यूठान	०.१२०९८९
४९३	५०३०३	झिमरूक गाउँपालिका	प्यूठान	०.१०८०८९
४९४	५०३०४	प्यूठान नगरपालिका	प्यूठान	०.१०९२८७
४९५	५०३०५	स्वर्गद्वारी नगरपालिका	प्यूठान	०.१२८१७०
४९६	५०३०६	माण्डवी गाउँपालिका	प्यूठान	०.०९९४४७
४९७	५०३०७	मल्लरानी गाउँपालिका	प्यूठान	०.०९२८७८
४९८	५०३०८	ऐरावती गाउँपालिका	प्यूठान	०.११६१६९
४९९	५०३०९	सरूमारानी गाउँपालिका	प्यूठान	०.११३३७३
५००	५०४०१	कालिगण्डकी गाउँपालिका	गुल्मी	०.०८१८८७
५०१	५०४०२	सत्यवती गाउँपालिका	गुल्मी	०.०८७४९०
५०२	५०४०३	चन्द्रकोट गाउँपालिका	गुल्मी	०.०८३२३०
५०३	५०४०४	मुसिकोट नगरपालिका	गुल्मी	०.०८५४७५
५०४	५०४०५	ईस्मा गाउँपालिका	गुल्मी	०.०७७१३०
५०५	५०४०६	मालिका गाउँपालिका	गुल्मी	०.०७७१०३
५०६	५०४०७	मदाने गाउँपालिका	गुल्मी	०.१०९३३९
५०७	५०४०८	धुर्कोट गाउँपालिका	गुल्मी	०.०७६९८८
५०८	५०४०९	रेसुङ्गा नगरपालिका	गुल्मी	०.०८४४६७
५०९	५०४१०	गुल्मी दरबार गाउँपालिका	गुल्मी	०.०७७९७९
५१०	५०४११	छत्रकोट गाउँपालिका	गुल्मी	०.०८०१८८
५११	५०४१२	रूरू क्षेत्र गाउँपालिका	गुल्मी	०.०७८७२४
५१२	५०५०१	छत्रदेव गाउँपालिका	अर्घाखाँची	०.१३६२५४
५१३	५०५०२	मालारानी गाउँपालिका	अर्घाखाँची	०.१३७३७३
५१४	५०५०३	भुमिकास्थान नगरपालिका	अर्घाखाँची	०.१५०८७८
५१५	५०५०४	सन्धिखर्क नगरपालिका	अर्घाखाँची	०.१५३३३५
५१६	५०५०५	पाणिनी गाउँपालिका	अर्घाखाँची	०.१५०३१२
५१७	५०५०६	शितगंगा नगरपालिका	अर्घाखाँची	०.२७१८४८
५१८	५०६०१	रामपुर नगरपालिका	पाल्पा	०.०९६१६०
५१९	५०६०२	पुर्वखोला गाउँपालिका	पाल्पा	०.०९५१२५
५२०	५०६०३	रम्भा गाउँपालिका	पाल्पा	०.०८६७३९
५२१	५०६०४	बगनासकाली गाउँपालिका	पाल्पा	०.०८६९६७
५२२	५०६०५	तानसेन नगरपालिका	पाल्पा	०.१००२५९
५२३	५०६०६	रिब्दीकोट गाउँपालिका	पाल्पा	०.०९५२१७
५२४	५०६०७	रैनादेवी छहरा गाउँपालिका	पाल्पा	०.१०२६९९
५२५	५०६०८	तिनाउ गाउँपालिका	पाल्पा	०.१०८५५९
५२६	५०६०९	माथागढी गाउँपालिका	पाल्पा	०.११०३७९
५२७	५०६१०	निस्दी गाउँपालिका	पाल्पा	०.११७८९६
५२८	५०७०१	बर्दघाट नगरपालिका	नवलपरासी (ब.सु.प.)	०.२०५७९३
५२९	५०७०२	सुनवल नगरपालिका	नवलपरासी (ब.सु.प.)	०.२०९४८३
५३०	५०७०३	रामग्राम नगरपालिका	नवलपरासी (ब.सु.प.)	०.११८३४७
५३१	५०७०४	पाल्हीनन्दन गाउँपालिका	नवलपरासी (ब.सु.प.)	०.१११५९६
५३२	५०७०५	सरावल गाउँपालिका	नवलपरासी (ब.सु.प.)	०.११९०१६
५३३	५०७०६	प्रतापपुर गाउँपालिका	नवलपरासी (ब.सु.प.)	०.११४४८५
५३४	५०७०७	सुस्ता गाउँपालिका	नवलपरासी (ब.सु.प.)	०.१२१२८०

क्र. सं.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
५३५	५०८०१	देबदह नगरपालिका	रूपन्देही	०.११६२१४
५३६	५०८०२	बुटवल उपमहानगरपालिका	रूपन्देही	०.११०५४८
५३७	५०८०३	सैनामैना नगरपालिका	रूपन्देही	०.१२६३१८
५३८	५०८०४	कन्चन गाउँपालिका	रूपन्देही	०.०८०८०४
५३९	५०८०५	गैडहवा गाउँपालिका	रूपन्देही	०.०७८६११
५४०	५०८०६	सुद्धोधन गाउँपालिका	रूपन्देही	०.०७३८२९
५४१	५०८०७	सियारी गाउँपालिका	रूपन्देही	०.०७४६९३
५४२	५०८०८	तिलोत्तमा नगरापालिका	रूपन्देही	०.०८७८८६
५४३	५०८०९	ओमसतिया गाउँपालिका	रूपन्देही	०.०७३६७६
५४४	५०८१०	रोहिणी गाउँपालिका	रूपन्देही	०.०७३९००
४४०	तनहुँ	बन्दिपुर गाउँपालिका	४०७०९	०.०००९२४
४४१	तनहुँ	आँबुखैरेनी गाउँपालिका	४०७१०	०.०००८२४
४४२	नवलपरासी (ब.सु.पू.)	गैडाकोट नगरपालिका	४०८०१	०.००१८९०
४४३	नवलपरासी (ब.सु.पू.)	बुलिङ्गटार गाउँपालिका	४०८०२	०.०००६६४
४४४	नवलपरासी (ब.सु.पू.)	बौदीकाली गाउँपालिका	४०८०३	०.०००६४९
४४५	नवलपरासी (ब.सु.पू.)	हुप्सेकोट गाउँपालिका	४०८०४	०.००११०८
४४६	नवलपरासी (ब.सु.पू.)	देवचुली नगरपालिका	४०८०५	०.००१४५१
४४७	नवलपरासी (ब.सु.पू.)	कावासोती नगरपालिका	४०८०६	०.००१९१२
४४८	नवलपरासी (ब.सु.पू.)	मध्यबिन्दु नगरपालिका	४०८०७	०.००१७२३
४४९	नवलपरासी (ब.सु.पू.)	बिनयी त्रिवेणी गाउँपालिका	४०८०८	०.००१६२७
४५०	स्याङजा	पुतलीबजार नगरपालिका	४०९०१	०.००१४४२
४५१	स्याङजा	फेदीखोला गाउँपालिका	४०९०२	०.०००६१२
४५२	स्याङजा	आँधिखोला गाउँपालिका	४०९०३	०.०००६२४
४५३	स्याङजा	अर्जुनचौपारी गाउँपालिका	४०९०४	०.०००६०६
४५४	स्याङजा	भीरकोट नगरपालिका	४०९०५	०.०००८८५
४५५	स्याङजा	बिरूवा गाउँपालिका	४०९०६	०.०००५५७
४५६	स्याङजा	हरिनास गाउँपालिका	४०९०७	०.०००६९३
४५७	स्याङजा	चापाकोट नगरपालिका	४०९०८	०.०००९४०
४५८	स्याङजा	वालिङ्ग नगरपालिका	४०९०९	०.००१४५०
४५९	स्याङजा	गल्याङ नगरपालिका	४०९१०	०.००११४५
४६०	स्याङजा	कालीगण्डकी गाउँपालिका	४०९११	०.०००८६४
४६१	पर्वत	मोदी गाउँपालिका	४१००१	०.०००९७९
४६२	पर्वत	जलजला गाउँपालिका	४१००२	०.०००७८२
४६३	पर्वत	कुश्मा नगरपालिका	४१००३	०.००१२३५
४६४	पर्वत	फलेबास नगरपालिका	४१००४	०.०००८४५
४६५	पर्वत	महाशिला गाउँपालिका	४१००५	०.०००५३७
४६६	पर्वत	बिहादी गाउँपालिका	४१००६	०.०००४५५
४६७	पर्वत	पैयुं गाउँपालिका	४१००७	०.०००५०६
४६८	बागलुङ	बागलुङ नगरपालिका	४११०१	०.००१४९६
४६९	बागलुङ	काठेखोला गाउँपालिका	४११०२	०.०००७९७
४७०	बागलुङ	ताराखोला गाउँपालिका	४११०३	०.०००७८८
४७१	बागलुङ	तमानखोला गाउँपालिका	४११०४	०.०००८१०
४७२	बागलुङ	ढोरपाटन नगरपालिका	४११०५	०.००१३३०
४७३	बागलुङ	निसीखोला गाउँपालिका	४११०६	०.००११७८
४७४	बागलुङ	बडिगाड गाउँपालिका	४११०७	०.००११०५
४७५	बागलुङ	गलकोट नगरपालिका	४११०८	०.००१४१२
४७६	बागलुङ	बरेङ गाउँपालिका	४११०९	०.०००५५४
४७७	बागलुङ	जैमिनी नगरपालिका	४१११०	०.०००९८१
४७८	रूकुम (पूर्वी भाग)	पुथा उत्तरगंगा गाउँपालिका	५०१०१	०.००१६४७
४७९	रूकुम (पूर्वी भाग)	सिस्ने गाउँपालिका	५०१०२	०.००१२७१
४८०	रूकुम (पूर्वी भाग)	भूमे गाउँपालिका	५०१०३	०.००११३६
४८१	रोल्पा	सुनछहरी गाउँपालिका	५०२०१	०.००१०३७
४८२	रोल्पा	थबाङ गाउँपालिका	५०२०२	०.०००८०६

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
४८३	रोल्पा	परिवर्तन गाउँपालिका	५०२०३	०.०००७५४
४८४	रोल्पा	गगादेव गाउँपालिका	५०२०४	०.०००७३७
४८५	रोल्पा	माडी गाउँपालिका	५०२०५	०.०००६७८
४८६	रोल्पा	त्रिवेणी गाउँपालिका	५०२०६	०.०००८९३
४८७	रोल्पा	रोल्पा नगरपालिका	५०२०७	०.००१३६६
४८८	रोल्पा	रून्टीगढी गाउँपालिका	५०२०८	०.००१०९०
४८९	रोल्पा	सुनिल स्मृति गाउँपालिका	५०२०९	०.००१२४१
४९०	रोल्पा	लुङ्ग्री गाउँपालिका	५०२१०	०.०००८२२
४९१	प्यूठान	गौमुखी गाउँपालिका	५०३०१	०.०००८६७
४९२	प्यूठान	नौबहिनी गाउँपालिका	५०३०२	०.००११७१
४९३	प्यूठान	झिमरूक गाउँपालिका	५०३०३	०.०००८१२
४९४	प्यूठान	प्यूठान नगरपालिका	५०३०४	०.००१२४२
४९५	प्यूठान	स्वर्गद्वारी नगरपालिका	५०३०५	०.००१२९०
४९६	प्यूठान	माण्डवी गाउँपालिका	५०३०६	०.०००७९३
४९७	प्यूठान	मल्लरानी गाउँपालिका	५०३०७	०.०००६३३
४९८	प्यूठान	ऐरावती गाउँपालिका	५०३०८	०.०००८३१
४९९	प्यूठान	सरूमारानी गाउँपालिका	५०३०९	०.०००८८८
५००	गुल्मी	कालिगण्डकी गाउँपालिका	५०४०१	०.०००७०९
५०१	गुल्मी	सत्यवती गाउँपालिका	५०४०२	०.०००८६८
५०२	गुल्मी	चन्द्रकोट गाउँपालिका	५०४०३	०.०००८७७
५०३	गुल्मी	मुसिकोट नगरपालिका	५०४०४	०.००११९७
५०४	गुल्मी	ईस्मा गाउँपालिका	५०४०५	०.०००६६०
५०५	गुल्मी	मालिका गाउँपालिका	५०४०६	०.०००६६४
५०६	गुल्मी	मदाने गाउँपालिका	५०४०७	०.०००७०२
५०७	गुल्मी	धुर्कोट गाउँपालिका	५०४०८	०.०००७७२
५०८	गुल्मी	रेसुङ्गा नगरपालिका	५०४०९	०.००१०६७
५०९	गुल्मी	गुल्मी दरबार गाउँपालिका	५०४१०	०.०००७९७
५१०	गुल्मी	छत्रकोट गाउँपालिका	५०४११	०.०००७७८
५११	गुल्मी	रूरू क्षेत्र गाउँपालिका	५०४१२	०.०००७८०
५१२	अर्घाखाँची	छत्रदेव गाउँपालिका	५०५०१	०.०००७३३
५१३	अर्घाखाँची	मालारानी गाउँपालिका	५०५०२	०.०००९४१
५१४	अर्घाखाँची	भुमिकास्थान नगरपालिका	५०५०३	०.००११२६
५१५	अर्घाखाँची	सन्धिखर्क नगरपालिका	५०५०४	०.००१४७५
५१६	अर्घाखाँची	पाणिनी गाउँपालिका	५०५०५	०.००११८७
५१७	अर्घाखाँची	शितगंगा नगरपालिका	५०५०६	०.००२५११
५१८	पाल्पा	रामपुर नगरपालिका	५०६०१	०.००१२५५
५१९	पाल्पा	पुर्वखोला गाउँपालिका	५०६०२	०.०००८३२
५२०	पाल्पा	रम्भा गाउँपालिका	५०६०३	०.०००७६०
५२१	पाल्पा	बगनासकाली गाउँपालिका	५०६०४	०.०००७९८
५२२	पाल्पा	तानसेन नगरपालिका	५०६०५	०.००१५६३
५२३	पाल्पा	रिब्दीकोट गाउँपालिका	५०६०६	०.०००८८४
५२४	पाल्पा	रैनादेवी छहरा गाउँपालिका	५०६०७	०.००१०८५
५२५	पाल्पा	तिनाउ गाउँपालिका	५०६०८	०.००११४७
५२६	पाल्पा	माथागढी गाउँपालिका	५०६०९	०.००११४४

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
५२७	पाल्पा	निस्दी गाउँपालिका	५०६१०	०.०००८९२
५२८	नवलपरासी (ब.सु.प.)	बर्दघाट नगरपालिका	५०७०१	०.००१९९५
५२९	नवलपरासी (ब.सु.प.)	सुनवल नगरपालिका	५०७०२	०.००१६५४
५३०	नवलपरासी (ब.सु.प.)	रामग्राम नगरपालिका	५०७०३	०.००१७७५
५३१	नवलपरासी (ब.सु.प.)	पाल्हीनन्दन गाउँपालिका	५०७०४	०.०००८७६
५३२	नवलपरासी (ब.सु.प.)	सरावल गाउँपालिका	५०७०५	०.००१०६५
५३३	नवलपरासी (ब.सु.प.)	प्रतापपुर गाउँपालिका	५०७०६	०.००११८७
५३४	नवलपरासी (ब.सु.प.)	सुस्ता गाउँपालिका	५०७०७	०.००१०३५
५३५	रूपन्देही	देबदह नगरपालिका	५०८०१	०.००१७८३
५३६	रूपन्देही	बुटवल उपमहानगरपालिका	५०८०२	०.००४२७६
५३७	रूपन्देही	सैनामैना नगरपालिका	५०८०३	०.००१८२५
५३८	रूपन्देही	कन्चन गाउँपालिका	५०८०४	०.००१०१६
५३९	रूपन्देही	गैडहवा गाउँपालिका	५०८०५	०.००१२३६
५४०	रूपन्देही	सुद्धोधन गाउँपालिका	५०८०६	०.००१००६
५४१	रूपन्देही	सियारी गाउँपालिका	५०८०७	०.००११७६
५४२	रूपन्देही	तिलोत्तमा नगरापालिका	५०८०८	०.००३४३५
५४३	रूपन्देही	ओमसतिया गाउँपालिका	५०८०९	०.००११३६
५४४	रूपन्देही	रोहिणी गाउँपालिका	५०८१०	०.००१०५७
५४५	रूपन्देही	सिद्धार्थनगर नगरपालिका	५०८११	०.००२२८४
५४६	रूपन्देही	मायादेवी गाउँपालिका	५०८१२	०.००२३५१
५४७	रूपन्देही	लुम्बिनी साँस्कृतिक नगरपालिका	५०८१३	०.००२०७०
५४८	रूपन्देही	कोटहीमाई गाउँपालिका	५०८१४	०.०००९९९
५४९	रूपन्देही	सम्मरीमाई गाउँपालिका	५०८१५	०.०००९५३
५५०	रूपन्देही	मर्चवारी गाउँपालिका	५०८१६	०.०००८०९
५५१	कपिलवस्तु	बाणगंगा नगरपालिका	५०९०१	०.००२१९०
५५२	कपिलवस्तु	बुद्धभूमी नगरपालिका	५०९०२	०.००२१५३
५५३	कपिलवस्तु	शिवराज नगरपालिका	५०९०३	०.००२२१४
५५४	कपिलवस्तु	बिजयनगर गाउँपालिका	५०९०४	०.००१२६५
५५५	कपिलवस्तु	कृष्णनगर नगरपालिका	५०९०५	०.००१३१३
५५६	कपिलवस्तु	महाराजगन्ज नगरपालिका	५०९०६	०.००१४६०
५५७	कपिलवस्तु	कपिलबस्तु नगरपालिका	५०९०७	०.००२००६
५५८	कपिलवस्तु	यसोधरा गाउँपालिका	५०९०८	०.००१०७०
५५९	कपिलवस्तु	मायादेवी गाउँपालिका	५०९०९	०.००१५५७
५६०	कपिलवस्तु	शुद्धोधन गाउँपालिका	५०९१०	०.००१२२२
५६१	दाङ	बंगलाचुली गाउँपालिका	५१००१	०.००१०४८
५६२	दाङ	घोराही उपमहानगरपालिका	५१००२	०.००५३१७
५६३	दाङ	तुल्सीपुर उपमहानगरपालिका	५१००३	०.००४८२०
५६४	दाङ	शान्तिनगर गाउँपालिका	५१००४	०.००१०३५
५६५	दाङ	बबई गाउँपालिका	५१००५	०.००१२२६
५६६	दाङ	दंगीशरण गाउँपालिका	५१००६	०.०००८९३
५६७	दाङ	लमही नगरपालिका	५१००७	०.००२१८२
५६८	दाङ	रासी गाउँपालिका	५१००८	०.००१३०६
५६९	दाङ	गढवा गाउँपालिका	५१००९	०.००१७५२
५७०	दाङ	राजपुर गाउँपालिका	५१०१०	०.००२०७१

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
५७१	बाँके	रापी सोनारी गाउँपालिका	५११०१	०.००३४००
५७२	बाँके	कोहलपुर नगरपालिका	५११०२	०.००२५३९
५७३	बाँके	बैजनाथ गाउँपालिका	५११०३	०.००१६९९
५७४	बाँके	खजुरा गाउँपालिका	५११०४	०.००१४८७
५७५	बाँके	जानकी गाउँपालिका	५११०५	०.००१०९१
५७६	बाँके	नेपालगञ्ज उपमहानगरपालिका	५११०६	०.००४०६३
५७७	बाँके	डुडुवा गाउँपालिका	५११०७	०.००१०८४
५७८	बाँके	नरैनापुर गाउँपालिका	५११०८	०.००११३०
५७९	बर्दिया	बाँसगढी नगरपालिका	५१२०१	०.००१८११
५८०	बर्दिया	बारबर्दिया नगरपालिका	५१२०२	०.००२०२७
५८१	बर्दिया	ठाकुरबाबा नगरपालिका	५१२०३	०.००१२९५
५८२	बर्दिया	गेरूवा गाउँपालिका	५१२०४	०.०००९७८
५८३	बर्दिया	राजापुर नगरपालिका	५१२०५	०.००१५६४
५८४	बर्दिया	मधुवन नगरपालिका	५१२०६	०.००१४५३
५८५	बर्दिया	गुलरीया नगरपालिका	५१२०७	०.००१६१८
५८६	बर्दिया	बढैयाताल गाउँपालिका	५१२०८	०.००१४०४
५८७	डोल्पा	डोल्पो बुद्ध गाउँपालिका	६०१०१	०.००१०६९
५८८	डोल्पा	शे फोक्सुण्डो गाउँपालिका	६०१०२	०.०००६५९
५८९	डोल्पा	जगदुल्ला गाउँपालिका	६०१०३	०.०००४६३
५९०	डोल्पा	मुड्केचुला गाउँपालिका	६०१०४	०.०००८०१
५९१	डोल्पा	त्रिपुरासुन्दरी नगरपालिका	६०१०५	०.००१२८१
५९२	डोल्पा	ठुलीभेरी नगरपालिका	६०१०६	०.००१३१७
५९३	डोल्पा	काइके गाउँपालिका	६०१०७	०.००१२००
५९४	डोल्पा	छार्का ताङसोङ गाउँपालिका	६०१०८	०.००१०४०
५९५	मुगु	मुगुमकार्मारोग गाउँपालिका	६०२०१	०.००४७५८
५९६	मुगु	छायाँनाथ रारा नगरपालिका	६०२०२	०.००१६५०
५९७	मुगु	सोरू गाउँपालिका	६०२०३	०.००११९३
५९८	मुगु	खत्याड गाउँपालिका	६०२०४	०.००१०९८
५९९	हुम्ला	चंखेली गाउँपालिका	६०३०१	०.००३०२५
६००	हुम्ला	खार्पुनाथ गाउँपालिका	६०३०२	०.००२१००
६०१	हुम्ला	सिमकोट गाउँपालिका	६०३०३	०.००२०५०
६०२	हुम्ला	नाम्खा गाउँपालिका	६०३०४	०.००५३१५
६०३	हुम्ला	सर्केगाड गाउँपालिका	६०३०५	०.००१०५६
६०४	हुम्ला	अदानचुली गाउँपालिका	६०३०६	०.०००६८१
६०५	हुम्ला	ताँजाकोट गाउँपालिका	६०३०७	०.०००६३९
६०६	जुम्ला	पातारासी गाउँपालिका	६०४०१	०.००२१७२
६०७	जुम्ला	कनका सुन्दरी गाउँपालिका	६०४०२	०.०००८७४
६०८	जुम्ला	सिंजा गाउँपालिका	६०४०३	०.०००६९४
६०९	जुम्ला	चन्दननाथ नगरपालिका	६०४०४	०.०००८४५
६१०	जुम्ला	गुठिचौर गाउँपालिका	६०४०५	०.००१२५९
६११	जुम्ला	तातोपानी गाउँपालिका	६०४०६	०.००१४९४
६१२	जुम्ला	तिला गाउँपालिका	६०४०७	०.०००८२०
६१३	जुम्ला	हिमा गाउँपालिका	६०४०८	०.०००६८५
६१४	कालिकोट	पलाता गाउँपालिका	६०५०१	०.००१०९५

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
६१५	कालिकोट	पचाल झरना गाउँपालिका	६०५०२	०.०००७४८
६१६	कालिकोट	रास्कोट नगरपालिका	६०५०३	०.००१०४२
६१७	कालिकोट	सान्नी त्रिवेणी गाउँपालिका	६०५०४	०.०००६८४
६१८	कालिकोट	नरहरिनाथ गाउँपालिका	६०५०५	०.०००७८०
६१९	कालिकोट	खाँडाचक्र नगरपालिका	६०५०६	०.०००७८६
६२०	कालिकोट	तिलागुफा नगरपालिका	६०५०७	०.००१००१
६२१	कालिकोट	महावै गाउँपालिका	६०५०८	०.०००९२५
६२२	कालिकोट	शुभ कालीका गाउँपालिका	६०५०९	०.०००५५०
६२३	दैलेख	नौमुले गाउँपालिका	६०६०१	०.०००९४४
६२४	दैलेख	महाबु गाउँपालिका	६०६०२	०.०००६७०
६२५	दैलेख	भैरवी गाउँपालिका	६०६०३	०.०००७१६
६२६	दैलेख	ठाँटीकाँध गाउँपालिका	६०६०४	०.०००५८६
६२७	दैलेख	आठबीस नगरपालिका	६०६०५	०.०००९५२
६२८	दैलेख	चामुण्डा बिन्द्रासैनी नगरपालिका	६०६०६	०.०००७५४
६२९	दैलेख	दुल्लु नगरपालिका	६०६०७	०.००११३२
६३०	दैलेख	नारायण नगरपालिका	६०६०८	०.०००९९०
६३१	दैलेख	भगवतीमाई गाउँपालिका	६०६०९	०.०००८२८
६३२	दैलेख	डुङ्गेश्वर गाउँपालिका	६०६१०	०.०००५८१
६३३	दैलेख	गुराँस गाउँपालिका	६०६११	०.००१०१५
६३४	जाजरकोट	बारेकोट गाउँपालिका	६०७०१	०.००१६४३
६३५	जाजरकोट	कुसे गाउँपालिका	६०७०२	०.००१०२५
६३६	जाजरकोट	जुनीचाँदि गाउँपालिका	६०७०३	०.००११९७
६३७	जाजरकोट	छेडागाड नगरपालिका	६०७०४	०.००१३२७
६३८	जाजरकोट	शिवालय गाउँपालिका	६०७०५	०.०००६७२
६३९	जाजरकोट	भेरीमालिका नगरपालिका	६०७०६	०.००१२३०
६४०	जाजरकोट	नलगाड नगरपालिका	६०७०७	०.००१४३८
६४१	रूकुम (पश्चिम भाग)	आठबिसकोट नगरपालिका	६०८०१	०.००१८६२
६४२	रूकुम (पश्चिम भाग)	सानीभेरी गाउँपालिका	६०८०२	०.०००८०८
६४३	रूकुम (पश्चिम भाग)	बाँफिकोट गाउँपालिका	६०८०३	०.०००८६६
६४४	रूकुम (पश्चिम भाग)	मुसिकोट नगरपालिका	६०८०४	०.०००९०८
६४५	रूकुम (पश्चिम भाग)	त्रिवेणी गाउँपालिका	६०८०५	०.०००६८७
६४६	रूकुम (पश्चिम भाग)	चौरजहारी नगरपालिका	६०८०६	०.०००८२५
६४७	सल्यान	दार्मा गाउँपालिका	६०९०१	०.०००६४४
६४८	सल्यान	कुमाख गाउँपालिका	६०९०२	०.०००९६७
६४९	सल्यान	बनगाड कुपिण्डे नगरपालिका	६०९०३	०.००१५५८
६५०	सल्यान	सिद्धकुमाख गाउँपालिका	६०९०४	०.०००५३०
६५१	सल्यान	बागचौर नगरपालिका	६०९०५	०.००११२२
६५२	सल्यान	छत्रेश्वरी गाउँपालिका	६०९०६	०.०००९२३
६५३	सल्यान	शारदा नगरपालिका	६०९०७	०.००१२६३
६५४	सल्यान	कालिमाटी गाउँपालिका	६०९०८	०.००१७१०
६५५	सल्यान	त्रिवेणी गाउँपालिका	६०९०९	०.०००७१९
६५६	सल्यान	कपुरकोट गाउँपालिका	६०९१०	०.०००७९१
६५७	सुर्खेत	सिम्ता गाउँपालिका	६१००१	०.००१०९५
६५८	सुर्खेत	चिङ्गाड गाउँपालिका	६१००२	०.०००७७९

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
६५९	सुर्खेत	लेकबेशी नगरपालिका	६१००३	०.००१२६२
६६०	सुर्खेत	गुर्भाकोट नगरपालिका	६१००४	०.००१५३६
६६१	सुर्खेत	भेरीगंगा नगरपालिका	६१००५	०.००१६२४
६६२	सुर्खेत	बीरेन्द्रनगर नगरपालिका	६१००६	०.००३८११
६६३	सुर्खेत	बराहताल गाउँपालिका	६१००७	०.००१६१९
६६४	सुर्खेत	पञ्चपुरी नगरपालिका	६१००८	०.००१४७०
६६५	सुर्खेत	चौकुने गाउँपालिका	६१००९	०.००१३९५
६६६	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.००२११६
६६७	बाजुरा	गौमुल गाउँपालिका	७०१०२	०.००१०१९
६६८	बाजुरा	बुढीनन्दा नगरपालिका	७०१०३	०.००१२८३
६६९	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	७०१०४	०.०००५६२
६७०	बाजुरा	जगन्नाथ गाउँपालिका	७०१०५	०.०००६५०
६७१	बाजुरा	बडिमालिका नगरपालिका	७०१०६	०.००१२१६
६७२	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	७०१०७	०.०००६९१
६७३	बाजुरा	बुढीगंगा नगरपालिका	७०१०८	०.०००५३७
६७४	बाजुरा	त्रिवेणी नगरपालिका	७०१०९	०.००१०८८
६७५	बझाङ	साइपाल गाउँपालिका	७०२०१	०.००३२५०
६७६	बझाङ	बुंगल नगरपालिका	७०२०२	०.००१५४०
६७७	बझाङ	सूर्मा गाउँपालिका	७०२०३	०.०००८९०
६७८	बझाङ	तालकोट गाउँपालिका	७०२०४	०.००१३७२
६७९	बझाङ	मष्टा गाउँपालिका	७०२०५	०.०००६३०
६८०	बझाङ	जयपृथ्वी नगरपालिका	७०२०६	०.०००९८४
६८१	बझाङ	छबिस पाथिभरा गाउँपालिका	७०२०७	०.०००६१५
६८२	बझाङ	दुर्गाथली गाउँपालिका	७०२०८	०.०००५०६
६८३	बझाङ	केदारस्युँ गाउँपालिका	७०२०९	०.०००६७४
६८४	बझाङ	बित्थडचिर गाउँपालिका	७०२१०	०.०००६५६
६८५	बझाङ	थलारा गाउँपालिका	७०२११	०.०००६७६
६८६	बझाङ	खप्तडछान्ना गाउँपालिका	७०२१२	०.०००५७६
६८७	दार्चुला	ब्याँस गाउँपालिका	७०३०१	०.००२१९५
६८८	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	०.०००४४९
६८९	दार्चुला	महाकाली नगरपालिका	७०३०३	०.००१४७९
६९०	दार्चुला	नौगाड गाउँपालिका	७०३०४	०.०००८१८
६९१	दार्चुला	अपिहिमाल गाउँपालिका	७०३०५	०.००१६५५
६९२	दार्चुला	मार्मा गाउँपालिका	७०३०६	०.०००९१८
६९३	दार्चुला	शैल्यशिखर नगरपालिका	७०३०७	०.०००९७६
६९४	दार्चुला	मालिकार्जुन गाउँपालिका	७०३०८	०.०००७४१
६९५	दार्चुला	लेकम गाउँपालिका	७०३०९	०.०००८९९
६९६	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	०.०००८०१
६९७	बैतडी	दोगडाकेदार गाउँपालिका	७०४०२	०.०००८०८
६९८	बैतडी	पुचौंडी नगरपालिका	७०४०३	०.००१११३
६९९	बैतडी	सुर्नया गाउँपालिका	७०४०४	०.०००७६७
७००	बैतडी	दशरथचन्द नगरपालिका	७०४०५	०.००१२२९
७०१	बैतडी	पन्चेश्वर गाउँपालिका	७०४०६	०.०००७३२
७०२	बैतडी	शिवनाथ गाउँपालिका	७०४०७	०.०००५८७

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
७०३	बैतडी	मेलौली नगरपालिका	७०४०८	०.०००७४९
७०४	बैतडी	पाटन नगरपालिका	७०४०९	०.००११५५
७०५	बैतडी	सिगास गाउँपालिका	७०४१०	०.००११३३
७०६	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	७०५०१	०.०००८०४
७०७	डँडेलधुरा	अमरगढी नगरपालिका	७०५०२	०.००१०५०
७०८	डँडेलधुरा	अजयमेरू गाउँपालिका	७०५०३	०.०००८३३
७०९	डँडेलधुरा	भागेश्वर गाउँपालिका	७०५०४	०.०००९४७
७१०	डँडेलधुरा	परशुराम नगरपालिका	७०५०५	०.००१७३९
७११	डँडेलधुरा	आलिताल गाउँपालिका	७०५०६	०.००११८८
७१२	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	७०५०७	०.०००८४७
७१३	डोटी	पुर्विचौकी गाउँपालिका	७०६०१	०.०००७१५
७१४	डोटी	सायल गाउँपालिका	७०६०२	०.०००६८६
७१५	डोटी	आदर्श गाउँपालिका	७०६०३	०.०००८७८
७१६	डोटी	शिखर नगरपालिका	७०६०४	०.००१२२४
७१७	डोटी	दिपायल सिलगढी नगरपालिका	७०६०५	०.००१२१९
७१८	डोटी	के.आई.सिं. गाउँपालिका	७०६०६	०.०००७५०
७१९	डोटी	बोगटान फुड्सिल गाउँपालिका	७०६०७	०.००१०४६
७२०	डोटी	बडीकेदार गाउँपालिका	७०६०८	०.००१२३६
७२१	डोटी	जोरायल गाउँपालिका	७०६०९	०.००१६८२
७२२	अछाम	पंचदेवल बिनायक नगरपालिका	७०७०१	०.०००८८२
७२३	अछाम	रामारोशन गाउँपालिका	७०७०२	०.०००८७०
७२४	अछाम	मेल्लेख गाउँपालिका	७०७०३	०.०००९३०
७२५	अछाम	साँफेबगर नगरपालिका	७०७०४	०.००१०१६
७२६	अछाम	चौरपाटी गाउँपालिका	७०७०५	०.०००९३१
७२७	अछाम	मंगलसेन नगरपालिका	७०७०६	०.०००८७५
७२८	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	७०७०७	०.०००५२८
७२९	अछाम	कमलबजार नगरपालिका	७०७०८	०.०००७७२
७३०	अछाम	ढकारी गाउँपालिका	७०७०९	०.००१००१
७३१	अछाम	तुर्माखाँद गाउँपालिका	७०७१०	०.०००९८९
७३२	कैलाली	मोहन्याल गाउँपालिका	७०८०१	०.००१८९१
७३३	कैलाली	चुरे गाउँपालिका	७०८०२	०.००१६८७
७३४	कैलाली	गोदावरी नगरपालिका	७०८०३	०.००२२६१
७३५	कैलाली	गौरीगंगा नगरपालिका	७०८०४	०.००१९६३
७३६	कैलाली	घोडाघोडी नगरपालिका	७०८०५	०.००२४०६
७३७	कैलाली	बर्दगोरिया गाउँपालिका	७०८०६	०.०००९७६
७३८	कैलाली	लम्कि चुहा नगरपालिका	७०८०७	०.००१९६१
७३९	कैलाली	जानकी गाउँपालिका	७०८०८	०.००१३९६
७४०	कैलाली	जोशीपुर गाउँपालिका	७०८०९	०.००१००८
७४१	कैलाली	टिकापुर नगरपालिका	७०८१०	०.००२११०
७४२	कैलाली	भजनी नगरपालिका	७०८११	०.००१५६९
७४३	कैलाली	कैलारी गाउँपालिका	७०८१२	०.००१७५५
७४४	कैलाली	धनगढी उपमहानगरपालिका	७०८१३	०.००५१४३
७४५	कञ्चनपुर	कृष्णपुर नगरपालिका	७०९०१	०.००१७८९
७४६	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	७०९०२	०.००१४८३

क्र. सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
७४७	कञ्चनपुर	बेदकोट नगरपालिका	७०९०३	०.००१६०१
७४८	कञ्चनपुर	भिमदत्त नगरपालिका	७०९०४	०.००३३५१
७४९	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	७०९०५	०.०००८५१
७५०	कञ्चनपुर	लालझाडी गाउँपालिका	७०९०६	०.००११५५
७५१	कञ्चनपुर	पुनर्वास नगरपालिका	७०९०७	०.००१५८४
७५२	कञ्चनपुर	बेलौरी नगरपालिका	७०९०८	०.००१५००
७५३	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	७०९०९	०.०००६९५

६.२ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस कार्यान्वयनको अवस्था

प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरूप यस आयोगले प्रत्येक वर्ष प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दै आएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ अनुसार पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भएअनुरूप आयोगले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त भएको रोयल्टी प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्राकृतिक स्रोतबाट प्राप्त भएको रोयल्टी शीर्षकहरू पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट कुल रकम रू. ७ अर्ब ३३ करोड ३५ लाख ७९ हजार सङ्कलन भई बाँडफाँट भएको देखिएको छ। जसमा सबैभन्दा बढी विद्युतबाट रू. ३ अर्ब ९३ करोड ७७ लाख १० हजार अर्थात ५३.६९ प्रतिशत रहेको छ। पर्वतारोहण, वन र खानी तथा खनिजबाट क्रमशः १३.६२ प्रतिशत, २२.३२ प्रतिशत र १०.३७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम बाँडफाँटको शीर्षकगत विवरण देहाय बमोजिम तालिका ६.५ मा प्रस्तुत गरिएको छः

तालिका ६.५

आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम र बाँडफाँटको विवरण

(रू. हजारमा)

क्र.सं.	रोयल्टी शीर्षक	विभाज्य कोषमा जम्मा	नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१.	पर्वतारोहण	९९८५८०	४९९२९०	२४९६४५	२४९६४५
२.	जलविद्युत	३९३७७११	१९६८८५५	९८४४२८	९८४४२८
३.	वन	१६३६८३९	८१८४२०	४०९२१०	४०९२१०
	३.१ संरक्षित वन	६७०९३९	३३५४७०	१६७७३५	१६७७३५
	३.२ सरकारी वन	९६५९००	४८२९५०	२४१४७५	२४१४७५
४.	खानी तथा खनिज	७६०४५०	३८०२२५	१९०११३	१९०११३
जम्मा		**७३३३५८०**	**३६६६७९०**	**१८३३३९५**	**१८३३३९५**

स्रोतः महालेखा नियन्त्रकको कार्यालय

६.२.१ प्रदेश सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ मा सङ्कलन भएको रोयल्टी सातै प्रदेश सरकारलाई रू. १ अर्ब ८३ करोड ३३ लाख ९५ हजार बाँडफाँट गरी वितरण गरेको छ। रोयल्टी बाँडफाँटबाट प्रदेश सरकारहरूले प्राप्त गरेको शीर्षकगत रोयल्टीको विवरण तालिका ६.६ मा उल्लेख गरिएको छः-

तालिका ६.६

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले प्राप्त गरेको रोयल्टीको विवरण

(रू.हजारमा)

क्र.सं.	प्रदेशको नाम	खानी तथा खनिज	जलविद्युत	पर्वतारोहण	वन	जम्मा
१	कोशी प्रदेश	१७,०३८	१,०३,२०३	२,०४,७६०	१,०४,९९६	४,२९,९९७
२	मधेश प्रदेश	०	०	०	२४,९९३	२४,९९३
३	बागमती प्रदेश	४८,८५२	४,०५,२१८	२४,४५८	९४,१३२	५,७२,६५९
४	गण्डकी प्रदेश	२,२३३	३,६७,९७३	२०,०५१	५३,९०४	४,४४,१६१
५	लुम्बिनी प्रदेश	१,२१,५४९	७६,२८७	६५	५४,७८७	२,५२,६८७
६	कर्णाली प्रदेश	३७९	९२१	२५०	३०,५८७	३२,१३७
७	सुदूरपश्चिम प्रदेश	६३	३०,८२४	६२	४५,८१२	७६,७६२
जम्मा						**१८,३३,३९५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८१/०८२ मा सबैभन्दा बढी रोयल्टी बागमती प्रदेश सरकारले रू. ५७ करोड २६ लाख ५९ हजार र सबैभन्दा कम रोयल्टी मधेश प्रदेश सरकारले रू. २ करोड ४९ लाख ९३ हजार प्राप्त गरेको छ। प्रदेश सरकारले प्राप्त गरेको कुल रोयल्टीमध्ये पर्वतारोहणतर्फ सबैभन्दा बढी कोशी प्रदेशले ८२.०२ प्रतिशत प्राप्त गरेको छ। विद्युततर्फ सबैभन्दा बढी रोयल्टी बागमती प्रदेशले ४१.१६ प्रतिशत प्राप्त गरेको छ। वनतर्फ सबैभन्दा बढी कोशी प्रदेशले २५.६६ प्रतिशत र खानी तथा खनिजतर्फ सबैभन्दा बढी लुम्बिनी प्रदेशले ६३.९४ प्रतिशत रोयल्टी प्राप्त गरेको छ। मधेश प्रदेशले पर्वतारोहण, विद्युत र खानी तथा खनिजतर्फको रोयल्टी प्राप्त गरेको देखिँदैन।

६.२.२ स्थानीय सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ मा स्थानीय सरकारलाई रू. १ अर्ब ८३ करोड ३३ लाख ९५ हजार रोयल्टी वितरण गरेको छ। शीर्षकगत रोयल्टी बाँडफाँटको विवरण देहाय बमोजिम रहेको छः

तालिका ६.७

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण

रोयल्टी शीर्षक	रोयल्टी प्राप्त गरेको स्थानीय सरकारको सङ्ख्या	स्थानीय तहले प्राप्त गरेको सबैभन्दा बढी रोयल्टी रकम (रू.)	स्थानीय तहले प्राप्त गरेको सबैभन्दा कम रोयल्टी रकम (रू.)	स्थानीय सरकारले प्राप्त गरेको जम्मा रोयल्टी रकम (रू.)
पर्वतारोहण	११३	१३५,२०४,३३६	७६	२४९,६४४,९५१
विद्युत	१५३	११०,६५२,३३६	४,४६८	९८४,४२७,६९५
वन	७४२	३९,१४६,५७१	३.३९	४०९,२०९,८०२
खानी तथा खनिज	५०	२६,८३३,७२७	३३५	१९०,११२,५२२

स्रोतः महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८१/८२ मा पर्वतारोहणको रोयल्टी रकम ११३ वटा स्थानीय सरकारमा बाँडफाँट भएको छ। पर्वतारोहणतर्फको रोयल्टी सबैभन्दा धेरै सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाले रू १३ करोड ५२ लाख ४

हजार प्राप्त गरेको छ भने सबैभन्दा कम बाजुराको गौमुल गाउँपालिकाले रू. ७६ प्राप्त गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा १५३ वटा स्थानीय सरकारले जलविद्युततर्फको रोयल्टी रकम प्राप्त गरेका छन्। जलविद्युततर्फ सबैभन्दा धेरै सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाले रू. ११ करोड ६ लाख ५२ हजार प्राप्त गरेको छ भने सबैभन्दा कम बाग्लुङ नगरपालिकाले रू. ४ हजार ४ सय ६८ प्राप्त गरेको छ।

वनतर्फ ७४२ ओटा स्थानीय तहले रोयल्टी प्राप्त गरे पनि राष्ट्रिय वनतर्फ ७३६ वटा स्थानीय तह र संरक्षित वनतर्फ १२८ वटा स्थानीय तहले रोयल्टी प्राप्त गरेका छन्। वनअन्तर्गतको रोयल्टीमा सबैभन्दा धेरै खुम्बु पासाङल्हामु गाउँपालिकाले रू. ३ करोड ९१ लाख ४६ हजार प्राप्त गरेको छ भने सबैभन्दा कम मनाङको नार्पा भूमि गाउँपालिकाले रू. ३ रूपैयाँ ३९ पैसा प्राप्त गरेको छ।

खानी तथा खनिज पदार्थ अन्तर्गत सो आर्थिक वर्षमा ५० वटा स्थानीय सरकारले रोयल्टी प्राप्त गरेका छन्। जसमध्ये सबैभन्दा धेरै पाल्पाको निस्दी गाउँपालिकाले रू. २ करोड ६८ लाख ३३ हजार प्राप्त गरेको छ भने सबैभन्दा कम स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाले रू. ३ सय ३५ प्राप्त गरेको छ।

आयोगको विभिन्न मितिको निर्णय बमोजिम दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी बाँडफाँट सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था मिलाउन अर्थ मन्त्रालय मार्फत् नेपाल सरकारलाई लेखी पठाइएकोमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी विभाज्य कोषमा जम्मा भएको जानकारी हालसम्म प्राप्त भएको छैन। उक्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्न नेपाल सरकारलाई गरिएको सिफारिस कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

६.२.३ रोयल्टी बाँडफाँटको हिस्सा पुनरावलोकनको लागि आयोगले नेपाल सरकारलाई गरेको सिफारिस

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ४ मा सङ्घ, प्रदेश र स्थानीय तहबीच रोयल्टी बाँडफाँट प्रतिशत उल्लेख रहेको छ र सोही अनुसूचीको द्रष्टव्य (२) मा नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक ५ वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने व्यवस्था रहेको छ। सोही बमोजिम आयोगले प्राकृतिक स्रोतको रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट गर्न विद्यमान संरचना पुनरावलोकन गर्न नेपाल सरकारलाई मिति २०८१।११।०२ र मिति २०८३।०२।०६ मा सिफारिस गरेको छ। उक्त सिफारिस तलको तालिका ६.८ मा प्रस्तुत गरिएको छ।

तालिका ६.८

आयोगले रोयल्टी बाँडफाँटको हिस्सा पुनरावलोकनको लागि नेपाल सरकारलाई गरेको सिफारिसको विवरण

क्र.सं.	रोयल्टीको स्रोत	नेपाल सरकार (प्रतिशत)	सम्बन्धित प्रदेश (प्रतिशत)	सम्बन्धित स्थानीय तह (प्रतिशत)	जम्मा (प्रतिशत)
१.	पर्वतारोहण	४९.०	२४.०	२७.०	१००
२.	विद्युत				
	प्रसारण लाइन प्रभाव व्यवस्थापनतर्फ (विद्युत रोयल्टीको २० % अङ्श)	०.०	०.०	१००.०	१००
	प्रसारण लाइन बाहेकका अन्य प्रभाव व्यवस्थापन तर्फ (विद्युत रोयल्टी को ८० %अङ्श)	४६.०	२४.०	३०.०	१००
३.	वन				
	(क) राष्ट्रिय वन	२३.०	४८.०	२९.०	१००
	(ख) संरक्षित क्षेत्र	४८.०	२२.०	३०.०	१००

क्र.सं.	रोयल्टीको स्रोत	नेपाल सरकार (प्रतिशत)	सम्बन्धित प्रदेश (प्रतिशत)	सम्बन्धित स्थानीय तह (प्रतिशत)	जम्मा (प्रतिशत)
४.	खानी तथा खनिज	४१.०	२७.०	३२.०	१००
५.	पानी तथा अन्य प्राकृतिक स्रोत				
	(क) रेडियो फ्रिक्वेन्सी	५५.०	२१.०	२४.०	१००
	(ख) अन्य (माथि उल्लिखित बाहेकका प्राकृतिक स्रोतको हकमा)	५०.०	२५.०	२५.०	१००

६.३ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीका सम्बन्धमा आयोगबाट दिइएका सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१	प्रदेश सरकार र स्थानीय सरकारको वार्षिक बजेटमा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट वापतको रकम अनुमान गर्न नेपाल सरकारले सोवापत बाँडफाँट हुने रोयल्टीको स्रोतगत र परियोजनागत अनुमानित रकम उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार	नेपाल सरकार र प्रदेश सरकारबाट राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको अनुमानित रकम उपलब्ध गराएको नदेखिएको। विद्युत, खानी तथा खनिज पदार्थ र पर्वतारोहण रोयल्टीको अनुमान प्राप्त भएको।
२	प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टी बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून निर्माण गर्नु पर्ने।	नेपाल सरकार	प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून निर्माण नभएको।
३	सङ्घ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको प्रदेश तथा स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका प्रदेश तथा स्थानीय तहमा समेत वातावरण संरक्षण तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्न, प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र विकासका कार्य गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	विपद व्यवस्थापन, नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी कार्यहरू नेपाल सरकार र प्रदेश सरकार मार्फत भइरहेको।
४	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य (१) मा प्राकृतिक स्रोतको रोयल्टीवापतको रकम जिल्ला समन्वय समितिलाई समेत बाँडफाँट तथा वितरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा संविधानतः जिल्ला समन्वय समितिलाई सञ्चित कोष सञ्चालन गर्ने अधिकार रहेको नदेखिएकाले उक्त ऐन संशोधन गरी अनुसूची-४ बाट ''जिल्ला समन्वय समिति'' भन्ने वाक्याङ्श हटाउनु पर्ने।	नेपाल सरकार	सुझाव कार्यान्वयन भएको नदेखिएको।
५	प्राकृतिक स्रोतको अधिकतम परिचालन गर्नका लागि कूल प्राकृतिक पूँजी (Total Natural Capital) को एकीकृत अभिलेख रहेको नदेखिँदा देशमा रहेका प्राकृतिक पूँजीको गणना गरी एकीकृत अभिलेख राख्ने प्रणाली विकास गर्नुपर्ने।	नेपाल सरकार	सुझाव कार्यान्वयन भएको नदेखिएको।

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
६	पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन बाँडफाँटको आधारमा लश्कर मार्ग सम्बन्धी सूचक, पर्वतारोहणबाट वातावरणमा परेको प्रभाव सम्बन्धी सूचक लगायतका विवरण समावेश गर्न आवश्यक देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय तह एवम् वातावरणीय प्रभाव लगायतको एकीकृत विवरण तयार गर्नुपर्ने।	नेपाल सरकार	पर्वतारोहणबाट वातावरणमा परेको प्रभाव, पर्वतारोहणको लागि आधार शिविरसम्म पुग्ने लश्कर मार्ग सम्बन्धी एकीकृत विवरण तयार भएको नदेखिएको।
७	वन ऐन, २०७६ को दफा ४५ बमोजिम स्थापना भएको वन विकास कोषमा वन क्षेत्रको वन पैदावार बिक्रीबाट प्राप्त रकम, वातावरण सेवाबाट प्राप्त रकम र वन क्षेत्रको अन्य प्रयोजन बापत प्राप्त रकम जम्मा हुने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ प्रतिकूल देखिएकोले वन ऐन, २०७६ संशोधन गरी उल्लिखित रकम सङ्घीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने।	नेपाल सरकार	वन ऐन, २०७६ को दफा ४५ बमोजिम स्थापना भएको वन विकास कोषमा वन क्षेत्रको वन पैदावार बिक्रीबाट प्राप्त रकम हटाइएको र वातावरणीय सेवाबाट प्राप्त रकम मध्ये तोकिए बमोजिमको रकम मात्र जम्मा हुने गरी वन ऐन, २०७६ संशोधन भएको
८	खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ बमोजिम तोकिएको रोयल्टीको १० प्रतिशतले हुने स्थानीय विकास शुल्क बापतको रकम जिल्ला समन्वय समिति वा सो समितिले तोकेको निकायमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा संविधानतः जिल्ला समन्वय समितिलाई सञ्चित कोष सञ्चालन गर्ने अधिकार नरहेकोले सो वापतको रकम जम्मा हुने कोष यकिन हुनेगरी उक्त नियमावली संशोधन गर्नुपर्ने।	नेपाल सरकार	संशोधनको प्रक्रियामा रहेको देखिएको।
९	प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी सोही आर्थिक वर्षमा सङ्घीय विभाज्य कोषमा जम्मा नभएमा विलम्ब शुल्क लगाउने कानूनी व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार	सुझाव कार्यान्वयन भएको नदेखिएको।
१०	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा उल्लेख भएबमोजिम सङ्घीय विभाज्य कोषमा रहेको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट वार्षिकरूपमा गर्ने व्यवस्था अनुरूप नेपाल सरकारले जुन आर्थिक वर्षमा सङ्कलन भएको रोयल्टी हो सोही आर्थिक वर्षमा बाँडफाँट गर्नुपर्ने।	नेपाल सरकार	सुझाव कार्यान्वयन भएको नदेखिएको।
११	आयोगको सिफारिस बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको परियोजनागत सङ्कलन र बाँडफाँटको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार	परियोजनागत रोयल्टी सङ्कलन र बाँडफाँटको विवरण आयोगमा प्रमाणित रूपमा प्राप्त नभएको।

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१२	संरक्षण क्षेत्र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा नभई राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम गठित राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत जम्मा गर्ने व्यवस्था हालसम्म पनि कायमै रहनुका साथै वातावरण संरक्षण ऐन, २०७६ मा समेत वातावरण संरक्षण कोषको व्यवस्था रहेको छ। उल्लिखित प्रावधानहरू संवैधानिक व्यवस्था एवम् अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान प्रतिकूल हुने भएकाले यस्ता कोषमा जम्मा हुने गरेका रकमहरू समेत सङ्घीय विभाज्य कोषमा जम्मा हुने कानूनी व्यवस्था हुनुपर्ने।	नेपाल सरकार	राष्ट्रिय प्रकृति संरक्षण कोषमा र वातावरण संरक्षण कोषमा जम्मा हुने रकम सङ्घीय विभाज्य कोषमा जम्मा हुने कानूनी व्यवस्था भएको नदेखिएको।

६.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
प्राकृतिक स्रोतको परिचालन सम्बन्धी सुझावहरू		
१	प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र रोयल्टी बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने विवाद समाधान, प्राकृतिक स्रोतको परिचालनसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी एकीकृत कानून निर्माण गर्नु पर्ने।	नेपाल सरकार
२	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य (१) मा प्राकृतिक स्रोतको रोयल्टी वापतको रकम जिल्ला समन्वय समितिलाई समेत बाँडफाँट तथा वितरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा संविधानतः जिल्ला समन्वय समितिलाई सञ्चित कोष सञ्चालन गर्ने अधिकार रहेको नदेखिएकाले उक्त ऐन संशोधन गरी अनुसूची-४ बाट ''जिल्ला समन्वय समिति'' हटाउनु पर्ने।	नेपाल सरकार
३	प्राकृतिक स्रोतको अधिकतम परिचालन गर्नका लागि कुल प्राकृतिक स्रोत पूँजीको एकीकृत अभिलेख (Integrated Inventory of Natural Resources Capital) प्रणाली विकास गर्नुपर्ने।	नेपाल सरकार
४	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा उल्लेख भए बमोजिम सङ्घीय विभाज्य कोषमा रहेको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट वार्षिकरूपमा गर्ने व्यवस्था अनुरूप नेपाल सरकारले जुन आर्थिक वर्षमा सङ्कलन भएको रोयल्टी हो सोही आर्थिक वर्षमा बाँडफाँट गर्न स्वचालित प्रणाली विकास गर्नुपर्ने।	नेपाल सरकार
५	आयोगको सिफारिस बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको परियोजनागत सङ्कलन र बाँडफाँटको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार
६	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रस्टव्य (२) मा रहेको नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न सक्ने व्यवस्था बमोजिम रोयल्टी बाँडफाँटको अनुपात पुनरावलोकन गर्न आयोगले नेपाल सरकारलाई मिति २०८१/११/०२ र मिति २०८३/०२/०६ मा गरिएको सिफारिस कार्यान्वयन गर्नुपर्ने।	नेपाल सरकार
७	संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज र चुरे क्षेत्र लगायतका क्षेत्रबाट विकास निर्माणको लागि अपरिहार्य सामग्रीहरू ढुङ्गा, गिटी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन र नियमन सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारबाट राय सुझाव एवम् गुनासाहरू प्राप्त भएकोले तीनवटै तहका सरकारको संलग्नतामा संचालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार

८	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को क्रमसङ्ख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्था अन्तर्गत भविष्यमा रोयल्टी प्राप्त गर्न सकिने संभावित स्रोतहरूमा अन्तर-बेसीन खानेपानी, अन्तरबेसीन सिंचाई, पानीको बोटलिङ प्रयोग, पानीको औद्योगिक उपयोग, भूमिगत जलस्रोत, जल यातायात, जल मनोरन्जन, माछापालन, हाईड्रोजन ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, भू-तापीय ऊर्जा, तापीय ऊर्जा, जिवाश्म ऊर्जा, आणविक ऊर्जा, पेट्रोल, कोईला र दूरसंचार (फ्रिक्वेन्सी) रहेको अध्ययनबाट देखिएको हुँदा यस किसिमका स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने।	नेपाल सरकार
९	आयोगबाट रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गर्दा कानूनमा भएको व्यवस्था बमोजिम परिचालित प्राकृतिक स्रोतको निकटतम् प्रभावको अनुपातका आधारमा सम्बन्धित प्रदेश र स्थानीय तहलाई रोयल्टीको हिस्सा प्राप्त हुने गरी सिफारिस गरिएको भए तापनि यस प्रकारको रोयल्टीको हिस्सा नै प्राप्त गर्न नसकेका प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकार तथा प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्साबाट समन्यायिकताका आधारमा सम्बोधन गर्न नेपाल सरकार तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टीबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका वा नरहेका स्थानीय तहमा समेत वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयोग गर्नु पर्ने।	नेपाल सरकार, प्रदेश सरकार
१०	प्राकृतिक स्रोतको परिचालनमार्फत संचालित आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिए बमोजिम उक्त आयोजना क्षेत्रमा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम संचालन भए नभएको विषयमा अनुगमन गर्ने र सोको प्रतिवेदन आयोगलाई उपलब्ध गराउने।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह
११	नेपाल राजपत्रमा प्रकाशित कतिपय स्थानीय तहको क्षेत्रफल र नापी विभागको अभिलेख बमोजिमको क्षेत्रफल तथा साविकको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रकाशित गरेको सीमाना नक्सामा र नापी विभागको अभिलेख बमोजिमको नक्सा श्रेस्तामा एकरूपता नहुँदा आयोगबाट गरिएका राजस्व बाँडफाँट, अनुदान हस्तान्तरण र रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिसका सम्बन्धमा स्थानीय तहबाट गुनासा र विवाद आउने गरेकोले क्षेत्रफल र सीमाना सम्बन्धी विवरणमा एकरूपता हुने गरी अद्यावधिक गर्ने।	नेपाल सरकार
पर्वतारोहण सम्बन्धी सुझावहरू		
१२	पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन बाँडफाँटको आधारमा लश्कर मार्ग सम्बन्धी सूचक, पर्वतारोहणबाट वातावरणमा परेको प्रभाव सम्बन्धी सूचक लगायतका विवरण समावेश गर्न आवश्यक देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय तह एवम् वातावरणीय प्रभाव लगायतको एकीकृत विवरण तयार गर्नुपर्ने।	नेपाल सरकार
१३	पर्वतारोहणबाट प्राप्त रोयल्टी हिमालचुली रहेको स्थानीय तह, त्यसको वरिपरिको स्थानीय तह, आधार शिविर रहेको स्थान, लश्कर मार्ग लगायत हिमालचुली आरोहणबाट प्रभावित हुने क्षेत्रमा हिमालचुली संरक्षण तथा सम्बर्द्धनमा उपयोग गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह
१४	पर्यटन ऐन, २०३५ को दफा ३७ को उपदफा (२) बमोजिम नेपाल पर्वतारोहण सङ्घलाई नेपाल सरकारले तोकिएको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्ने व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार २७ वटा हिमालचुलीको व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण सङ्घलाई सुम्पिएकोमा सङ्घले व्यवस्थापन गर्ने हिमालचुलीबाट सङ्कलन हुने रोयल्टी नियमित रूपमा सङ्घीय विभाज्य कोषमा दाखिला हुनु पर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सङ्घको व्यवस्थापन खर्चका लागि नेपाल सरकारले बार्षिक रूपमा बजेट विनियोजन गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची -४ को क्रमसङ्ख्या १ को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।	नेपाल सरकार
दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी सम्बन्धी सुझाव		
१५	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी तथा दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा हुँदै आएकोमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई प्राकृतिक स्रोतको छुट्टै रोयल्टी शीर्षक कायम गर्ने गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची ४ संशोधन गर्ने र आयोगले गर्दै आएको सिफारिस बमोजिम उक्त रकमलाई तीन तहका सरकारबीच बाँडफाँट गर्नुपर्ने।	नेपाल सरकार

वन सम्बन्धी सुझाव		
१६	संरक्षण क्षेत्र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा नभई राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम गठित राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत जम्मा गर्ने व्यवस्था हालसम्म पनि कायमै रहेको साथै वातावरण संरक्षण ऐन, २०७६ मा समेत वातावरण संरक्षण कोषको व्यवस्था रहेको छ। उल्लिखित प्रावधानहरू संवैधानिक व्यवस्था एवम् अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान प्रतिकूल हुने भएकाले यस्ता कोषमा जम्मा हुने गरेका रकमहरू समेत सङ्घीय विभाज्य कोषमा जम्मा हुने कानूनी व्यवस्था हुनुपर्ने।	नेपाल सरकार
१७	वन पैदावारबाट प्राप्त हुने रोयल्टी विवरण सम्बन्धी अभिलेख राख्दा वनको प्रकार अनुसार स्थानीय तहगतरूपमा राख्ने व्यवस्था गर्नु पर्ने र सबै किसिमका तथ्याङ्क व्यवस्थित तथा अध्यावधिकरूपमा सम्बन्धित मन्त्रालय, विभाग तथा प्रदेश सरकार मातहत रहेका कार्यालयहरूबाट आवधिक रूपमा आयोगलाई उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार
१८	वन क्षेत्रबाट प्राप्त रोयल्टीको हकमा वनको अवस्थिति, वनमा आश्रित जनसङ्ख्या, सो वनको परिचालन गर्दा प्रभावित जनतालाई लाभ पुग्ने, वन तथा संरक्षित क्षेत्रको संरक्षण एवम् संवर्द्धन र मध्यवर्ती क्षेत्रमा आयआर्जनका क्रियाकलाप र हरियाली प्रवर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह
१९	संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र भित्र पर्ने एवम् निकुञ्ज परिवेष्ठित स्थानीय तह वन पैदावार लगायत अन्य प्राकृतिक स्रोतको उपयोगबाट बञ्चित रहने हुँदा त्यस्ता स्थानीय तहको आर्थिक समाजिक विकासमा सम्बन्धित प्रदेश तथा सङ्घीय सरकारले प्राप्त गरेको रोयल्टी रकम विशेष कार्यक्रम बनाई खर्च गर्नुपर्ने ।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह
विद्युत सम्बन्धी सुझावहरू		
२०	निजी क्षेत्रबाट संचालित जलविद्युत केन्द्रहरूबाट आर्थिक वर्ष अनुसार सङ्कलन हुनुपर्ने रोयल्टी नियमितरूपमा सङ्घीय विभाज्य कोषमा जम्मा नभएको कारणले तथ्याङ्क विश्लेषण गर्न तथा प्रभावित क्षेत्रलाई रोयल्टी बाँडफाँट गर्न तीनै तहका सरकारलाई बार्षिक बजेट अनुमान गर्न कठीन हुन जाने देखिँदा त्यस्ता विद्युत उत्पादन गर्ने संस्था वा कम्पनीहरूले विद्युत ऐन, २०४९ बमोजिम जम्मा गर्नुपर्ने जडित क्षमता वापतको रोयल्टी नियमितरूपमा जम्मा गर्नुपर्ने र विद्युत रोयल्टी सोही आर्थिक वर्षमा सङ्घीय विभाज्य कोषमा जम्मा नभएमा विलम्ब शुल्क लगाउने कानूनी व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार
२१	तीनै तहका सरकारले विद्युत आयोजनाको मुहान (Intake) क्षेत्र वरिपरि भौतिक निर्माण सम्बन्धी कार्यहरू गर्दा सो निर्माण कार्यको कारण उत्पन्न हुने ढुङ्गा, माटो, बालुवा जलाशयमा जम्मा हुन नदिने र भौतिक निर्माणको कारण उत्पन्न हुन सक्ने भूक्षयले गर्दा विद्युत आयोजनाको मुहान (Intake)लाई असर नपर्ने गरी निर्माण कार्य गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह
प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी उपयोगका क्षेत्रहरू		
२२	आयोगको सिफारिसमा नेपाल सरकारद्वारा सङ्घ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट हुने रोयल्टी प्राकृतिक स्रोतको अवस्थिति र सो वरिपरिका प्रभावित क्षेत्र तथा जनसङ्ख्यालाई हित हुने गरी देहाय बमोजिम उपयोग गर्नुपर्नेः • **पर्वतारोहणः** लश्करमार्ग/पदमार्ग तथा आधार शिविर पूर्वाधार निर्माण, हिमाल/हिमचुली सरसफाई, फोहोरमैला व्यवस्थापन र पर्वतीय विपद् पूर्वसूचना प्रणाली, पर्वतारोहीको खोज उद्धार र जनशक्ति विकास। • **विद्युतः** जलाधार क्षेत्र संरक्षण, नदी नियन्त्रण, बायो-इन्जिनियरिङ्ग, तल्लो तटीय क्षेत्रमा सिँचाइ, खानेपानी र ग्रामीण विद्युतीकरण, तथा प्रभावित समुदायका लागि सीप विकास र पर्या-पर्यटन उद्यम सञ्चालन। • **वनः** नाङ्गो जमीनमा वृक्षारोपण, डँढेलो नियन्त्रण, जैविक विविधता, वन्यजन्तु वासस्थान संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, तथा पर्या-पर्यटन प्रवर्द्धन र प्रभावित समुदायका लागि आयमूलक कार्यक्रम। • **खानी तथा खनिजः** खनिज ढुवानी सडक, प्रभावित क्षेत्रमा आकाशे पुल तथा वैकल्पिक पैदलमार्ग निर्माण, खानीजन्य फोहोरमैला व्यवस्थापन (Waste Management), ध्वनि/वायु प्रदूषण नियन्त्रण, परियोजना प्रभावितहरूलाई रोजगार प्रवर्द्धन र सीप विकास कार्यक्रम। • **दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीः** डिजिटल साक्षरता अभिवृद्धि, आईटी (IT) पार्क निर्माण र नवीनतम प्रविधिमा लगानी, गुणस्तरीय दूरसञ्चार सेवामा उपभोक्ताको पहुँच विस्तार र विद्युतीय उपकरणको फोहोरमैला व्यवस्थापन।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह

परिच्छेद - सात

आन्तरिक ऋणको सीमा

७.१ आन्तरिक ऋणको सीमा सिफारिस

७.१.१ आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०८२/११/२७

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट तर्जुमा तथा कार्यक्रम कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने कार्य गर्नुपर्दछ। बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुने अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले घाटा बजेट ल्याउन सक्ने र सोको व्यवस्थापन सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। घाटा बजेट पेश गर्दा तीनै तहका सरकारले घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। संविधानतः तीनै तहका सरकारले बजेट घाटा पूर्तिका लागि कानून बमोजिम ऋण लिन सक्छन्।

घाटा बजेट पूर्तिको एक महत्वपूर्ण स्रोतको रूपमा सार्वजनिक ऋणलाई लिइन्छ। सार्वजनिक ऋणअन्तर्गत देशभित्रबाट सङ्कलन गरिने आन्तरिक ऋण र वैदेशिक स्रोतबाट प्राप्त गरिने बाह्य ऋण पर्दछ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारसमक्ष सिफारिस गरिएको छ।

ख. संवैधानिक एवम् कानूनी व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्:

१. **नेपालको संविधानः** धारा ५९ को उपधारा (१) र उपधारा (७), धारा ११५ को उपधारा (२), धारा २०३ को उपधारा (२), धारा २२८ को उपधारा (१), धारा २३० को उपधारा (१) र उपधारा (२), धारा २५१ को उपधारा (१) को खण्ड (च)।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४: **दफा १४ को उपदफा (१), (२), (३) र (४), दफा १५ को उपदफा (१), (२), (३), (४) र (५) दफा २३ को उपदफा (१), (२), (३) र (४)।**

३. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९: **दफा ५ को उपदफा (२), दफा ६ को उपदफा (१), दफा १४ को उपदफा (४)।**

ग. सार्वजनिक ऋण सम्बन्धी अध्ययन विश्लेषण

अ. आन्तरिक ऋण परिचालन सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू

- भारतको वित्तीय उत्तरदायित्व तथा बजेट व्यवस्थापन ऐन, २००३ को दफा ४ मा आर्थिक वर्ष २०२४/२५ सम्ममा कुल गार्हस्थ उत्पादन (कु.गा.उ.) को ६० प्रतिशतको सीमाभित्र कुल सार्वजनिक ऋणलाई सीमित गर्ने व्यवस्था रहेको छ। जसमध्ये सङ्घ सरकारलाई ४० प्रतिशतको एवम् राज्य सरकार र ग्राम तथा नगर पञ्चायतलाई २० प्रतिशतको सीमा तोकिएको छ।

- भारतको पन्ध्रौ वित्तीय आयोगको प्रतिवेदनले सङ्घीय र राज्य सरकार तथा स्थानीय तहलाई बजेट घाटाको सीमा सिफारिस गरेको छ। जसअनुसार, सङ्घीय सरकारले आर्थिक वर्ष २६/२०२५ सम्ममा कुल घाटा बजेटलाई कुल गार्हस्थ उत्पादनको ४ प्रतिशतमा सीमित गर्नुपर्ने उल्लेख छ। राज्य सरकारहरूले कुल बजेट घाटालाई आर्थिक वर्ष २०२१/२२ मा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ४ प्रतिशत, २०२२/२३ मा अधिकतम ३.५ प्रतिशत र २०२३/२४ देखि २०२५/२६ सम्ममा अधिकतम ३ प्रतिशतमा सीमित गर्नुपर्ने तथा राज्य सरकारहरूले ऊर्जा क्षेत्रमा कार्यसम्पादनका आधारमा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ०.५ प्रतिशत थप सार्वजनिक ऋण परिचालन गर्न सक्ने गरी सिफारिस भएको छ। साथै, कुनै एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा कम ऋण परिचालन गरेको राज्य सरकारले सिफारिस गरिएको अवधिको पछिल्ला वर्षहरूमा उक्त बाँकी सीमा समेत परिचालन गर्न सक्ने उल्लेख छ।

- अमेरिका, क्यानडा, अष्ट्रेलिया र भारतका केही राज्य सरकारहरूले सङ्घीय सरकारको स्वीकृति नलिइकन आन्तरिक ऋण परिचालन गर्दै आएका छन्। भारतमा स्थानीय तहले राज्य सरकारको स्वीकृतिमा आन्तरिक ऋण परिचालन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। इथियोपियामा सङ्घीय सरकारले राज्य सरकारको वित्तीय क्षमताको पर्यवेक्षण गरी आन्तरिक ऋण परिचालनको अनुमति दिने गरेको छ।

- नाइजेरियाको वित्तीय उत्तरदायित्व ऐन, २००७ को दफा ४१ मा पुँजीगत खर्च र मानव विकासका लागि मात्र सार्वजनिक ऋण परिचालन गर्न सकिने व्यवस्था छ। सोही ऐनको दफा १२ मा विशेष अवस्थामा बाहेक बार्षिकरूपमा कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतमात्र घाटा बजेट पेश गर्न सकिने उल्लेख छ।

- दक्षिण अफ्रिकामा पुँजीगत खर्चको लागि बहुबर्षीय ऋण तथा नियमित खर्चको लागि बार्षिक ऋण लिन पाइने व्यवस्था रहेको छ। प्रदेशहरूलाई ऋण लिनको लागि ऋण परामर्श समिति (Loan Consultation Committee) ले साँवा र ब्याज तिर्न सक्ने क्षमताको आधारमा स्वीकृति दिने गर्दछ।

- International Monetory Fund (IMF) र International Development Agency (IDA) ले सन् २००५ मा अध्ययन गरी न्यून आय भएका देशहरूको ऋण दिगोपना ढाँचा (Debt Sustainability Framework) निर्धारण गरेका थिए। जसअनुसार, कुल गार्हस्थ उत्पादन, निर्यात व्यापार, राजस्वको अवस्था, वित्तीय व्यवस्था खर्च र कुल सार्वजनिक ऋणको हिस्सालाई सार्वजनिक ऋणको दिगोपना अध्ययनको प्रमुख सूचकका रूपमा लिइएको पाइन्छ।

आ. नेपालको सार्वजनिक ऋणको दिगोपना सम्बन्धमा भएका अध्ययन प्रतिवेदनका प्रमुख विषयहरू

- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले सङ्युक्तरूपमा गरेको डेब्ट सस्टेनेविलिटी एनालाइसिस सम्बन्धी प्रतिवेदन, २०२४ अनुसार नेपालको बाह्य ऋण र समग्र सार्वजनिक ऋण जोखिम न्यून रहेको छ। यद्यपि, आर्थिक बृद्धि र निर्यातका सूचकहरू कमजोर रहेकाले भावी जोखिमलाई सङ्केत गरेको छ। नेपालमा बढ्दो वित्त घाटा र चालु खाता घाटाको अवस्थाले आगामी दिनमा सार्वजनिक ऋण झनै बढ्ने देखिन्छ।

- IMF र IDA ले सन् २०२५ मा गरेको अध्ययनका अनुसार, नेपालमा कुल गार्हस्थ उत्पादन र निर्यातको अनुपात तुलनात्मकरूपमा न्यून रहेको तथा ऋणात्मक नगद सन्तुलन (Negative cash balance in Treasury Single account) को अवस्था देखिएको बाहेकका अन्य सूचकहरूमा नेपालको अवस्था राम्रो रहेकोले सार्वजनिक ऋण तनाव (Debt Distress) मा नरहेको निष्कर्ष निकालिएको छ। नेपाल सरकारको संभावित दायित्व विश्लेषण अन्तर्गत नेपाल सरकारले सार्वजनिक संस्थानमा गरेको लगानी, सार्वजनिक-निजी साझेदारीका परियोजनामा गरेको लगानी र वैदेशिक निजी ऋण लगानी समेत सुरक्षित सीमाभित्र रहेको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।

- आर्थिक वर्ष २०८१/८२ सम्म नेपाल सरकारको विद्यमान सार्वजनिक ऋणमध्ये बाह्य ऋण रू. १४ खर्ब ०५ अर्ब ८२ करोड र आन्तरिक ऋण रू. १२ खर्ब ६८ अर्ब २२ करोड गरी जम्मा रू. २६ खर्ब ७४ अर्ब ०४ करोड पुगेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा ४३.७९ प्रतिशत रहेको, जुन विश्व बैंकले गरेको अनुमान ४२.५० को हाराहारीमा नै रहेको देखिन्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले २८ अगस्ट, २०२५ मा मा प्रकाशित गरेको ऋणको दिगोपना बिश्लेषण (Debt Sustainability Analysis) अनुसार, नेपालको बैदेशिक ऋण र समग्र सार्वजनिक ऋण ऋण तनाव (Debt Distress) को न्यून जोखिममा रहेको मूल्याङ्कन गरिएको छ।

इ. समष्टिगत आर्थिक सूचक र मुख्य ऋण परिचालन मानक विश्लेषण

विवरण	मानक
सार्वजनिक ऋणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात (स्रोतःIMFको guideline अनुसार)	कुल गार्हस्थ उत्पादनसँग ६० प्रतिशतको सीमाभित्र
बजेट Fiscal deficit Targeting (स्रोतःMaastricht Treaty Guideline)	कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतको सीमाभित्र
बैदेशिक ऋण व्यवस्थापन	कुल गार्हस्थ उत्पादनको ४० प्रतिशतको सीमाभित्र
बैदेशिक ऋण सेवा (ब्याज+साँवा भुक्तानी) (स्रोतःWB/ IMF)	निर्यात आम्दानीको २० प्रतिशतको सीमाभित्र
ब्याजदर र मुद्रास्फीति	न्यून ब्याजदरसँग ऋण पङ्क्तिवद्ध(Align) गर्ने
ऋण सेवा अनुपात	राजस्वको ४० प्रतिशतको सीमाभित्र
कुल गार्हस्थ उत्पादनसँग सार्वजनिक पुँजी निर्माण खर्च अनुपात (स्रोतः WB,OECD)	कुल ग्राहस्थ उत्पादनसँग कम्तीमा पुँजीगत खर्चको विनियोजन ३-५ प्रतिशत
राजस्व र आन्तरिक ऋण अनुपात (स्रोतः IMF Staff Report - Nepal, 2018)	राजस्वको २०-२५ प्रतिशतको सीमाभित्र आन्तरिक ऋण

- सार्वजनिक ऋणको सन्दर्भमा International Monetary Fund (IMF) ले अन्तर्राष्ट्रिय मानकको रूपमा सार्वजनिक ऋणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ६० प्रतिशतभन्दा कम हुनु पर्ने निर्दिष्ट गरेको छ, जसले ऋणको चाप न्यून रहने तथा लगानीकर्ताको आत्मविश्वास बढाउने गर्दछ।
- घाटा बजेटको अनुपात कुल गार्हस्थ उत्पादनको २ प्रतिशतदेखि ३ प्रतिशतको सीमाभित्र राख्दा मुद्रास्फीति नियन्त्रण हुने तथा ब्याजदरलाई बाञ्छित सीमाभित्र राख्न सकिने Maastricht Treaty Guideline ले निर्दिष्ट गरेको छ।
- बैदेशिक ऋणको अनुपात कुल गार्हस्थ उत्पादनको ४० प्रतिशतको सीमाभित्र हुनु पर्दछ।
- बैदेशिक ऋण सेवा अर्थात् बैदेशिक ऋणको साँवा र ब्याज भुक्तानी निर्यात आम्दानीको २० प्रतिशतको सीमाभित्र राख्नु पर्दछ।
- सार्वजनिक ऋणको ब्याजदर ब्याजको न्यूनदरसँग पङ्क्तिवद्ध (Align) हुनु पर्दछ, जसले मुद्रास्फीतिलाई नियन्त्रण गर्न सघाउ पुऱ्याउँदछ।
- सार्वजनीक ऋणको ऋण सेवा खर्च कुल राजस्वको ४० प्रतिशतको सीमाभित्र राख्नु पर्छ, जसले ऋण भुक्तानी तथा पुँजी परिचालनको क्षमता बलियो रहेको विषय दर्शाउँछ।
- World bank (WB) तथा Organization for Economic Cooperation and Development (OECD) अनुसार, सार्वजनिक पुँजी निर्माणको लागि विनियोजित पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतदेखि ५ प्रतिशतसम्म हुनु पर्ने निर्दिष्ट गरेको छ।
- राजस्व र आन्तरिक ऋणको अनुपात सम्बन्धमा IMF Staff Report - Nepal, 2018 ले राजस्वको २० देखि २५ प्रतिशतको सीमाभित्र आन्तरिक ऋण हुनुपर्ने निर्दिष्ट गरेको छ।
- उल्लिखित निर्दिष्ट समष्टिगत आर्थिक सूचकहरू तोकिएको सीमाभित्र राख्दा समग्र वित्त व्यवस्थापनमा ऋण चाप कम हुने, ऋण सेवा खर्च धान्न सकिने, मुद्रास्फीति तथा ब्याजदरलाई वान्छित सीमाभित्र राख्न सकिने र पुँजीगत खर्चको

लागि आवश्यक विनियोजन गर्न सकिने हुँदा उपरोक्त गाइडलाइनभित्रै बसी सार्वजनिक ऋण परिचालन गर्न आवश्यक देखिन्छ।

तालिका ७.१

नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण

(रू. करोडमा)

आ.व	आन्तरिक ऋण निष्काशन	कुल गार्हस्थ उत्पादन	कुल गार्हस्थ उत्पादनसँग आन्तरिक ऋणको अनुपात
२०७८/७९	२५०००	४९७६५५	५.०२
२०७९/८०	२५६००	५३४८५२	४.७९
२०८०/८१	२४०००	५७०५८४	४.२१
२०८१/८२	३३०००	६१०७२२	५.४०
२०८२/८३ (प्रक्षेपित)	३६२००	७१५२९३	५.०६

- विगतका आर्थिक वर्षहरूमा कुल गार्हस्थ उत्पादनसँग आन्तरिक ऋणको अनुपात ५ प्रतिशतको हाराहारीमा रहेको छ।
- आन्तरिक ऋणको रकम वर्षेनी बढ्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक ऋण ४५ प्रतिशतले बढेको देखिन्छ।
- सङ्घीयता कार्यान्वयन हुनु अगाडि नेपाल सरकारले राजस्व बृद्धि, आर्थिक बृद्धि, मूल्य बृद्धि र बजेट खर्चको अनुमानित विवरणका आधारमा आन्तरिक ऋण परिचालन गर्दै आएको भए तापनि अधिकाङ्श वर्षमा अनुमान बमोजिम आर्थिक उपलब्धी हुन सकेको देखिदैंन।

तालिका ७.२

आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति

आर्थिक वर्ष	कू.गा.उ. रू. करोडमा	आन्तरिक ऋण रकम रू. करोडमा				कु.गा.उ. को प्रतिशतमा		
		लक्ष्य	कुल परिचालन	सावाँ भुक्तानी	खुद परिचालन	लक्ष्य	कुल परिचालन	खुद परिचालन
२०७७/७८	४२६६३२	२२५००	२२४००.९१	३६९०.११	१८७१०.८०	५.२७	५.२५	४.३९
२०७८/७९	४८५१६२	२५०००	२३१८४.५५	४७३३.७८	१८४५०.७७	५.१५	४.७८	३.८०
२०७९/८०	५३८१३३	२५६००	२५५९९.७७	११५०९.४७	१४०९०.३	४.७६	४.७६	२.६२
२०८०/८१	५७०४८४	२४०००	२३४४२.१४	१८२६२.३३	५१७९.८१	४.२१	४.११	०.९१
२०८१/८२	६१०७२२	३३०००	३२९९९.०७	२४३९१.२६	८६०७.८१	५.४०	५.४०	१.४१

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- कुल आन्तरिक ऋण परिचालनमा अधिकाङ्श हिस्सा आन्तरिक ऋणको सावाँ फिर्तामा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन न्यून रहेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा कुल आन्तरिक ऋण परिचालनको ठूलो रकम साँवा भुक्तानीमा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन कुल गार्हस्थ उत्पादनको १.४१ प्रतिशत मात्र रहेको छ। ऋण सेवा (Debt Service) खर्च बढ्दै गएको कारण परिचालित अधिकाङ्श आन्तरिक ऋण ,पुरानो ऋण भुक्तानीमा प्रयोग भएको देखिएकोले उक्त ऋण परिचालनबाट पुँजी निर्माण हुने र अर्थतन्त्रको विस्तारमा अपेक्षित योगदान पुग्ने अवस्था देखिएन।
- आयोगले आर्थिक वर्ष २०७५/७६ र सो भन्दा पछिल्ला आर्थिक वर्षमा गरेको सिफारिसमा सङ्घीय सरकारलाई पुँजी निर्माण हुने कार्यमा आन्तरिक ऋणको परिचालन गर्न सुझाव दिँदै आएको छ भने प्रदेश र स्थानीय सरकारको हकमा साधारण प्रकृतिका र प्रशासनिक खर्चमा आन्तरिक ऋण परिचालन नगर्न सुझाव दिइएको छ। नेपाल सरकारबाट परिचालित आन्तरिक ऋण कुन कुन क्षेत्रमा परिचालन गरिएको हो भन्ने सम्पूर्ण विवरण उपलब्ध हुन नसक्दा ऋणको उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन।

ई. समष्टिगत आर्थिक परिसूचकहरूको र सार्वजनिक ऋणको अवस्था

तालिका ७.३

कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन रू.करोडमा	कुल तिर्न बाँकी सार्वजनिक ऋण रू.करोडमा	कु.गा.उ. (GDP) को प्रतिशतमा					आर्थिक वृद्धिदर
			कुल तिर्न बाँकी ऋण	ऋण सेवा खर्च भुक्तानी		कुल निर्यात	कुल राजस्व सङ्कलन	
				साँवा	ब्याज कमिसन			
२०७७/७८	४२६६३२	१७३७६३	४०.७२	१.४१	०.८१	३.२४	२१.५	४.४९
२०७८/७९	४८५१६२	२०१३२९	४१.५०	१.५८	०.९२	४.०२	२१.४	५.२८
२०७९/८०	५३८१३३	२३०१५९	४२.७७	२.७८	१.३५	२.९४	१७.९	२.३१
२०८०/८१	५७०४८४	२४३४०९	४२.६७	३.९१	१.४३	२.७९	१९.०	३.५४
२०८१/८२	६१०७२२	२६७४०४	४३.७९	४.७७	१.१५	४.५४	१९.२९	४.६१

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- नेपालको कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल तिर्न बाँकी सार्वजनिक ऋणको हिस्सा निरन्तर बढिरहेकोमा आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा यो हिस्सा सामान्य घटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा यो हिस्सा ४०.७२ प्रतिशत रहेकोमा त्यस्तो हिस्सा बढेर आर्थिक वर्ष २०८१/८२ मा ४३.७९ प्रतिशत पुगेको देखिन्छ।
- ऋण सेवा भुक्तानी समेत निरन्तर बढिरहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको साँवा भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा १.४१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ४.७७ प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी, कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको ब्याज, कमिसन वापतको भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा ०.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा १.१५ प्रतिशत पुगेको देखिन्छ। यसबाट बजेट घाटामा चाप पर्न जाने र पुँजीगत बजेट विनियोजन सङ्कुचन हुने अवस्था चित्रित हुन्छ। सार्वजनिक ऋणको हिस्सा बढे पनि आर्थिक वृद्धिदर र निर्यातको अवस्था कमजोर रहनुका साथै, राजस्वको हिस्सा समेत घट्दै गएकोले सार्वजनिक ऋण परिचालन गर्दा उल्लिखित सूचकहरूमा सकारात्मक प्रभाव पर्ने सुनिश्चतता हुनु आवश्यक देखिन्छ।

तालिका ७.४

कुल आन्तरिक ऋण तथा सिफारिस कार्यान्वयनको अवस्था

आर्थिक वर्ष	रकम रू. करोडमा			कु.गा.उ. (GDP) को प्रतिशतमा		आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा (कु.गा.उ.को प्रतिशत)
	कुल गार्हस्थ उत्पादन	आर्थिक वर्षमा परिचालित आन्तरिक ऋण	कुल तिर्नबाँकी आन्तरिक ऋण	कुल तिर्न बाँकी आन्तरिक ऋण	परिचालित आन्तरिक ऋण	
२०७८/७९	४८५१६२	२३१८४.५५	९८७४५	२०.३५	४.७८	५.५
२०७९/८०	५३८१३३	२५५९९.७७	११२९१०	२०.९८	४.७६	५.५
२०८०/८१	५७०४८४	२३४४२.१४	११८०९०	२०.७०	४.१०	५.०/थप ०.५
२०८१/८२	६१०७२२	३२९९९.०७	१२६३०६	२०.६८	५.४०	५.०/थप ०.५
२०८२/८३ (अनुमानित)	७१५२९३	३६२००.००	-	-	५.०६	५.०/थप ०.५

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- माथिको तालिका अनुसार, नेपाल सरकारले विगतका वर्षहरूमा आयोगले सिफारिस गरेको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गरेको देखिएता पनि प्रत्येक आर्थिक वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋण वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८१/८२ मा तोकिएको आयोजनामा बजेट अपुग भएमा तथा प्रदेश वा स्थानीय तहले आन्तरिक ऋण परिचालन नगरेको अवस्थामा तोकिएको थप सीमा सिफारिसभित्र रहेर नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको देखिन्छ।

❖ कुल तिर्न बाँकी आन्तरिक ऋण आर्थिक वर्ष २०७८/७९ मा रू. ९ सय ८७ अर्ब रहेकोमा करिब २८ प्रतिशतले बढेर आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा रू. १२ सय ६३ अर्ब पुगेको देखिन्छ जुन कुल गार्हस्थ उत्पादनको २०.६८ प्रतिशत रहेको छ।

तालिका ७.५

कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्षमा परिचालित कुल आन्तरिक ऋण				
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
ट्रेजरी बिल्स	९०००	१०३९१.६६	१५३६१	५५००	११५००
विकास ऋणपत्र	१३०००	१२४५०	१००००	१७९००	२१०९५
राष्ट्रिय बचतपत्र	०	०	०	-	-
नागरिक बचतपत्र	३९५.३९	२८२.९८	२३६.१३	३६.९८	३९०.०२
वैदेशिक रोजगार बचतपत्र	५.५२२	५.६६८	२.६४	५.१६	१४.०६
कुल आन्तरिक ऋण	**२२४००.९१**	**२३१३०.३१**	**२५५९९.८**	**२३४४२.१४**	**३२९९९.०७**
दीर्घकालीन उपकरण(%)	५९.८२	५५.०८	४०	७६.५०	६५.१५
अल्पकालीन उपकरण(%)	४०.१८	४४.९३	६०	२३.५०	३४.८५

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

❖ माथिको तालिका अनुसार, कुल आन्तरिक ऋण परिचालन उल्लेख्य मात्रामा बढेको तर दीर्घकालीन उपकरणको प्रयोग बिगत आर्थिक वर्षहरूमा क्रमश: घट्दै गएकोमा आर्थिक वर्ष २०८०/८१ मा बढेर आर्थिक वर्ष २०८१/८२ मा पुनः घटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा कुल परिचालित आन्तरिक ऋण रू. २ खर्ब २४ अर्ब रहेकोमा ४७.३२ प्रतिशतले बढेर आर्थिक वर्ष २०८१/८२ मा रू. ३ खर्ब २९ अर्ब ९९ करोड करोड पुगेको देखिन्छ।

❖ साथै, आर्थिक वर्ष २०७७/७८ मा कुल परिचालित आन्तरिक ऋणमा दीर्घकालीन उपकरणको हिस्सा ५९.८२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ७६.५० प्रतिशत पुगेको र आर्थिक वर्ष २०८१/८२ मा फेरी घटेर ६५.१५ प्रतिशतमा झरेको देखिन्छ। सरकारले आन्तरिक ऋण परिचालन गर्दा सकेसम्म दीर्घकालीन उपकरणको उपयोग बढी गर्ने नीतिलाई निरन्तरता दिन आवश्यक देखिन्छ।

तालिका ७.६

तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्ष अनुसार कुल तिर्न बाँकी आन्तरिक ऋण दायित्व				
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
ट्रेजरी बिल्स	२७९५९.१५	३५५८४.०५	४५७८१.५६	४०३६९.२३	३७५५६.२०
विकास ऋणपत्र	५१३९४.७०	६२०४४.७०	६५६४४.७०	७६१९४.७०	८७३७५.७०
राष्ट्रिय बचतपत्र	०.००	०.००	०.००	०.००	०
नागरिक बचतपत्र	६५९.५९	९१४.००	१०७५.०२	१११२.००	१३४१.५०
वैदेशिक रोजगार बचतपत्र	१८.५७	१९.०२	१७.५४	२२.७१	३३.०५
IMF मूल्य समायोजन	२६२.१६	१८३.१६	३९१.५५	३९१.५५	३९१.५४
कुल तिर्न बाँकी आन्तरिक ऋण	**८०२९४.१७**	**९८७४४.९३**	**११२९१०.३७**	**११८०९०.१८**	**१२६६९७.९९**
दीर्घकालीन उपकरण(%)	६५.१८	६३.९६	५९.४५	६५.८१	७०.३६
अल्पकालीन उपकरण(%)	३४.८२	३६.०४	४०.५५	३४.१९	२९.६४

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- माथिको तालिका अनुसार तिर्नबाँकी कुल आन्तरिक ऋण दायित्व निरन्तर बढ्दै गएको देखिन्छ। उक्त ऋण दायित्वमा आर्थिक वर्ष २०७९/८० सम्म अल्पकालीन ऋणको हिस्सा क्रमशः बढ्दै गएकोमा आर्थिक वर्ष २०८०/८१ देखि उक्त हिस्सा घट्दै गएर आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा २९.६४ प्रतिशतमा झरेको देखिन्छ। आयोगले दिएको सुझाव अनुसार, अल्पकालीन उपकरण घटेको र दीर्घकालीन ऋणको परिचालन बढेको कुरालाई निरन्तरता दिनु अपेक्षित रहेको छ।

- आर्थिक वर्ष २०७९/८० पछी कुल आन्तरिक ऋण दायित्वमा ट्रेजरी बिलको रकम घट्दै गएको र विकास ऋणपत्रको रकम बढ्दै गएको देखिन्छ। यसले कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अङ्श घटेको देखिन्छ । ट्रेजरी बिल र विकास ऋण पत्र लक्ष्य अनुसार प्राप्त गर्न सकिए तापनि बैदेशिक रोजगार बचत पत्र तथा नागरिक बचतपत्र लक्ष्य अनुसार परिचालन हुन नसकेको सम्बन्धमा नागरिकहरूलाई सुसूचित गरी उक्त ऋण उपकरणहरूमा सर्वसाधारणलाई आकर्षित गर्नु पर्दछ।

तालिका ७.७

नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था

(रकम रू. करोडमा)

आर्थिक वर्ष	खुद राजस्व परिचालन	चालु खर्च	राजस्व र चालु खर्चको फरक	आन्तरिक ऋणको ब्याज कमिसन भुक्तानी	चालु खर्च र आन्तरिक ऋणको ब्याज कमिसन भुक्तानीको जोड
२०७८/७९	९६७९०	९५४३१	१३५९	३७५६	९९१८७
२०७९/८०	८८७३६	९८७३२	-९९९६	६४८५	१०५२१७
२०८०/८१	९२९०४	९२९१२	-८	७३७६	१००२८८
२०८१/८२	१०३२३९	९५६५८	७५८१	**६०२७**	१०१६८५

स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- नेपाल सरकारको चालु खर्च निरन्तर बढिरहेको तर चालु खर्च बृद्धिको अनुपातमा राजस्व सङ्कलन बृद्धि हुन सकेको देखिंदैन। माथिको तालिका अनुसार, आर्थिक वर्ष २०८०/८१ सम्म सङ्घीय सरकारको राजस्व आम्दानीभन्दा आन्तरिक ऋणको वित्तीय व्यवस्थापन खर्च र चालु खर्चको योगफल बढी देखिएकोले सरकारले चालु खर्चमा सुझबुझपूर्ण मितव्ययिता अपनाउनुका साथै राजस्वको दायरा विस्तार गरी कुशल राजस्व व्यवस्थापन एवम् प्रशासनिक सुधार मार्फत राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि गर्नुपर्दछ।

तालिका ७.८

नेपाल सरकारको कुल ग्राहस्थ उत्पादन, राजस्व, सरकारी खर्च र ब्याज, कुल बचत, प्राथमिक बचतको अवस्था

(रकम रू. करोडमा)

आ.व.	कुल ग्रा.उ. रू.	राजस्व (रू.)	सरकारी खर्च (रू.)	ब्याज खर्च (रू.)	कुल बचत (रू.)	प्राथमिक बचत (रू.)	कु.ग्रा.उ.को तुलनामा	
							कुल बचत	प्राथमिक बचत
		क	ख	ग	क-ख	क-ख-ग	%	%
२०७८/७९	४८५१६२	१०१३४९	११७०५३	४५४०३	-१५७०४	-११२०१	-३.२४	-२.३१
२०७९/८०	५३८१३३	९१३७९	१२२६१३	७२७८	-३१२३४	-२३९५६	-५.८०	-४.४५
२०८०/८१	५७०४८४	९७९१२	११२११५	८२०३	-१४२०३	-६०००	-२.४९	-१.०५
२०८१/८२	६१०७२२	११६२७७	१३०३८४	७०४३	-१४१०७	-७०६४	-२.३१	-१.१६
२०८२/८३	७१५२९३	१३६८४५	१५८८८६	१०८५४	-२२०४१	-१११८७	-३.०८	-१.५६

स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

- आर्थिक वर्ष २०७८/७९ देखि आर्थिक वर्ष २०८२/८३ सम्म नै सरकार निरन्तर बजेट घाटामा रहेको देखिन्छ। नेपाल सरकारको सबै आर्थिक बर्षहरूमा कुल बचत ऋणात्मक (Negative) रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सबै भन्दा बढी धेरै घाटा (-५.८० प्रतिशत) रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा उक्त घाटा (-३.०८ प्रतिशत) मा झरेको देखिन्छ ।
- नेपाल सरकारको प्राथमिक बचत आर्थिक वर्ष २०८०/८१ मा (-१.०५ प्रतिशत) रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा उक्त बचत घट्न गई (-१.५६ प्रतिशत) पुगेको देखिन्छ ।यसरी कुल बचत र प्राथमिक बचत दुबै ऋणात्मक देखिएको अवस्था तथा पछिल्ला बर्षहरूमा उक्त कुल र प्राथमिक बचतहरू घट्दै गएको देखिएकोले यसले थप ऋण परिचालनको अवस्था माग गरेको देखिन्छ ।

घ. आर्थिक वर्ष २०८३/८४ को लागि आन्तरिक ऋणको सीमा सिफारिस

सार्वजनिक ऋण सम्बन्धी विभिन्न मुलुकको अभ्यास, अन्तर्राष्ट्रिय संस्थाहरूले न्यून आय भएका मुलुक र नेपालको सार्वजनिक ऋणको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका विषयहरू, नेपालको विगतको अभ्यास र अनुभव एवम् समष्टिगत अर्थतन्त्रका सम्बन्धमा माथि प्रस्तुत तथ्याङ्क र विवरण समेतका आधारमा आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय बमोजिम निर्धारण गरी सिफारिस गरिएको छः

१. नेपाल सरकार

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ (पाँच दशमलव पाँच) प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालन गर्न सक्नेछ।

२. प्रदेश सरकार

प्रदेश सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ (बाह्र) प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।

३. स्थानीय सरकार

स्थानीय सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचना र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ (बाह्र) प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।

तर, स्थानीय तहको पूर्वाधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको विशिष्टीकृत संस्थाले गर्ने ऋण लगानीको हकमा यो सीमा लागु हुने छैन।

७.२ आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयनको अवस्था

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने" व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ६ को उपदफा (१) मा नेपाल सरकारले वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आवश्यक परिमाणमा एकै पटक वा पटक पटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासन गरी

प्रचिलत कानूनको अधीनमा रही आन्तरिक ऋण उठाउन सक्नेछ। आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि गरेको आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयनको अवस्था देहाय अनुसार रहेको छः

७.२.१ नेपाल सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको ५.० प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका साथै, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, उक्त आयोजना/परियोजना कार्यान्वयनका लागि रकम नपुग भएमा आयोगले प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमामध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सिफारिस गरिएको थियो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरण अनुसार, आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले रू. ३ खर्ब ६२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा रू. ३ खर्ब ५८ अर्ब ६६ करोड ६ लाख ९० हजार परिचालन गरेको देखिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) अनुमान रू. ६६ खर्ब ९ करोड ९० लाख रहेकोमा सोको अनुपातमा आन्तरिक ऋणको हिस्सा ५.४३ प्रतिशत हुन आउँछ। उक्त आन्तरिक ऋण आयोगबाट गरिएको सिफारिसभन्दा ०.४३ प्रतिशत थप परिचालन भएको देखिन्छ।

नेपाल सरकारले परिचालन गरेको आन्तरिक ऋण राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकताप्राप्त आयोजना कार्यान्वयनका लागि लिए नलिएको सम्बन्धमा विश्लेषण गर्न सकिएन। ०.४३ प्रतिशत थप परिचालन भएको आन्तरिक ऋण प्रदेश तथा स्थानीय सरकारले परिचालन गरे नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटमा रू. ४ खर्ब १० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्रकाशित "नेपाल सरकारको वार्षिक ऋण योजना (आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका) आर्थिक वर्ष-२०८३/८४" बमोजिम कुल गार्हस्थ उत्पादन रू. ७४ खर्ब ८५ अर्ब ८० करोड प्रक्षेपण गरेको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ का लागि आयोगबाट नेपाल सरकारलाई कुल गार्हस्थ उत्पादनको ५.५० प्रतिशत आन्तरिक ऋण परिचालन गर्न सिफारिस भएकोमा उक्त अनुमान कुल गार्हस्थ उत्पादनको ५.४७७ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमाभित्र रहेको देखिन्छ।

७.२.२ प्रदेश सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा

आयोगले आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय/प्रादेशिक नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरिएको थियो।

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारको वार्षिक बजेटमा मधेश प्रदेश सरकारले रू. २ अर्ब र गण्डकी प्रदेश

सरकारले रू.१ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिन्छ। मधेश प्रदेश सरकारले राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकम रू.२१ अर्ब ८६ करोड ६७ लाख सङ्कलन गर्ने लक्ष्य राखेको देखिन्छ। उक्त लक्ष्य उल्लिखित राजस्वको ९.१५ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमा भित्र रहेको देखिन्छ। गण्डकी प्रदेश सरकारले राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकम रू.१५ अर्ब ७५ करोड ४ लाख ५ हजार सङ्कलन गर्ने लक्ष्य राखेको देखिन्छ। उक्त लक्ष्य उल्लिखित राजस्वको ११.११ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमा भित्र रहेको देखिन्छ। अन्य प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिएन। मधेश प्रदेश सरकार र गण्डकी प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखे तापनि ऋण परिचालन गरेको देखिएन।

आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले पेस गरेका वार्षिक बजेटमा मधेश प्रदेश सरकारले रू. १ अर्ब ५० करोड र गण्डकी प्रदेश सरकारले रू.१ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। मधेश प्रदेश सरकारले राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकम रू.२४ अर्ब ५ करोड ७५ लाख सङ्कलन गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य उल्लिखित राजस्वको ६.२४ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमाभित्र रहेको छ। गण्डकी प्रदेश सरकारले राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकम रू.१६ अर्ब ५२ करोड १४ लाख सङ्कलन गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य उल्लिखित राजस्वको १०.५९ प्रतिशत हुन्छ, जुन आयोगबाट भएको सिफारिसको सीमा भित्र रहेको छ। अन्य प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिएन।

७.२.३ स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा

स्थानीय सरकारले आन्तरिक ऋण परिचालनको संरचना र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ (बाह्र) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) को विश्लेषणबाट उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको थियो।

आर्थिक वर्ष २०८२/८३ मा १७ वटा स्थानीय सरकारले नगर विकास कोषबाट रू.३३ करोड ८७ लाख ८१ हजार ५ सय ४३ ऋण परिचालन गरेको देखिन्छ। सो सम्बन्धी विवरण तालिका ७.९ मा दिइएको छ।

तालिका ७.९
आर्थिक वर्ष २०८२/८३ को आन्तरिक ऋण सम्बन्धी विवरण

(रू. हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	वार्षिक बजेटमा ऋणको अनुमान	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकम (अनुमान)	आयोगको सिफारिसको सीमा (१२ प्रतिशत) बमोजिम हुने रकम	नगर विकास कोषबाट लिएको ऋण	आयोगको सिफारिस को सीमा भन्दा फरक	बजेट अनुमान भन्दा फरक आन्तरिक ऋण	बजेटमा आन्तरिक ऋण अनुमान गरे नगरेको	आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण लिए नलिएको
			(क)	(ख)	(ग)=(ख)×१२%	(घ)	(ग) – (घ)	(क) - (घ)		
१	बेलबारी न.पा.	मोरङ्ग	९०,०००	४५२,५१०	५४,३०१	८,५८२	४५,७२०	८१,४१८	गरेको	नलिएको
२	भेरीगंगा न.पा.	सुर्खेत	०	२९०,८०४	३४,८९६	२४,८७८	१०,०१८	-२४,८७८	नगरेको	नलिएको
३	बिराटनगर म.न.पा.	मोरङ्ग	०	२,५९२,००३	३११,०४०	११,८१७	२९९,२२३	-११,८१७	नगरेको	नलिएको
४	दमक न.पा.	झापा	४०,९००	६९२,२१४	८३,०६६	३१,८१५	५१,२५१	९,०८५	गरेको	नलिएको
५	देवदह न.पा.	रूपन्देही	५०,०००	३६५,९३२	४३,९१२	२२,१६१	२१,७५१	२७,८३९	गरेको	नलिएको
६	दुहवी न.पा.	सुनसरी	०	४५२,१५६	५४,२५९	८,९५३	४५,३०६	-८,९५३	नगरेको	नलिएको
७	ईश्वरपुर न.पा.	सर्लाही	१२,६८७	२१२,६५१	२५,५१८	१,९३८	२३,५८०	१०,७४९	गरेको	नलिएको
८	इटहरी उ.म.न.पा.	सुनसरी	०	१,१९२,६८४	१४३,१२२	१५,७१६	१२७,४०६	-१५,७१६	नगरेको	नलिएको
९	जलेश्वर न.पा.	महोत्तरी	०	२१०,१२६	२५,२१५	१२,४१४	१२,८०१	-१२,४१४	नगरेको	नलिएको
१०	रङ्गेली न.पा.	मोरङ्ग	५०,३५०	२२०,३१८	२६,४३८	४६,९४४	-२०,५०६	३,४०६	गरेको	लिएको
११	सैनामैना न.पा.	कपिलवस्तु	७३,९१७	३२४,२३८	३८,९०९	६,८०३	३२,१०५	६७,११४	गरेको	नलिएको
१२	सिद्धार्थनगर न.पा.	रूपन्देही	०	३८५,२७६	४६,२३३	२९,१५७	१७,०७६	-२९,१५७	नगरेको	नलिएको
१३	सुन्दरहरैचा न.पा.	मोरङ्ग	०	५७६,७७३	६९,२१३	२६,७९०	४२,४२३	-२६,७९०	नगरेको	नलिएको
१४	तानसेन न.पा.	पाल्पा	८१,२८१	२९३,४०४	३५,२०८	२४,४३८	१०,७७०	५६,८४३	गरेको	नलिएको
१५	तिलोत्तमा न.पा.	रूपन्देही	६२,५५९	७०४,२८७	८४,५१४	११,३७६	७३,१३८	५१,१८३	गरेको	नलिएको
१६	उर्लाबारी न.पा.	मोरङ्ग	८०,०००	२८८,५०९	३४,६२१	३८,७२१	-४,१००	४१,२७९	गरेको	लिएको
१७	व्यास न.पा.	तनहुँ	८०,०००	४४१,१११	५२,९३३	१६,२७८	३६,६५५	६३,७२२	गरेको	नलिएको
जम्मा						३३८,७८२				

स्रोतः नगर विकास कोषबाट प्राप्त तथ्याङ्क तथा सम्बन्धित स्थानीय सरकारको बजेट वक्तव्य/मध्यमकालीन खर्च संरचना

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ को उपदफा (३) बमोजिम कुनै पनि स्थानीय सरकारले आन्तरिक ऋणका लागि हालसम्म सहमति माग तथा अनुरोध भै नआएको भनी अर्थ मन्त्रालयबाट लेखी आएको छ।

तालिका ७.९ को विश्लेषण गर्दा भेरीगंगा नगरपालिका, बिराटनगर महानगरपालिका, दुहवी नगरपालिका, इटहरी उप-

महानगरपालिका, जलेश्वर नगरपालिका, सिद्धार्थनगर नगरपालिका र सुन्दरहरैचा नगरपालिकाले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नगरी नगर विकास कोषबाट गैरबजेटरी ऋण परिचालन गरेको देखिन्छ। यसैगरी रंगेली नगरपालिका र उर्लावारी नगरपालिकाले नगर विकास कोषबाट आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभन्दा बढी ऋण परिचालन गरेको देखिन्छ।

७.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सुझाव कार्यान्वयनको अवस्था

आन्तरिक ऋणको सीमा सम्बन्धमा आयोगबाट दिइएको सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	आयोगबाट दिइएका सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१	नेपाल सरकारले समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी पुँजी निर्माण, पूर्वाधार विकास, रोजगारी सिर्जना, आय वृद्धि र दीर्घकालीन लाभ समेतको विश्लेषण गरी उत्पादनशील कार्यमा आन्तरिक ऋण परिचालन गर्नुपर्नेमा सोबमोजिम भएको नदेखिएकाले आयोगको सुझाव बमोजिम आन्तरिक ऋण परिचालन गर्नुपर्ने।	नेपाल सरकार	कार्यान्वयन भएको नदेखिएको।
२	आन्तरिक ऋण परिचालनका आयोजना तथा कार्यक्रम स्रोत र खर्च शीर्षक समेत खुल्ने गरी बजेट विनियोजन तथा लेखाङ्कन प्रणालीमा उल्लेख गर्नुपर्नेमा सो बमोजिम भएको नदेखिएकाले उल्लिखित विवरण खुलाई बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको।
३	आवश्यक कानूनी, संस्थागत र अन्य संरचनागत व्यवस्था गरी सङ्घीय सरकारसँग स्वीकृति लिई बजेटमा समावेश गरेर मात्र प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	नगर विकास कोषबाट ऋण परिचालन गर्दा कुनै पनि स्थानीय तहले नेपाल सरकारसँग स्वीकृती नलिएको र कतिपय स्थानीय तहले बजेटमा समेत समावेश नगरेको।
४	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ अनुसार, प्रदेश वा स्थानीय सरकारले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्नेमा अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार हालसम्म प्रदेश तथा स्थानीय सरकारले सहमति लिएको नदेखिएको भनी जानकारी प्राप्त हुन आएको र कतिपय स्थानीय सरकार (आर्थिक वर्ष २०८१/८२ मा १६ ओटा) ले नगर विकास कोषबाट आन्तरिक ऋण परिचालन गरेको समेत देखिएकाले उक्त कानूनी व्यवस्थाको पालना गर्नुपर्ने।	नेपाल सरकार, स्थानीय सरकार	आ.व २०८२/८३ मा समेत १७ वटा स्थानीय तहले नेपाल सरकारको सहमति नलिई नगर विकास कोषबाट ऋण परिचालन गरेको ।
५	स्थानीय सरकार (आर्थिक वर्ष २०८१/८२ मा दुहवी नगरपालिका, सुनसरी) बाट आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभन्दा बढी ऋण परिचालन गरेको देखिएकाले सिफारिसको सीमाभित्र रही परिचालन गर्नुपर्ने।	स्थानीय सरकार	आर्थिक वर्ष २०८२/८३ मा दुहवी नगरपालिकाले सिफारिसको सीमाभित्रै परिचालन गरेको।
६	स्थानीय सरकारले वार्षिक बजेटमा समावेश नगरी वा बजेटमा अनुमान गरिएको भन्दा बढी आन्तरिक ऋण परिचालन गरेको देखिएकाले वार्षिक बजेटमा समावेश गरेर अनुमानको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्नुपर्ने। बजेटमा गरिएको आन्तरिक ऋणको अनुमानभन्दा बढी परिचालन गर्नुपर्ने अवस्था भएमा सभाबाट अनुमोदन गराउनुपर्ने।	स्थानीय सरकार	आर्थिक वर्ष २०८२/८३ मा समेत ७ वटा स्थानीय तहले बजेटमा समावेश नगरी ऋण परिचालन गरेको।

७.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
१	नेपाल सरकारले समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी पूँजी निर्माण, पूर्वाधार विकास, रोजगारी सिर्जना, आय बृद्धि र दीर्घकालीन लाभ समेतको विश्लेषण गरी उत्पादनशील कार्यमा आन्तरिक ऋण परिचालन गर्नुपर्नेमा सोबमोजिम भएको नदेखिएकाले आयोगको सुझाव बमोजिम आन्तरिक ऋण परिचालन गर्नुपर्ने।	नेपाल सरकार
२	आन्तरिक ऋण परिचालनका आयोजना तथा कार्यक्रम स्रोत र खर्च शीर्षक समेत खुल्ने गरी बजेट विनियोजन तथा लेखाङ्कन प्रणालीमा उल्लेख गर्नुपर्नेमा सोबमोजिम भएको नदेखिएकाले उल्लिखित विवरण खुलाई बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार
३	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ को प्रतिवन्धात्मक वाक्यांशमा प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यसै प्रतिवेदनको तालिका ७.९ बमोजिमका १७ वटा स्थानीय तहले नगर विकास कोषबाट ऋण परिचालन गरेको देखिन्छ। सो सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयबाट कुनै पनि स्थानीय तहले ऋण परिचालनको लागि सहमति माग गरेको विवरण नदेखिएको भनी लेखी आएकोले उक्त कानूनी व्यवस्थाको पालना गर्नुपर्ने।	स्थानीय सरकार
४	आर्थिक वर्ष २०८२/८३ मा मोरङ्ग जिल्लाको रंगेली नगरपालिका र उर्लावारी नगरपालिकाबाट आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभन्दा बढी ऋण परिचालन गरेको देखिएकाले सिफारिसको सीमाभित्र रही परिचालन गर्नुपर्ने।	रंगेली नगरपालिका,उर्लावारी नगरपालिका
५	स्थानीय सरकारले वार्षिक बजेटमा समावेश नगरी आन्तरिक ऋण परिचालन गरेको देखिएकाले वार्षिक बजेटमा समावेश गरेर अनुमानको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्नुपर्ने।	स्थानीय सरकार
६	विभिन्न किसिमका उपभोक्ता संस्थाले नगर विकास कोषबाट ऋण परिचालन गर्दा ऋण लगानीको परियोजना अवस्थित स्थानीय तह जमानत बसेको देखियो। स्थानीय सरकारसँग सम्बन्धित प्रचलित कानूनमा त्यसरी जमानत बस्न सक्ने व्यवस्था रहेको देखिँदैन। कुनै पनि संस्थाले परिचालन गर्ने ऋणका लागि कानूनी आधार विना स्थानीय तह जमानत बस्न नहुने।	स्थानीय सरकार
७	खुद वर्तमान मूल्य (NPV) र आन्तरिक प्रतिफल दर (IRR) को विश्लेषण गरी नाफामूलक आयोजना र आन्तरिक प्रतिफलदर बढी भएका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार
८	सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउने। त्यस्तो प्रतिवेदन प्रणालीमा आयोगलाई पहुँच प्रदान गर्ने।	नेपाल सरकार

परिच्छेद - आठ

आयोगको भावी कार्यदिशा तथा निष्कर्ष

८.१ भावी कार्यदिशा

नेपालको सङ्घीय शासन प्रणालीलाई प्रभावकारी, सन्तुलित र दिगो बनाउन प्राकृतिक स्रोत तथा वित्तीय स्रोतको न्यायोचित परिचालन र बाँडफाँट अत्यन्त महत्वपूर्ण हुन्छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संवैधानिक जिम्मेवारीलाई थप प्रभावकारी बनाउन आगामी कार्यदिशा लगानी र प्रतिफलको न्यायोचित बाँडफाँट, वित्तीय अन्तरको सम्बोधन, कानूनी सुधार तथा विवाद समाधान, प्राकृतिक पुँजीको डिजिटल अभिलेखीकरण, संरक्षण तथा दिगो उपयोग, एकीकृत अभिलेख प्रणाली र आयोगका सिफारिसको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक देखिन्छ।

१. लगानी र प्रतिफलबीचको न्यायोचित सम्बन्ध

प्राकृतिक स्रोतको परिचालनमा सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने लगानी, वहन गर्ने जोखिम तथा प्राप्त गर्ने प्रतिफलबीच स्पष्ट र न्यायोचित सम्बन्ध स्थापित गर्न आवश्यक छ। प्राकृतिक स्रोतको विकासमा कुन तहको कति लगानी र योगदान रहेको छ भन्ने आधारमा प्रतिफलको हिस्सा निर्धारण गर्ने वैज्ञानिक प्रणाली विकास गर्नुपर्छ। यसका लागि जलविद्युत्, वन, खानी, पर्यटन तथा अन्य प्राकृतिक स्रोतमा सरकारका विभिन्न तहको लगानी र त्यसबाट प्राप्त प्रतिफलको नियमित अध्ययन तथा मूल्याङ्कन गर्ने व्यवस्था गर्न सकिन्छ। यसले प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँटलाई पारदर्शी र प्रमाणमा आधारित बनाउन सहयोग गर्नेछ।

२. वित्तीय अन्तरको पहिचान

नेपालको संविधानमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई एवम् प्रदेशले स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिनुपर्ने व्यवस्था रहेको छ। खर्चको आवश्यकता निर्धारणका लागि आवश्यक पर्ने तहगत सरकारको कार्य जिम्मेवारीहरूका विषय अन्तर्गतका सबै सेवा तथा पूर्वाधारको न्यूनतम मानक, मानदण्ड, लक्ष्य र प्रतिइकाई लागत लगायतका विषयहरू नेपाल सरकारबाट निर्धारण गर्नुपर्ने हुन्छ। यसका लागि नेपाल सरकारका विषयगत मन्त्रालयसँगको सहकार्यमा खर्चको आवश्यकता पहिचान गरिनेछ।

३. कानून संशोधन तथा विवाद समाधान

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ। सो संवैधानिक प्रावधानसँग तादाम्यता हुने गरी सबै प्रकारका अनुदान (वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान) आयोगको सिफारिस बमोजिम हुने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधनका लागि पहल गरिनेछ।

४. प्राकृतिक पुँजीको Digital Inventory विकास

नेपालमा उपलब्ध वन, जलस्रोत, खनिज, जैविक विविधता, भूमि, पर्वत, नदी तथा अन्य प्राकृतिक स्रोतलाई Digital Inventory का रूपमा अभिलेखीकरण गर्नुपर्ने आवश्यकता छ। यसका लागि प्राकृतिक स्रोतको स्थान, परिमाण, अवस्था, उपयोग, आर्थिक मूल्य, वातावरणीय महत्व तथा संरक्षण अवस्था सहितको डिजिटल विवरण तयार गर्न सकिन्छ। Geographic Information System (GIS), Remote Sensing तथा अन्य आधुनिक प्रविधिको प्रयोग गरी प्राकृतिक स्रोतको नियमित अद्यावधिक हुने डिजिटल नक्साङ्कन र अभिलेख प्रणाली विकास गर्नुपर्छ। यसले प्राकृतिक स्रोतको वास्तविक अवस्था पहिचान तथा नीति निर्माणलाई थप तथ्यपरक बनाउनेछ।

५. प्राकृतिक पुँजीको संरक्षण र दिगो उपयोग

प्राकृतिक स्रोतबाट आर्थिक लाभ प्राप्त गर्ने क्रममा वातावरणीय सन्तुलन र भावी पुस्ताको अधिकारलाई समेत संरक्षण गर्न आवश्यक छ। प्राकृतिक पुँजीको उपयोग गर्दा संरक्षण, पुनर्भरण, दिगोपन र अन्तरपुस्ता न्यायलाई आधार बनाउनुपर्छ। स्रोतको

अत्यधिक दोहनबाट हुने वातावरणीय तथा आर्थिक क्षति न्यूनीकरण गर्न प्राकृतिक स्रोतको वहन क्षमता, वातावरणीय प्रभाव र दीर्घकालीन प्रतिफललाई मूल्याङ्कन गर्ने प्रणाली विकास गर्न आवश्यक छ। यसले प्राकृतिक स्रोतलाई तत्कालीन आम्दानीको मात्र स्रोत नभई दीर्घकालीन राष्ट्रिय सम्पत्तिका रूपमा व्यवस्थापन गर्न सहयोग गर्नेछ।

६. प्राकृतिक पुँजीको एकीकृत अभिलेख प्रणाली

हाल प्राकृतिक स्रोत सम्बन्धी तथ्याङ्क विभिन्न मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय तहमा अलग-अलग रूपमा रहेको अवस्थामा एकीकृत प्राकृतिक पुँजी अभिलेख प्रणाली विकास गर्नु आवश्यक छ। यस प्रणालीमा प्राकृतिक स्रोतको मात्रा, अवस्था, स्वामित्व/अधिकार, उपयोग, लगानी, आम्दानी, रोयल्टी, वातावरणीय प्रभाव तथा संरक्षण सम्बन्धी विवरणलाई एउटै प्रणालीमा आबद्ध गर्न सकिन्छ। आयोगले सम्बन्धित सरकारी निकायसँग समन्वय गरी यस्तो प्रणालीको मापदण्ड, संरचना र अद्यावधिक प्रक्रिया विकास गर्नेछ।

७. सिफारिस कार्यान्वयनको अनुगमन

आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनबाट वित्तीय सङ्घीयताको सबलीकरण सुनिश्चित हुन्छ। सोको लागि सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली विकास गर्नुपर्छ। अनुगमन तथा मूल्याङ्कन कार्यलाई डिजिटल प्रणालीमार्फत प्रतिवेदन र अभिलेख प्रणालीको विकास गरी प्रविधिमैत्री बनाउँदै लगिनेछ।

८.२ निष्कर्ष

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी तीन तहको सङ्घीय शासन प्रणालीको व्यवस्था गरेको छ। यस संवैधानिक व्यवस्थालाई वित्तीय रूपमा मूर्तरुप प्रदान गर्न राजस्व तथा रोयल्टी बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा आन्तरिक ऋणको सीमा निर्धारण लगायतका विषयमा अध्ययन, अनुसन्धान, विश्लेषण र सिफारिस गर्ने संवैधानिक जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई सुम्पिएको छ। आयोगले संविधान र प्रचलित कानूनको परिधिभित्र रही वैज्ञानिक एवम् वस्तुनिष्ठ सूचकका आधारमा पारदर्शी, न्यायोचित र सन्तुलित सिफारिस गर्दै आएको छ।


आयोगका सिफारिसहरूले तीन तहका सरकारबीच उपलब्ध वित्तीय स्रोतको समन्यायिक वितरण, खर्चको आवश्यकता र राजस्व क्षमताबीचको अन्तर सम्बोधन तथा समष्टिगत वित्तीय सन्तुलन कायम गर्न उल्लेखनीय योगदान पुगेको देखिन्छ। वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट र आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिसहरू कार्यान्वयन हुँदै आएको भएतापनि नीतिगत एवम् संरचनागत प्रकृतिका सुझावहरूको कार्यान्वयन स्थिति सन्तोषजनक हुन सकेको छैन। तसर्थ खर्च जिम्मेवारी र राजस्व अधिकारबीच थप सामञ्जस्यता कायम गर्ने, वित्तीय स्वायत्तता प्रवर्द्धन गर्ने, भरपर्दो तथ्याङ्कीय आधार एवम् संस्थागत क्षमता सुदृढ गर्ने तथा प्राकृतिक स्रोतको प्रतिफलको न्यायोचित बाँडफाँट सुनिश्चित गर्ने कार्यमा निरन्तर सुधार अपरिहार्य देखिएको छ।

नेपालको वित्तीय सङ्घीयतालाई थप सुदृढ, दिगो, पूर्वानुमानयोग्य र परिणाममुखी बनाउनेतर्फ आयोगको भावी कार्यदिशा परिलक्षित छ। वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको आधार र ढाँचालाई तथ्यपरक एवम् गतिशील बनाउने, प्रदेश तथा स्थानीय तहको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने, आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने तथा वित्तीय अनुशासन कायम गर्ने कार्यलाई आयोगले उच्च प्राथमिकतामा राखेको छ। आयोगका सिफारिस तथा सुझावको पूर्ण र प्रभावकारी कार्यान्वयन, आवश्यक कानूनी सुधार, संस्थागत क्षमताको विकास एवम् तीनै तहका सरकारबीच निरन्तर संवाद, सहकार्य र समन्वयले मात्र संविधानले परिकल्पना गरेको समन्यायिक, सन्तुलित र समृद्ध वित्तीय सङ्घीय प्रणाली संस्थागत हुन सक्ने विश्वास लिइएको छ।

अनुसूचीहरू

अनुसूची -१: सङ्गठन संरचना, दरबन्दी र पदाधिकारी तथा कर्मचारीहरूको विवरण

आयोगको सङ्गठन संरचना



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

क्र.सं.	पद	श्रेणी	सेवा	समूह /उपसमूह	दरबन्दी	पदपूर्ति अवस्था
						२०८३ असारसम्म
१	सचिव	विशिष्ट	प्रशासन		१	१
२	सहसचिव	रा.प.प्रथम	प्रशासन		२	२
३	सहसचिव	रा.प.प्रथम	इन्जिनियरिङ	सिभिल / जनरल	१	१

क्र.सं.	पद	श्रेणी	सेवा	समूह /उपसमूह	दरबन्दी	पदपूर्ति अवस्था
						२०८३ असारसम्म
४	उपसचिव	रा.प.द्वितीय	प्रशासन	सामान्य प्रशासन	४	४
५	उपसचिव	रा.प.द्वितीय	प्रशासन	राजस्व	२	१
६	उपसचिव	रा.प.द्वितीय	न्याय	कानून	१	१
७	वरिष्ठ तथ्याङ्क अधिकृत	रा.प.द्वितीय	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	१	१
८	सिनियर डिभिजनल ईन्जिनियर	रा.प.द्वितीय	इन्जिनियरिङ	सिभिल /हाईड्रो पावर	१	१
९	सिनियर डिभिजनल जियोलोजिष्ट	रा.प.द्वितीय	इन्जिनियरिङ	जियोलोजी /जनरल जियोलोजी	१	-
१०	वरिष्ठ वन अधिकृत	रा.प.द्वितीय	वन	जनरल फरेष्ट्री	१	-
११	वरिष्ठ अर्थशास्त्री	रा.प.द्वितीय	विविध		१	१
१२	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	१०	१०
१३	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	राजस्व	२	२
१४	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	१	१
१५	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	१	१
१६	वन अधिकृत	रा.प.तृतीय	वन	जनरल फरेष्ट्री	१	०
१७	इन्जिनियर	रा.प.तृतीय	इन्जिनियरिङ	सिभिल /हाईड्रो पावर	१	-
१८	इन्जिनियर	रा.प.तृतीय	इन्जिनियरिङ	जियोलोजी /जनरल जियोलोजी	१	१
१९	कम्प्यूटर इन्जिनियर	रा.प.तृतीय	विविध		१	१
२०	वातावरणविद्	रा.प.तृतीय	विविध		१	-
२१	समाजशास्त्री	रा.प.तृतीय	विविध		१	-
२२	कम्प्यूटर अपरेटर	रा.प.अनं .प्रथम	विविध		५	५
२३	नायव सुब्बा	रा.प.अनं .प्रथम	प्रशासन	सामान्य प्रशासन	७	७
२४	लेखापाल	रा.प.अनं .प्रथम	प्रशासन	लेखा	१	१
२५	हलुका सवारी चालक (करार)	श्रेणी विहीन			१२	१०
२६	कार्यालय सहयोगी (करार)	श्रेणी विहीन			१२	१०
				कुल जम्मा	**७३**	**६२**

१.१ पदाधिकारीको विवरण

सि.नं.	पद	पदाधिकारीको नाम, थर
१	कार्यवाहक अध्यक्ष	माननीय विपिन राज निरौला (मिति २०८३ बैशाख ९ देखि कार्यवाहक अध्यक्ष)

१.२ कार्यरत कर्मचारीहरूको विवरण

सि.नं.	पद	कर्मचारीको नाम, थर
१	सचिव	दिनेश कुमार घिमिरे
२	सचिव	भरतमणि सुवेदी
३	सहसचिव	सुकदेव प्रसाद बास्कोटा

सि.नं.	पद	कर्मचारीको नाम, थर
४	सहसचिव	नीता शर्मा
५	सहसचिव	रामकुमार श्रेष्ठ
६	उपसचिव	वासुदेव रेग्मी
७	उपसचिव	पवित्रा खनाल
८	उपसचिव	रूकु शर्मा पौडेल
९	उपसचिव	तिलक बहादुर खड्का
१०	उपसचिव	उदय बहादुर पराजुली
११	उपसचिव	अवधकिशोर प्रसाद कुशवाहा
१२	वरिष्ठ तथ्याङ्क अधिकृत	गौरी जोशी
१३	ब.अ.शा	कमल कान्त पौडेल
१४	सि.डि.ई	शंकर बहादुर साउद
१५	शाखा अधिकृत	राजन कुमार रेग्मी
१६	शाखा अधिकृत	निर्मल कुमार मैनाली
१७	शाखा अधिकृत	प्रमिला भण्डारी
१८	शाखा अधिकृत	शोभा अधिकारी
१९	शाखा अधिकृत	जीवन बहादुर आले मगर
२०	शाखा अधिकृत	शर्मिला लामिछाने
२१	शाखा अधिकृत	सावित्री पन्त
२२	शाखा अधिकृत	गोविन्द प्रसाद भण्डारी
२३	शाखा अधिकृत	ममता कुमारी ओझा
२४	भूगर्भविद	प्रमोद सिम्खडा
२५	शाखा अधिकृत	गंगा पाण्डेय
२६	शाखा अधिकृत	सीता गुरूङ्ग
२७	तथ्याङ्क अधिकृत	बिन्दु ढकाल
२८	लेखा अधिकृत	विपुल भुसाल
२९	कम्प्युटर इन्जिनियर	ई. आशिष थापा
३०	नायव सुब्बा	बीरेन्द्र अधिकारी
३१	कम्प्युटर अपरेटर	सविता राई
३२	लेखापाल	समीर खाँड
३३	नायव सुब्बा	गीता चपाईं
३४	नायव सुब्बा	सामना सुवेदी
३५	कम्प्युटर अपरेटर	रमा गोतामे
३६	कम्प्युटर अपरेटर	सुरेश चौधरी
३७	कम्प्युटर अपरेटर	राधा लामा
३८	कम्प्युटर अपरेटर	जमुना कुँइकेल
३९	नायव सुब्बा	यामप्रकाश सापकोटा
४०	नायव सुब्बा	साधना पोखरेल
४१	नायब सुब्बा	सबिता रावत
४२	नायव सुब्बा	सरस्वती पोखरेल
४३	हलुका सवारी चालक	विमलप्रसाद आचार्य
४४	हलुका सवारी चालक	राजु थापा मगर

सि.नं.	पद	कर्मचारीको नाम, थर
४५	हलुका सवारी चालक	राजु महर्जन
४६	हलुका सवारी चालक	सरोज खत्री
४७	हलुका सवारी चालक	सनम राजभण्डारी
४८	हलुका सवारी चालक	केदार थापा
४९	हलुका सवारी चालक	जीवन कुमार राई
५०	हलुका सवारी चालक	राजु मानन्धर
५१	कार्यालय सहयोगी	नमिता अर्याल
५२	कार्यालय सहयोगी	अनुजा गैरे
५३	कार्यालय सहयोगी	दुर्गा दास श्रेष्ठ
५४	कार्यालय सहयोगी	राजेन्द्र ढुङ्गेल
५५	कार्यालय सहयोगी	नवराज धमला
५६	कार्यालय सहयोगी	धनेश्वर पोखरेल
५७	कार्यालय सहयोगी	दुर्गा चौधरी
५८	कार्यालय सहयोगी	रमा घिमिरे
५९	कार्यालय सहयोगी	हरिचन्द्र गिरी
६०	कार्यालय सहयोगी	कमला तिवारी
६१	कार्यालय सहयोगी	प्रमिला उप्रेती

अनुसूची -२: आयोगको कार्यक्षेत्र र भूमिकाको साराङ्श

आयोगको कार्यक्षेत्र तथा भूमिका

कार्य क्षेत्र	आयोगको भूमिका
खर्च जिम्मेवारी	सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने उपायहरूको सिफारिस गर्ने।
राजस्व जिम्मेवारी	सङ्घ, प्रदेश र स्थानीय सरकारले राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने।
राजस्व बाँडफाँट	• सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, • प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, • राजस्व बाँडफाँटका आधारहरूको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने, • प्रदेश र स्थानीय सरकारबीच हुने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने, • सङ्घ, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेका विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने।
अन्तर-सरकारी वित्तीय हस्तान्तरण	• सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, • प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, • प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्ने।
आन्तरिक ऋण	सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने।
प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट	• प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, • प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विवादको विषयमा अध्ययन अनुसन्धान गरी विवाद निवारण गर्न सुझाव दिने, • प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने, • सङ्घ, प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट हुने रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने।

अनुसूची -३: आयोगबाट भएका अन्य कार्य

आयोगबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका अन्य काम कारबाहीहरूको विवरण देहाय बमोजिम रहेको छः

१. विभिन्न मितिमा आयोगका १८ वटा बैठक बसी ३४ वटा निर्णय भएको,

२. आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यतालिका तयार गरिएको,

३. वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनका लागि सातै प्रदेश र ७५३ स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन गरिएको।

४. आयोगका पदाधिकारी तथा कर्मचारीहरूबाट निम्न बमोजिमका प्रदेश तथा स्थानीय सरकारका पदाधिकारीहरू तथा कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएकोः

क. **कोशी प्रदेशः** आर्थिक मामिला मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय, दिक्तेल रूपागढी नगरपालिका (खोटाङ), मेचीनगर नगरपालिका, कचनाकवल गाँउपालिका (झापा), रौतामाई गाँउपालिका (उदयपुर), हतुवागढी गाँउपालिका, पौवादुम्मा गाँउपालिका, टेम्केमैयुम गाँउपालिका(भोजपुर), केरावारी गाँउपालिका (मोराङ), आठराई त्रिवेणी गाँउपालिका (ताप्लेजुङ), चैनपुर नगरपालिका (संखुवासभा), पाख्रीवास नगरपालिका (धनकुटा)।

ख. **बागमती प्रदेशः** बागमती गाँउपालिका(ललितपुर), विदूर नगरपालिका (नुवाकोट), ईन्द्रसरोवर गाँउपालिका (मकवानपुर), कालिञ्चोक नगरपालिका, तामाकोशी नगरपालिका, जिरी नगरपालिका (दोलखा), मन्थली नगरपालिका, उमाकुण्ड गाँउपालिका, खाडादेवी गाँउपालिका (रामेछाप) भुम्लु गाँउपालिका, चौरीदेउराली गाँउपालिका (काभ्रे), ईन्द्रावती नगरपालिका, बाह्रविसे नगरपालिका, (सिन्धुपाल्चोक), तारकेश्वर गाँपालिका (नुवाकोट), सुनकोशी गाँउपालिका, भोटेकोशी गाँउपालिका (सिन्धुली), सैलुङ गाँउपालिका (उदयपुर)।

ग. **गण्डकी प्रदेशः** पूतलीबजार नगरपालिका (स्याङ्जा), जलजला गाँउपालिका, मोदी गाँउपालिका, कुश्मा नगरपालिका(पर्वत), माछापुछ्रे गाँउपालिका (कास्की), व्यास नगरपालिका, भिमाद नगरपालिका, भानु नगरपालिका, म्याग्दे गाँउपालिका, बन्दीपुर गाँउपालिका (तनहुँ), बौदीकाली गाँउपालिका, बुलिङ्टार गाँउपालिका (नवलपरासी पूर्व), वारपाक गाँउपालिका, सिरानचोक गाँउपालिका (गोरखा), घरपझोङ गाँउपालिका, थासाङ गाँउपालिका (मुस्ताङ)।

घ. **लुम्बिनी प्रदेशः** रामग्राम नगरपालिका, सुनवल नगरपालिका (नवलपरासी पश्चिम), ठाकुरबाबा नगरपालिका, बढैयाताल गाँउपालिका (बर्दिया)।

ङ. **कर्णाली प्रदेशः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र कर्णाली प्रदेशसभा, अर्थ तथा प्राकृतिक स्रोत समितिबीच २०८२/०५/१५ गते आयोगको सभाहलमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

च. **सूदुरपश्चिम प्रदेशः** गौरीगङ्ग नगरपालिका, टिकापुर नगरपालिका, भजनी नगरपालिका (कैलाली)।

अनुसूची -४: आयोगका केही गतिविधिहरू तस्विरमा



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष



कोशी प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय सदस्य



बागमती प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस



गण्डकी प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष



लुम्बिनी प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष



कर्णाली प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका सचिवज्यू



सुदूरपश्चिम प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको सातौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष



आयोगको प्रकाशन "वित्तीय सङ्घीयता दर्पण – २०८२" विमोचन गर्नुहुँदै राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू



आयोगसँग कर्णाली प्रदेशका सवालहरूमा छलफल तथा अन्तरक्रिया कार्यक्रम



प्रदेश तथा स्थानीय सरकारमा सशर्त अनुदान हस्तान्तरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम



टेम्केमैयुम गाँउपालिका (भोजपुर)



पौवादुम्मा गाँउपालिका (भोजपुर)



बाँसगढी नगरपालिका (बर्दिया)



सुनवल नगरपालिका (नवलपरासी ब.सु.प)



सुस्ता गाउँपालिका (नवलपरासी ब.सु.प)



मेलम्ची नगरपालिका (सिन्धुपाल्चोक)



कालिका नगरपालिका (चितवन)



कटहरिया नगरपालिका (रौतहट)



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

टेलिफोन: ०१-४२००८७२

इमेल: info@nnrfc.gov.np

वेबसाइट: https://nnrfc.gov.np